राष्ट्रिय सभाका

ट्रुइपर्ष

राष्ट्रिय सभाका दुई वर्ष

(२०७४ फागुन २१ देखि २०७६ फागुन २० सम्म)

संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

राष्ट्रिय सभाका दुई वर्ष

प्रकाशक : संघीय संसद सचिवालय,
सिंहदरबार, काठमाडौं
www.parliament.gov.np
०१-४२००१३३, ४२००६०७

सम्पादक : राजेन्द्र फुयाल
सचिव, राष्ट्रिय सभा
rajendraphuyal@gmail.com

संयोजन : उपसचिव दशरथ धमला
उपसचिव त्रिविक्रम पराजुली
उपसचिव नागेन्द्रप्रसाद चौधरी
सञ्चार विज्ञ शेखर अधिकारी
लेखा अधिकृत भोलानाथ पौड्याल
शाखा अधिकृत मेघराज अर्याल
क.अ. सुशीलकुमार खड्का

भाषा : कवीन्द्रप्रसाद लम्साल

आवरण : दिपक गौतम

पृष्ठ सज्जा : केदार अधिकारी

संस्करण : २०७७ जेठ
प्रकाशित प्रति : १०००
मुद्रण : आवृत्ति छापाखाना, बागबजार,
काठमाडौं ।

TWO YEARS OF NATIONAL ASSEMBLY
BY FEDERAL PARLIAMENT SECRETARIAT

भूमिका

हामी हिँडेको बाटो

लोकतन्त्रमा जनता नै शक्तिका स्रोत हुन् । शासन सत्तामा उनीहरूको अधिकार जननिर्वाचित प्रतिनिधिहरूमार्फत प्रयोग गरिन्छ । द्विसदनात्मक संसदीय लोकतान्त्रिक प्रणालीमा सबै जनताले एकै पटक मत हालेर निर्वाचित गर्ने र जनताबाट निर्वाचित भइसकेका जनप्रतिनिधिले मत हालेर निर्वाचित गर्ने गरी दुई प्रकारका सभामार्फत शक्तिको अभ्यास गरिन्छ । नेपालमा लोकतान्त्रिक शासन प्रणाली आरम्भ हुँदा २०१५ सालदेखि अभ्यासमा आएको दुई सदनात्मक व्यवस्थाले आफूलाई परिमार्जन र परिष्कृत गर्दै आएको छ । २०७२ असोज ३ मा संविधान सभाबाट जारी नेपालको संविधान अनुसार संघीय संसदको अभिन्न अंगका रूपमा राष्ट्रिय सभा र प्रतिनिधि सभाले काम गरिरहेका छन् । यसबीचमा संविधानको परिधि, ऐनहरूको प्रावधान र आपसी समन्वयका आधारमा दुवै सदनले प्रभावकारी रूपमा काम गरिरहेका छन् ।

राष्ट्रिय सभा अविच्छिन्न सदनका रूपमा स्थापित भएकाले हामीले गर्ने कामहरूका प्रकृति पनि त्यसैसँग जोडिएका छन् । दुई वर्षको कार्यकाल व्यतीत गर्दा हामी आफैंले आर्जन गरेका अनुभवहरूले पनि यस सभालाई अझ समृद्ध बनाएको छ । बहुदलीय राजनीतिक प्रणालीमा मतान्तर हुनु, तिनीहरूको अभिव्यक्ति संसदजस्तो जनताको आधिकारिक थलोमा प्रकट हुनु, त्यसमा वादप्रतिवाद हुनु जस्ता कामहरू अस्वाभाविक मानिँदैनन् । तर, दुई वर्षमा हामीले राष्ट्रिय सभालाई सहमतिको

सभाका रूपमा स्थापित गर्न सकेका छौं भन्न पाउँदा मलाई गौरव लागेको छ । अनुभवले खारिएका, राजनीतिमा दशकौं वर्ष बिताएका र राष्ट्रिय चिन्तनका रूपमा सोच्न सक्ने सदस्यहरूको चयन र उहाँहरूको परिपक्वताले राष्ट्रिय सभालाई मर्यादित र उदाहरणीय बनाएको मैले महसुस गरेको छु ।

विश्वभरिकै संसदहरूका मूलतः दुईवटा काम हुन्छन्: सरकार गठन र कानून निर्माण । सरकार गठनमा राष्ट्रिय सभाको प्रत्यक्ष भूमिका नहुने भएकाले स्वाभाविक रूपमा कानून निर्माणमा यसको भूमिका अपेक्षित हुन्छ । संख्यात्मक रूपमा सानो र अनुभवी सदस्यहरू हुने भएकाले राष्ट्रिय सभासँग छलफलका लागि पर्याप्त मात्रामा अवसर रहन्छ । यही कारण कानून निर्माणमा यस सभाले बढी योगदान दिन सक्छ भन्ने मानिन्छ, जसलाई हामीले व्यवहारमा पनि अनुभूति गरिरहेका छौं । कानून निर्माणका बेला स-साना कुरामा पनि पर्याप्त मात्रामा ध्यान दिन सकेनौं भने त्यसबाट सिंगो राष्ट्र नै प्रभावित हुन्छ र पछिसम्म झन्झट र दुःख उठाउनुपर्ने हुन्छ । एकपटक कानून बनिसकेपछि त्यसमा पुनरावलोकन वा संशोधन हुनका लागि निकै लामो प्रक्रिया र समय चाहिने भएकाले कानून बनाउँदाका बखत नै हामी सचेत हुनुपर्छ । यही मान्यतामा आधारित भएर हामीले राष्ट्रिय सभामा पर्याप्त समय लिएर छलफल गरिरहेका हुन्छौं र सुखद कुरा- सहमतिका साथ विधेयकहरूलाई अघि बढाउने अभ्यास अँगाल्दै आएका छौं । उचित राय, सुझाव र सल्लाहलाई ग्रहण गर्ने परम्पराले सदस्यहरूका बीचमा मात्र होइन, राजनीतिक दलहरूका बीचमा समेत विश्वासको वातावरण बन्ने मौका उपलब्ध हुन्छ । राष्ट्रिय सभाले त्यो अवसर उपलब्ध गराएको छ ।

लोकतन्त्रमा सरकार जनताप्रति उत्तरदायी हुने संसदमार्फत नै हो । नेपाली जनताले निर्वाचनका माध्यमबाट व्यक्त गरेको अभिमत बमोजिम प्राप्त राजनीतिक स्थायित्व र स्थिर सरकारलाई आफ्ना

बाचा र जनताका अपेक्षाहरू पूरा गर्नका लागि माननीय सदस्यहरूले आ-आफ्नो ठाउँबाट घच्घच्याएर ठूलो योगदान पुऱ्याउनु भएको छ । कानून निर्माणको गहन दायित्व त छँदैछ, साथसाथै जनताका दैनन्दिनका समस्याहरू समाधान गर्नका लागि सरकारलाई माननीय सदस्यहरूले निरन्तर रूपमा दबाव दिइरहनुभएको हुन्छ । यसबाट सरकारलाई थप उत्तरदायी, पारदर्शी र आफ्ना बाचा पूरा गर्न जिम्मेवार बनाउने गर्दछन् । बलियो संसदले सरकारलाई पनि मद्दत गर्दछ र जनतालाई पनि सशक्त बनाउँछ ।

राष्ट्रिय सभाले दुई वर्षे कार्यकाल सुखद् रूपमा बिताएको छ । पहिलो पटक भएकाले गोलाप्रथाबाट निर्धारण गरिएको कार्यकाल अनुसार एक तिहाइ माननीय सदस्यहरू विदा हुनुभएको छ । राष्ट्रिय सभामार्फत देश र जनताका पक्षमा उहाँहरूले निर्वाह गर्नुभएको भूमिकाका लागि हार्दिक धन्यवाद दिँदै उहाँहरूसँगको सुखद् सहकार्यको सम्झनाका साथ भावी दिनहरूमा सफलताको कामना गर्दछु । साथै, उक्त स्थानमा निर्वाचित भएर आउनुभएका माननीय सदस्यहरूलाई हार्दिक स्वागत गर्दै परिणाममुखी सहकार्यको अपेक्षा गर्दछु ।

राष्ट्रिय सभाले दुई वर्षमा गरेका कामहरूलाई सचिवालयले दस्तावेजका रूपमा ल्याएको छ । यसबाट मुलुकको सार्वभौमसत्ता सम्पन्न जनताका प्रतिनिधिहरूले कसरी काम गर्दा रहेछन् भनेर थाहा पाउन, आगामी दिनमा थप सुधार गर्न र संसदीय लोकतन्त्रलाई समृद्ध बनाउन मद्दत पुग्नेछ । यसबाट शून्य, विशेष र अन्य समयमा अझ बढी सक्रिय र प्रभावकारी हुन माननीय सदस्यहरूलाई प्रेरित गर्नेछ भन्ने मैले विश्वास लिएको छु । यस कार्यमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

गणेशप्रसाद तिमिल्सिना
अध्यक्ष, राष्ट्रिय सभा

• • •

प्रकाशकीय/सम्पादकीय

आँखीझ्याल

नेपालमा दुई सदनात्मक व्यवस्थापिकाको अभ्यास नयाँ होइन । वि.सं. २०१५ को पहिलो आम निर्वाचन र २०४६ मा पुनःस्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको दुवै कालखण्डमा दुई सदनात्मक संसदीय व्यवस्था अभ्यासमा थियो । २०६२/६३ को जनआन्दोलनबाट पुनःस्थापित प्रतिनिधि सभा, अन्तरिम व्यवस्थापिका-संसद, दुईवटै संविधान सभाको कार्यकाल र संविधान सभाबाट रूपान्तरित संसदको कार्यकालमा भने एक सदनात्मक व्यवस्थापिकाको अभ्यास भयो । जननिर्वाचित संविधान सभाले २०७२ असोज ३ गते जारी गरेको नेपालको संविधानले संघमा राष्ट्रिय सभा र प्रतिनिधि सभा गरी दुई सदनात्मक व्यवस्थापिका रहने व्यवस्था गरेको छ ।

संविधान अनुसार पहिलो पटक २०७४ मंसिर १० र २१ गते दुई चरणमा प्रतिनिधि सभा र २०७४ माघ २४ गते राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्पन्न भएको थियो । पहिलो बैठक बसेको दिनबाट कार्यकाल गणना हुने संवैधानिक प्रावधान अनुसार राष्ट्रिय सभाले २०७६ फागुन २० गते दुईवर्ष कार्यकाल पूरा गरेको छ । यस अवधिमा नियमित विधायिकी कार्यका अतिरिक्त संविधान कार्यान्वयनसँग सम्बन्धित कानूनहरू निर्माण र संघीय

लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा उल्लेखनीय कार्य भएका छन् ।

दुई वर्षमा ७ वटा अध्यादेशको प्रतिस्थापन विधेयक सहित ६५ वटा विधेयक पारित गरेको राष्ट्रिय सभाले ६ वटा अन्तर्राष्ट्रिय सन्धि-सम्झौता अनुमोदन गरेको छ । देशको पश्चिम सीमा सुरक्षा सम्बन्धी संकल्प प्रस्ताव सहित विभिन्न ७ वटा संसदीय प्रस्तावहरू पारित भएका छन् । यसबीचमा सभाले १७७ वटा बैठकका लागि २५७ घण्टा ३८ मिनेट समय खर्चिएको छ । संसदीय समितिमार्फत कार्यपालिकाका कामको निगरानी, अनुगमन र सरोकारवालाहरूसँगको छलफल-अन्तरक्रियाका लागि सभाका सदस्यहरूले थप महत्वपूर्ण समय खर्चिनु भएको छ । यी सबै संसदीय कामलाई नियाल्ने आँखीझ्यालका रूपमा **'राष्ट्रिय सभाका दुई वर्ष'** नामक यो पुस्तक तयार पारिएको हो ।

संसदीय प्रक्रिया औपचारिक र प्रक्रियासम्मत हुन्छ । सार्वभौमसत्ताको प्रयोग र अभ्यासको मुख्य थलो भएका कारण संसदको ध्यान नीति निर्माणका साथै जनसरोकारको विषय उठान, कार्यपालिका माथिको निगरानी र अनुगमनमा केन्द्रित हुनु स्वाभाविक हुन्छ । जनताले आफूमा निहित सार्वभौमसत्ताको प्रयोग आवधिक निर्वाचन र निर्वाचित जनप्रतिनिधि मार्फत गर्छन् । आफूले निर्वाचित गरेका जनप्रतिनिधिका प्रत्येक क्रियाकलाप आफैंमा पनि जनसरोकारका विषय हुन् । तसर्थ, संसदका प्रत्येक कामकारवाही र सांसदका अभिव्यक्तिको अभिलेख आवश्यक पर्छ । राष्ट्रिय महत्वका यी दस्तावेज भावी दिनका लागि अझ बढी महत्वपूर्ण हुनेछन् ।

संघीय संसद सचिवालयले दुवै सदनका सम्पूर्ण कामकारवाही र अभिव्यक्तिलाई श्रव्यदृश्यमा अभिलेखबद्ध गर्नुका साथै तिनको

उतार गरी 'सम्पूर्ण विवरण' तयार गर्ने गरेको छ । राष्ट्रिय सभाका सदस्यहरूले सदनमा उठाएका प्रत्येक विषयलाई उतार गरी तत्कालै उपलब्ध गराउने र वेबसाइटबाट सार्वजनिक गर्ने अभ्यास थालिएको छ । यसबाट संसदीय गतिविधिमा जनताको पहुँच वृद्धि हुनुका साथै अनुसन्धानकर्ता र सभाका सदस्य स्वयंको कार्यमा मद्दत पुग्ने अपेक्षा गरिएको छ । 'सूचनापत्र' मार्फत प्रत्येक बैठकमा भए-गरेका कामको संक्षिप्त विवरण उपलब्ध गराउने कामलाई पनि थप व्यवस्थित र परिमार्जित गरेका छौं । नियमित र विशेष समितिहरूबाट सभामा पेश भएका आवधिक र वार्षिक प्रतिवेदनहरू पनि प्रकाशित छन् । ती सबै दस्तावेजमा सुरक्षित महत्वपूर्ण अभिलेख र तथ्य-तथ्याङ्कको सारलाई यस पुस्तकमा समेट्ने प्रयास गरिएको छ ।

राष्ट्रिय सभा निर्वाचित जनप्रतिनिधिहरूको पनि प्रतिनिधिमूलक संस्था हो । यसले हिँडेको बाटो सबैका लागि मार्गदर्शक हुनसक्छ । सभाले दुई वर्षमा गरेका सम्पूर्ण काम एउटै पुस्तकमा समेट्न कठिन हुन्छ । तर पनि, दुई सदनात्मक व्यवस्थापिकाको अवधारणा र अभ्यासदेखि सदन र समितिमा भए-गरेका कामको संक्षिप्त दर्पणका रूपमा यो पुस्तक प्रकाशन गरिएको छ ।

राष्ट्रिय सभाको पहिलो दुईवर्ष कार्यकाल पूरा गरी विदा हुनुभएका सदस्यहरूका लागि यो पुस्तक आफैंमा एउटा सम्झनाको तरेली पनि हो । उहाँहरूको व्यक्तिगत अनुभूति समेत समेट्ने यस खालको प्रयास पहिलो र केही नौलो हो । अर्को पटक विदाइ हुनुहुने र नयाँ आउनुहुने सदस्यहरूको हातमा थप व्यवस्थित र परिष्कृत कोसेली पस्कने प्रयास गरिनेछ । यहाँहरूका अमूल्य सुझावहरूको सदैव अपेक्षा गर्दछौं ।

• • •

विषयसूची

- **भूमिका : हामी हिँडेको बाटो** क
- **प्रकाशकीय/सम्पादकीय- आँखीझ्याल** घ

परिच्छेद - क

माथिल्लो सभाको अवधारणा १
- माथिल्लो सभाको औचित्य २
- नेपालमा माथिल्लो सभा ४
- राष्ट्रिय सभा ७
- राष्ट्रिय सभामा प्रतिनिधित्वको अवस्था १०

राष्ट्रिय सभाका दुई वर्ष ११
- नेतृत्व चयन ११
- नियमावली १२
- कार्यकाल विभाजन १२
- धन्यवादको प्रस्ताव १३
- विधायिकी कार्य १३
- सभामा दर्ता भएका विधेयकको अवस्था १४
- सभाले स्वीकृत गरेका अध्यादेश १५
- सभाले अनुमोदन गरेका सन्धि-सम्झौता १५
- सभामा प्रधानमन्त्री र मन्त्रीहरू १६

- दलका नेताहरूको सम्बोधन १७
- जनसरोकारमा राष्ट्रिय सभा १७
- अभिलेख व्यवस्थापन १८
- सार्वजनिक महत्वका प्रस्ताव १९
- ध्यानाकर्षण प्रस्ताव २०
- संकल्प प्रस्ताव २१
- शोक प्रस्ताव २२

राष्ट्रिय सभामा शून्य र विशेष समय २४

दुई वर्षको अनुभव ९३

अन्तर्राष्ट्रिय सम्बन्ध १२३

- चीन र बंगलादेशका राष्ट्रपतिसँग शिष्टाचार भेट १२४
- सभामुख/अध्यक्षहरूसँग भेटघाट १२५
- संसदीय प्रतिनिधि मण्डलसँगको छलफल १२६
- विदेश भ्रमण १२९

परिच्छेद - ख

मिनी संसद १३१

दिगो विकास तथा सुशासन समिति १३२

- निर्णय तथा निर्देशन १३३
- स्थलगत अनुगमन भ्रमण १३६
- अन्तर्क्रिया १३७
- समितिले सम्पादन गरेका अन्य कार्य १३८

विधायन व्यवस्थापन समिति १३९

- ऐन कार्यान्वयन मापन १४०
- अन्तर्क्रिया १४५
- लोकतान्त्रिक मेला १४६
- जनसम्बन्ध र प्रकाशन १४६

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति १४७
- निर्णय तथा निर्देशन १४८
- अवलोकन र अन्तर्क्रिया १५२

राष्ट्रिय सरोकार तथा समन्वय समिति **१५५**
- निर्णय तथा निर्देशन १५६
- निजगढ विमानस्थल निर्माणका लागि समितिको निर्देशन १६०
- स्थलगत अवलोकन र अन्तर्क्रिया १६१
- कर्णाली अवलोकन १६१
- संघीयताको सफल कार्यान्वयनका लागि समितिले गरेको सिफारिस १६२
- तहगत राज्य संरचनाको विकासमा समन्वय १६२
- समावेशी विकास र समृद्ध नेपाल १६४
- समावेशी प्रतिनिधित्व, सबल र सक्षम महिला नेतृत्व १६४

परिच्छेद - ग

कानून निर्माण
- विधेयक सम्बन्धी कार्य १६६
- मौलिक हक कार्यान्वयनसँग सम्बन्धित विधेयक १६७
- प्रचलित कानूनलाई संविधान अनुकूल बनाउन संशोधन १७३
- संघीयता कार्यान्वयन सम्बन्धी विधेयक १७४
- संक्रमणकालीन न्याय सम्बन्धी विधेयक १७६
- नियमित विधायिकी कार्य १७७

परिच्छेद - घ

परिचय
- राष्ट्रिय सभाका सदस्यहरूको संक्षिप्त परिचय १९१

अनुसूची

अनुसूची-१	पुनःस्थापित प्रतिनिधि सभामा समावेश भएका राष्ट्रिय सभाका तत्कालीन सदस्यहरू	२२३
अनुसूची-२	गोला प्रथाद्वारा निर्धारण भएको राष्ट्रिय सभाका सदस्यहरूको पदावधि सम्बन्धी विवरण	२२४
अनुसूची -३	२०७६ फागून २१ देखि पदावधि शुरू हुने नवनिर्वाचित राष्ट्रिय सभाका सदस्यहरू	२२९
अनुसूची -४	राष्ट्रिय सभाको अधिवेशन सम्बन्धी विवरण	२३१
अनुसूची -५	सन्धी-सम्झौता सम्बन्धी विवरण	२३२
अनुसूची -६	धन्यवाद प्रस्ताव	२३४
अनुसूची -७	समसामयिक विषयमा सभामा वक्तव्य दिनु हुने सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्रीहरूको विवरण	२३५
अनुसूची -८	सभामा संसदीय दलका नेताहरूको सम्बोधन सम्बन्धी विवरण	२३७
अनुसूची -९	शून्य र विशेष समयमा उठेका प्रश्नको जवाफ दिनुहुने माननीय मन्त्रीहरू	२३८
अनुसूची -१०	संसदीय प्रस्तावहरू	२३९
अनुसूची -११	राष्ट्रिय सभा अन्तर्गतका विषयगत समितिमा सदस्यहरूको उपस्थिति	२४५
अनुसूची -१२	सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयकमा सभाले गरेका संशोधन	२४९
अनुसूची- १३	राहदानी विधेयकमा राष्ट्रिय सभाले गरेका संशोधन	२६८
अनुसूची- १४	भूमिसम्बन्धी विधेयकमा राष्ट्रिय सभाले गरेको संशोधनको मूल अंश	२७०
अनुसूची- १५	सभामा पेश भएका संवैधानिक निकायका प्रतिवेदन	२७७
अनुसूची- १६	राष्ट्रिय सभा अन्तर्गतका कर्मचारीहरूको विवरण (२०७६ फागुन २० सम्म)	२७८

परिच्छेद - क

माथिल्लो सभाको अवधारणा

लोकतान्त्रिक मुलुकहरूमा सार्वभौमसत्ताको प्रयोग निर्वाचित जनप्रतिनिधि मार्फत गरिन्छ । अधिकारसम्पन्न जनप्रतिनिधिमूलक संस्था भएकोले संसदले जनतामा अन्तर्निहित सार्वभौमसत्तालाई विभिन्न प्रक्रिया र कार्यप्रणालीद्वारा अभ्यास गर्दछ । शासकीय प्रक्रियामा नागरिकको प्रतिनिधित्व गर्दै उनीहरूका अधिकारको संरक्षण गर्नु संसदको मूल कार्य हो । यसले जनआवाज मुखरित गर्ने, जनअपेक्षा तथा जनचासोका विषयहरूलाई सम्बोधनका लागि सरकारका कामकारवाहीमाथि निगरानी गर्ने र देशका लागि आवश्यक कानून निर्माण गर्ने कार्य गर्दछ । देशको शासन व्यवस्था, कानूनी, आर्थिक, सामाजिक-सांस्कृतिक, प्रशासनिक एवं राजनीतिक परिवेश, राष्ट्रको आवश्यकता, संवैधानिक इतिहास, परम्परा, राज्यको शासकीय संरचना लगायतलाई आधार मानी कुनै देशले एकसदनात्मक तथा कुनै देशले द्विसदनात्मक व्यवस्थापिका मार्फत विधायिकी शक्तिको प्रयोग गर्दै आएका छन् । हाल नेपाल लगायत विश्वका ८० राष्ट्रमा द्विसदनात्मक व्यवस्थापिकाको अभ्यास छ ।

द्विसदनात्मक व्यवस्थापिकाको इतिहास हेर्दा बेलायतको तत्कालीन वर्गवादमा आधारित समाजमा सम्भ्रान्त वर्गलाई निर्वाचन प्रक्रिया

विनानै मनोनयन मार्फत र सर्वसाधारणलाई निर्वाचन प्रक्रिया मार्फत व्यवस्थापिकामा प्रतिनिधित्व गराउने परम्पराबाट शुरू भएको हो । दुई प्रकारको प्रतिनिधित्वको परम्परा सत्रौं शताब्दीतिर राजा एड्वार्ड तृतीयको शासनकालबाट माथिल्लो सदन र तल्लो सदनको रूपमा विकास भएको पाइन्छ ।

माथिल्लो सदनको अभ्युदयको पृष्ठभूमि फरक रहे पनि तत्कालीन समयका अनुकरणीय विशेषताहरूलाई निरन्तरता दिँदै र आधुनिक समयका नवीन मान्यता र अवधारणाहरू थप गर्दै माथिल्लो सभाको अभ्यास क्रमशः अगाडिबढेको पाइन्छ ।

आधुनिक कालमा माथिल्लो सदनलाई House of Elders, Council of State, The Second Chamber आदि नामबाट सम्बोधन गरेको पाइन्छ । यसलाई विश्वव्यापी रूपमा जनताको अविच्छिन्न प्रतिनिधित्व हुने थलो, पुनः विधायनको अवसर प्रदान गर्ने माध्यम, राज्यको तहगत संरचनाको सुनिश्चितता,संघीय तहहरूबीच समन्वय गर्ने आधार,समाजका सबै वर्ग, लिङ्ग, जातजाति, सम्प्रदायको प्रतिनिधित्वको सुनिश्चितता, अभिभावकीय निकायको अवधारणा, अनुभवीहरूका मूल्य-मान्यताहरूलाई विधायिकी प्रक्रियामा समावेश गराउने माध्यमका रूपमा स्वीकार गरिएको देखिन्छ ।

माथिल्लो सभाको औचित्य

संसदमा राष्ट्रका हरेक क्षेत्र, वर्ग, लिङ्ग, जातजाति र सम्प्रदायको समानुपातिक उपस्थिति हुन सकेमा मात्रै उनीहरूको आवाज स्थापित हुन्छ । माथिल्लो सदनमा समाजको संरचनागत चरित्र अनुरूप नै प्रतिनिधित्व हुनुपर्छ भन्ने मान्यता रहेको पाइन्छ । विधायिकी कार्यमा विज्ञताको उपयोगका रूपमा परिचित माथिल्लो सदन प्रतिनिधित्व, समावेशिता, संसदीय

सर्वोच्चता, विधिशास्त्र लगायतका दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । समग्रमा माथिल्लो सदनको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- आवधिक रूपमा सभाका आंशिक सदस्यहरूको पदावधि समाप्त भएपछि सो पदमा नयाँ सदस्यहरू निर्वाचित भई आउने र सभा स्थायी रहने हुँदा अविच्छिन्न रूपमा नागरिकको प्रतिनिधित्व हुने,

- मुलुकका सबै वर्ग, लिङ्ग, क्षेत्र, जातजाति र सम्प्रदायको प्रतिनिधित्व हुने गरी सदस्यहरू निर्वाचित गरिने भएकोले समग्र राष्ट्रको प्रतिनिधित्व हुने,

- विधि निर्माण लगायत समग्र विधायिकी प्रक्रियामा पुनरावलोकन तथा परामर्शदाताको भूमिका प्राप्त भई विधिशास्त्रीय एवं व्यावहारिक त्रुटिहरू सुधार्ने अवसर प्राप्त हुने हुँदा माथिल्लो सदन गल्ती सच्याउने सदनका रूपमा समेत रहने,

- House of Elders को रूपमा समेत चिनिने माथिल्लो सदनबाट सदस्यहरूका अनुभवले खारिएका मूल्य-मान्यताहरूलाई विधायिकी प्रक्रियामा समावेश गर्ने अवसर प्राप्त हुने,

- राष्ट्रिय जीवनका विभिन्न क्षेत्रका विज्ञ एवं ख्यातिप्राप्त व्यक्तिहरू मनोनीत भई आउन सक्ने हुँदा विज्ञताको उपयोग हुन सक्ने,

- मुलुकको संघीय संरचनालाई प्रतिविम्बित गर्नेगरी प्रतिनिधित्व हुने र प्रदेश र स्थानीय तहको अधिकारको संरक्षण गर्ने साथै संघीय तहहरूबीच समन्वय गर्ने जिम्मेवारी वहन हुने,

- सरकारको गठन र विघटन जस्ता विषयमा माथिल्लो सदनको संलग्नता नहुने हुँदा विधायिकी कार्यमा बढी केन्द्रित रहने,

- माथिल्लो सदन मतदाता, निर्वाचन क्षेत्र र सम्बद्ध राजनीतिक दलको ह्वीप जस्ता विषयबाट प्रत्यक्षतः प्रभावित नहुने भएकाले दलगत रूपमा विभाजित नभई स्वतन्त्र रूपमा राष्ट्रिय महत्वका विषयमा केन्द्रित हुने थलोका रूपमा रहने ।

नेपालमा माथिल्लो सभा

नेपालको दुई सदनात्मक व्यवस्थापिकाको इतिहास संवैधानिक इतिहास जत्तिकै पुरानो छ । नेपाल सरकारको वैधानिक कानून, २००४ मा श्री ३ महाराज, राष्ट्र सभा र भारदारी सभाबाट नेपालको व्यवस्थापक सभा बन्ने व्यवस्था थियो । माथिल्लो सदन भारदारी सभामा सकभर सबै संस्था, पेशा, रोजगार र विशेष योग्यताद्वारा मुलुकको गौरव बढाएका व्यक्तिहरूको ख्याल राखी श्री ३ महाराजको तजविजमा नियुक्त २० देखि ३० जना सदस्य रहने व्यवस्था थियो ।

प्रजातन्त्रको स्थापनापश्चात् जारी भएको नेपालको अन्तरिम शासन विधान, २००७ ले सल्लाहकार सभा नामको एक सदनात्मक व्यवस्थापिकाको प्रबन्ध गरेको थियो ।

दुई सदनात्मक व्यवस्थापिका रहेको नेपाल अधिराज्यको संविधान, २०१५ ले माथिल्लो सदनलाई महासभा र तल्लो सदनलाई प्रतिनिधि सभा नामकरण गरेको थियो । ३६ सदस्यीय महासभामा प्रतिनिधि सभाबाट निर्वाचित १८ जना र राजाबाट मनोनीत १८ जना महासभासद् रहने व्यवस्था थियो । तदनुरूप २०१६ को आम निर्वाचनपछि गठित महासभामा डम्बरबहादुर

सिंह अध्यक्ष र कमल राणा उपाध्यक्ष चुनिनुभएको थियो । महासभाको पहिलो बैठक २०१६ साउन ४ गते बसेको थियो । यस महासभा अन्तर्गत दुईवटा मात्र अधिवेशन सम्पन्न भएका थिए ।

बहुदलीय संसदीय व्यवस्थालाई खारेज गरी पञ्चायती व्यवस्था लागू गरेको नेपाल अधिराज्यको संविधान, २०१९ ले भने एक सदनात्मक व्यवस्थापिका (राष्ट्रिय पञ्चायत)को प्रबन्ध गरेको थियो ।

२०४६ सालको जनआन्दोलनबाट बहुदलीय व्यवस्था पुनःस्थापना भएपछि नेपालमा पुनः दुई सदनात्मक व्यवस्थापिकाको अभ्यास आरम्भ भएको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ मा 'श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक व्यवस्थापिका रहनेछ, जसलाई संसद भनिने छ' भन्ने व्यवस्था थियो । २०५ सदस्यीय प्रतिनिधि सभाका सदस्यहरूले निर्वाचित गरेका ३५ जना, तत्कालीन पाँच विकास क्षेत्रबाट ३/३ जनाका दरले स्थानीय निकायका जनप्रतिनिधिहरूको निर्वाचक मण्डल (जिल्ला विकास समितिका सदस्यहरू, नगरपालिका र गाउँ विकास समितिका अध्यक्ष, उपाध्यक्षहरू) बाट निर्वाचित १५ जना र राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट श्री ५ बाट मनोनीत १० जना रहने गरी ६० सदस्यीय राष्ट्रिय सभाको व्यवस्था थियो । स्थायी सदनका रूपमा परिकल्पना गरिएको सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा सकिने र सोही संख्यामा सदस्यको निर्वाचन हुने व्यवस्था थियो । सदस्यहरूको कार्यकाल ६ वर्षको हुने भएपनि पहिलो पटकका लागि भने गोलाप्रथाद्वारा दुई, चार र छ वर्षे कार्यकाल तय गरिएको थियो । तद्नुरूप २०५०, २०५२, २०५४ र २०५६ मा राष्ट्रिय सभाका एक/एक तिहाइ सदस्यका लागि निर्वाचन भएको थियो । वि.सं. २०४८ मा बेनीबहादुर कार्की सभाको अध्यक्ष

र ऐश्वर्यलाल प्रधानाङ्ग उपाध्यक्ष हुनुभएको थियो । ऐश्वर्यलाल प्रधानाङ्गको सदस्यको पदावधि समाप्त भएपछि उपाध्यक्षको पदमा वि. स. २०५० सालमा दिलीपकुमार शाही निर्वाचित हुनुभएको थियो ।

वि.सं. २०५६ सालमा डा. मोहम्मद मोहसिन सभाको अध्यक्ष र चिरञ्जीवीप्रसाद रिजाल उपाध्यक्ष हुनुभएको थियो भने वि.सं. २०५८ मा डा. मोहम्मद मोहसिन पुनः अध्यक्ष र रामप्रित पासवान उपाध्यक्ष निर्वाचित हुनुभएको थियो ।

२०५९ जेठ ८ गते प्रतिनिधि सभा विघटन भएपछि राष्ट्रिय सभा कायम रहे पनि पदावधि समाप्त भएका सदस्यहरूको रिक्त स्थानमा नयाँ सदस्यहरू निर्वाचित नहुँदा व्यवहारमा भने यो सभा पनि निष्क्रिय रह्यो । ०६२/०६३ को जनआन्दोलनको बलमा पुनःस्थापित प्रतिनिधि सभामा राष्ट्रिय सभामा कार्यकाल बाँकी रहेका १४ जना सदस्यहरू *(हेर्नुहोस्, अनुसूची-१)* लाई समावेश गरिएको थियो । अन्तरिम संविधान, २०६३ मा उल्लिखित ३३० सदस्यीय 'अन्तरिम व्यवस्थापिका-संसद'मा पुनःस्थापित प्रतिनिधि सभामा समाविष्ट सदस्यहरू, तत्कालीन विद्रोही माओवादी र राजनीतिक सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनीत सदस्य थिए । २०६४ र २०७० मा निर्वाचित संविधान सभाले भने आ-आफ्नो कार्यकालभर 'व्यवस्थापिका-संसद'का रूपमा नियमित विधायिकी कार्य गरेकाले एउटा मात्र सदन रहेको थियो ।

संविधान सभाले २०७२ असोज ३ गते जारी गरेको नेपालको संविधानले प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक संघीय व्यवस्थापिकाको प्रबन्ध गरेको छ । संविधानले प्रत्येक दुई/दुई वर्षमा एक तिहाइ सदस्य निर्वाचित हुनेगरी राष्ट्रिय सभालाई स्थायी सदनका रूपमा स्थापित गरेको छ ।

५९ सदस्यीय राष्ट्रिय सभाका ५६ सदस्यको चयन नवगठित संघीय इकाइ (प्रदेश र स्थानीय तह)का जनप्रतिनिधि सम्मिलित

निर्वाचक मण्डलबाट हुन्छ । निर्वाचक मण्डलमा प्रदेश सभा सदस्य(मतभार ४८) तथा गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुखहरू (मत भार १८) रहन्छन् ।

राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा ३ जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ/आठ जना गरी ५६ सदस्य निर्वाचित हुने व्यवस्था छ । सभाका बाँकी तीन सदस्यको भने राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान गरी ख्याति कमाएका व्यक्तिहरू मध्येबाट मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मनोनयन हुने संवैधानिक व्यवस्था छ ।

राष्ट्रिय सभा

स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भइसकेपछि २०७४ माघ २४ गते राष्ट्रिय सभाको निर्वाचन सम्पन्न भएको थियो भने २०७४ फागुन ८ गते नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट एक महिला सहित ३ जना सदस्यको मनोनयन भएको थियो ।

संविधानको धारा ८६ को उपधारा (३) को व्यवस्था बमोजिम २०७५ असार ४ गते संघीय ससद् सचिवालयले गरेको गोलाप्रथाबाट सदस्यहरूको पदावधि दुई, चार र छ वर्ष निर्धारण गरिएको थियो *(हेर्नुहोस्, अनुसूची-२)* ।

राष्ट्रिय सभाको पहिलो अधिवेशनको पहिलो बैठक २०७४ फागुन २१ गते देखि शुरू भएको थियो । बैठक सञ्चालनार्थ आफ्नो अन्तरिम कार्यविधि पारित गरेको पहिलो बैठकको अध्यक्षता जेष्ठ सदस्य तारादेवी भट्टले गर्नुभएको थियो । ज्येष्ठ सदस्य भट्टले २०७४ फागुन २० गते सम्माननीय राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरी सोही दिन अन्य निर्वाचित

सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको थियो । मनोनीत सदस्यहरूको शपथ ग्रहण भने फागुन २३ गते सम्पन्न भएको थियो ।

सभामा प्रदेश नम्बर १ बाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट महिला समूहमा विना पोखरेल र नैनकला ओझा, दलित समूहबाट खेमराज नेपाली, अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहमा अगमप्रसाद वान्तवा राई, अन्य समूहबाट हरिचरण शिवाकोटी र परशुराम मेघी गुरूङ निर्वाचित हुनुभएको थियो भने नेपाली कांग्रेसबाट अन्य समूहबाट रमेशजंग रायमाझी र महिला समूहबाट सरिता प्रसाईं निर्वाचित हुनुभएको थियो ।

प्रदेश नम्बर २ बाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट अन्य समूहमा सुमनराज प्याकुरेल र महिला समूहबाट शशिकला दाहाल, नेपाली कांग्रेसबाट अन्य समूहबाट जितेन्द्रनारायण देव र महिला समूहबाट मुक्ताकुमारी यादव, तत्कालीन संघीय समाजवादी फोरम (पछि समाजवादी पार्टी)बाट प्रमिला कुमारी र दलित समूहबाट रामपृत पासवान तथा राष्ट्रिय जनता पार्टीबाट अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहबाट वृषेशचन्द्र लाल र अन्य समूहबाट रमेशप्रसाद यादव निर्वाचित हुनुभएको थियो ।

बागमती प्रदेशबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट महिला समूहमा उदया शर्मा/पौडेल र दिलकुमारी रावल थापा (पार्वती), दलित समूहमा सिंगबहादुर विश्वकर्मा, अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहबाट रामचन्द्र राई, अन्य समूहबाट बलरामप्रसाद बाँस्कोटा र रामबहादुर थापा मगर तथा नेपाली कांग्रेसबाट महिला समूहबाट धनकुमारी खतिवडा र अन्य समूहबाट राधेश्याम अधिकारी निर्वाचित हुनुभएको थियो ।

गण्डकी प्रदेशबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट महिला समूहमा दीपा गुरूङ र शान्तिकुमारी अधिकारी जि. सि., दलित

समूहबाट खिमकुमार वि. क., अन्य समूहबाट गणेशप्रसाद तिमिल्सिना र दीनानाथ शर्मा निर्वाचित हुनुभएको थियो भने नेपाली कांग्रेसबाट महिला समूहबाट विन्दादेवी आले (राना), अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहबाट प्रकाश पन्थ र अन्य समूहबाट सुरेन्द्रराज पाण्डे निर्वाचित हुनुभएको थियो ।

प्रदेश नम्बर ५ बाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट महिला समूहमा मीना बुढा र कोमल वली, दलित समूहबाट रामलखन चमार, अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहबाट राजकुमार कुँवर, अन्य समूहबाट चन्द्रबहादुर खड्का र खिमलाल भट्टराई निर्वाचित हुनुभएको थियो भने नेपाली कांग्रेसबाट महिला समूहमा अनिता देवकोटा र अन्य समूहबाट दुर्गाप्रसाद उपाध्याय निर्वाचित हुनुभएको थियो ।

कर्णाली प्रदेशबाट सबै सदस्य नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बाट निर्वाचित हुनुभएको थियो । उक्त प्रदेशबाट महिला समूहमा युटोल तामाङ, कविता बोगटी र नन्दा चपाई, दलित समूहबाट नरपति लुवार, अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहबाट जीवन बुढा, अन्य समूहबाट कालीबहादुर मल्ल, भैरवसुन्दर श्रेष्ठ र ठगेन्द्रप्रकाश पुरी निर्वाचित हुनुभएको थियो ।

सुदूरपश्चिम प्रदेशबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट महिला समूहमा कमलाकुमारी ओली र इन्दु कडरिया, दलितबाट चक्रप्रसाद स्नेही, अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहबाट महेशकुमार महरा, अन्य समूहबाट शेरबहादुर कुँवर र हरिराम चौधरी तथा नेपाली कांग्रेसबाट महिला समूहमा तारादेवी भट्ट र अन्य समूहबाट बद्रीप्रसाद पाण्डे निर्वाचित हुनुभयो ।

यसैगरी मन्त्रिपरिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीबाट डा. विमला राई पौड्याल, रामनारायण विडारी र डा. युवराज खतिवडा मनोनीत हुनुभएको थियो ।

पहिलो बैठक बसेको मितिबाट सदस्यहरूको पदावधि गणना शुरू हुने संवैधानिक व्यवस्था अनुरूप २०७६ फागुन २० गते २ वर्ष पदावधि समाप्त हुने एक तिहाइ सदस्यको रिक्त हुने स्थानका लागि २०७६ माघ ९ गते निर्वाचन भएको छ । निर्वाचित सदस्यहरू *(हेर्नुहोस्, अनुसूची-३)* को पदावधि २०७६ फागुन २१ गतेदेखि शुरू भएको छ ।

राष्ट्रिय सभामा प्रतिनिधित्वको अवस्था

दलीय प्रतिनिधित्व	
नेपाल कम्युनिष्ट पार्टी (नेकपा)	३९ जना
नेपाली कांग्रेस	१३ जना
राष्ट्रिय जनता पार्टी	२ जना
समाजवादी पार्टी	२ जना
मानोनित	३ जना
लैंगिक प्रतिनिधित्व	
पुरूष	३७ जना
महिला	२२ जना
उमेरगत प्रतिनिधित्व	
३५ देखि ४० वर्षसम्म	७ जना
४१ देखि ४५ वर्षसम्म	५ जना
४६ देखि ५० वर्षसम्म	१३ जना
५१ देखि ५५ वर्षसम्म	१४ जना
५६ देखि ६० वर्षसम्म	८ जना
६१ देखि ६५ वर्षसम्म	८ जना
६६ देखि ७० वर्षसम्म	४ जना

राष्ट्रिय सभाका दुई वर्ष

संविधान सभाबाट जारी संविधान अनुसार राष्ट्रिय सभाका सदस्यका लागि २०७४ माघ २४ गते निर्वाचन भएको थियो । निर्वाचित सदस्यहरूले २०७४ फागुन २० गते पद तथा गोपनीयताको शपथ लिनुभएको थियो भने २०७४ फागुन २१ गते संघीय संसदको पहिलो अधिवेशन शुरू भएसँगै सभाले कार्य प्रारम्भ गरेको थियो । २०७६ फागुन २० गतेसम्म १५५ दिनमा राष्ट्रिय सभाका १७७ वटा बैठक सम्पन्न भएका छन् । यस अवधिमा सभाले बैठकका लागि मात्रै २५७ घण्टा ३८ मिनेट *(हेर्नुहोस्, अनुसूची-४)* समय व्यतीत गरेको छ ।

यस अवधिमा ४१ वटामूल र २४ वटा संशोधन गरी ६५ वटा विधेयक पारित गरेको राष्ट्रिय सभाले ६ वटा अन्तर्राष्ट्रिय सन्धि-सम्झौता अनुमोदन *(हेर्नुहोस्, अनुसूची-५)* गरेको छ । यस बीचमा जारी भएका ७ वटा अध्यादेशहरूलाई सभाले विधेयक मार्फत प्रतिस्थापन गरेको छ । सभा अन्तर्गतका समितिहरू बैठक, अनुगमन, अन्तर्क्रियालगायतका माध्यमबाट कार्यपालिकालाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढ बनाउन सक्रिय छन् ।

नेतृत्व चयन

२०७४ फागुन ३० गते बुधवार बसेको सभाको बैठकले तत्कालीन नेकपा (एमाले) बाट सभामा निर्वाचित सदस्य गणेशप्रसाद तिमिल्सिनालाई राष्ट्रिय सभाको अध्यक्ष पदमा सर्वसम्मतिबाट चयन गरेको थियो । सभाको पहिलो, दोस्रो र तेस्रो बैठकको अध्यक्षता जेष्ठ सदस्य तारादेवी भट्टले गर्नुभएको थियो । २०७४ चैत ४ गतेको बैठकबाट तत्कालीन नेकपा माओवादी

(केन्द्र) बाट निर्वाचित सदस्य शशिकला दाहाल उपाध्यक्ष पदमा सर्वसम्मतिबाट चयन हुनुभएको थियो ।

नियमावली

राष्ट्रिय सभाले २०७४ फागुन २२ गते माननीय परशुराम मेघी गुरूङको अध्यक्षतामा ९ सदस्यीय नियमावली मस्यौदा समिति गठन गरेको थियो । समितिले २०७५ वैशाख २३ गते दोस्रो अधिवेशनको पहिलो बैठकमा राष्ट्रिय सभा नियमावली, २०७५ को मस्यौदा पेश गरेको थियो । उक्त मस्यौदालाई सभाले २०७५ जेठ २७ गते सर्वसम्मत रूपमा पारित गरेको थियो । सभा तथा समिति सञ्चालनको सन्दर्भमा आइपरेका कठिनाइहरूलाई पहिचान गरी राष्ट्रिय सभा नियमावली, २०७५ लाई २०७५ फागुन ३० गते पहिलो संशोधन गरेको छ ।

कार्यकाल विभाजन

राष्ट्रिय सभा स्थायी सदन भएकाले यसका लागि प्रत्येक दुई/दुई वर्षमा सभाका एक तिहाइ सदस्यको स्थान रिक्त र पूर्ति हुँदै जाने संवैधानिक व्यवस्था छ । यस्तो व्यवस्था कार्यान्वयनका लागि राष्ट्रिय सभामा पहिलो पटक निर्वाचित सदस्यहरूको गोलाप्रथाबाट कार्यकाल निर्धारण गरिएको छ ।

नेपालको संविधानको धारा ८६ को उपधारा (३) बमोजिम राष्ट्रिय सभाका सदस्यहरूको पदावधि कायम गर्न राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम २०७५ असार ४ गते गोलाप्रथा कार्यक्रम सम्पन्न गरिएको थियो, जस अनुसार १९ जना सदस्यको कार्यकाल २ वर्ष, २० जना सदस्यको कार्यकाल ४ वर्ष र २० जना सदस्यको कार्यकाल ६ वर्ष कायम हुन गएको छ *(हेर्नुहोस्, अनुसूची-२)* ।

धन्यवादको प्रस्ताव

संघीय संसदको संयुक्त सदनमा राष्ट्रपतिबाट सरकारको वार्षिक नीति तथा कार्यक्रम पेश हुने संवैधानिक व्यवस्था छ । राष्ट्रपतिबाट भएको सम्बोधनको प्रति प्रधानमन्त्रीले राष्ट्रिय सभा र प्रतिनिधि सभाका छुट्टाछुट्टै बैठकमा पेश गरेपछि दुवै सदनमा नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गरिन्छ । यस्तो छलफल गर्नुअघि नै सदनले सम्बोधनका लागि राष्ट्रपतिलाई धन्यवादको प्रस्ताव पारित गर्ने अभ्यास शुरू गरिएको छ । यसअघि धन्यवादको प्रस्तावलाई सरकारको नीति तथा कार्यक्रम पारित गर्ने प्रक्रियासँगै राखिन्थ्यो । राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसदको संयुक्त बैठकमा २०७४ चैत १५ गते पहिलो पटक, २०७५ जेठ ७ गते दोस्रो पटक र २०७६ वैशाख २० गते तेस्रो पटक गर्नुभएको सम्बोधनका लागि सोही दिनहरूमै सभाबाट धन्यवाद प्रस्ताव पारित भएको थियो *(हेर्नुहोस्, अनुसूची-६)* ।

विधायिकी कार्य

राष्ट्रिय सभामा २०७६ फागुन २० गतेसम्म दर्ता भएका ३० वटा विधेयकहरू मध्ये १७ वटा विधेयकहरू सभाले पारित गरेको छ । पारित विधेयक मध्ये ११ वटा विधेयकहरू संघीय संसदको सम्पूर्ण प्रक्रियापश्चात् सभाका अध्यक्षबाट प्रमाणित गरी प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश भई प्रमाणीकरण समेत भएका छन् भने ६ वटा विधेयकहरू सन्देशसहित प्रतिनिधि सभामा पठाइएको छ । बाँकी विधेयकहरू मध्ये 'गुठी विधेयक, २०७५' सरकारले फिर्ता लिएको छ । ५ वटा विधेयकहरू सभामा र ७ वटा विधेयकहरू विधायन व्यवस्थापन समितिमा विचाराधीन अवस्थामा छन् । त्यसैगरी प्रतिनिधि सभामा दर्ता भई प्रतिनिधि सभाबाट पारित भई सन्देशसहित प्राप्त हुन आएका ४४ वटा

विधेयकमाथि यस सभाले सम्पूर्ण संसदीय प्रक्रिया पूरा गरी प्रतिनिधि सभामा सन्देशसहित फिर्ता पठाएको छ ।

राष्ट्रिय सभामा दर्ता भएका तथा प्रतिनिधि सभाबाट प्राप्त भएका ७४ वटा विधेयकहरू मध्ये २९ वटा विधेयकहरू विधायन व्यवस्थापन समितिमा नपठाई सभामै दफावार छलफल गरी पारित भएका छन् । विधेयक सम्बन्धी विस्तृत विवरण परिच्छेद-२ मा समावेश गरिएको छ ।

सभामा दर्ता भएका विधेयकको अवस्था

विधेयक सम्बन्धी विवरण	संख्या
सभामा दर्ता भएका विधेयक	३०
सभाले पारित गरेका विधेयक	१७
पारित मध्ये प्रमाणीकरण भई ऐन बनेका विधेयक	११
सरकारले फिर्ता लिएको विधेयक	१
सभामा विचाराधीन विधेयक	५
विधायन व्यवस्थापन समितिमा विचाराधीन विधेयक	७
प्रतिनिधि सभामा सन्देशसहित पठाइएका विधेयक	६
प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त भई सभामा पेश हुन बाँकी विधेयक	२
प्रतिनिधि सभामा दर्ता भई सभामा प्राप्त भएका र सभाले पारित गरेका विधेयक	४४

सभाले स्वीकृत गरेका अध्यादेश

सभाले दुई वर्षको अवधिमा पेश भएका देहायका अध्यादेशहरू नेपालको संविधानको धारा ११४ बमोजिम स्वीकृत गरेको छ :

१. राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७४

२. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (पहिलो संशोधन) अध्यादेश, २०७४

३. राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश, २०७४

४. संघीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव र राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी अध्यादेश, २०७५

५. राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७५

६. राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश, २०७५

७. कर्मचारी समायोजन अध्यादेश, २०७५

सभाले अनुमोदन गरेका सन्धि-सम्झौता

सभाले दुई वर्षको अवधिमा पेश भएका देहायका सन्धि/सम्झौताहरू नेपालको संविधानको धारा २७९ बमोजिम अनुमोदन/सम्मिलन/स्वीकृत गरेको छ :

१. अन्तर्राष्ट्रिय आतंकवाद, अन्तरदेशीय संगठित अपराध र अवैध लागू औषध कारोबार विरूद्ध सहयोग सम्बन्धी बिमस्टेक महासन्धि ।

२. अन्तर्राष्ट्रिय हवाइ परिवहन विषयक नियमहरू एकीकरण गर्ने सम्बन्धमा व्यवस्था भएको महासन्धि ।

३. जैविक विविधता महासन्धि अर्न्तगत जारी भएको आनुवंशिक स्रोतहरूमा पहुँच र तिनको उपयोगबाट प्राप्त हुने लाभको निष्पक्ष र समन्यायिक बाँडफाँट सम्बन्धी नागोया अभिसन्धि ।

४. अन्तरदेशीय संगठित अपराध विरूद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि ।

५. पारमाणविक विज्ञान तथा प्रविधि सम्बन्धी अनुसन्धान, विकास र तालिमका लागि सम्पन्न क्षेत्रीय सहयोग सम्झौता ।

६. शान्ति विश्वविद्यालय स्थापना गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता ।

सभामा प्रधानमन्त्री र मन्त्रीहरू

राष्ट्रिय सभाको दुई वर्षको अवधिमा सभामा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले समसामयिक विषयमा ६ पटक सम्बोधन गर्नुभएको छ भने सम्माननीय प्रधानमन्त्रीको तर्फबाट परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले १ पटक वक्तव्य दिनुभएको छ । राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम १९२ बमोजिम सभामा समसामयिक विषयमा माननीय उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले १ पटक, माननीय गृहमन्त्री रामबहादुर थापाले ७ पटक, माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले १ पटक, माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले १ पटक, माननीय भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले १ पटक र माननीय स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा. सुरेन्द्रकुमार यादवले १ पटक सम्बोधन गर्नुभएको छ *(हेर्नुहोस् अनुसूची-७)* ।

दलका नेताहरूको सम्बोधन

राष्ट्रिय सभामा नेपाल कम्युनिष्ट पार्टी (नेकपा), नेपाली कांग्रेस, राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टी गरी चार दलको प्रतिनिधित्व छ । अधिवेशनको पहिलो दिन स्वागतार्थ र समापनका दिन सभाबाट भए-गरेका कामहरूका सम्बन्धमा सम्बन्धित दलका नेताबाट सम्बोधन गर्ने परम्परा स्थापित छ । अरू विभिन्न समयमा पनि दलका नेताहरूले समय लिएर बोल्नुभएको छ *(हेर्नुहोस्, अनुसूची-८)* ।

दुई वर्षको अवधिमा राष्ट्रिय सभाका १७४ बैठकहरूमध्ये ४१ दिन शून्य समय र ५३ दिन विशेष समय सञ्चालन भएको छ । शून्य र विशेष समयमा उठेका विषयवस्तुमा ५ दिनभित्र सम्बन्धित मन्त्रीले सभामा जवाफ दिनुपर्ने नियमावलीमा व्यवस्था छ । सो अनुरूप २०७६ फागुन २० सम्म ६ पटक विभागीय मन्त्रीहरूले जवाफ दिनुभएको छ । सभामा उपस्थित भई जवाफ दिनुहुने मन्त्रीहरूमा माननीय गृहमन्त्री रामबहादुर थापाले २ पटक र माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेल, तत्कालीन माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादव, तत्कालीन माननीय भौतिक पूर्वाधार तथा योजना मन्त्री रघुवीर महासेठ र तत्कालीन माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री चक्रपाणि खनालले १/१ पटक जवाफ दिनुभएको छ *(हेर्नुहोस्, अनुसूची-९)* ।

जनसरोकारमा राष्ट्रिय सभा

सभाले समसामयिक विभिन्न प्रस्तावमाथि छलफल गरी जनआवाज मुखरित गर्ने अभ्यास अघि बढाएको छ । राष्ट्रिय सभाको पहिलो दुई वर्षे कार्यावधिमा विभिन्न ७ वटा प्रस्ताव *(हेर्नुहोस्, अनुसूची-१०)* माथि छलफल भएका छन् ।

प्राकृतिक प्रकोप र विपद्का बेला उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माणका विषयमा सदनमा छलफल तथा स्थलगत अनुगमन गरी सरकारलाई निर्देशन दिने लगायतका काम सदनको प्राथमिकतामा परेका छन् ।

२०७५ चैत १७ गते आइतबार साँझ बारा र पर्सा जिल्लामा आएको शक्तिशाली हावाहुरीका कारण भएको जनधनको क्षति तथा प्राकृतिक विपत्तिका कारण घरबारविहीन भएकाहरूलाई तत्काल राहत तथा पुनःस्थापनाको उचित व्यवस्थापन गर्ने सम्बन्धी राष्ट्रिय सभा अध्यक्षबाट राखिएको विशेष प्रस्तावलाई सभाले सर्वसम्मत पारित गरेको थियो ।

२०७६ असारमा आएको भीषण वर्षाबाट मध्य तथा पूर्वी तराईका विभिन्न १० जिल्ला प्रभावित भएका थिए । राष्ट्रिय सभा, कार्यव्यवस्था परामर्श समितिको २०७६ साउन २ गते बसेको बैठकबाट सभाका अध्यक्षको नेतृत्वमा उच्चस्तरीय स्थलगत अवलोकन भ्रमण टोली गठन भएको थियो । राष्ट्रिय सभाका उपाध्यक्ष, राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने सबै दलका नेता वा मुख्य सचेतकहरू सम्मिलित संसदीय टोलीले बाढी प्रभावित जिल्लाहरूको स्थलगत अवलोकन गरेको थियो । टोलीले पहिचान गरेका समस्या समाधानका लागि तत्कालीन र दीर्घकालीन कार्ययोजनासहित तत्काल कार्यान्वनयका लागि नेपाल सरकार समक्ष सिफारिस गरेको थियो ।

अभिलेख व्यवस्थापन

संघीय संसद सचिवालयले राष्ट्रिय सभाको बैठक लगत्तै सम्पूर्ण विवरण वेबसाइटमार्फत सार्वजनिक गर्ने प्रचलन सुरू गरेको छ ।

राष्ट्रिय सभाले पाँचौं अधिवेशनदेखि बैठक भएकै दिन सम्पूर्ण विवरण तयार गर्ने परम्पराको थालनी गरेको हो । संसदीय

प्रचलन बमोजिम सभामा भएका सम्पूर्ण कामकारबाहीलाई लिपिबद्ध गरी अभिलेख राखिन्छ ।

सभामा सांसदहरूले व्यक्त गरेका विचार र संसदका कामकारबाहीहरूलाई उतार गरी तयार गरिने विवरणलाई संसदीय भाषामा 'सम्पूर्ण विवरण' भनिन्छ । यो अन्तर्राष्ट्रिय प्रचलन हो । वेबसाइटमार्फत सार्वजनिक भइरहेका ती सामग्री सम्बन्धित सदस्यले माग गरेका वखत 'हार्डकपी' समेत उपलब्ध गराइन्छ ।

यसैगरी, कार्यव्यवस्था परामर्श समितिको २०७६ पौष ३ गतेको निर्णय अनुसार प्रत्येक बैठकको उपस्थिति पनि वेबसाइटमार्फत सार्वजनिक गर्ने अभ्यास थालिएको छ ।

कार्यव्यवस्था परामर्श समितिका अनुसार जननिर्वाचित संस्था र जनप्रतिनिधिका कामकारवाहीलाई थप पारदर्शी बनाउन यस्तो कदम चालिएको हो । सदनको सम्पूर्ण विवरण तत्कालै सार्वजनिक गर्दा संसदीय गतिविधिमा सर्वसाधारणको पहुँच बढ्ने मात्र नभई प्राज्ञिक अध्ययन, अनुसन्धानलाई मद्दत पुग्ने र सभाको कार्यप्रभावकारिता बढ्ने अपेक्षा गरिएको छ ।

सार्वजनिक महत्वका प्रस्ताव

राष्ट्रिय सभाको दुई वर्षे अवधिमा ३ वटा जरूरी सार्वजनिक महत्वका प्रस्तावमा छलफल भएका थिए । सभाका सदस्य राधेश्याम अधिकारी प्रस्तावक रहनुभएको चिकित्सा शिक्षा सुधार सम्बन्धी जरूरी सार्वजनिक महत्वको प्रस्तावमाथि सभामा २०७५ असार २६ गते छलफल भएको थियो । 'चिकित्सा शिक्षा लगायतको समग्र स्वास्थ्य सेवा क्षेत्रमा विद्यमान विसंगतिलाई समाप्त गर्न, सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन निवर्तमान सरकारले जारी गरेको अध्यादेशका मूल

भावना अनुरूप विधेयक तत्काल ल्याई अनसनरत डा. गोविन्द के.सी. को स्वास्थ्य उपचार गरी जीवन रक्षा गर्ने सम्बन्धी जरूरी सार्वजनिक महत्वको प्रस्ताव'माथिको छलफलमा उठेका प्रश्नको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले जवाफ दिनुभएको थियो ।

सभाका सदस्यहरू खिमलाल भट्टराई, बद्रीप्रसाद पाण्डे, वृषेशचन्द्र लाल र प्रमिला कुमारी प्रस्तावक रहनुभएको प्राकृतिक प्रकोप पीडितको राहत र उद्धार सम्बन्धी जरूरी सार्वजनिक महत्वको प्रस्तावमाथि सभाले २०७६ साउन ३ गते छलफल गरेको थियो । 'अविरल वर्षाको कारण तराई-मधेश-पहाड लगायत मुलुकका विभिन्न भागमा ठूलो संख्यामा भएको जनधनको क्षतिबाट पीडित जनतालाई उचित राहत उपलब्ध गराउने सम्बन्धी जरूरी सार्वजनिक महत्वको प्रस्ताव'माथिको छलफलमा उठेका प्रश्नहरूको गृहमन्त्री रामबहादुर थापाले जवाफ दिनुभएको थियो ।

सभाका सदस्य डा. विमला राई पौड्याल प्रस्तावक भई दर्ता गर्नुभएको पर्यटनसँग सम्बन्धित भौतिक संरचना निर्माण गर्दा नेपाली मौलिकता झल्कने गरी निर्माण गर्ने सम्बन्धी जरूरी सार्वजनिक महत्वको प्रस्तावमाथि २०७६ असार २२ गते छलफल भएको थियो । प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नहरूको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले जवाफ दिनुभएको थियो ।

ध्यानाकर्षण प्रस्ताव

राष्ट्रिय सभाको दुई वर्षे अवधिमा ३ वटा ध्यानाकर्षण सम्बन्धी प्रस्तावहरू दर्ता भई छलफल गरिएका थिए । डा. विमला राई पौड्याल, रामनारायण विडारी र कालीबहादुर मल्लले

दर्ता गर्नुभएको प्लाष्टिक झोलाहरूको आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाउने निर्णयको कार्यान्वयन सम्बन्धी ध्यानाकर्षण प्रस्तावका सम्बन्धमा २०७५ चैत १० गते भएको छलफलमा वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतले जवाफ दिनुभएको थियो । प्रकाश पन्थ, जितेन्द्रनारायण देव, बद्रीप्रसाद पाण्डे र अनिता देवकोटाले संयुक्त रूपमा दर्ता गर्नुभएको अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सुरक्षा सम्बन्धी ध्यानाकर्षण प्रस्तावमाथि २०७६ साउन १२ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापाले जवाफ दिनुभएको थियो ।

डा. विमला राई पौड्याल, रामनारायण विडारी र कालीबहादुर मल्लले संयुक्त रूपमा दर्ता गर्नुभएको नेपाल सरकारबाट लागू गरिएको वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१ र विद्युतीय सवारी सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धी ध्यानाकर्षण प्रस्तावका सम्बन्धमा २०७६ साउन १३ वन तथा वातावरण मन्त्रालयबाट पत्र मार्फत जवाफ प्राप्त भएको थियो भने प्रस्तावमाथि २०७६ साउन १६ गते सभामा भएको छलफलमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठले जवाफ दिनुभएको थियो ।

संकल्प प्रस्ताव

सत्तपक्षका मुख्य सचेतक खिमलाल भट्टराई प्रस्तावक र प्रमुख प्रतिपक्षी दलका प्रमुख सचेतक सरिता प्रसाईं समर्थक भई दर्ता भएको देशको पश्चिम सीमा सम्बन्धी संकल्प प्रस्तावमाथि सभाले २०७६ पुस १७ गते छलफल गरेको थियो । 'नेपालको सुदूर पश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्लाको कालापानी, लिपुलेक र लिम्पियाधुरा लगायतका क्षेत्रमा भएको सीमा अतिक्रमणलाई रोकी तत्काल उक्त जमिन फिर्ता गर्ने सम्बन्धी

संकल्प प्रस्ताव' माथिको छलफलमा ६ जनासदस्यहरूले भाग लिनुभएको थियो । सो प्रस्तावका सम्बन्धमा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले जवाफ दिनुभएको थियो । तत्पश्चात् उक्त संकल्प प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भएको र उक्त स्वीकृत संकल्प प्रस्ताव कार्यान्वयनका लागि मन्त्रिपरिषद् र सम्बन्धित मन्त्रालयलाई लेखी पठाइएको छ ।

शोक प्रस्ताव

राष्ट्रिय सभाको दुई वर्षे कार्यकालमा संघीय संसदका २ जना वहालवाला सदस्य र २२ जना पूर्वसदस्यको निधनमा सभाले शोक प्रस्तावहरू पारित गरेको छ ।

प्रदेश नम्बर ५ बाट निर्वाचित राष्ट्रिय सभा सदस्य दुर्गाप्रसाद उपाध्यायको २०७६ फागुन २ गते क्यान्सर रोगका कारण निधन भएको थियो । त्यसैगरी प्रतिनिधि सभामा कास्की-२ बाट निर्वाचित संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्रप्रसाद अधिकारीको २०७५ फागुन १५ गते हेलिकप्टर दुर्घटनामा निधन भएको थियो । तेह्रथुम जिल्लाको आठराई-चुहानडाँडामा प्रस्तावित विमानस्थल निरीक्षण गरी ताप्लेजुङ्गको पाथिभरा मन्दिर हुँदै काठमाडौं फर्कने क्रममा अधिकारी सवार हेलिकप्टर फुङलिङ नगरपालिका-१० सिस्नेभिरमा दुर्घटनामा परेको थियो ।

२०१६ सालको पहिलो निर्वाचित संसद र २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भएपश्चात्को संसदीय अभ्यासको कुनै कालखण्डमा निर्वाचित सदस्यहरूको निधनमा उहाँहरूले पुऱ्याउनुभएको योगदानको सम्मानमा सदनबाटै शोक प्रस्ताव पारित गर्ने परम्परा छ । यस अवधिमा

निम्नानुसार वहालवाला र पूर्व सांसदहरूको निधनमा शोक प्रस्ताव पारित गरिएको हो :

दुर्गाप्रसाद उपाध्याय	रवीन्द्रप्रसाद अधिकारी
कृष्णकुमार जोशी	खुमबहादुर खड्का
जागृतप्रसाद भेटवाल	भरतशमशेर राणा
छियामा राई	कमलप्रसाद पंगेनी
सिद्धार्थकुमार सोमानी	चक्रप्रसाद बाँस्तोला
पद्मरत्न तुलाधर	मोतीदेवी थारू
कमलादेवी शर्मा	भिक्षु अश्वघोष महास्थवीर
दिवाकर गोल्छा	रूद्रमणि शर्मा भण्डारी
रामकृष्ण ताम्राकार	धनिराम पौडेल
मोहम्मद मुस्तक आलम	हरिवैरागी दाहाल
कमला सुवेदी	रामलखन महतो
रामेश्वर ढुङ्गेल	गम्भीरजंग कार्की

• • •

राष्ट्रिय सभामा शून्य र विशेष समय

संसदमा समसामयिक विषयमा जनताका आवाज मुखरित गर्न शून्य र विशेष समयको व्यवस्था छ । सामान्यतः मुख्य व्यवस्थापन कार्य (सरकारी कार्य) भन्दा अघि शून्य र विशेष समय मध्ये दुबै वा कुनै एक उपलब्ध गराइन्छ । विशेष समय सदनमा प्रतिनिधित्व गर्ने दलहरूको सिट संख्याका आधारमा समानुपातिक रूपमा उपलब्ध गराइन्छ भने शून्य समयको अवसर सबै सदस्यलाई समान रूपमा प्राप्त हुन्छ । राष्ट्रिय सभा नियमावलीको नियम १५ मा 'सदस्यले आवश्यक महसुस गरेका समसामयिक विषयमा भनाइ राख्न अध्यक्षले सदनको कार्यबोझलाई विचार गरी शून्य र विशेष समय तोक्न सक्ने' उल्लेख छ ।

राष्ट्रिय सभाको कार्यव्यवस्था परामर्श समितिको सुझाव अनुसार सामान्यतः मंगलबार, बुधबार र बिहीबारको बैठकमा शून्य समय उपलब्ध गराइएको छ । समसामयिक विषयमा सदस्यहरूले दर्ता गराउने विभिन्न प्रस्ताव (गैरसरकारी कार्य)का लागि आइतबार र नियमित विशेष समयका लागि सोमबारको दिन तय गरिएको छ । तर, समसामयिक विषयमा बोल्नका लागि दलहरूले समय माग गर्दा प्रायः जुनसुकै बैठकमा पनि सभा अध्यक्षबाट विशेष समय उपलब्ध हुने गरेको छ । राष्ट्रिय सभा सदस्यहरूले

शून्य र विशेष समयमा राष्ट्रिय महत्वका सवाल मात्र नभई जनसरोकारका विविध विषय उठाउने गर्नुभएको छ ।

(क) शून्य समय

राष्ट्रिय सभाको दुई वर्षे अवधिमा ४४ जना सदस्यले शून्य समयमा बोल्नुभएको थियो । उहाँहरूले शून्य समयमा उठाउनुभएका विषयवस्तुहरूलाई संक्षेपमा प्रस्तुत गरिएको छ ।

- **मा. अनिता देवकोटा**

  माननीय अनिता देवकोटाले दोस्रो अधिवेशनमा ३ पटक, तेस्रो अधिवेशनमा २ पटक र चौथो अधिवेशनमा ५ पटक गरी यस अवधिमा १० पटक शून्य समयमा बोल्नुभएको छ ।

  उहाँले दाङका सिमेन्ट उद्योगहरूले वातावरणमा समस्या पारेकोले स्थानीय जनता आन्दोलित भएको, दाङका जीर्ण अवस्थाका सडक र पुलहरूको निर्माण सम्बन्धी कार्य अलपत्र अवस्थामा रहेकाले आवत जावतमा समस्या भएको बताउनुभयो । उहाँले निर्मला हत्याकाण्डको निष्पक्ष छानबिनको माग गर्नुभएको थियो ।

  माननीय देवकोटाले राहत तथा बालविकास शिक्षकको आन्दोलनको सम्बोधन हुनुपर्ने, रूकुमको स्वास्थ्य सेवा प्रतिष्ठानका लागि बजेटको व्यवस्था हुनुपर्ने, विप्लव समूहका कुमार पौडेलको हत्याको निष्पक्ष छानबिन हुनुपर्ने, बुटवलको गोली काण्ड र वीरगञ्जमा भएको एसिड काण्डका दोषीलाई कारवाही गर्नुपर्ने बताउनुभयो ।

  अष्ट्रेलियामा नेपाली विद्यार्थीहरू अलपत्र परेको, रोपाइँको समयमा मलको अभाव रहेको उल्लेख गर्दै उहाँले बाढी-पहिरो पीडितलाई सुरक्षित स्थानान्तरण गर्नुपर्ने, महिला तथा

बालबालिका बेचबिखन विरूद्धको संयुक्त राष्ट्रसंघीय उपलेख शीघ्र अनुमोदन गर्नुपर्ने लगायतका समसामयिक विषयहरूमा बोल्नुभएको थियो ।

- **मा. इन्दु कडरिया**

माननीय इन्दु कडरियाले तेस्रो अधिवेशनमा १ पटक र चौथो अधिवेशनमा १ पटक गरी २ पटक शून्य समयमा बोल्नुभएको छ ।

उहाँले पश्चिम सेती जलविद्युत् आयोजनाको काममा ढिलासुस्ती भएको, कञ्चनपुरको बेलौरी नगरपालिका-८, पचवीमा हुलाकी सडक निर्माणमा भारतीय एसएसबीले अवरोध पुऱ्याएको विषयमा सत्यतथ्य पत्ता लगाई काम सुचारू गर्नुपर्ने जस्ता विषयहरूमा बोल्नुभएको थियो ।

- **मा. उदया शर्मा/पौडेल**

माननीय उदया शर्मा/पौडेलले दोस्रो अधिवेशनमा ३ पटक, तेस्रो अधिवेशनमा ४ पटक, चौथो अधिवेशनमा ५ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी शून्य समयमा १४ पटक बोल्नुभएको छ ।

उहाँले मुख्यतः करका दरहरूका सम्बन्धमा तहगत राज्य संरचनाबीच एकरूपता हुनुपर्ने, योग तथा प्राकृतिक उपचारमा जोड दिनुपर्ने, भृकुटीमण्डप अगाडि सार्वजनिक बस रोक्न दिइनुपर्ने, ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारीमा भाडा छुट दिइनुपर्ने र उपयुक्त सिटको व्यवस्था हुनुपर्ने जस्ता विषय उठाउनुभएको थियो ।

उहाँले शिवरात्रिमा पशुपतिमा हुने गाँजा सेवन र बिक्री-वितरणमा रोक लगाउनुपर्ने, सबै नर्स तथा स्वास्थ्यकर्मीको पारिश्रमिक अनिवार्य रूपमा बैंक खातामा भुक्तानी गर्नुपर्ने,

राष्ट्रिय महिला आयोगका पदाधिकारी र सदस्यहरूको रिक्त पद शीघ्र पूर्ति गर्नुपर्ने, निजी विद्यालयले मनोमानी ढङ्गले लिइरहेको चर्को शुल्क नियमन गर्नुपर्ने, त्रिभुवन विश्वविद्यालयको जग्गा अतिक्रमण रोक्नुपर्ने जस्ता धारणा राख्नुभएको थियो । उहाँले डेङ्गुका बिरामी बढिरहेका, भन्सारमा भुल रोकिएको, स्थानीय तहको लेखा प्रणाली सम्बन्धी सफ्टवेयर ह्याक भएको जस्ता समसमयिक विषयमा समेत सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

- **मा. कमलाकुमारी ओली**

माननीय कमलाकुमारी ओलीले दोस्रो अधिवेशनमा २ पटक, तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी शून्य समयमा ८ पटक बोल्नुभएको छ ।

उहाँले सिन्डिकेट अन्त्यपछिको यातायात व्यवस्थापनमा ध्यान पुऱ्याउनुपर्ने, काठमाडौंका ट्याक्सी चालकहरू सरकारको नीति अनुरूप नचलेको, खाद्य पदार्थमा मिसावट भइरहेको, कैलालीको भन्सार कार्यालयमा कर्मचारी नबस्दा सेवाग्राहीलाई मर्का परेकोलगायका विषयमा ध्यानाकर्षण गराउनुभएको थियो । उहाँले कैलालीको मोहन्यालका जनतालाई जग्गाको नक्सा शीघ्र उपलब्ध गराउनुपर्ने, कैलाली-१ को स्थानीय साझेदारी पूर्वाधार विकास कार्यक्रम अन्तर्गतको बजेट तुरून्त निकासा गर्नुपर्ने लगायतका विषयहरू उठाउनुभएको थियो ।

- **मा. कविता बोगटी**

माननीय कविता बोगटीले दोस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा २ पटक गरी शून्य समयमा ३ पटक बोल्नुभएको छ ।

हुम्ला सडक सञ्जालसँग नजोडिएको कारण त्यहाँ कर्मचारी टिक्न नसकेका र जनताले सास्ती पाएको उल्लेख गर्दै उहाँले नेपाल वायुसेवा निगमको समायोजित भाडादर लागू गरी हुम्लामा नियमित उडान भर्नुपर्ने, बकर इदमा सार्वजनिक विदा दिनुपर्ने धारणा राख्नुभएको थियो ।

- **मा. कोमल वली**

माननीय कोमल वलीले तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी शून्य समयमा ६ पटक बोल्नुभएको छ ।

उहाँले 'महिलामाथि हिंसा गर्ने रामबहादुर बमजन'लाई कारवाही गर्नुपर्ने, टेकुको विष्णुमती पुलको प्राविधिक परीक्षण गर्नुपर्ने, राप्ती अस्पतालमा तत्काल सातजना मेडिकल डाक्टर पठाउनुपर्ने, अति अशक्त बालबालिकाहरूलाई आवासीय स्कुलको व्यवस्था गर्नुपर्ने बताउनुभयो । त्यसैगरी, उहाँले नेपाल भ्रमण वर्षमा पूर्वीय दर्शन र संस्कारलाई अर्थतन्त्रसँग जोडेर जनताको जीवनस्तर उकास्नुपर्ने, कोरोना भाइरसका निरोधात्मक उपायबारे सरकारले गरेको कामका बारेमा सदनलाई जानकारी गराउनुपर्ने जस्ता विषयहरू उठाउनुभएको थियो ।

- **मा. खिमकुमार वि.क.**

माननीय खिमकुमार वि.क.ले दोस्रो अधिवेशनमा १ पटक, तेस्रो अधिवेशनमा ३ पटक र चौथो अधिवेशनमा ६ पटक गरी शून्य समयमा १० पटक बोल्नुभएको छ ।

स्वीस बैंकमा रहेको नेपालीहरूको कालो धनको छानबिन हुनुपर्ने माग राख्दै उहाँले स्थानीय पूर्वाधार कार्यक्रममा विभेद भएको, १००० र ५०० का भारतीय नोटहरूमा रोक

लगाएबाट अर्थतन्त्रमा नकारात्मक असर परेको, गरिब नागरिक परिचयपत्रले जनतालाई विभाजित गरेको र वास्तविक गरिवले परिचयपत्र नपाएको, सरकारबाट दलित समुदायको मुद्दा सम्बोधन नभएको, गर्भवती महिलाहरूले भत्ता नपाएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

उहाँले स्थानीय तहका कर्मचारीका लागि लोकसेवा आयोगले गरेको विज्ञापन समावेशी नभएको, अतिक्रमणका कारण पोखरा, पृथ्वीचोकको बसपार्क साँघुरिदै गएको, काठमाडौंको तीनकुनेस्थित खाली जग्गामा हालसम्म अत्याधुनिक पार्क निर्माण नभएको, एनसेलको पुँजीगत लाभकर खारेज गर्ने सर्वोच्च अदालतको फैसलाले राज्यकोषमा अर्बौं घोटाला भएकोजस्ता विषयहरू उठाउनुभएको थियो ।

- **मा. खेमराज नेपाली**

माननीय खेमराज नेपालीले दोस्रो अधिवेशनमा मात्र १ पटक शून्य समयमा बोल्नुभएको छ ।

उहाँले कोशीको बाँधले भत्काएको भान्टाबारीको पुलको पुनर्निर्माण नभएको विषय उठाउनुभएको थियो ।

- **मा. चक्रप्रसाद स्नेही**

माननीय चक्रप्रसाद स्नेहीले तेस्रो अधिवेशनमा १ पटक र चौथो अधिवेशनमा ५ पटक गरी शून्य समयमा ६ पटक बोल्नुभएको छ ।

उहाँले डडेलधुरामा १६ वटा पसलमा आगजनी गर्नेलाई कारबाही गर्नुपर्ने, समाजमा विकृति फैलाउने मिडियाको उचित व्यवस्थापनमा सरकारले ध्यान पुऱ्याउनुपर्ने उल्लेख गर्दै चर्चित

लोकगीत 'गलबन्दी' को विवाद र दलितहरूले गरेका उल्लेखनीय कार्यबारे बोल्नुभएको थियो ।

उहाँले कञ्चनपुरको दोधारा-चाँदनी नगरपालिकामा भारतीय नोटको मात्र कारोबार हुने गरेको, आत्महत्या दुरूत्साहनको अभियोग लागेका टेलिभिजन प्रस्तोता रवि लामिछानेको समर्थनमा राजावादीहरूको भीड बढेको, राज्यका भीभीआईपी तथा नेकपाका शीर्ष नेताहरूलाई गालीगलौज गर्ने तथा सरकार र राज्यका विशिष्ट पदाधिकारीहरू विरूद्ध तथानाम बोल्दै हिड्ने व्यक्तिहरूलाई कारवाही गर्नुपर्नेजस्ता विषय उठाउनुभएको थियो ।

- **मा. ठगेन्द्रप्रकाश पुरी**

माननीय ठगेन्द्रप्रकाश पुरीले दोस्रो अधिवेशनमा १ पटक, तेस्रो अधिवेशनमा १ पटक र चौथो अधिवेशनमा १ पटक गरी शून्य समयमा ३ पटक बोल्नुभएको छ ।

यातायातमा सिन्डिकेट अन्त्य गरी यात्रुहरूले पर्याप्त सुविधा पाउनुपर्ने बताउँदै उहाँले सल्यान र जाजरकोटका क्याम्पसहरूले हालसम्म सम्बन्धन पाउन नसकेको, निजी विद्यालयहरूले चर्को शुल्क लिइरहेकोले सरकारले आवश्यक कारवाही गर्नुपर्ने जस्ता विषयहरूमा आवाज उठाउनुभएको थियो ।

- **मा. तारादेवी भट्ट**

माननीय तारादेवी भट्टले तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा १ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी शून्य समयमा ४ पटक बोल्नुभएको छ ।

उहाँले निर्मला पन्तको बलात्कार र हत्यामा संलग्न अपराधी पत्ता लगाउनुपर्नेमा जोड दिनुभएको थियो । खाद्य संस्थानमा चामल कुहिने तर गरिब जनताले खान नपाउने अवस्था

अन्त्य हुनुपर्ने, महालेखा परीक्षकले औंल्याइएको बेरूजु फर्स्यौंट गरी वित्तीय अनुशासन कायम गर्नुपर्ने, गर्मीको समयमा तराईमा सर्पदंशको समस्या रहेको, चिनी कारखानाले भुक्तानी नदिएका कारण उखु किसानहरू समस्यामा परेको लगायतका विषयहरूमा बोल्नुभएको थियो । इन्टरनेटको जमानामा पनि लेख्ने र बोल्ने अधिकारमा कटौती गरी सरकार अधिनायकवादतिर गइरहेको उहाँको टिप्पणी थियो ।

- **मा. दिपा गुरूङ**

माननीय दिपा गुरूङले तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी शून्य समयमा ४ पटक बोल्नुभएको छ ।

एनसेल टावरहरूमा भएको बम आक्रमणबाट घाइते भएकालाई उपचार र उचित क्षतिपूर्ति दिनुपर्ने बताउँदै उहाँले ग्रामीण भेगका क्याम्पस सञ्चालनार्थ सरकारबाट १० देखि १५ लाखसम्म अनुदानको व्यवस्था गर्नुपर्ने, ज्येष्ठ नागरिकलाई उचित सम्मान गर्नुपर्ने, २०७५ फागुन १० मा ललितपुरमा दुर्घटनामा परी निधन भएका लमजुङका स्थानीयवासीको परिवारलाई क्षतिपूर्ति दिनुपर्ने जस्ता विषय उठाउनुभएको थियो ।

- **मा. दिलकुमारी रावल थापा (पार्वती)**

माननीय दिलकुमारी रावल थापा (पार्वती)ले दोस्रो अधिवेशनमा १ पटक, तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा १ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी शून्य समयमा ४ पटक बोल्नुभएको छ ।

उहाँले दैनिक उपभोग्य वस्तुमा कृत्रिम अभाव र कालाबजारीको अन्त्य हुनुपर्ने, भरतपुर महानगरको वडा नं ५ को कार्यालयमा

भएको बम विष्फोटको छानबिन गर्नुपर्ने, सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेका बहुवर्षीय तथा रणनीतिक सडक र विभिन्न आयोजना प्रदेशसँग समन्वय गरी तत्काल अगाडि बढाउनुपर्ने, चितवन राष्ट्रिय निकुञ्जभित्रका जङ्गली हात्ती मानव बस्तीमा पसेर जनजीवन आतंकित बनाउने गरेकोले यसको समाधान गर्न शीघ्र पहल गर्नुपर्ने जस्ता विषयहरू उठान गर्नुभएको थियो ।

- **मा. दुर्गाप्रसाद उपाध्याय**

माननीय दुर्गाप्रसाद उपाध्यायले तेस्रो अधिवेशनमा १ पटक र चौथो अधिवेशनमा १ पटक गरी शून्य समयमा २ पटक बोल्नुभएको थियो ।

उहाँले लुम्बिनीको बेथरीमा पुल निर्माण अलपत्र छाड्ने पप्पु कन्स्ट्रक्सनलाई कारवाही गर्नुपर्ने, धान रोपाइको समयमा तराईका जिल्लामा मलको अभाव हुने गरेकोले तत्काल समाधान गर्नुपर्ने विषयहरूमा आवाज उठाउनुभएको थियो ।

नोट : *माननीय उपाध्यायको २०७६ फागुन २ गते क्यान्सर रोगका कारण असामयिक निधन भएको थियो ।*

- **मा. धनकुमारी खतिवडा**

माननीय धनकुमारी खतिवडाले तेस्रो अधिवेशनमा ४ पटक, चौथो अधिवेशनमा ३ पटक र पाचौं अधिवेशनमा १ पटक गरी शून्य समयमा ८ पटक बोल्नुभएको छ ।

डा. गोविन्द के.सी.को अनशनको विषयलाई सरकारले सम्बोधन गर्नुपर्ने बताउँदै उहाँले सुनकोशी नदीमा भइरहेको गिटी बालुवाको गैरकानूनी उत्खनन रोक्नुपर्ने, भूकम्पबाट विस्थापितहरूलाई पुनःस्थापना र राहत प्रदान गर्नुपर्ने माग

गर्नुभयो । ईपीएस उत्तीर्ण गरेकालाई दक्षिण कोरिया जानबाट रोक्न नहुने जस्ता विषय उठाउनुभएको थियो ।

प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फत आफ्ना कार्यकर्ता भर्ती गर्ने गरेको भन्दै उहाँले काठमाडौंमा धुलो-धुँवाको समस्या विद्यमान रहेको र सातदोबाटो-गोदावारी सडकमा पर्ने कर्मनासा पुलको जिर्णोद्धार हुन नसकेको, मदन भण्डारी राजमार्ग अन्तर्गत उदयपुरको बसाहा खोला पुलको डीपीआर अर्को कालीखोलामा लागू गर्दा खेतीयोग्य जमिन र जनतामा समस्या भएको बताउनुभयो ।

नवलपरासीकी युवतीमाथि १० जनाको समूहले गरेको सामूहिक बलात्कार, रसुवामा ६ वर्षकी र ११ वर्षकी बालिकामाथि भएको अलग अलग बलात्कारका घटनामा संलग्नलाई कडा कारवाही हुनुपर्ने, भरतपुर कैलाशपुरकी हराइरहेकी महिलाको खोजविन हुनुपर्ने उल्लेख गर्दै उहाँले देशैभर डेङ्गुको संक्रमण फैलिँदा समेत सरकारले उचित ध्यान नदिएको बताउनुभयो ।

११ अर्बमा पाइने सेक्युरिटी प्रेस २३ अर्बमा किन्ने सरकारको तयारी भइरहेको, विवादास्पद यती समूहलाई फाइदा पुग्ने गरी सरकारले निर्णय गरेको उहाँको भनाइ थियो ।

- **मा. नन्दा चपाई**

माननीय नन्दा चपाईले तेस्रो अधिवेशनमा ४ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी शून्य समयमा ८ पटक बोल्नुभएको छ ।

सुर्खेतको सडक स्तरोन्नति नगर्दा जनताले सास्ती पाएको, सुर्खेत अस्पतालमा विद्युत् आपूर्तिको समस्या र विशेषज्ञ

डाक्टरको अभाव रहेको, कर्णाली प्रदेशका गरिब जनताका लागि विशेष कार्यक्रमको आवश्यकता रहेको बताउँदै उहाँले पञ्चपुरी नगरपालिकामा रहेको तलाउ व्यवस्थापन गरी पर्यटकीय स्थल बनाउन माग गर्नुभयो ।

स्थानीय पूर्वाधार विकास कोषमा संघीय संसदका सबै सदस्यका लागि समान बजेट छुट्याउनुपर्नेमा जोड दिँदै उहाँले गुठी विधेयकका सम्बन्धमा प्रकाशित समाचारको भर्त्सना गर्नुभयो । लोडसेडिङ अन्त्य लगायत राम्रा कामको प्रशंसा गर्दै उहाँले उद्योगहरूमा सुधार गर्नुपर्ने आवश्यकता रहेको, कृषकहरूलाई नेपालमा नै तरकारीजन्य वस्तुहरूको उत्पादन गर्ने व्यवस्था गर्नुपर्ने जस्ता विषय उठाउनुभएको थियो ।

- **मा. नरपति लुवार**

माननीय नरपति लुवारले हालसम्म तेस्रो अधिवेशनमा १ पटक मात्र शून्य समयमा बोल्नुभएको छ ।

उहाँले कालिकोटमा बढिरहेको चोरी-डकैतीको नियन्त्रण गर्नुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

- **मा. नैनकला ओझा**

माननीय नैनकला ओझाले दोस्रो अधिवेशनमा १ पटक, तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा ४ पटक र पाँचौं अधिवेशनमा ३ पटक गरी शून्य समयमा १० पटक बोल्नुभएको छ ।

उहाँले मोरङको सुकुम्वासी समस्या समाधान गर्नुपर्ने, मोरङको राधा नगरमा २५ वर्ष अगाडि तेल उत्खनन गर्ने काम सुरू गर्दागर्दै अलपत्र छोडेको हुँदा सो क्षेत्रमा रहेको तेल खानी, नवलपरासीमा रहेको फलाम खानी र काठमाडौंमा रहेको

ग्याँस खानी तत्काल उत्खनन गर्नुपर्ने, मोरङको केचनाझुङ्गी टोलको १५ कि. मि. सडकका लागि आर्थिक वर्ष २०७६।०७७ को बजेटमा योजना समावेश गर्नुपर्ने, राष्ट्रिय सभाका अध्यक्षको नेतृत्वको संसदीय टोलीले बाढी पीडित क्षेत्रमा गरेको अनुगमनको प्रतिवेदन सरकारले तुरून्त कार्यान्वयन गर्नुपर्ने माग गर्नुभएको थियो ।

उहाँले कैदीबन्दीहरूलाई कारागारमा बस्दा पाउने सुविधा अपर्याप्त रहेको, कोटेश्वरको ट्राफिक जाम नियन्त्रणका लागि वैकल्पिक सडक व्यवस्था आवश्यक रहेको लगायतका विषयहरू उठाउनुभएको थियो ।

- **मा. प्रकाश पन्थ**

माननीय प्रकाश पन्थले दोस्रो अधिवेशनमा १ पटक, तेस्रो अधिवेशनमा ४ पटक, चौथो अधिवेशनमा ४ पटक र पाँचौ अधिवेशनमा २ पटक गरी शून्य समयमा ११ पटक बोल्नुभएको छ ।

उहाँले अपाङ्गता भएका व्यक्तिहरूका निमित्त परिचयपत्रको व्यवस्था गर्नुपर्ने, गण्डकी मेडिकल कलेजका विद्यार्थीहरूको आन्दोलनको सम्बोधन गर्नुपर्ने, पृथ्वी राजमार्ग अन्तर्गतका जीर्ण पुलहरूको पुनर्निर्माण तत्काल गर्नुपर्ने, नौबीसे-पोखरा सडक खण्डको शीघ्र मर्मत तथा स्तरोन्नति गर्नुपर्ने लगायतका माग राख्दै अख्तियारको आयुक्तले नै घुस खाने मुलुकमा सुशासनको प्रत्याभूति गराउने विषय चुनौतीपूर्ण रहेको बताउनुभयो ।

उहाँले जनप्रतिनिधिहरू फाइल बोकेर मन्त्रालयका कोठाकोठा धाउनुपर्ने प्रथाको अन्त्य हुनुपर्ने, संसदमा उठाएका सवालको सरकारले ठोस र स्पष्ट जवाफ नदिएको, प्रमुख चाडपर्वको समयमा यातायात तथा खाद्यान्नको उचित व्यवस्थापन गर्नुपर्ने,

भारतीय सेनामा कार्यरत नेपालीको मृत्यु भएको खण्डमा नेपालमा ल्याई अन्तिम संस्कार गर्ने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

उहाँले संवैधानिक आयोग तथा विश्वविद्यालयहरूमा रिक्त पदाधिकारी समयमै नियुक्त नगर्दा त्यस्ता आयोग तथा विश्वविद्यालयहरूले पूर्णता नपाएको जस्ता विषयहरूमा समेत बोल्नुभएको थियो ।

- **मा. प्रमिला कुमारी**

माननीय प्रमिला कुमारीले तेस्रो अधिवेशनमा १ पटक शून्य समयमा बोल्नुभएको छ ।

उहाँले नेपाल प्रहरी र प्रमुख जिल्ला अधिकारी प्रदेश सरकार माताहत राख्नुपर्ने धारणा राख्नु भएको थियो ।

- **मा. बद्रीप्रसाद पाण्डे**

माननीय बद्रीप्रसाद पाण्डेले तेस्रो अधिवेशनमा २ पटक र चौथो अधिवेशनमा २ पटक गरी शून्य समयमा ४ पटक बोल्नुभएको छ ।

झापामा चाइना-नेपाल फ्रेन्डसिप इन्डष्ट्रियल पार्क बनाउँदा न्यायोचित मुआब्जा दिनुपर्ने, नख्खु लगायत विभिन्न २१ ठाँउमा बम बिष्फोट भएकाले शान्ति सुरक्षा चुस्त बनाउनुपर्ने बताउँदै उहाँले कञ्चनपुर पुनर्वास नगरपालिकाको नगर परिषद्मा खानेपानी तथा सरसफाइ मन्त्रीले प्रहरी प्रशासनको संरक्षणमा गरेको कार्य भर्त्सनायोग्य रहेको बताउनुभयो । राहदानी विधेयक प्रतिनिधि सभाबाट मात्र पारित गरी प्रमाणीकरण गरिएकोले राष्ट्रिय सभाको गरिमामा समेत आँच आएको उहाँको भनाइ थियो ।

- **मा. बलराम प्रसाद बाँस्कोटा**

  माननीय बलराम प्रसाद बाँस्कोटाले तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी शून्य समयमा ७ पटक बोल्नुभएको छ ।

  उहाँले कृषियोग्य जमिनको खण्डीकरण रोकिनुपर्ने, उखु किसानले उखुको उचित मूल्य पाउनुपर्ने, बर्डफ् लूको समस्याले गर्दा कुखुरा पालनमा बीमाको व्यवस्था हुनुपर्ने, नेपालको इतिहास चित्र वा तस्वीरमा प्रस्तुत गर्नेगरी संग्रहालयको स्थापना गर्नुपर्ने लगायतका माग राख्नुभयो ।

  'राजतन्त्रको पुनःस्थापना'को नाममा भइरहेका अवाञ्छित गतिविधिलाई रोक्नुपर्ने, चाडपर्वको बेला हुने उपभोग्य वस्तुको विक्री वितरणको अनुगमन गर्नुपर्ने, ललिता निवास प्रकरणको निष्पक्ष छानबिन गरी संलग्नलाई कारवाही गर्नुपर्ने, चीनको कोरोना भाइरस संक्रमित क्षेत्रबाट उद्दार गरी नेपाल ल्याएर क्वारेन्टाइनमा राखिएका नेपाली नागरिकहरूको अवस्थाको बारेमा जानकारी गराउनुपर्ने जस्ता विषयहरू उठाउनुभएको थियो ।

- **मा. महेशकुमार महरा**

  माननीय महेशकुमार महराले चौथो अधिवेशनमा १ पटक मात्र शून्य समयमा बोल्नुभएको छ ।

  डडेल्धुरामा आगलागीका कारण अधिकांश सामुदायिक वन नष्ट भएको र आगलागी नियन्त्रण हुन नसकेकोले उल्लेख गर्दै उहाँले समस्या समाधानका लागि तत्काल पहल गर्न माग गर्नुभएको थियो ।

- **मा. मीना बुढा**

  माननीय मीना बुढाले चौथो अधिवेशनमा २ पटक शून्य समयमा बोल्नुभएको छ ।

  उहाँले रोल्पाको शहीद मार्ग पहिरोको कारण अवरूद्ध भएको उल्लेख गर्दै अवरूद्ध राजमार्ग तत्काल खुलाउन र पहिरोमा पुरिएका ६ जना मानिसको तत्काल खोजी गरी पीडित परिवारलाई राहत उपलब्ध गराउन माग गर्नुभएको थियो ।

- **मा. मुक्ताकुमारी यादव**

  माननीय मुक्ताकुमारी यादवले तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा १ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी शून्य समयमा ४ पटक बोल्नुभएको छ ।

  उहाँले अस्थायी शिक्षक र स्रोत व्यक्ति हटाउन नहुने, कमला नदीको पुल निर्माणको कार्य यथाशीघ्र हुनुपर्ने, मुस्कान खातुनमाथि भएको एसिड आक्रमणका दोषीलाई कारवाही गरिनुपर्ने, धनुषा जिल्लाका बाढी पीडितलाई राहत दिनुपर्ने बताउनुभएको थियो ।

- **मा. युटोल तामाङ**

  माननीय युटोल तामाङले तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी शून्य समयमा ७ पटक बोल्नुभएको छ ।

  हिमपातले बन्द कर्णालीका सडक यथाशीघ्र खुलाउन पहल गर्नुपर्ने, कर्णाली प्रदेशलाई बढी बजेट छुट्याउनुपर्ने, संघले पारित गरेका विधेयकहरू गाउँ, नगर र वडामा कार्यान्वयनका

लागि पठाउनुपर्ने माग गर्दै उहाँले मुगुका बाढी-पहिरोबाट पीडितलाई क्षतिपूर्ति दिनुपर्ने, दुर्गम क्षेत्रमा सूचना-सञ्चारको विकासमा जोड दिनुपर्ने बताउनुभयो ।

गुम्बा शिक्षा सम्बन्धमा सोधिएको प्रश्नको मन्त्रीले उपयुक्त जवाफ नदिएको, आदिवासी जनजाति, महिला तथा दलित आयोग समयमा नै गठन हुन नसकेको, भ्रष्टाचार नियन्त्रणका लागि प्रधानमन्त्रीले गरेको प्रयास सफल भएको भन्दै उहाँले मुगुमा यार्सागुम्बा संकलन गर्न पाटन जाने सर्वसाधारणलाई गुण्डा र लुटेराबाट सुरक्षा दिन माग गर्नुभयो ।

- **मा. रमेशजंग रायमाझी**

माननीय रमेशजंग रायमाझीले तेस्रो अधिवेशनमा ३ पटक र चौथो अधिवेशनमा १ पटक गरी शून्य समयमा ४ पटक बोल्नुभएको छ ।

बुटवलको झोला तथा गुट्खा कम्पनीले कर नतिरेको उल्लेख गर्दै उहाँले विराटनगर विमानस्थलको स्तरोन्नतिको माग गर्नुभएको थियो । उहाँले काठमाडौंमा महिलाहरूमाथि भइरहेका सिरिन्ज आक्रमणका दोषीको पहिचान गरी कारवाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । सीके राउत समूहलाई स्वागत गर्ने तर विप्लव समूहलाई प्रतिबन्ध गर्ने सरकारी रवैया उचित नभएको उहाँको भनाइ थियो ।

- **मा. रमेशप्रसाद यादव**

माननीय रमेशप्रसाद यादवले तेस्रो अधिवेशनमा २ पटक शून्य समयमा बोल्नुभएको छ ।

उहाँले सिजनको शुरूमै धानको मूल्य तोक्नुपर्ने, उखु किसानको समस्या समाधान गर्नुपर्ने, मधेश-थरूहट आन्दोलनको

छानबिन प्रतिवेदन तत्काल सार्वजनिक गर्नुपर्ने जस्ता विषय उठाउनुभएको थियो ।

- **मा. राजकुमार कुँवर**

  माननीय राजकुमार कुँवरले चौथो अधिवेशनमा १ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी शून्य समयमा २ पटक बोल्नुभएको छ ।

  मदन भण्डारी लोकमार्गलाई नेताहरूका पहुँचका आधारमा लामो र घुमाउरो बनाउन नहुने उल्लेख गर्दै उहाँले उक्त राजमार्ग रोल्पा, सल्यान हुँदै सीधा लैजानुपर्ने धारणा राख्नुभयो । उहाँले दक्षिण कोरियामा रहेका नेपालीमाथि कोरोना भाइरसको खतरा हुन सक्ने भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

- **मा. राधेश्याम अधिकारी**

  माननीय राधेश्याम अधिकारीले तेस्रो अधिवेशनमा १ पटक र चौथो अधिवेशनमा ४ पटक गरी शून्य समयमा ५ पटक बोल्नुभएको छ ।

  मानव अधिकारकर्मी एवं पूर्व सभामुख दमननाथ ढुङ्गाना लगायतलाई प्रहरी प्रधान कार्यालयबाट फोन गरी अनपेक्षित प्रश्नहरू सोधिएको उल्लेख गर्दै उहाँले आम मानिसमा भय सिर्जना गर्ने कार्य नगर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । प्रधानमन्त्री र मन्त्री तथा मन्त्री र सचिवहरूबीच भएको कार्यसम्पादन सम्झौता मजाकको विषय भएको उहाँको टिप्पणी थियो । उहाँले चिनियाँ विदेशमन्त्रीको तीन दिने नेपाल भ्रमण र इन्डो-प्यासिफिक समिटमा नेपालले भाग लिने/नलिने विषयमा पनि सरकारसँग प्रश्न गर्नुभएको थियो । जलविद्युत्मा नागरिक लगानी जोखिमपूर्ण रहेको उल्लेख

गर्दै उहाँले महामारीको रूपमा फैलिरहेको डेङ्गु नियन्त्रणमा आवश्यक कदम चाल्न सरकारसँग माग गर्नुभएको थियो ।

- **मा. रामनारायण विडारी**

  माननीय रामनारायण विडारीले तेस्रो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा एक पटक गरी गरी शून्य समयमा ३ पटक बोल्नुभएको छ ।

  उहाँले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका तत्कालीन आयुक्त राजनारायण पाठकलाई कारवाही गर्नुपर्ने, औद्योगिक क्षेत्रको व्यवस्थापन, यातायात क्षेत्रको सिन्डिकेट खारेज गर्न विधेयक पेश गर्नुपर्ने, हेटौंडास्थित ठूलो माछापोखरीको व्यवस्थापन गर्नु पर्ने जस्ता विषयहरू उठाउनुभएको थियो ।

- **मा. रामपृत पासवान**

  माननीय रामपृत पासवानले तेस्रो अधिवेशनमा २ पटक र चौथो अधिवेशनमा १ पटक गरी शून्य समयमा ३ पटक बोल्नुभएको छ ।

  उहाँले संवैधानिक निकायका पदाधिकारीको नियुक्तिमा दलित समुदायको प्रतिनिधित्व हुन नसकेको, धनुषामा दलित महिला रेश्मा रसाइलीको बलात्कारपछि जलाएर हत्या भएको, सरकारको नीति तथा कार्यक्रममा संविधान संशोधनको विषय नसमेटिएको लगायतका विषयहरू उठाउनुभएको थियो ।

- **मा. रामलखन चमार**

  माननीय राम लखन चमारले तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा २ पटक र चालू अधिवेशनमा १ पटक गरी शून्य समयमा ४ पटक बोल्नुभएको छ ।

महेशपुर भन्सार कार्यालयले वर्षेनी क्रमशः कम राजस्व उठाउँदै आएको उल्लेख गर्दै उहाँले विसुंपुरा र भुजाहवा छोटी भन्सार कार्यालय यथाशीघ्र सञ्चालनमा ल्याउन माग गर्नुभयो । शून्य समयमा उहाँले गरिब विद्यार्थीहरूले निर्व्याजी ऋण पाउने सम्बन्धी कार्यविधि नबनेको, उखु किसान र सरकारबीच भएको सहमति पालना नभएको जस्ता विषयहरूमा बोल्नुभएको थियो ।

- **मा. विन्दादेवी आले (राना)**

माननीय विन्दादेवी आले (राना)ले तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी शून्य समयमा ४ पटक बोल्नुभएको छ ।

उहाँले मन्त्रीको जिल्लामा मात्र बजेट र विकास कार्यक्रम लगेको, पाँचथर जिल्लामा नौ जनाको विभत्स हत्या भएको, सचिवहरूलाई कार्य सम्पादन मूल्यांकन नगरी सरूवा गर्दा उनीहरूको मनोबल गिरेको र कार्यसम्पादन प्रभावकारी नभएको, महंगी नियन्त्रणका लागि बजार अनुगमन र मूल्य निर्धारण गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

- **मा. विना पोखरेल**

माननीय विना पोखरेलले हालसम्म चौथो अधिवेशनमा १ पटक शून्य समयमा बोल्नुभएको छ । उहाँले जंगली हात्ती नियन्त्रण गर्न उचित प्रविधि अवलम्बन गर्नुपर्ने बताउनुभएको थियो ।

- **मा. डा. विमला राई पौड्याल**

माननीय विमला राई पौड्यालले तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी शून्य समयमा ६ पटक बोल्नुभएको छ ।

प्लास्टिकको प्रयोगलाई निरूत्साहन गर्न शुरूमा संसद भवनमा प्लास्टिकको साटो कागजको गिलासको प्रयोग गर्दै सिंहदरबारभर लागू गर्ने र सिंहदरबार दक्षिण गेटमा पैदलयात्रीका लागि बाहिर निस्कने अलगै द्वार खोलिनुपर्ने, सबै प्रदेशमा मनोसामाजिक परामर्श केन्द्र र मानसिक अस्पताल स्थापना गर्नुपर्ने, टेलिभिजनहरूले बोल्न र सुन्न नसक्नेलाई समेत समाचारबाट सुसूचित गर्न विशेष व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

बेपत्ता छानबिन आयोग र सत्य निरूपण आयोगको विषयमा सरकार र प्रतिपक्ष बीचको संवाद उपलब्धिपूर्ण भएको बताउँदै उहाँले पाँचथरको सामूहिक हत्याको घटनाप्रति शोक व्यक्त गर्नुभयो ।

२०७६ माघ ७ गते दामनको एक होटलमा भएको ८ जना भारतीय पर्यटकको मृत्युको घटना राज्यका लागि लज्जास्पद विषय भएको उल्लेख गर्दै उहाँले सुरक्षाको हिसाबले होटलहरूमा निश्चित मापदण्ड लागू गर्नुपर्ने बताउनुभयो । उहाँले कोरोना भाइरसबाट सुरक्षित रहन नेपाल सरकारले अपनाएको पूर्वसावधानीको प्रशंसा गर्नुभयो ।

- **मा. वृषेशचन्द्र लाल**

  माननीय वृषेशचन्द्र लालले १ पटक शून्य समयमा बोल्नुभएको छ । मेलम्ची खोनपानी आयोजनामा ढिलासुस्ती र भ्रष्टाचार भएको उल्लेख गर्दै उहाँले दोषीलाई कारवाहीको माग गर्नुभयो ।

- **मा. शान्तिकुमारी अधिकारी जी. सी.**

  माननीय शान्तिकुमारी अधिकारी जी.सी.ले तेस्रो अधिवेशनमा २ पटक र चौथो अधिवेशनमा २ पटक गरी शून्य समयमा ४ पटक बोल्नुभएको छ ।

उहाँले निर्मला पन्तका हत्यारालाई कारवाही गर्नुपर्ने, बाग्लुङ जिल्लाको उत्तरगंगा जलविद्युत् आयोजनाको डीपीआर तयार गरिनुपर्ने, बाग्लुङको बुर्तिबाङदेखि खर्बाङसम्म बडिगाड खोला किनारमा तटबन्धका लागि बजेट छुट्याइनुपर्ने, महिलामाथि हत्या, हिंसा र बलात्कार गर्नेलाई आजीवन कारावासको व्यवस्था हुनुपर्ने बताउनुभएको थियो ।

- **मा. सरिता प्रसाईं**

माननीय सरिता प्रसाईंले तेस्रो अधिवेशनमा १ पटक शून्य समयमा बोल्नुभएको छ ।

उहाँले भूकम्पपछिको काष्ठमण्डपको जीर्णोद्वार कार्यमा निर्माण सामाग्रीको प्रयोगमा लापरवाही भएको विषयमा सम्बन्धित मन्त्रीको जवाफ माग गर्नुभएको थियो ।

- **मा. शेरबहादुर कुँवर**

माननीय शेरबहादुर कुँवरले पाँचौं अधिवेशनमा १ पटक शून्य समयमा बोल्नुभएको छ । उहाँले चीनबाट औषधि तथा कच्चा पदार्थ भारत हुँदै नेपाल आउने गरेको उल्लेख गर्दै कोरोना भाइरसको संक्रमणले उक्त औषधि र कच्चा पदार्थमा अभाव हुन सक्नेतर्फ सचेत गराउनुभएको थियो ।

- **मा. सिंगबहादुर विश्वकर्मा**

माननीय सिंगबहादुर विश्वकर्माले चौथो अधिवेशनमा १ पटक शून्य समयमा बोल्नुभएको छ । उहाँले शिक्षा हासिल गर्नुपर्ने उमेरमा होटल तथा गाडीहरूमा बालश्रमिकको रूपमा काम गरिरहेका बालबालिकाहरूलाई त्यस्ता क्षेत्रबाट उद्धार गरी शिक्षाको मूलधारमा ल्याउनुपर्ने धारणा राख्नुभएको थियो ।

- **मा. सुमनराज प्याकुरेल**

  माननीय सुमनराज प्याकुरेलले चौथो अधिवेशनमा १ पटक शून्य समयमा बोल्नुभएको छ । उहाँले राष्ट्रिय सभा अध्यक्ष नेतृत्वको संसदीय टोलीले तराईका बाढी प्रभावित क्षेत्रमा गरेको अनुगमन सम्बन्धी प्रतिवेदनका सुझावलाई तुरून्त कार्यान्वयन गर्न सरकारसँग माग गर्नुभएको थियो ।

- **मा. हरिराम चौधरी**

  माननीय हरिराम चौधरीले तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा १ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी शून्य समयमा ३ पटक बोल्नुभएको छ ।

  टीकापुर घटनासँग सम्बन्धित प्रतिनिधि सभाका निर्वाचित सदस्य रेशम चौधरी सहितको मुद्दाको प्रक्रिया अगाडि बढिरहेको सन्दर्भमा उहाँले थारू समुदायमा त्यसको प्रभाव रहने भएकोले समयमा नै सरकार सचेत रहनुपर्ने धारणा राख्नुभयो । कैलाली घटनालाई राजनीतिक भन्दै उहाँले प्रतिबन्धित विप्लव समूहसँग वार्ता गरी समाधान खोज्न सरकारसँग माग गर्नुभएको थियो । कर्मचारी समायोजन नहुँदा मुलुकको बजेट कार्यान्वयनमा समस्या भएको, माध्यमिक शिक्षा निःशुल्क भनिएको तर शिक्षक दरबन्दी विहीन भएको धारणा राख्नुभएको थियो ।

- **मा. हरिचरण शिवाकोटी**

  माननीय हरिचरण शिवाकोटीले तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा १ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी शून्य समयमा ४ पटक बोल्नुभएको छ ।

  सरकारले निर्देशन पालन नगर्ने ठेकेदारलाई कारवाही नगरेको उल्लेख गर्दै उहाँले विकास बैंकहरूले किसान तथा

व्यापारीहरूसँग चर्को ब्याज असुल्ने गरेकाले बेलैमा राष्ट्र बैंकले नियमन गर्नुपर्ने बताउनुभयो । झापा बिर्तामोडस्थित मनमाया माध्यामिक विद्यालयको जग्गा मुद्दामा अदालतबाट व्यक्तिको नाममा फैसला भएबाट विद्यालयमा संकट उत्पन्न भएको बताउँदै उहाँले सीके राउत समूहलाई मूलधारमा ल्याउने काम प्रशंसनीय रहेको टिप्पणी गर्नुभयो ।

(ख) विशेष समय

राष्ट्रिय सभाको दुई वर्षे अवधिमा ५२ जना सदस्यले विशेष समयमा बोल्नुभएको थियो । माननीय सदस्यहरूले विशेष समयमा उठाउनुभएका विषयवस्तुहरूलाई संक्षेपमा प्रस्तुत गरिएको छ ।

■ मा. अगमप्रसाद वान्तवा राई

माननीय अगमप्रसाद बान्तवा राईले पहिलो अधिवेशन र तेस्रो अधिवेशनमा एक एक पटक गरी जम्मा दुई पटक विशेष समयमा बोल्नुभएको छ ।

२० वर्षे पुराना गाडी हटाउने सरकारको निर्णयले इलामका कृषकहरू समस्यामा परेको उल्लेख गर्दै उहाँले अर्गानिक चिया प्रमाणीकरण नहुँदा निर्यातमा परेको समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले इलाम अस्पतालमा डाक्टरको अभाव रहेको विषयलाई महत्वका साथ उठाउनुभएको थियो ।

■ मा. अनिता देवकोटा

माननीय अनिता देवकोटाले दोस्रो अधिवेशनमा ४ पटक, तेस्रो अधिवेशनमा ३ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी ११ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले राप्ती उपक्षेत्रीय अस्पताललाई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत हस्तान्तरणको माग गर्नुभएको थियो । कञ्चनपुरको पुनर्बासमा सीमा अतिक्रमण भएको बताउँदै उहाँले भारतले सार्वजनिक गरेको नयाँ नक्साप्रति आपत्ति जनाउनुभएको थियो ।

बाढीपहिरोको समस्या तथा उपभोग्य वस्तु र सेवामा सिन्डिकेट हटाउन सरकार असफल रहेको भन्दै उहाँले शान्ति सुरक्षाको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै सरकारबाट प्रतिबन्धित नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको समूहसँग वार्ता गर्नुपर्ने माग गर्नुभएको थियो । स्थानीय सरकारले अत्यधिक कर वृद्धि गरेको भन्दै उहाँले सुशासनका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । त्यसैगरी महिलाको मानवअधिकारको हनन, वाइड बडी प्रकरणको छानबिन लगायतका विषयमा उहाँले बोल्नुभएको थियो ।

रूकुम-रोल्पा-सल्यान-प्यूठान-दाङको सडक निर्माण सम्झौता बमोजिम तत्काल कार्य शुरू गर्न, दाङमा विमानस्थल सुचारू गर्न तथा उखु किसानको रकम भुक्तानी गर्न पनि उहाँले माग गर्नुभएको थियो । गुठी विधेयकको विपक्षमा बोल्नुभएकी देवकोटाले 'भिडियो कन्फ्रेन्स' मार्फत मन्त्रिपरिषद्को बैठक गरिनुलाई 'शक्ति र पदको दुरूपयोग' का रूपमा व्याख्या गर्नुभएको थियो ।

■ **मा. इन्दु कडरिया**

माननीय इन्दु कडरियाले दोस्रो अधिवेशनमा २ पटक र चौथो अधिवेशनमा १ पटक गरी ३ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले मुख्यरूपमा कञ्चनपुरको पुनर्बासमा सीमा अतिक्रमण, सीमा क्षेत्रका नेपालीले पाएको दुःखलाई आफ्नो विषय

बनाउनु भएको थियो । खोकनाको स्थानीय समस्यादेखि निर्मला पन्तको बलात्कारपछिको हत्याको निष्पक्ष छानबिन हुनुपर्नेलगायतका विषयमा पनि उहाँले बोल्नुभएको थियो ।

■ **मा. उदया शर्मा/पौडेल**

माननीय उदया शर्मा/पौडेलले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा २ पटक, तेस्रो अधिवेशनमा ३ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी १० पटक विशेष समयमा बोल्नुभएको छ ।

सरकारले राष्ट्रसेवक कर्मचारीको सुविधा कटौती नगरी कर्मचारीहरूलाई उत्प्रेरित हुनेगरी परिचालन गर्नुपर्ने, संघीय निजामती विधेयक छिटो पारित गरी कर्मचारी समायोजन अध्यादेश, २०७५ ले कर्मचारीबीच गरेको विभेदको अन्त्य गर्न माग गर्नुभयो । उहाँले प्रशासनिक संक्रमणकालको चाँडो अन्त्य गर्नुपर्ने र लोकसेवाको विज्ञापन समेत रोक्न नहुने, सरकारले फलफूल र तरकारीको अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय महिला आयोग गठन गर्नुपर्ने, नेपाल भ्रमण वर्ष २०२० को तयारी गर्नुपर्ने विषयमा जोड दिँदै उहाँले कोरोना भाइरस प्रभावित चीनबाट नेपाली विद्यार्थीहरूलाई तत्काल नेपाल ल्याउन माग गर्नुभयो ।

उहाँले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा नेपालले नै सुरक्षा व्यवस्था मिलाउनु पर्ने कुराको माग गर्नुभएको थियो । त्यसैगरी उहाँले काठमाडौं उपत्यकाभित्र सार्वजनिक यातायात आवश्यक ठाउँमा नरोक्नाले जनताले सास्ती पाएको विषयलाई पटक-पटक उठाउनुभएको थियो ।

■ **मा. कमलाकुमारी ओली**

माननीय कमलाकुमारी ओलीले तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा ४ पटक गरी ८ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले सुदूरपश्चिम प्रदेशमा रहेका वादी समुदायलाई खेतीयोग्य जमिन दिनुपर्ने र वर्षाले क्षति पुऱ्याएका इँट्टा व्यवसायी र कृषकहरूलाई उचित क्षतिपूर्ति दिनुपर्ने माग गर्नुभयो । कृषि भूमिमा भइरहेको दोहन रोक्नुपर्ने धारणा राख्दै उहाँले खाद्य सम्बन्धी नागरिकको हकको सुनिश्चिता, राष्ट्रिय निकुञ्जमा जलेर र सडेर नष्ट भइरहेका काठको संरक्षण जस्ता विषय उठाउनुभयो ।

नेपालमा स्यानेटरी प्याड तथा डाइपर उद्योग सञ्चालनमा ल्याउनुपर्ने तथा सामुदायिक विद्यालयमा स्यानिटरी प्याड वितरण मेसिन राख्नुपर्ने धारणा राख्दै उहाँले चिकित्सा शिक्षाका विद्यार्थीहरूको आन्दोलनको सम्बोधन गर्नुपर्ने, न्यायिक समितिमा सुरक्षाकर्मीको आवश्यकता रहेको साथै समितिलाई तोकिएभन्दा बढी कामको जिम्मेवारी रहेको लगायतका विषयहरू मुख्य रूपमा उठाउनुभएको थियो ।

■ **मा. कविता बोगटी**

माननीय कविता बोगटीले पहिलो अधिवेशनमा १ पटक र दोस्रो अधिवेशनमा ३ पटक गरी ४ पटक विशेष समयमा बोल्नुभएको छ ।

नेपालको पिछडिएको जिल्ला हुम्लामा खाद्यान्न अभाव सधैंको नियति बनेको उल्लेख गर्दै उहाँले सुर्खेतबाट कर्णाली क्षेत्रमा हवाइ सेवा नियमित गर्न माग गर्नुभयो । उहाँले हुम्लामा शिक्षक सेवा आयोग र लोकसेवा आयोगको परीक्षा केन्द्र

कायम गरिनुपर्ने, स्थानीय निकायमा कर्मचारी पूर्ति गरिनुपर्ने लगायतका विषयहरू मुख्य रूपमा उठाउनुभएको थियो ।

■ **मा. कालीबहादुर मल्ल**

माननीय कालीबहादुर मल्लले दोस्रो अधिवेशनमा २ पटक, तेस्रो अधिवेशनमा ३ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा ३ पटक गरी हालसम्म ११ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले मध्यपश्चिमका जिल्लामा असिना र बाढीले पुऱ्याएको क्षतिको उचित क्षतिपूर्ति दिनुपर्ने, सिंहदरबारको परिसरमा रहेका पुराना गाडी र फर्निचरको उचित व्यवस्थापन गर्नुपर्ने, आन्तरिक पुँजी निर्माण गर्न फलाम तथा सुन खानीको उत्खनन् गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

सरकारले विप्लव समूहमाथिको प्रतिबन्धमाथि एकचोटि पुनर्विचार गर्नुपर्ने तथा सीके राउत समूहको पछिल्ला गतिविधिबारे स्पष्ट गर्नुपर्ने, सर्लाहीमा भएको कुमार पौडेल हत्या काण्डको उच्चस्तरीय समितिबाट छानबिन हुनुपर्ने माग गर्दै उहाँले शिवरात्रिमा गाँजा सेवन गर्ने प्रवृत्ति र छाउपडी प्रथा नियन्त्रणका लागि जनचेतना अभियान सञ्चालन गर्नुपर्ने जस्ता सांस्कृतिक रूपान्तरणका विषयहरू उठाउनुभएको थियो ।

■ **मा. कोमल वली**

माननीय कोमल वलीले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा ५ पटक, तेस्रो अधिवेशनमा ४ पटक, चौथो अधिवेशनमा ५ पटक र पाँचौं अधिवेशनमा ५ पटक गरी २० पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले युरोपियन युनियनले सार्वजनिक गरेको प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन पर्यवेक्षण प्रतिवेदनले नेपालको छवि अन्तर्राष्ट्रियस्तरमा धमिल्याएको, बिमस्टेक सम्मेलनबाट बहुपक्षीय क्षेत्रमा सहयोग, परराष्ट्र मन्त्रीस्तरीय नेपाल-भारत संयुक्त बैठकमा भएको सम्झौता कार्यान्वयन गर्नुपर्ने तथा मित्रराष्ट्रहरूसँग दोहोरो करमुक्ति सम्झौता गरी लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्नेलगायतका राष्ट्रिय/अन्तर्राष्ट्रिय मामिलामा आफ्नो भनाइ राख्नुभएको थियो ।

मुलुकका महत्वपूर्ण पूर्वाधार आयोजना समयमै सम्पन्न गर्नुपर्ने, गुणस्तरीय कामका लागि आर्थिक वर्षको शुरूमै विकास बजेट खर्च गर्ने प्रणालीको विकास गर्नुपर्ने, दाङमा विमानस्थल सञ्चालन हुनुपर्ने धारणा राख्दै उहाँले सरकारको कामबाट विदेशमा रहेका गैरआवासीय नेपाली उत्साहित रहेको र नेपालमा लगानी गर्न इच्छुक रहेकाले उनीहरूलाई दोहोरो नागरिकता दिनुपर्ने बताउनुभयो ।

बस दुर्घटनामा परेका कृष्ण सेन इच्छुक प्राविधिक विद्यालयका घाइते विद्यार्थीको उपचार तथा उचित क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्दै सांसद वलीले राप्ती प्रादेशिक अस्पतालमा जनशक्तिको व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । त्यसैगरी उहाँले भृकुटी कागज कारखाना सुचारू गर्न तथा चाडपर्वका बेला यातायात व्यवस्थापन तथा खाद्यान्न अभावबारे ध्यान दिन सरकारलाई सुझाव दिनुभयो ।

उपनिर्वाचन र दक्षिण एसियाली खेलकुद प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरेकोमा सरकारलाई बधाई ज्ञापन गर्दै उहाँले चिकित्सा शिक्षामा छात्रवृत्तिको विषय र सरकारले तोकेको भन्दा अतिरिक्त शुल्क लिएको, डेङ्गु नियन्त्रण र उखु किसानको रकम भुक्तानी नभएको विषयमा सम्बन्धित

निकायको ध्यानाकर्षण गरानुभयो । क्रसर उद्योगहरूले गरिरहेको प्रकृतिमाथिको दोहन रोक्न माग गर्दै उहाँले फौजदारी र अन्य अपराधको न्यायिक निरूपण प्रक्रिया फरक हुनुपर्ने, एमसीसी अनुमोदन गर्नुपर्ने लगायतका विषयहरू मुख्य रूपमा उठाउनुभएको थियो ।

■ **मा. खिमकुमार वि.क.**

माननीय खिमकुमार वि.क.ले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा २ पटक, तेस्रो अधिवेशनमा १ पटक र चौथो अधिवेशनमा १ पटक गरी विशेष समयमा ५ पटक बोल्नुभएको छ ।

उहाँले मुख्यरूपमा युरोपियन युनियनले सार्वजनिक गरेको निर्वाचन पर्यवेक्षण प्रतिवेदनले मर्यादा उल्लङ्घन गरेको, शिक्षामा राज्यको लगानी र दलितको पहुँच नपुगेको, गण्डकी प्रदेश र ५ नं. प्रदेशको भौतिक निर्माणको अवस्था, दलितमाथि हुने भेदभाव, गैरसरकारी संस्था नियमन जस्ता विषय उठाउनुभएको थियो । त्यसैगरी टेलिभिजन प्रस्तोता रवि लामिछाने विरूद्ध मुद्दा चलेको समयमा चितवनमा उत्तेजित भीडले गरेको नारा-जुलुस, चिकित्सा शिक्षामा पहुँचवालाले मात्र छात्रवृत्ति पाइरहेको, गण्डकी मेडिकल कलेजले लिएको बढी शुल्क लगायतका विषयहरू उठाउनुभएको थियो । त्यसैगरी विप्लव समूहमाथिको प्रतिबन्ध पुनर्विचार गर्नुपर्ने उहाँको धारणा थियो ।

■ **मा. खिमलाल भट्टराई**

माननीय खिमलाल भट्टराईले दोस्रो अधिवेशनमा २ पटक, तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी ९ पटक विशेष समयमा बोल्नुभएको छ ।

लिपुलेक, लिम्पियाधुराको विषयमा नेपाल सरकारले प्रस्तुत गरेको सकारात्मक अडानको प्रशंसा गर्दै नेकपाका मुख्य सचेतक भट्टराईले गोकर्ण रिसोर्ट र नारायणहिटी संग्रहालयस्थित दरबारमार्गको जग्गा भोगाधिकार सम्बन्धमा सदनलाई जानकारी गराउनुपर्ने लगायतका विषयहरू मुख्य रूपमा उठाउनु भएको थियो । सीके राउतलाई मूलधारमा ल्याउने सरकारको कदमको स्वागतगर्दै उहाँले विप्लव समूहलाई वार्तामा ल्याउनुपर्ने धारणा राख्नुभयो ।

राष्ट्रिय गौरवका आयोजना समयमै कार्यान्वयन हुनुपर्ने, चाडबाडको समयमा यातायातको सर्वसुलभता बनाउन कालोबजारी नियन्त्रण हुनुपर्ने, सुकुमबासी समस्या समाधान, भ्रष्टचारमा शून्य सहनशीलता कायम गरी सुशासन बढाउन सरकारको काममा सबैले सहयोग गर्नुपर्ने उहाँको धारणा थियो ।

लुम्बिनी तथा तिलौराकोटको विकासका लागि बृहत्तर लुम्बिनी गुरूयोजना ल्याउनुपर्ने, विश्वविद्यालय शिक्षामा दलीय भागबण्डाको अन्त्य गरिनुपर्ने, प्रत्येक प्रदेशमा कम्तीमा एउटा सामुदायिक मेडिकल तथा इञ्जिनियरिङ क्याम्पस स्थापना गर्नुपर्नेमा जोड दिनुभएको थियो । साग खेलकुदको उचित व्यवस्थापन र खेलाडीहरूले गरेको उच्चस्तरको प्रदर्शनको प्रशंसा गर्दै उहाँले सरकारले गरेका थुप्रै सकारात्मक कार्यको उचित प्रचारप्रसार हुन नसकेको बताउनुभयो । उहाँले राजनीतिक स्थायित्वसँगै नेकपाको सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली' को नारालाई सार्थक तुल्याउने बताउनुभयो ।

■ **मा. खेमराज नेपाली**

माननीय खेमराज नेपालीले दोस्रो अधिवेशनमा ४ पटक, तेस्रो अधिवेशनमा २ पटक र चौथो अधिवेशनमा ४ पटक र

पाँचौं अधिवेशनमा १ पटक गरी ११ पटक विशेष समयमा बोल्नुभएको छ ।

कला-संस्कृतिसँग सम्बन्धित सर्जकलाई रोयल्टी प्रदान गरिनुपर्ने, बालक आदित्य दाहाललाई देवत्वकरण गरिएको प्रति चिन्ता व्यक्त गर्दै सांस्कृतिक प्रतिगमनको विरोध गर्नुपर्ने जस्ता सांस्कृतिक विषयमा केन्द्रित रहनुभएका उहाँले रेडियो नेपालको केन्द्रीय प्रसारणबाट मैथिली र भोजपुरी भाषा हटाइएकोमा विरोध गर्नुभएको थियो । सीमान्त जीवन भोग्नेहरूको आवाजलाई व्यवस्थित ढंगले स्थापित गर्नुपर्ने उहाँको भनाइ थियो ।

वर्तमान सरकार बनेपछि देशमा सकारात्मक परिवर्तन भएपनि सरकारलाई आक्रमण गरिएको भन्दै उहाँले हटाइसकिएको राजाका गतिविधि बढेको लगायतका विषयहरू उठाउनुभएको थियो । उहाँले एसिया प्यासिफिक सम्मेलन, सीके राउत समूहलाई मूलधारमा ल्याउने कार्य, विदुषी योगमायाको योगदान, मोरङमा विद्यालयको पानी ट्यांकीको मुहानमा विषादी मिसाइएको घटना जस्ता विषयमा बोल्नुभएको थियो । उहाँले प्रधानमन्त्रीको जन्मोत्सव मनाउने विषय एउटा संस्कार भएको स्पष्ट पार्नुभयो ।

■ **मा. चक्रप्रसाद स्नेही**

माननीय चक्रप्रसाद स्नेहीले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा ३ पटक, तेस्रो अधिवेशनमा ३ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा ३ पटक गरी १२ पटक विशेष समयमा बोल्नुभएको छ ।

स्नेहीले दलितमाथिको भेदभाव, मुक्त हलियाहरूको पुनःस्थापनाजस्ता विषयलाई मुख्य रूपमा उठाउनुभएको थियो । कूटनीतिक पहलबाट लिम्पियाधुरा, कालापानी र लिपुलेकको समस्या समाधान गर्नुपर्ने उहाँको माग थियो ।

डडेल्धुरामा राउटेलाई सरकारले भोगचलनका लागि दिएको जमिनको बेचबिखन तथा बैंकिङ व्यवस्थाको अधिकार दिनुपर्ने उहाँको माग थियो । डडेल्धुरामा बाढी पीडितलाई राहत तथा पुनर्वासको व्यवस्था तथा मनोहरा कोरिडोर बनाउन गरिएको जग्गा अतिक्रमणमा पीडितलाई क्षतिपूर्ति दिनुपर्ने धारणा राख्नुभएको थियो । डडेल्धुरामा वन सम्बन्धी मुद्दामा कर्मचारी र शिक्षकलाई फरक व्यवहार भएको उहाँको भनाइ थियो । योजना अनुसार विकास निर्माण नभएको उल्लेख गर्दै उहाँले पश्चिम सेती जलविद्युत् आयोजना तत्काल निर्माण गर्नुपर्ने लगायतका विषयहरू मुख्य रूपमा उठाउनु भएको थियो ।

डा.गोविन्द केसीले अनसनको समयमा तलब भत्ता खाएको भए त्यसको असुल उपर गर्नुपर्ने, कक्षा १२ का अठार हजार शिक्षकको व्यवस्थापनसँगै सर्वोच्च अदालतले शिक्षकहरूको पक्षमा दिएको फैसला कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ थियो ।

■ **मा. जीतेन्द्रनारायण देव**

माननीय जीतेन्द्रनारायण देवले दोस्रो अधिवेशनमा ४ पटक, तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा ६ पटक र पाँचौं अधिवेशनमा ३ पटक गरी विशेष समयमा १५ पटक बोल्नुभएको छ ।

संसदमा पेश भएका विधेयकहरू संविधानको मर्म र भावना अनुरूप नभएका, गणतन्त्रमा थुप्रै चुनौतीहरू रहेका, नेपाली कांग्रेस संसदमा गणितीय रूपमा कमजोर भएपनि जनता र अन्तर्राष्ट्रिय स्तरमा कमजोर नरहेको उहाँको भनाइ थियो ।

मिलिनियम च्यालेञ्ज कर्पोरेशन कार्यक्रमलाई सम्झौता बमोजिम नेपाल सरकारले छिटोभन्दा छिटो अगाडि बढाउनुपर्ने

उल्लेख गर्दै उहाँले राष्ट्रिय सभाको महत्व संविधानले स्थापित गरे पनि व्यावहारिक ढङ्गले अनुभूति हुन नसकेको लगायतका विषयहरू उठाउनुभएको थियो ।

संवैधानिक परिषद्को काम, कर्तव्य, अधिकारको अक्षरसः पालना हुनुपर्ने उल्लेख गर्दै माननीय देवले 'प्रदेश सरकार केन्द्रकै मातहतको रहेको' भन्ने प्रधानमन्त्री केपी शर्मा ओलीको धारणाप्रति आपत्ति जनाउनुभयो ।

सम्मानपूर्वक बाँच्न पाउने मौलिक हकको ग्यारेन्टी नभएको भन्दै उहाँले प्रहरी हिरासतमा नागरिकको 'हत्या' भएको जस्ता विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । सरकारले सीके राउत समूहसँग गरेको सहमति सकारात्मक भएको उहाँको धारणा थियो ।

भारत र चीनसँग नेपालको परराष्ट्र सम्बन्ध असन्तुलित बन्दै गएको टिप्पणी गर्दै उहाँले काश्मिरको मुद्दामा नेपाल सरकारको धारणा माग्नुभएको थियो । नेपाल-भारत प्रबुद्ध समूह (इपीजी) गठन गर्दा व्यापक छलफल हुन नसकेका कारण समूह समावेशी हुन नसकेको उल्लेख गर्दै उहाँले इपीजी समावेशी नभएका कारण यसको निष्कर्ष पनि समावेशी र व्यावहारिक हुन नसकेको धारणा राख्नुभयो । तत्कालीन सभामुख कृष्णबहादुर महराको राजीनामापछि रिक्त प्रतिनिधि सभाको सभामुख चयनमा भएको विलम्बप्रति पनि उहाँले असन्तुष्टि जनाउनुभएको थियो ।

■ **मा. जीवन बुढा**

माननीय जीवन बुढाले दोस्रो अधिवेशनमा ३ पटक, तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा ३ पटक गरी ९ पटक विशेष समयमा बोल्नुभएको छ ।

बुढाले 'जनयुद्ध'कोक्रममा विस्थापित शिक्षकहरूको पुनःस्थापना, घाइतेको उपचार, अस्थायी, ज्यालादारी र करार सेवामा कार्यरत जनशक्तिको जागिरको सुरक्षा, कर्णाली प्रदेशमा विकासका पूर्वाधारमा रहेका कमी, दलितमाथिको भेदभाव, छाउपडी प्रथा लगायतका विषयलाई मुख्यरूपमा उठाउनुभएको थियो ।

कर्मचारी समायोजन भइसकेपछि पनि दुर्गम वस्तीमा कर्मचारी अभाव, नेपालगञ्ज-दैलेख-कालिकोट-जुम्ला हुँदै मुगु र कालिकोट-बाजुरा हुँदै हुम्ला जोड्ने सडक सुचारू हुन नसकेको उल्लेख गर्दै उहाँले वर्षाको समयमा कर्णाली राजमार्गलाई नियमित सुचारू गराउन, कालिकोटको पलाँता गाउँपालिकामा भएको आगलागीबाट ध्वस्त न्यौपाने बस्तीको पुनर्निर्माणको निम्ति अनुदान उपलब्ध गराउन माग गर्नुभएको थियो ।

सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका नागरिकहरूको खोजी र सत्य निरूपण तथा मेलमिलाप आयोगको कामकारवाहीमा ढिलाइ भएको उल्लेख गर्दै उहाँले राजनीतिक द्वन्दका क्रममा भएका घाइते तथा अशक्त व्यक्तिहरूको सम्मान गर्न तीनै तहका सरकारको ध्यानाकर्षण गराउनुभयो ।

राज्यका तीनै तहबाट सन्तोषजनक काम भइरहेको बताउँदै उहाँले स्थानीय तहमा देखिएका केही समस्याहरूको समाधानमा केन्द्र र प्रदेश सरकारले सहयोग गर्नुपर्ने, ट्रिपर आतंक नियन्त्रणका लागि तत्काल छानबिन तथा अनुसन्धान गर्नुपर्ने लगायतका विषयहरू उठाउनुभएको थियो ।

■ **मा. ठगेन्द्रप्रकाश पुरी**

माननीय ठगेन्द्र प्रकाश पुरीले दोस्रो अधिवेशनमा १ पटक, तेस्रो अधिवेशनमा ५ पटक, चौथो अधिवेशनमा १ पटक र

पाँचौं अधिवेशनमा २ पटक गरी ९ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले संसदबाट पारित हुने ऐनहरूमा 'यो ऐन तुरून्त प्रारम्भ हुनेछ' भन्नुको सट्टामा प्रमाणीकरणको निश्चित समयपछि वा ऐनमा उल्लिखित मितिबाट कार्यान्वयन गर्ने प्रावधान राख्नुपर्नेमा जोड दिनुभएको थियो । यस्तो व्यवस्था कानून थाहा नभएका कारण दण्डबाट उन्मुक्ति नपाउने कानूनी सिद्धान्तका कारण ऐनबारे सर्वसाधारणलाई जान्न र ऐनको कार्यान्वयन गर्न नियमावली पनि बनाउनु पर्ने हुनाले यसका लागि पनि समय आवश्यक पर्ने उहाँको भनाइ थियो । संविधानको पूर्ण कार्यान्वयन हुनपर्ने, सरोकारवालाहरूसँग व्यापक छलफल र संसदमा प्रर्याप्त छलफल गरेर संघ, प्रदेश र स्थानीय तहका कानून बनाउनुपर्ने उहाँको धारणा थियो । जिल्ला समन्वय समितिलाई स्रोत-साधनको उचित व्यवस्थापन गर्नुपर्ने, सामाजिक प्रभावको अध्ययन गरी कानून बनाउनु पर्नेमा उहाँको जोड थियो ।

उहाँले रूकुमको सल्लेको अस्पतालमा जनशक्ति अभाव रहेको लगायतका स्थानीय समस्यालाई पनि सदनमा उठाउनुभएको थियो । सडक दुर्घटना अत्यधिक बढेकाले सरकारले उचित कदम चाल्नुपर्ने, मानव बेचविखन तथा ओसारपसारका अपराधहरू नियन्त्रण गर्नुपर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको परिपालना गरिनुपर्नेमा उहाँको जोड थियो ।

राष्ट्रिय सभाबाट पारित भएको पालेर्मो प्रोटोकल अन्तरदेशीय संगठित अपराध विरूद्धको महासन्धिकै एक परिपूरक उल्लेख भएको र हाम्रा राष्ट्रिय कानूनहरूलाई त्यस अनुरूप बनाउनका लागि यसका संशोधन प्रस्तावहरू संसदमा पेश गर्नुपर्ने लगायतका विषयहरू उठाउनुभएको थियो ।

■ **मा. तारादेवी भट्ट**

माननीय तारादेवी भट्टले दोस्रो अधिवेशनमा २ पटक, तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी ६ पटक विशेष समयमा बोल्नुभएको छ ।

कञ्चनपुरको पुनर्बास, बेलौरी, श्रीनगर क्षेत्रमा सीमा अतिक्रमण भएको, सीमाक्षेत्रमा भारतीय सुरक्षाकर्मीले दादागिरी देखाएको बताउँदै उहाँले सुदूर पश्चिम क्षेत्रमा शिक्षा र स्वास्थ्यका समस्या, सन् २०२२ सम्ममा विकासशील राष्ट्रको सूचीमा जान र २०३० सम्म दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न संवेदनशील भई कार्य गर्नुपर्ने बताउनुभयो ।

उहाँले निर्मला पन्त हत्या प्रकरणको सत्यतथ्य जानकारी सदनलाई गराउनुपर्ने, कञ्चनपुरको रौतेली बिचवा-३, हरैयामा बसोबास गरिहेका परिवारलाई २०३८ मा बेतकोट नगरपालिकाको जग्गाको जग्गाधनी पूर्जा दिइएकोमा सो जग्गाको भोगचलन गर्न नपाएको, रेडियो नेपाल, क्षेत्रीय प्रसारण केन्द्र दिपायलमा कर्मचारीहरूलाई विना सूचना जागिरबाट बर्खास्त गरिएको जस्ता विषय उठाउनुभएको थियो ।

सरकारले संघीयता कार्यान्वयनमा तदारूकता नदेखाएको भन्दै उहाँले तीन तहका सरकारबीच तादात्म्यता मिलाउन नसकेको धारणा राख्नुभयो ।

■ **मा. दीनानाथ शर्मा**

माननीय दीनानाथ शर्माले हालसम्म तेस्रो अधिवेशनमा १ पटक विशेष समयमा बोल्नुभएको छ । उहाँले लोकतान्त्रिक आन्दोलन र बामपन्थी आन्दोलनका शीर्ष व्यक्तित्वहरू विश्वेश्वरप्रसाद कोइराला र पुष्पलाल श्रेष्ठका नाममा स्थापित

प्रतिष्ठानहरूको संरक्षणमा राज्यले ध्यान दिनुपर्ने लगायका विषय उठाउनुभएको थियो ।

■ **मा. दिपा गुरूङ**

माननीय दिपा गुरूङले दोस्रो अधिवेशनमा १ पटक र तेस्रो अधिवेशनमा १ पटक गरी २ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले लमजुङ जिल्लामा बाढीपहिरोबाट क्षति व्यहोरेकालाई सोको उचित क्षतिपूर्ति र राहतको व्यवस्था गर्नुपर्ने, आधुनिक, वैज्ञानिक एवं व्यावसायिक कृषि प्रणालीको विकासमा जोड दिनुपर्ने लगायतका विषयहरू मुख्य रूपमा उठाउनुभएको थियो ।

■ **मा. दिलकुमारी रावल थापा (पार्वती)**

माननीय दिलकुमारी रावल थापा (पार्वती) ले दोस्रो अधिवेशनमा १ पटक, तेस्रो अधिवेशनमा ४ पटक, चौथो अधिवेशनमा ५ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी १२ पटक विशेष समयमा बोल्नुभएको छ ।

राष्ट्रिय गौरवका आयोजनाहरूको निरन्तर नियमनको आवश्यकता औल्याउँदै उहाँले राष्ट्रिय गौरवका आयोजना निर्माण, भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरूको पुनः निर्माण, चितवनमा निर्माणाधीन अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणमा सबै नेपालीहरू एकजुट हुनुपर्ने बताउनुभयो ।

१८४८ वटा ठेकेदार कम्पनीले पेश्की लिएर कामै नगरेको विषयको वास्तविकताबारे सदनलाई जानकारी गराउन माग गर्दै उहाँले अस्थायी प्रकृतिका बसोबास, लालपूर्जा, भूमिहीन तथा सुकुमबासी लगायतका जग्गासँग सम्बन्धित सबै समस्याको समाधान गर्नुपर्ने बताउनुभयो ।

उहाँले बाढी-पहिरोमा परी बेपत्ता भएका नागरिकहरूको खोजी, उद्धार, राहत, व्यवस्थापन र प्रकोपको न्यूनीकरणका लागि पूर्वतयारी गर्नुपर्ने, प्रसव पीडामा रहेका महिलाहरूको हवाइ उद्धार सम्बन्धी कार्यविधिको दायरालाई फराकिलो बनाउनुपर्ने, डेङ्गु रोग नियन्त्रणका लागि राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्ने, भरतपुरमा केन्द्रीय स्तरको स्वास्थ्य सेवा स्थापना गर्नुपर्ने लगायतका विषय उठाउनुभएको थियो ।

■ **मा. दुर्गाप्रसाद उपाध्याय**

माननीय दुर्गाप्रसाद उपाध्यायले दोस्रो अधिवेशनमा १ पटक, तेस्रो अधिवेशनमा १ पटक र चौथो अधिवेशनमा १ पटक गरी ३ पटक विशेष समयमा बोल्नुभएको थियो ।

बिमस्टेक लगायत यस्तै अवसरमा नेपाल आउने पाहुनालाई लुम्बिनी भ्रमणको व्यवस्था गर्न आग्रह गर्दै उहाँले लुम्बिनीमा सडकको दुरावस्थातर्फ सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । उहाँले पप्पु कन्ट्रक्सनद्वारा पूर्वाधारहरूको काम सम्पन्न नभएको तथा लुम्बिनीमा जाने भौतिक पूर्वाधारहरू कमजोर रहेकोबारे सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

देशभर भएका आगजनी र बम विष्फोटहरू नियन्त्रण गर्नुपर्ने, शिक्षकहरूको आन्दोलन वार्ताबाट समाधान गर्नुपर्ने, चाडपर्वको समयमा सरकारका अनुगमन संयन्त्रहरू क्रियाशील हुनुपर्ने साथै सहजै खाद्य पदार्थ उपलब्ध हुनुपर्ने र मूल्य निर्धारण गरिनुपर्नेलगायतका विषयलाई उहाँले मुख्य रूपमा उठाउनुभएको थियो ।

नोट : *माननीय उपाध्यायको २०७६ फागुन २ गते क्यान्सर रोगका कारण असामयिक निधन भएको थियो ।*

■ **मा. धनकुमारी खतिवडा**

माननीय धनकुमारी खतिवडाले दोस्रो अधिवेशनमा २ पटक, तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी ८ पटक विशेष समयमा बोल्नुभएको छ ।

काठमाडौं-निजगढ फास्ट ट्र्याक सम्बन्धमा खोकना, बुङ्मतीका जनताको मागको सम्बोधन गर्न उहाँले पटक-पटक माग गर्नुभएको थियो । ललितपुरको भैंसेपाटी आवास क्षेत्रमा संसद आवासका लागि छुट्याइएको जग्गामा मन्त्री क्वाटर बनाउने कार्यको विरोध गर्दै उहाँले विभिन्न सन्दर्भमा संसदीय समिति-उपसमितिको प्रतिवेदन अस्वीकार गरी सरकारले कानूनी राज्यको खिल्ली उडाएको आरोप लगाउनुभयो । रेडियो नेपालले ललितपुर, सातदोबाटोको जग्गा निजी क्षेत्रलाई लिजमा दिएको विषयमा पनि उहाँको विरोध थियो ।

उहाँले भारतमा प्रतिबन्धित माछा नेपालमा खुलेआम बिक्री भइरहेको, देशका चर्चित अस्पतालहरूमा नर्सहरूको श्रम शोषण गरिएको, मेलम्ची खानेपानी आयोजनामा कार्यरत मजदुरहरूले गरेको शान्तिपूर्ण आन्दोलनमा 'दमन गरिएको' लगायका विषय उठाउनुभएको थियो ।

उहाँले रातो मच्छिन्द्रनाथको मन्दिरको विषयदेखि नेपाल ट्रष्टले यती समूहलाई गोकर्ण रिसोर्ट दिनुका साथै यती समूहको सञ्चालक नेपाल ट्रष्टको पनि सदस्य हुनुले सरकार 'भ्रष्टाचारमुखी' भएको र शिक्षा विधेयकमा संविधानको भावना विपरीत 'आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई संघीय सरकार अन्तर्गत राखिएको' उहाँको भनाइ थियो ।

■ **मा. नन्दा चपाई**

माननीय नन्दा चपाईले दोस्रो अधिवेशनमा ३ पटक, तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी ८ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले कर्णालीका जनताको गरिबी र यातायातको अवस्था, भूमिहीन दलितलाई एक पटकलाई भूमि वितरण गर्ने संविधानको व्यवस्था, कर्णालीका जनताको सामान्य गासबासका लागि कर्णाली वारिपारी गर्नुपर्ने बाध्यता, बाढी र पहिरोका कारण कर्णाली प्रदेशका अधिकांश भाग जोखिममा परेको अवस्था लगायतका विषय उठाउनुभएको थियो ।

स्यानिटेरी प्याड निःशुल्क वितरण गर्ने व्यवस्था मिलाउनुपर्ने, सुकुम्वासी समस्या समाधान गर्नुपर्ने, काठमाडौंमा अव्यवस्थित सवारी साधनको तत्काल समाधान गर्नुपर्ने उहाँका माग थिए ।

राष्ट्रिय सभा सदस्य र प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यहरूलाई पनि प्रत्यक्ष निर्वाचित सदस्य सरह निर्वाचन क्षेत्र विकास कार्यक्रमको बजेट उपलब्ध गराउनुपर्ने उहाँको माग थियो ।

उहाँले शहीदहरूलाई सम्मान र बेपत्ताको खोजी गर्नुपर्ने, महिला हिंसाका घटना न्यूनीकरणका लागि जनप्रतिनिधिलाई जिम्मेवार बनाउनुपर्ने, रूग्ण उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने लगायतका विषयहरू मुख्य रूपमा उठाउनुभएको थियो ।

■ **मा. नरपति लुवार**

माननीय नरपति लुवारले दोस्रो अधिवेशनमा २ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले दलितमाथि भेदभाव अझै नहटेको, कालिकोटमा न्यून बजेट विनियोजन भएको लगायतका विषयहरू उठाउनुभएको थियो ।

■ **मा. नैनकला ओझा**

माननीय नैनकला ओझाले दोस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा १ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी ४ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले मोरङमा विद्यालयको पानीट्यांकीमा विषादी मिसाइएको कारण विद्यार्थी बिरामी भएका, मोरङको बेलबारीमा पेट्रोलियम खानीको वास्तविक अध्ययन हुनुपर्ने, मोरङ जिल्लाको सुकुम्वासीको समस्या समाधानबारे धारणा राख्नुभएको थियो ।

उहाँले महाशिवरात्रिमा निर्वस्त्र मानिसहरूको प्रवेशले समाजमा गतिलो सन्देश नदिने भएकोले त्यस्ता व्यक्तिहरूलाई पशुपति क्षेत्रमा प्रवेशका लागि रोक लगाउनुपर्ने लगायतका विषयहरू उठाउनुभएको थियो ।

■ **मा. परशुराम मेघी गुरूङ**

माननीय परशुराम मेघी गुरूङले तेस्रो अधिवेशनमा १ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले तीन तहको अन्तरसम्बन्ध सम्बन्धी सरकारले यथाशीघ्र ऐन बनाएर कर्मचारी समायोजन गर्नुपर्ने तथा आयोजनाहरूमा देखिएका अनियमितताका सम्बन्धमा सरकारले आवश्यक छानबिन गर्नुपर्ने जस्ता विषयहरू उठाउनुभएको थियो ।

■ **मा. प्रकाश पन्थ**

माननीय प्रकाश पन्थले दोस्रो अधिवेशनमा २ पटक, तेस्रो अधिवेशनमा ३ पटक, चौथो अधिवेशनमा ४ पटक र पाँचौं अधिवेशनमा ३ पटक गरी हालसम्म १२ पटक विशेष समयमा बोल्नुभएको छ ।

सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकार कटौती गरी भेदभावपूर्ण व्यवहार गरेको, स्थानीय तहमा अपाङ्गता परिचयपत्र वितरण गर्न नसकेको, महिला हिंसा बढेको भन्दै उहाँले अपाङ्ग भएका बालबालिकाहरूका लागि विद्यालय भर्ना अभियान प्रभावकारी बनाउनुपर्नेमा जोड थियो ।

राष्ट्रिय सभालाई दलीय रूपमा मात्र नहेरी समावेशी सदनको रूपमा बुझ्नुपर्ने उहाँको भनाइ थियो । संसदलाई सरकारले महत्व नदिएको भन्दै उहाँले विशेष र शून्य समयमा उठेका प्रश्नको सम्बन्धित विभागीय मन्त्रीले जवाफ दिनुपर्ने नियमावलीको व्यवस्था कार्यान्वयन गर्न माग गर्नुभयो ।

एनसेल टावरहरूमा विष्फोट गर्नेहरूलाई कारवाही गर्नुपर्ने, तनहुँको छाब्दी बराही मन्दिर जाने सडकको गुणस्तरमाथि छानबिन हुनुपर्ने, पृथ्वी राजमार्गको मर्मत गरिनुपर्ने, पोखरास्थित विजयपुर पुलको निर्माण गुणस्तर जाँच गरिनुपर्ने, चिनी उद्योगमा रहेका व्यावसायिक समस्या समाधान गर्नुपर्ने, वेदव्यासको जन्मभूमि तनहुँ जिल्ला धार्मिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेकोले थप विकासका लागि तीनै तहका सरकारले सहयोग गर्नुपर्ने, अमेरिकी सहयोग एमसीसी, नेपाल ट्रष्टको जग्गाको अनियमितता र नेपाल भारतबीचको सीमा विवादका सम्बन्धमा सरकारको स्पष्ट धारणा आउनुपर्नेलगायतका विषयहरू मुख्य रूपमा उठाउनुभएको थियो ।

■ **मा. प्रमिला कुमारी**

माननीय प्रमिला कुमारीले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा २ पटक, तेस्रो अधिवेशनमा ४ पटक, चौथो अधिवेशनमा ४ पटक र पाँचौं अधिवेशनमा ४ पटक गरी १५ पटक विशेष समयमा बोल्नुभएको छ ।

प्रदेश लोक सेवा आयोग सम्बन्धी विधेयकमा आयोग गठन सम्बन्धी त्रुटि रहेको, प्रदेश प्रहरी विधेयक संसदमा ल्याउनु संघीयता विपरित भएको, राज्यले मधेशी जनतालाई भेदभाव गरेको भन्दै उहाँले संघीय समाजवादी फोरमसँग भएको सम्झौता बमोजिम संविधान संशोधन हुनुपर्ने, टीकापुर घटनाको छानबिन गर्न गठित आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्ने, मानव विकास सूचाङ्कमा पछि परेकाहरूको सम्बोधन गर्नुपर्ने धारणा राख्नुभयो । कर्मचारी पदपूर्तिका लागि लोकसेवा आयोगले प्रकाशन गरेको विज्ञापन संघीयता र संविधानको मर्म विपरित रहेको उहाँको भनाइ थियो ।

नेपाल वायुसेवा निगमले वाइड बडी जहाज किनेको हो कि भाडामा लिएको भन्ने बारेमा सरकारले स्पष्ट पार्नुपर्ने, मधेशमा अविरल वर्षाले पुऱ्याएको क्षति सम्बन्धमा भएको स्थलगत अवलोकन सम्बन्धी प्रतिवेदनको कार्यान्वयन गर्नुपर्ने, सरकारले विपद् व्यवस्थापनको दीर्घकालीन योजनाबारे सदनलाई जानकारी गराउनुपर्ने, सिक्टा सिँचाइ आयोजनाको कामलाई तीव्रता दिनुपर्ने उहाँको माग थियो । सरकारी जग्गामा रहेको गोकर्ण रिसोर्ट यती समूहलाई थप २५ वर्षलिजमा दिने सरकारको निर्णय 'बदनियतपूर्ण' भएको उहाँको भनाइ थियो ।

धनुषाका दिलिप महतोको हत्यारा पत्ता लगाई कारवाही गर्न, मधेश आन्दोलनका शहीदका परिवारलाई राहत र घाइतेहरूको उपचार, न्यायोचित क्षतिपूर्ति, मुद्दा फिर्ता जस्ता माग सम्बोधन

गरिनुपर्ने उल्लेख गर्दै उहाँले नागरिकता विधेयक संसदबाट पारित गर्न ढिलासुस्ती गर्न नहुने लगायतका विषयहरू उठाउनुभएको थियो ।

■ **मा. बद्रीप्रसाद पाण्डे**

माननीय बद्रीप्रसाद पाण्डेले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा २ पटक, तेस्रो अधिवेशनमा ३ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा ५ पटक गरी १४ पटक विशेष समयमा बोल्नुभएको छ ।

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनबारे युरोपियन युनियनको प्रतिवेदनले कार्यक्षेत्र नाघेको उल्लेख गर्दै उहाँले प्रतिवेदन सच्याउन माग गर्नुभएको थियो ।

अविरल वर्षाले भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै उहाँले विपद् व्यवस्थापनमा समन्वयात्मक प्रबन्धको व्यवस्था गर्न र पूर्वतयारीमा ध्यान दिन सरकारलाई सुझाव दिनुभयो । कालिकोटमा ८७ घर जलेर नष्ट भएका, गोरखामा डढेलोले क्षति भएको विवरण प्रस्तुत गर्दै उहाँले प्राकृतिक प्रकोप पीडितलाई उचित क्षतिपूर्ति दिन सरकारसँग माग गर्नुभयो ।

सरकारको काममा प्रभावकारिता नभएको, देशमा हत्या र हिंसामा बढोत्तरी भएको दावी गर्दै उहाँले सर्लाहीमा प्रहरीको गोलीबाट कुमार पौडेल (प्रतिबन्धित नेत्रविक्रम चन्द समूहको नेता) मारिएको घटनाको निष्पक्ष छानबिनका लागि न्यायिक आयोग गठनको माग राख्नुभयो ।

गेजुवा कम्पनीसँग बुढीगण्डकी आयोजना सम्पन्न गराउने सम्झौता तत्काल खारेज गर्नुपर्ने माग गर्दै उहाँले कृषि क्षेत्रका करारका प्राविधिक कर्मचारीहरूलाई निरन्तर रूपमा

काम गर्ने प्रबन्ध मिलाउन माग गर्नुभयो । उच्च पहाडी तथा हिमाली जिल्लामा ग्रामीण बस्ती विकास सम्बन्धी अध्ययन कार्यदलले दिएको प्रतिवेदनमा उल्लिखित वस्ती विकासका आधारलाई सरकारले मनन गर्नुपर्ने र तीनै तहका सरकारको संयोजनमा एकीकृत वस्ती विकास कार्यक्रम प्रारम्भ गर्नुपर्ने, लिम्पियाधुरा, लिपुलेक र कालापानीको भूभागका सम्बन्धमा भारतसँग वार्ता र छलफल गर्नुपर्ने उहाँको भनाइ थियो । उहाँले त्रिचन्द्र कलेजका प्रमुखमाथि भएको कुटपिट, नेपाल कमर्स क्याम्पसमा नेपाल विद्यार्थी संघका विद्यार्थीहरूमाथिको आक्रमण र रत्नराज्य लक्ष्मी क्याम्पसका विद्यार्थीहरूमाथि भएको आक्रमणका दोषीलाई कारवाही गरिनुपर्ने लगायतका विषयहरू उठाउनुभएको थियो । उहाँले सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल प्रसाद बाँस्कोटाबारे निष्पक्ष छानबिन गर्न माग गर्नुभएको थियो ।

■ **मा. बलराम प्रसाद बाँस्कोटा**

माननीय बलरामप्रसाद बाँस्कोटाले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा ४ पटक, तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी ११ पटक विशेष समयमा बोल्नुभएको छ ।

किसानहरूले दूधको उचित मूल्य पाउनुपर्ने, उखु किसानले सम्झौता अनुसार भुक्तानी पाउनुपर्ने, कृषिबाट प्राप्त हुने आम्दानीमा आयकर छुट हुनुपर्ने, कृषिमा अनुदान उपलब्ध गराउने प्रक्रियामा सुधार गर्नुपर्ने लगायतका विषयहरू मुख्य रूपमा उठाउनुभएको थियो ।

एमसीसी, इन्डो प्यासिफिक स्ट्राटेजी अन्तर्गत हो/होइन भन्ने सम्बन्धमा सरकारको धारणा माग गर्दै उहाँले लिम्पियाधुरा,

लिपुलेक र कालापानी क्षेत्रको समस्या कूटनीतिक एवं राजनीतिक माध्यमबाट समाधान गर्नुपर्ने धारणा राख्नुभयो ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणले दुई देशको पारस्परिक सम्बन्ध थप सकरात्मक भएको उल्लेख गर्दै उहाँले छुट्टै प्रसंगमा पूर्व युवराज पारस शाहको अवाञ्छित गतिविधि बढिरहेको टिप्पणी गर्नुभयो ।

धार्मिक सम्पदाहरूको संरक्षण, मनसुनमा बाढीपहिरोको समस्या, काठमाडौंमा ट्राफिक जामको समस्याबारे सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै उहाँले 'समृद्ध नेपाल, सुखी नेपाली' को अभीष्ट पूरा गर्न समानताको मार्गतर्फ अग्रसर हुनुपर्ने बताउनुभयो । सरकारले ल्याएको सामाजिक सुरक्षाको अवधारणा, सी.के. राउत समूहलाई मूलधारको राजनीतिमा ल्याउने कदम स्वागतयोग्य रहेको उहाँको भनाइ थियो ।

■ **मा. भैरवसुन्दर श्रेष्ठ**

माननीय भैरवसुन्दर श्रेष्ठले पहिलो अधिवेशनमा २ पटक, दोस्रो अधिवेशनमा २ पटक, तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी १० पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रमसँग सम्बन्धित समितिहरू खारेज गर्न नहुने, जाजरकोट जिल्ला अस्पतालमा विशेषज्ञ सेवा उपलब्ध गराउनुपर्ने, छिन्चु-जाजरकोट सडकमा सरकारले अधिग्रहण गरको जग्गाको लगत कट्टा गर्नुपर्ने, जाजरकोटको नलसिङ्गाढ जलविद्युत आयोजनाबाट प्रभावित जनताले राखेका माग सम्बोधन गर्नुपर्ने लगायतका विषयहरू मुख्य रूपमा उठाउनुभएको थियो ।

सरकारले सी.के.राउत समूहसँग गरेको सम्झौताको गलत व्याख्या गरिएको उल्लेख गर्दै उहाँले प्रतिबन्धित विप्लव समूहसँग वार्ता नगर्दा शान्ति प्रक्रिया नै बिग्रन सक्ने बताउनुभयो । उहाँले निर्वाचन पर्यवेक्षण सम्बन्धी युरोपियन युनियनको प्रतिवेदनप्रति आपत्ति जनाउँदै सच्याउन पनि माग गर्नुभएको थियो ।

■ **मा. महेशकुमार महरा**

माननीय महेश कुमार महराले दोस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी ५ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले ७५० मेगावाट उत्पादन क्षमताको पश्चिम सेती जलविद्युत् आयोजना र डडेल्धुरा जिल्ला अस्पतालमा दरबन्दी अनुसारका डाक्टर नभएको लगायतका विषयहरूमुख्य रूपमा उठाउनुभएको थियो ।

महराले डडेलधुरामा बाढी पहिरोबाट प्रभावितलाई क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने, डडेलधुरामा रंगुन नदी नियन्त्रण गुरूयोजना बजेट विनियोजन भई निकासा समेत भइसके तापनि ठेकेदार कम्पनीले काम रोकेको, विगत ५७ वर्षदेखि दार्चुला जिल्लाको कालापानी क्षेत्रमा भारतीय सेनाले परेड खेल्दै बसेको, सरकारको बोली र व्यवहारमा तादात्म्यता नमिलेकोमा दुःख प्रकट गर्नुभयो ।

उहाँले गणतन्त्र स्थापनाका क्रममा भएका घाइते र पीडितहरूको उपचार र उचित प्रबन्धका लागि पटक-पटक सदनमा आवाज उठाउँदा समेत सुनुवाइ नभएको, लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन अर्पण गर्ने योद्धाहरूलाई शहीद घोषणा गर्न गरिएको मागलाई आनाकानी गरिएको बताउनुभयो ।

■ **मा. मिना बुढा**

माननीय मिना बुढाले चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा ३ पटक गरी ६ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले भारतमा काम गर्ने नेपालीहरूलाई विभिन्न बहानामा दुःख दिइएको उल्लेख गर्दै प्रवासी नेपालीहरूको पेन्सन प्राप्तिमा रहेका समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

रोल्पाको शहीद मार्ग कालोपत्रे भएको एक वर्ष नपुग्दै भत्किएर जर्जर अवस्थामा पुगेको, गुल्मीको सत्यवती गाउँपालिकाका पहिरो पीडितले क्षतिपूर्ति नपाएको, जोखिममा परेकालाई उचित व्यवस्था हुन नसकेको, रोल्पाको थवाङ गाउँपालिका वडा नं. ३ को हिमालय फूलबारी विद्यालयमा अङ्ग्रेजी विषयको शिक्षक अभाव रहेको लगायतका विषय उठाउनुभएको थियो । उहाँले २०७६ कार्तिक १५ गते दाङमा भएको ट्र्याक्टर दुर्घटनामा मृत्यु हुने मृतकका परिवारलाई उचित क्षतिपूर्तिको माग गर्नुभयो । उहाँले २०७६ माघ ९ गते भएको राष्ट्रिय सभाको निर्वाचनमा संविधानको मर्मअनुसार महिला, दलित, आदिवासी जनजातिको उचित प्रतिनिधित्व हुन नसकेको धारणा राख्नुभयो ।

■ **मा. मुक्ता कुमारी यादव**

माननीय मुक्ता कुमारी यादवले तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा ३ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी ६ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले अविरल वर्षाका कारण बेपत्ताहरूको शीघ्र खोजी तथा बाढी पीडितहरूलाई सुरक्षित स्थानमा सार्नुपर्ने तथा बाढीले

तराईका कृषकको धानबाली सखाप पारेको र घरमा भएको धान समेत सडेर गएकोले कृषकका लागि सुख्खा क्षेत्र घोषणा गर्नुका साथै किसानको ऋण माफी हुनुपर्नेलगायतका माग राख्नुभएको थियो ।

उहाँले राष्ट्रिय योजना आयोगमा कार्यरत नायब सुब्बा बच्चुराम केसी र पत्रकार शालिकराम पुडासैनीको आत्महत्याको विषय, जनकपुरमा ६ जना व्यक्तिको करेन्ट लागेर मत्यु भएको घटना उल्लेख गर्दै स्थानीय नदी दोहन विरूद्ध सक्रिय धनुषाकै ओमप्रकाश महतोले पर्यायवरण रक्षार्थ ज्यान गुमाउनु परेकोले निजलाई 'पर्यायवरण शहीद' घोषणा गर्न र महतोका हत्यारालाई कडा कारवाही गर्न माग गर्नुभएको थियो । उहाँले आफ्नै छोराको हत्या र निर्मला पन्तको बलात्कारपछि गरिएको हत्याका विषयमा पटक-पटक आवाज उठाउनु भएको थियो । उहाँले तराई-मधेशका विषयगत कार्यालयहरूमा कर्मचारीको अभाव, राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा बजेट अभावजस्ता विषयमा समेत सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

■ **मा. युटोल तामाङ**

माननीय युटोल तामाङले दोस्रो अधिवेशनमा ३ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा ३ पटक गरी ८ पटक विशेष समयमा बोल्नुभएको छ ।

सरकारले ऐन, कानूनमा समावेशितालाई चिन्न नसकेको, सामाजिक न्यायको हकलाई उपेक्षा गरिएको र ३३ प्रतिशत महिला सहभागिताको कुरा समेत कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै उहाँले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा समेत पुरूष मन्त्री हुनु दुःखद भएको बताउनुभयो ।

हिमाली बासिन्दाहरू आर्थिक रूपमा जडिबुटीमा मात्र भर पर्ने भएकोले जडीबुटीको संरक्षण गर्नुपर्ने बताउँदै उहाँले मुगुमा जलविद्युत् आयोजनाको पावर हाउस नै खोलाले बगाएकोले जिल्लावासी अन्धकारमा रहेको, खोलाले बगाएका पानीघट्ट तथा खेतीबालीको क्षतिपूर्ति उपलब्ध नभएको बताउनुभयो । उहाँले मुगुको किमृमा भएको भीषण आगलागीका पीडितलाई राहत उपलब्ध गराउन पनि सरकारसँग माग गर्नुभयो ।

दुर्गम क्षेत्रका जनता र आदिवासी जनजातिका आवाज सरकारले सुन्नुपर्ने, दुर्गम जिल्लामा नेपाल एयरलाइन्सले नियमित उडान भर्नुपर्ने, बौद्ध धर्मावलम्वीहरूलाई शिक्षामा पहुँच पुऱ्याउन गुम्बा शिक्षा सम्बन्धी कार्यक्रम सरकारको नीति तथा कार्यक्रममा समावेश हुनुपर्ने उहाँको भनाइ थियो ।

■ **मा. रमेश जंग रायमाझी**

माननीय रमेश जंग रायमाझीले दोस्रो अधिवेशनमा २ पटक, तेस्रो अधिवेशनमा ४ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा ३ पटक गरी ११ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले युवाहरूका लागि सरकारले रोजगारी सिर्जना गर्नुपर्ने, विशेष सेवा विधेयक र सूचना प्रविधि विधेयकले जनताको मौलिक हकको हनन गरेको, सत्तापक्षकै कारण प्रतिनिधि सभाको बैठक अवरूद्ध भएको, सरकारले गोकर्ण रिसोर्ट पुनः लीजमा दिने निर्णय गर्दा पचास करोडभन्दा बढीको अनियमितता गरेको, सरकारले कुनै पनि काम राम्ररी गर्न नसकेको जस्ता आरोप लगाउनुभएको थियो ।

वीरगन्जमा रहेको वी.पी. उद्यानलाई शहीद स्मारक पार्क बनाउन नहुनेमा जोड दिँदै उहाँले वी.पी. राजमार्ग अन्तर्गत धुलिखेल-

बर्दिवास सडक स्तरोन्नति नहुँदा दुर्घटना बढेको, मोरङको सुन्दर हरैचा नगर क्षेत्रमा सडकको दुरावस्था रहेको, किसानका लागि मल, बिउको समस्या रहेको लगायतका विषय उठाउनुभएको थियो । त्यसैगरी चिकित्सा क्षेत्रमा एमडी रेसिडेन्ट अध्ययनका लागि निःशुल्क छात्रवृत्ति उपलब्ध गराउँदै आएकोमा स्वास्थ्य मन्त्रालयबाट विद्यार्थीहरूलाई भिसाका लागि दिनुपर्ने स्वीकृति रोक्का गरेको, सञ्चार मन्त्रीको अडियो प्रकरण, प्रधानमन्त्रीको तेह्रथुममा भएको जन्मोत्सव लगायतका विषयहरूमा प्रश्न गर्नु भएको थियो ।

■ **मा. रमेश प्रसाद यादव**

माननीय रमेश प्रसाद यादवले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा ४ पटक, तेस्रो अधिवेशनमा ४ पटक, चौथो अधिवेशनमा ६ पटक र पाँचौं अधिवेशनमा ३ पटक गरी १८ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले वीरगन्जमा अलौसिर्सियाको ११० बिघाहा जग्गाको विषयमा मुआब्जा दिने निर्णय कार्यान्वयन नभएको, २ नम्बर प्रदेशमा योजना र बजेटमा विभेद भएको, बाराको बसहा नदीबाट जनता पीडित रहेको, पर्साको पलौसिरियामा नेपाल-भारत चेकपोष्टको जग्गाको मुआब्जा नपाएको, चिनी मिलको (सरकारी) जग्गा अतिक्रमण भएको लगायतका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गरानुभयो ।

उहाँले संसदीय समितिहरूले दिएको प्रतिवेदनलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्ने, तराई-मधेश-थरूहट आन्दोलनको क्रममा आफ्ना कार्यकर्ताहरूमाथि लगाइएका 'झुटा' मुद्दा फिर्ता गर्नुपर्ने, चारकोशे झाडी र सार्वजनिक जग्गा अतिक्रमण रोक्नुपर्ने, पसाहा नदीमा सिँचाई आयोजनाका लागि बजेट थप्नुपर्ने लगायका विषय उठाउनु भएको थियो ।

हुलाकी राजमार्गको बारा, पर्सा अन्तर्गत बाटो अतिक्रमण भएको, निजगढ विमानस्थलको काम सुचारू नभएको, उखुको मूल्य निर्धारण नभएकोमा उहाँको चिन्ता र सरोकार थियो । चुरे संरक्षण नारामा मात्र सीमित भएको, २०७५ चैत्र १७ गते बारा जिल्लामा हावाहुरीबाट जनधनको ठूलो क्षति भएको उल्लेख गर्दै उहाँले बाढीले तराईमा पुऱ्याएको क्षतिका सम्बन्धमा सभाका अध्यक्षको नेतृत्वमा गरिएको स्थलगत अवलोकन भ्रमण सम्बन्धी प्रतिवेदन कार्यान्वयनको माग गर्नुभयो ।

प्रधानमन्त्रीको अभिव्यक्तिबाट संघीयता खतरामा छ कि भन्ने प्रश्न उठेको उल्लेख गर्दै उहाँले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्नुभयो । देशको समृद्धि र शान्ति सुरक्षाको अवस्था खस्किँदो रहेको भन्दै चिन्ता व्यक्त गर्नुभयो । उहाँले तराईको सीमानामा कृषि उत्पादन, आयात-निर्यात तथा व्यापार गर्दा भोग्नु परेको समस्या समाधानमा सरकारले न्यायपूर्ण काम नगरेको आरोप लगाउँदै गत साल बारा जिल्लामा आएको तुफानले क्षति पुऱ्याएका घरहरूको पुनर्निर्माण गर्नुपर्ने माग राख्नुभएको थियो ।

■ **मा. राजकुमार कुँवर**

माननीय राजकुमार कुँवरले दोस्रो अधिवेशनमा १ पटक, तेस्रो अधिवेशनमा १ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी ३ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले जनआन्दोलन, मधेश आन्दोलन, जनजाति आन्दोलनका घाइतेको औषधि उपचारको व्यवस्था, जनयुद्ध तथा जनआन्दोलनका क्रममा मृत्यु, घाइते, अपाङ्ग भएका व्यक्ति तथा उनीहरूको परिवारलाई उचित राहत, क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने माग राख्नुभयो ।

मदन भण्डारी राजमार्गलाई सकेसम्म सीधा बनाउनुपर्ने उहाँको भनाइ छ । कम्यूनिष्टको सरकार भए तापनि द्वन्द्व पीडित, शहीद तथा घाइतेहरूको यथोचित व्यवस्था गर्नुको सट्टा उनीहरूलाई थप पीडा दिने अभिव्यक्तिहरू आएको उहाँको टिप्पणी थियो । उहाँले एमसीसी अनुदान अमेरिकी हैकम चलाउने रणनीति अन्तर्गत आएको बताउनुभयो ।

■ **मा. राधेश्याम अधिकारी**

माननीय राधेश्याम अधिकारीले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा ७ पटक, तेस्रो अधिवेशनमा ५ पटक, चौथो अधिवेशनमा ४ पटक र पाँचौं अधिवेशनमा ३ पटक गरी २० पटक विशेष समयमा बोल्नुभएको छ ।

सरकारले संविधानको मर्म विपरीत विभिन्न विधेयकहरू सदनमा ल्याएको भन्दै उहाँले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सहितका नागरिक अधिकार संकुचित हुनेगरी संसदले कानून बनाउन नहुने धारणा राख्नुभयो ।

प्रधानमन्त्रीद्वारा अधिकारको केन्द्रीकरण गरिएको, सरकारले न्यायपालिकामाथि नियन्त्रणको प्रयास गरेको, प्रदेश सरकारले तयार गरेका विधेयकप्रति केन्द्र सरकारको वक्रदृष्टि रहेको उहाँको भनाइ थियो । त्यसैगरी नेपाल ट्रष्टको सम्पत्ति व्यापारिक समूहलाई हस्तान्तरण गरिएको, यसको हिनामिना र भ्रष्टाचारमा सरकारी संलग्नता रहेको उहाँको भनाइ छ ।

सरकारले उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन सार्वजनिक नगरेकोमा दुःख व्यक्त गर्दै उहाँले डा. गोविन्द के.सी. सँग सरकारले गरेका सम्झौता कार्यान्वयनको माग गर्नुभयो । कक्षा १२ को पाठ्यक्रमबाट गणित विषय हटाउने विषयप्रति पनि उहाँको गम्भीर आपत्ति रहेको थियो ।

शान्ति सुरक्षाको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै उहाँले लगानी सम्मेलनको मुखमा विप्लव समूहले एनसेल टावरहरूमा गरेको बमविष्फोटले अन्तर्राष्ट्रिय लगानीकर्तामा नराम्रो सन्देश जाने बताउनुभएको थियो ।

काठमाडौं-तराई जोड्ने द्रुतमार्ग सम्बन्धमा नेपाली सेनाले डीपीआर सरकार समक्ष बुझाएको तर त्यस सम्बन्धमा सरकारले कुनै चासो नदिएको भन्दै उहाँले आपत्ति जनाउनुभयो । उहाँले हेटौंडा काठमाडौं सुरूङमार्ग समेतका भौतिक पूर्वाधार निर्माणमा भएको ढिलाइ, भौतिक पूर्वाधार तथा ट्राफिकको दुरावस्था, अतिक्रमित सरकारी जग्गाको संरक्षणमा सरकारी उदासीनता, मानवअधिकारको निराशाजनक अवस्थाबारे पनि चिन्ता व्यक्त गर्नुभयो ।

व्यापार असन्तुलन भएको, पूँजीगत खर्च निराशाजनक रहेको, कृषिजन्य उत्पादनको आयात बढेको, पूँजी बजार निरन्तर ओरालो लागिरहेको भन्दै उहाँले अर्थतन्त्र सुधारका लागि ठोस प्रयास गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । तरकारी र खाद्यान्नमा भएको अत्यधिक मूल्य वृद्धि नियन्त्रण गर्नुपर्ने, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा दीर्घकालीन सुधार गर्नुपर्ने उहाँको भनाइ थियो ।

■ **मा. रामचन्द्र राई**

माननीय रामचन्द्र राईले दोस्रो अधिवेशनमा २ पटक र तेस्रो अधिवेशनमा १ पटकगरी ३ पटक विशेष समयमा बोल्नुभएको छ ।

सार्वजनिक निर्माण कार्यमा ढिलासुस्ती भएर स्थानीय निकायमा पूर्वाधार लगायतका समस्या रहेको उल्लेख गर्दै उहाँले मकवानपुर लगायतका क्षेत्रमा रहेको सुकुम्वासी र अव्यवस्थित वसोबासको समस्या समाधानको माग गर्नुभयो ।

राईले नारायगढ-मुग्लिङ्ग सडक खण्डमा सुख्खा पहिरोका कारण मालसामान ढुवानी गर्न समस्या परेकोले सरकारले उचित व्यवस्थापन गर्नुपर्ने लगायतका विषयहरू उठाउनु भएको थियो ।

संसदलाई प्रभावकारी बनाउनुपर्ने उल्लेख गर्दै उहाँले शून्य र विशेष समयमा उठान भएका विषयको सम्बोधन हुनुपर्ने बताउनुभयो ।

■ **मा. रामपृत पासवान**

माननीय रामपृत पासवानले दोस्रो अधिवेशनमा ९ पटक, तेस्रो अधिवेशनमा ५ पटक, चौथो अधिवेशनमा ९ पटक र पाँचौं अधिवेशनमा ५ पटक गरी २८ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले शिक्षामा दलितको पहुँच बढाउन आवश्यक कदम चाल्नुपर्ने, दलितमाथि हुने विभेदका घटनामा प्रशासन उदासीन रहन नहुने, मधेशमा सडक किनारमा बसोबास गरिरहेका दलित समुदायको उचित व्यवस्थापन गरिनुपर्नेलगायका विषय उठाउनुभएको थियो । सीटीईभीटीद्वारा प्रकाशित 'प्रोफिसियन्सी सर्टिफिकेट इन जनरल मेडिसिन' को नतिजामा दलित कोटामा गैरदलितको नाम निकालिएको भन्दै उहाँले आपत्ति जनाउनुभयो ।

मुसहर लगायतका दलित सीमान्तकृत र पूर्वी नेपालका राजवंशी सुकुम्वासीले जमिन नपाएको उल्लेख गर्दै पासवानले दलित र विपन्न एवं सीमान्तकृत समुदायलाई अधिकारबाट वञ्चित गरिएमा भयावह स्थिति सिर्जना हुने बताउनुभयो ।

प्रदेश लोकसेवा आयोग मापदण्ड र आधार ऐन, २०७५ मा समानुपातिक समावेशीको सिद्धान्तलाई अंगीकार गर्नुपर्ने, दलितलाई अपमान हुने गरी शब्दहरू नहोऊन् भन्ने विषयमा ध्यान पुऱ्याउनु पर्ने, दलित विद्यार्थीलाई प्राविधिक शिक्षामा विशेष छात्रवृत्तिको व्यवस्था गर्नुपर्नेमा उहाँको विशेष जोड थियो ।

प्रदेशका अधिकारमा केन्द्रबाट हस्तक्षेप भएको आरोप लगाउँदै उहाँले कैलालीबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित रेशम चौधरीको मुद्दा राजनीतिक रूपले समाधान गर्न माग गर्नुभयो । संविधान संशोधनमा सरकारले बेवास्ता गरेको भन्दै उहाँले सरकार र संघीय समाजवादी पार्टीबीचको दुईबुँदे सहमति कार्यान्वयनको माग गर्नुभएको थियो ।

लोकसेवाले गरेको स्थानीय तहका कर्मचारीको विज्ञापन समावेशी नरहेको बताउँदै उहाँले नागरिकता ऐन संशोधन विधेयक प्रतिनिधि सभाको राज्यव्यवस्था समितिमा एक वर्ष भन्दा बढी 'थन्काइएको' टिप्पणी गर्नुभयो ।

विदेशमा श्रमशक्ति बेच्ने नेपाली युवाहरूको सामाजिक सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने माग गर्दै उहाँले प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा जटिलताबारे धारणा राख्नुभएको थियो । बाढी पीडित जनताप्रति सरकार गम्भीर नभएको भन्दै उहाँले बाढीबाट प्रभावित प्रदेश नं २ लाई 'बाढीग्रस्त क्षेत्र' घोषणा गरी पुनर्निर्माण र पुनःस्थापना गर्न माग गर्नुभएको थियो ।

वीरगञ्जको नेशनल मेडिकल कलेजले विद्यार्थीबाट अतिरिक्त शुल्क लिइरहेको, मदरसा शिक्षालाई राष्ट्रिय शिक्षाको मूलधारमा समाहित गर्नु आवश्यक भएको, प्याजको मूल्य अकासिएको, राष्ट्रिय सभाका सदस्यहरूलाई प्रतिनिधि सभाका प्रत्यक्ष निर्वाचित सांसद सरहको व्यवहार नगरिएको,

पाँच वर्षदेखि उखु किसानहरूले रकम भुक्तानी नपाएको उहाँको भनाइ थियो । उहाँले सर्लाहीको नवलपुर मलङ्गवा सडक तथा राजधानीको चाबहिल र जोरपाटी सडकको दुरावस्थाबारे ध्यानाकर्षण गराउनुभयो । उहाँले नेपालमा विभेद रहित लोकतन्त्र संस्थागत हुन नसकेकोमा दुःख व्यक्त गर्नुभयो ।

■ **मा. राम लखन चमार**

माननीय राम लखन चमारले दोस्रो अधिवेशनमा ६ पटक, तेस्रो अधिवेशनमा ४ पटक, चौथो अधिवेशनमा ५ पटक र पाँचौं अधिवेशनमा ५ पटक गरी २० पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले सुस्ताबासीले भोगिरहेको समस्या, विकास निर्माणमा भएका भ्रष्टाचार, नवलपरासीमा मनोज कुमार हरिजनको अपहरण र हत्याको घटनामा 'प्रशासनको बेवास्ता' जस्ता विषयलाई मुख्यरूपमा उठाउनुभएको थियो । सरकारले गरिब, दलित विद्यार्थीलाई दिने छात्रवृत्ति सम्बन्धी कार्यविधि समयमा तयार गर्न नसकेको भन्दै उहाँले गरिब विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि दिने निर्व्याजी ऋण सम्बन्धमा कार्यविधि बनाई कार्यान्वयन गर्न माग राख्नुभयो ।

तराई क्षेत्रमा वर्षेनी हुने बाढी र डुबान समस्याप्रति सरकारको ध्यानाकर्षण गराउँदै उहाँले गण्डक नहरबाट भारतले अधिकतम फाइदा लिएको तर नेपाली जनताले दुःख पाइरहेको, वित्तीय संस्थाबाट कर्जा लिन असहज भएको, आरक्षणको सही कार्यान्वयन नभएको, नवलपरासीमा केरा खेती नष्ट भएको, बाली बीमा र क्षतिपूर्तिको अवधारणा अनुरूप काम हुन नसकेको लगायतका विषय उठाउनुभयो ।

अरू दलितभन्दा मधेशी दलितलाई फरक व्यवहार गरेकोमा दुःख व्यक्त गर्दै उहाँले पिछडिएको वर्गको उचित सम्मान, संरक्षण र प्रतिनिधित्वका लागि राष्ट्रिय दलित आयोगलाई छिटो पूर्णता दिन माग गर्नुभएको थियो । नवलपरासीको लुम्बिनी चिनी कारखानाले सम्झौतानुसार काम नगरेको, उखु मिलहरूले सरकारले निर्धारण गरेको मूल्यमा उखु खरिद नगरेको उल्लेख गर्दै उहाँले त्यस्ता मिलहरू उखु किसानहरू मार्फत सहकारी माध्यमबाट सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो ।

नेपाल भ्रमण वर्षको घोषणाले नवलपरासीका जनतामा खुसी थपेको, उक्त क्षेत्रमा धार्मिक पर्यटन भित्र्याउन ट्रली बस (विद्युतीय बस) सञ्चालन गर्नुपर्ने, काठमाडौंमा ट्याक्सी मिटरमा जान नमानेको तथा राष्ट्रिय जनगणनमा दलितहरूको जनसंख्या कम हुँदै गएकोमा कारण पत्ता लगाउनुपर्ने लगायतका विषयहरू उठाउनु भएको थियो ।

■ **मा. रामनारायण विडारी**

माननीय रामनारायण विडारीले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा ६ पटक, तेस्रो अधिवेशनमा ९ पटक, चौथो अधिवेशनमा ९ पटक र पाँचौं अधिवेशनमा ५ पटक गरी ३० पटक विशेष समयमा बोल्नुभएको छ ।

सरकारी जग्गा व्यक्तिको नाममा गएको भए छानबिन हुनुपर्ने, नागरिकताको विवाद समाधानार्थ छानबिन आयोग गठन गर्नुपर्ने माग राख्दै उहाँले घरेलु हिंसा, महिला हिंसा तथा संगठित अपराध न्यूनीकरण गर्न सरकारले पहल गर्नुपर्ने, बाढी तथा डुबान सम्बन्धमा तत्कालीन, अल्पकालीन र दीर्घकालीन नीति बनाउनुपर्ने, वन्यजन्तुको संरक्षण गर्दैगर्दा मानिसको सुरक्षा र संरक्षणमा समेत ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले चुरे दोहनबाट सिर्जित बाढी पहिरोको समस्या, यातायात क्षेत्रको अव्यवस्था, कलंकीदेखि नागढुङ्गासम्मको सडकको दुरावस्था, गणेशमान सिंह मार्गमा सुरूङ निर्माणको आवश्यकता, काठमाडौँ-तराई फास्ट ट्र्याकलगायका विषय उठाउनुभएको छ । फर्पिङ-हेटौँडाको बाटो छोटो भए तापनि साँघूरो र कमजोर भएको, गणेशमान सिंह मार्ग र दक्षिणकाली मार्गको काममा ढिलाई भएको भन्दै उहाँले ठेक्का लिएर समयमा काम नसक्ने ठेकेदारलाई कारवाहीको माग गर्नुभयो । उहाँले जनताप्रति उत्तरदायी कार्यपालिका र न्यायपालिकाको शुद्धीकरणलगायका विषय उठाउनुभएको थियो ।

विदेशमा रहेका बखत प्रधानमन्त्रीले 'भिडियो कन्फ्रेन्स' मार्फत देशको मन्त्रिपरिषद्सँग छलफल गर्नुलाई नेपालको इतिहासमै सूचना प्रविधिको अग्रगामी प्रयोग भएको उहाँको भनाइ थियो । उहाँले चाडपर्वमा कालाबजारी, तस्करहरू र एकाधिकारीहरू रमाएका र उनीहरूलाई कारवाही नभएको, भूकम्पपछिको पुनर्निर्माण राम्ररी हुन नसकेको, कुलेखानी जलविद्युत् जलाशयको संरक्षण र मर्मत सम्भार समयमै नभएको जस्ता विषयमा सरकारको ध्यानाकर्षण गराउनु भएको थियो ।

उहाँले फौजदारी अभियोगमा प्रमाण नष्ट गर्नेलाई कडा कारवाही हुनुपर्ने, घर बनाउँदा अनिवार्य रूपमा रूख रोप्नुपर्ने, उपत्यकामा आधुनिक पशु वधशाला बनाउनुपर्ने, बढी शुल्क लिने मेडिकल कलेजलाई कारवाही गर्नुपर्ने, जग्गा अतिक्रमण गर्नेहरूलाई कानूनको दायरामा ल्याउनुपर्ने र सुकुमबासीहरूलाई जग्गा दिने नीति ल्याउनुपर्ने बताउनुभयो ।

मिलिनियम च्यालेन्ज कर्पोरेशन र इन्डोप्यासिफिक स्ट्राटेजी सम्बन्धमा सरकारले सदनमा आएर ठोस जवाफ दिनुपर्ने, कालापानी, लिपुलेक र लिम्पियाधुराको बारेमा सदनलाई प्रष्ट

रूपमा जानकारी गराउनुपर्ने, सन् १९५० को नेपाल-भारत सन्धि पुनरावलोकन गर्नुपर्ने उल्लेख गर्दै उहाँले निर्वाचन पर्यवेक्षण सम्बन्धी युरोपियन युनियनको प्रतिवेदन गलत भएको बताउनुभयो ।

विगत ५ वर्षमा सवारी दुर्घटनामा परी दश हजारभन्दा बढीले ज्यान गुमाउनुमा सरकार नै दोषी रहेको तर ललिता निवास प्रकरण, सुन काण्ड, प्रहरीका उच्च पदाधिकारीको भ्रष्टाचार काण्ड सम्बन्धमा सरकारले उल्लेखनीय भूमिका खेलेको बताउनुभयो । राष्ट्र निर्माणमा सत्तापक्ष र प्रतिपक्ष मिलेर अघि बढ्नुपर्ने उल्लेख गर्दै उहाँले प्रतिबन्धित विप्लव समूहलाई पनि वार्ता, सहमतिबाट राजनीतिक मूलधारमा ल्याउनुपर्ने धारणा राख्नुभयो ।

■ **मा. विन्दादेवी आले (राना)**

माननीय विन्दादेवी आले (राना)ले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा ५ पटक, तेस्रो अधिवेशनमा ३ पटक, चौथो अधिवेशनमा २ पटक र पाँचौं अधिवेशनमा २ पटक गरी १३ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले कूटनीतिक तहबाटै कालापानी र सुस्ता सिमा विवाद समाधान गरिनुपर्ने, सबै प्रकारका वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीबाट परिचालन गर्नुपर्ने, बिमस्टेकका सदस्य राष्ट्रहरूसँग व्यापार घाटाको सम्बन्धमा भन्सार छुट जस्ता विषयमा वार्ता हुनुपर्ने धारणा राख्नुभयो ।

उहाँले महिलामाथि यौन हिंसा बढेको, सुर्खेतमा प्रहरीको ज्यादति भएको, पोखरा-न्यूरोडस्थित मिनिमार्केटमा आगलागी भएको लगायतका विषय उठाउनुभएको थियो । मुलुकी संहिताहरूमा रहेका प्रावधानहरू संशोधन गर्नुपर्ने, वाइड

बडी प्रकरणमा सार्वजनिक लेखा समिति अन्तर्गत गठित उप-समितिले दिएको प्रतिवेदन तत्काल कार्यान्वयन गर्नुपर्ने, बालुवाटारस्थित ललिता निवास प्रकरण सम्बन्धी अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग थियो ।

लुम्बिनी परिसरमा रहेका तीन दर्जनभन्दा बढी विहार, गुम्बाहरू नियम विपरित गेष्ट हाउसको रूपमा सञ्चालन भएका, कृषिमा दिइने अनुदान आसेपासेलाई मात्र वितरण गरेको, नेपाली महिलाहरू गैरकानूनी रूपमा इराक गइरहेको, प्रधानमन्त्री रोजगार कार्यक्रमको समीक्षा नै नगरी आई.डी.सी. बाट १३ अर्ब वैदेशिक ऋण लिन गृहकार्य भइरहेको भन्दै उहाँले त्यस्ता विषयबारेको वास्तविकता सार्वजनिक गर्न माग गर्नुभयो ।

उहाँले चीनको वुहान शहरबाट नेपाल फर्कन चाहने नेपालीलाई उचित व्यवस्था सहित फिर्ता गर्नुपर्ने, विदेशमा मृत्युवरण गरेका कामदारको शव नेपाल ल्याउने उचित प्रबन्ध मिलाई घरसम्म पुऱ्याउने वातावरण मिलाउनुपर्ने लगायतका विषयहरू उठाउनु भएको थियो ।

■ **मा. विना पोखरेल**

माननीय विना पोखरेलले दोस्रो अधिवेशनमा १ पटक, तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा १ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी ४ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले महिला र बालबालिकामाथि भएका हिंसा एवं पितृसत्तावादी सामजिक संरचना र सोच जस्ता विषयमा सदनको ध्यानाकर्षण गराउनुभएको थियो । संसदीय अभ्यास बलियो बनाउन सबै राजनीतिक दलहरू मिल्नुपर्ने, संघीय संसदका सदस्यहरूलाई सामूहिक आवास र यातायातको

सुविधा प्रदान गर्नुपर्ने उहाँको माग थियो । उहाँले दशैं लगायतका चाडपर्वको समयमा बजार व्यवस्थापनलाई विशेष ध्यान दिनुपर्ने लगायतका विषयहरू मुख्य रूपमा उठाउनु भएको थियो । उहाँले सुत्केरी बिदा ३ महिनाबाट ६ महिना गराइनुपर्ने, सबै केन्द्रमा शिशु स्याहार केन्द्र र औषधिको व्यवस्था गर्नुपर्नेजस्ता माग गर्नुभयो ।

■ **मा. डा. विमला राई पौड्याल**

माननीय डा. विमला राई पौडयालले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा ७ पटक, तेस्रो अधिवेशनमा ५ पटक, चौथो अधिवेशनमा ४ पटक र पाँचौं अधिवेशनमा ४ पटक गरी २१ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले संविधानसँग बाझिएका कानून संशोधन गर्नुपर्ने, नेपालको सुरक्षा निकायले विदेशी पाहुनाहरूलाई सुरक्षा प्रदान गर्नुपर्ने जस्ता विषय उठाउनु भएको यियो ।

अमेरिकाको मिलेनियम च्यालेन्ज को-अपरेशन (एमसीसी)बाट सहयोग पाउनु नेपालका लागि गौरवको विषय भएको बताउँदै उहाँले कुनैपनि पूर्वाधार निर्माणका कामलाई समय सीमाभित्रै सक्नुपर्नेमा जोड दिनुभयो ।

विद्युतीय सवारीलाई प्रोत्साहित गर्नुपर्नेमा निरूत्साहित गर्न खोजेको, भूकम्प, बाढी-पहिरो जस्ता प्रकोपको समयमा पीडितको तत्काल उद्दार गरी राख्नका लागि खुल्ला क्षेत्र पहिचान गरी सोको व्यवस्थापनतर्फ ध्यान नपुगेको, छाडा गाईवस्तु तथा कुकुरको व्यवस्थापनका लागि राष्ट्रिय नीति र कानून आवश्यक भएको, बढ्दो सडक दुर्घटनाका कारण सडक सुरक्षाको स्थिति नाजुक भएको जस्ता विषयमा उहाँले सम्बन्धित निकायको ध्यानाकर्षण गनुभएको थियो ।

चिनी उद्यमीहरू, उखु कृषकहरूको समस्या समाधानको माग गर्दै उहाँले छाउपडी प्रथा लगायतका समस्या समाधान, महिला सशक्तीकरण, समावेशिता, दिगो विकासलगायतका विषयमा बोल्नुभएको थियो । मकवानपुरस्थित दामनको एक होटलमा ८ जना भारतीय नागरिक र ललितपुरको हेल्थ क्लबमा एक दम्पत्तीको निसास्एिर ज्यान गएका घटनाहरू उल्लेख गर्दै उहाँले त्यस प्रकारका घटना दोहोरिन नदिनका लागि आवश्यक सतर्कताको अपिल गर्नुभएको थियो ।

उहाँले अवैध रूपमा सञ्चालन भएका क्रसर उद्योगलाई नियमन गर्नुपर्ने, कृषि तथा वन विश्वविद्यालयमा लामो समयदेखि खाली रहेको उपकुलपति लगायत अन्य महत्वपूर्ण पदहरूमा ततकाल नियुक्त हुनुपर्ने लगायतका विषय उठाउनुभएको थियो ।

उहाँले एनसेल टावरहरूमा भएको बम विष्फोट, सामाजिक सञ्जालमा राष्ट्रपतिको मर्यादा विपरितका सामग्री राखिएका, महिला र पुरूषबीच असमान ज्याला, कृषिमा अनुदान पाउनु पर्नेले नपाएको लगायतका विषय उठाउनु भएको थियो ।

सांसदहरूलाई तथ्यपूर्ण र भरपर्दो सूचना प्रदान गर्न सचिवालयमा दक्ष कर्मचारी संयन्त्र हुनुपर्ने उल्लेख गर्दै उहाँले सांसदहरूलाई अनुसन्धानमा आधारित विषयहरूको प्रभावकारी व्यवस्थापन हुन नसक्दा सांसदहरूको कार्य प्रभावकारिता बढ्न नसकेको बताउनुभयो ।

■ **मा. वृषेशचन्द्र लाल**

माननीय वृषेशचन्द्र लालले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा ७ पटक, तेस्रो अधिवेशनमा ५ पटक, चौथो अधिवेशनमा ४ पटक र पाँचौं अधिवेशनमा ४ पटक गरी २१ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले बाढी नियन्त्रण, तराई-मधेशमा लगानी, सौर्य ऊर्जाको विकास, प्रदेश प्रहरी गठन, नागरिकताको समस्या, महिला माथिको क्रूरता र हिंसा, हत्याका घटना, अपराधको राजनीतिकरण, प्रदेशका सरकाहरूले गरिरहेको शान्ति सुरक्षामा आफ्नो भूमिका माग, अन्तरप्रदेश परिषद्को बैठक, मधेस आन्दोलनमा भएको सम्झौता कार्यान्वयन, न्यायपालिकामा सरकारी 'हस्तक्षेप', संविधान संशोधनको आवश्यकता जस्ता विषय उठाउनुभएको थियो ।

अति संवेदनशील बैठकहरूमा हुने अनधिकृत व्यक्तिको उपस्थितिका सम्बन्धमा सदनलाई जानकारी गराउन सरकारसँग माग गर्दै उहाँले संसदमा कुरा उठाए पनि कुनै चासो समेत नदिई सरकार उदासीन रहेको, नेपालको सीमाना सम्बन्धी कुनैपनि सन्धि र सम्झौता संसदलाई जानकारी दिएर मात्रै नपुग्ने, यसबारे यथेष्ट छलफल पश्चात् दुई तिहाइ बहुमतबाट मात्र अनुमोदन हुनुपर्नेलगायतका विषयहरू उठाउनु भएको थियो ।

सन् १९५० को नेपाल-भारत सन्धि पुनरावलोकन गर्दा नेपाल-भारत प्रबुद्ध समूहको प्रतिवेदन अनुरूप हुनुपर्ने उल्लेख गर्दै उहाँले नेपाल-भारत प्रबुद्ध समूहमा मधेशी समुदायको प्रतिनिधित्व नभएको बताउनुभयो ।

जनकपुरलाई स्मार्ट सिटी बनाउने काम भइरहेकोमा त्यहाँका जनताले जग्गाको मुआब्जा नपाएको उहाँको गुनासो थियो । संविधानको अनुसूची-६ ले भूमि व्यवस्थापन सम्बन्धी अधिकार प्रदेशलाई दिएकोले यस सम्बन्धी कानूनी व्यवस्था गर्ने अधिकार प्रदेश सभालाई हुने स्मरण गराउँदै उहाँले तराई-मधेश-थरूहट आन्दोलनको सत्यतथ्य छानबिन गर्न गिरिशचन्द्र लालको अध्यक्षतामा गठित उच्चस्तरीय आयोगको प्रतिवेदनसार्वजनिक गर्न माग गर्नुभयो ।

जनकपुरमा रेलवे स्टेशन बनिसकेको भएता पनि रेलका लागि आवश्यक पर्ने सबै संरचना तयार नभएकोले सरकारले सदनमा आएर जानकारी गराउनु पर्ने माग राख्दै उहाँले उखु किसानहरूले पाउनुपर्ने करोडौँ बक्यौता नपाएकोलगायतका विषयहरू सदनमा उठाउनुभएको थियो ।

■ **मा. शेरबहादुर कुँवर**

माननीय शेर बहादुर कुँवरले पहिलो अधिवेशनमा १ पटक, दोस्रो अधिवेशनमा ४ पटक, तेस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा ४ पटक र पाँचौं अधिवेशनमा ४ पटक गरी १५ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले देशका विभिन्न क्षेत्रहरूमा हावाहुरी, असिनापानी र चट्याङ्गबाट ठूलो धनजनको क्षति भएकोमा किसानलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने, द्वन्द्वकालमा अछाम जिल्लामा ध्वस्त संरचना पुनर्निर्माण हुनुपर्ने, पुनर्निर्माणमा स्वदेशी स्रोत परिचालन गर्नुपर्ने लगायका विषय उठाउनुभएको थियो । अछाम जिल्ला मेल्ले गाँउपालिका वार्ड नं. ३ अन्तर्गत रहेका जनतालाई लालपूर्जा प्रदान गर्न र सेती लोकमार्गमा विनियोजन बजेट खर्च गर्न माग गर्दै उहाँले स्थानीय निकायमा रिक्त रहेको कर्मचारी पदपूर्ति शीघ्र गर्नुपर्ने, औचित्यका आधारमा कर्मचारीहरूलाई समायोजन गर्नुपर्ने र सो सम्बन्धमा परेका उजुरीहरूलाई यथार्थपरक ढङ्गले छानबिन गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

खाडी क्षेत्रमा महिला श्रमिकको अवस्था दयनीय रहेको उल्लेख गर्दै उहाँले नेपाल र भारतमा कार्यरत एक-अर्का देशको श्रमिकहरूको संख्या यकिन गर्न, सीमा अनुगमन गरी लगत लिन र श्रमिकहरूको सुरक्षाका लागि उच्च कूटनीतिक पहल गर्न सरकारसँग माग गर्नुभयो ।

एमसीसी सम्बन्धमा सरकारबाट कुनै जवाफ नआएको बताउँदै उहाँले मुलुकको एकीकरण गर्ने पृथ्वीनारायण शाह लगायतका अन्य राष्ट्रिय विभूतिहरूलाई बिर्सन नहुने, भ्रमण वर्ष २०२० को सन्दर्भमा पूर्वदेखि पश्चिमसम्मका पर्यटकीयस्थलको पहिचान गर्नुको साथै पर्यटकका समस्या समाधान गर्नुपर्ने बताउनुभयो ।

उहाँले छाउपडी प्रथा अन्त्यका लागि सबैले सहयोग गर्नुपर्ने, अछाम जिल्ला पञ्चदेवल नगरपालिकाका वडाध्यक्षको रहस्यमय मृत्युका सम्बन्धमा सत्यतथ्य छानबिन गर्नुपर्ने, पश्चिम सेती जलविद्युत् आयोजनाका लागि आगामी बजेटमा आवश्यक रकम छुट्याउनुपर्नेलगायतका विषयहरू उठाउनु भएको थियो । उहाँले निर्वाचन पर्यवेक्षण सम्बन्धी युरोपियन यूनियनको प्रतिवेदनप्रति आपत्ति जनाउनुभएको थियो ।

■ **मा. सिंग बहादुर विश्वकर्मा**

माननीय सिंग बहादुर विश्वकर्माले दोस्रो अधिवेशनमा ४ पटक, तेस्रो अधिवेशनमा १ पटक र चौथो अधिवेशनमा १ पटक गरी ६ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले दलितको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित हुनुपर्ने, तातोपानी नाका सुचारू गर्नुपर्ने, म्याग्नेसाइट खानी सुचारू गर्नुपर्ने, भुकम्प पीडितलाई रोजगारीको व्यवस्था गर्नुपर्ने, 'पण्डित बाजेको लौरी' चलचित्रले वादी समुदायको बारेमा गलत जानकारी दिएकोले प्रदर्शनमा रोक लगाउनुपर्नेलगायतका माग राख्नुभएको थियो ।

२०७१ सालको सिन्धुपाल्चोकको जुरे पहिरो र २०७२ को भूकम्प समेत दुवै घटनाका पीडितले दुवै किसिमको राहत पाउनुपर्ने, राष्ट्रिय दलित आयोगका सदस्यहरूको शीघ्र पूर्ति गर्नुपर्ने लगायतका विषयहरू उठाउनु भएको थियो ।

■ मा. सुमन राज प्याकुरेल

माननीय सुमन राज प्याकुरेलले दोस्रो अधिवेशनमा २ पटक, चौथो अधिवेशनमा ४ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी ७ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले कोशी सम्झौतालाई भारतले लागू नगर्दा र कोशीबाट पीडितले क्षतिपूर्ति नपाउँदा सप्तरी, उदयपुर र सुनसरीका जनताले रिले आन्दोलन गरेको स्मरण गराउँदै कोशीटप्पु वन्यजन्तुआरक्षण क्षेत्रमा रहेका जनावरहरूको प्रभावकारी व्यवस्थापन हुन नसकेको, आरक्षभित्र रहेका व्यक्तिहरूको जग्गालाई साटफेर गरी उनीहरूलाई बाहिर जग्गा उपलब्ध गराउनुपर्नेलगायतका विषयहरू उठाउनुभएको थियो ।

उहाँले सार्वजनिक पदाधिकारीहरूको पद अनुसारको सवारी साधनका लागि मूल्य तोकिनुपर्ने, नेपालको व्यापार असन्तुलन घटाउन काठमाडौं जस्ता शहरमा विद्युतीय सवारी साधन चलाउने व्यवस्था मिलाउनुपर्ने बताउनुभयो ।

त्रियुगा नदीले भङ्गालो परिवर्तन गरी गाउँतर्फ प्रवेश गरेको, बागमती नदीले रौतहट र सर्लाहीलाई डुबानमा पारेको, कमला नदीले धनुषा र सिरहामा ठूलो असर पारेको र आगामी समयमा खाद्यान्न संकटको अवस्था देखापर्न सक्ने बताउँदै उहाँले दुई नम्बर प्रदेशका जिल्लाहरूको राष्ट्रिय सभाका अध्यक्षको संयोजकत्वमा स्थलगत अवलोकन भ्रमण गरी तयार पारिएको प्रतिवेदन यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने, बजेटको बारेमा जनतालाई जानकारी दिनुपर्ने, मर्यादाक्रमको निर्धारण कानून बमोजिम हुनुपर्ने बताउनुभयो । उहाँले मध्यपुर थिमी नगरपालिकाका मेयरमाथिको हमला, चुरे दोहन लगायका विषय उठाउनुभएको थियो ।

■ **मा. सुरेन्द्र राज पाण्डे**

माननीय सुरेन्द्र राज पाण्डेले दोस्रो अधिवेशनमा १ पटक र तेस्रो अधिवेशनमा १ पटक गरी २ पटक विशेष समयमा बोल्नुभएको छ । भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणका सन्दर्भमा उहाँले नेपाली सेना र नेपालको सुरक्षा निकायबाट नै विदेशी पाहुनाहरूलाई सुरक्षा प्रदान गर्नुपर्ने धारणा राख्नुभयो ।

असिनापानी र चट्याङ्गबाट ठूलो धनजनको क्षति र किसानलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग राख्दै उहाँले पूर्व प्रधानमन्त्रीहरू गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाको नाममा स्थापित अस्पतालहरूको खारेजीको आशंका उब्जिएकोले तत्काल सच्याउनुपर्ने लगायतका विषयहरू राख्नुभएको थियो ।

■ **मा. हरिराम चौधरी**

माननीय हरिराम चौधरीले दोस्रो अधिवेशनमा १ पटक र चौथो अधिवेशनमा १ पटक गरी २ पटक विशेष समयमा बोल्नुभएको छ।

कञ्चनपुर जिल्लाको पुर्नवासमा भएको सीमा अतिक्रमणको समस्या समाधान गर्नुपर्ने, मुक्तकमैयाको विशेष व्यवस्थापन गर्नुपर्ने, सुदूरपश्चिममा कृषिका लागि आवश्यक मल तथा बीउ अभाव रहेकोलगायतका विषयहरू मुख्य रूपमा उठाउनुभएको थियो ।

■ **मा. हरीचरण शिवाकोटी**

माननीय हरिचरण शिवाकोटीले दोस्रो अधिवेशनमा ३ पटक, तेस्रो अधिवेशनमा १ पटक, चौथो अधिवेशनमा १ पटक र पाँचौं अधिवेशनमा १ पटक गरी ६ पटक विशेष समयमा बोल्नुभएको छ ।

उहाँले शहीदको सम्मान गर्नुपर्ने, सार्वजनिक जग्गाको न्यून मूल्याङ्कन गर्ने गरिएको, विकासका लागि इमान्दारिता र दृढ विश्वास आवश्यक भएको, प्रतिपक्षले अनावश्यक रूपमा गोविन्द के.सी. लाई अगाडि बढाएर सरकारलाई काम गर्न नदिएको आरोप लगाउनुभयो ।

उहाँले सि.के. राउतसँग भएको सम्झौताको पनि फरक-फरक अर्थ लगाइएको, कतारको दोहामा अन्तर-व्यवस्थापिका संघको बैठकमा जाने क्रममा कतारमा काम गर्ने नेपालीहरूसँग सम्पर्क भएको र थुप्रै नेपालीहरूले त्यहाँ दुःख भोग्नु परेको लगायतका विषयहरू उठाउनुभएको थियो ।

• • •

दुई वर्षको अनुभव

राष्ट्रिय सभा स्थायी सदन हो तर यसका सदस्यहरूको पदावधि ६ वर्षको हुन्छ । प्रत्येक दुई वर्षमा एक तिहाइ सदस्यको नयाँ निर्वाचन हुने संवैधानिक व्यवस्था छ । तदनुरूप पहिलो निर्वाचनबाट चुनिनुभएका ५९ जनाको कार्यकाल दुई, चार र छ वर्षमा बाँड्नका लागि गोलाप्रथा गरिएको थियो । लामो राजनीतिक र सामाजिक जीवनको अनुभवबाट खारिनुभएका १९ जना सदस्यहरू २०७६ फागुन २० गते सभाबाट विदा हुनुभएको छ । स्थायी सदनका सदस्यहरूको दुईवर्षे कार्यकाल आफैंमा लामो होइन तर सभाबाट पहिलो पटक विदा हुनुभएका सदस्यहरूले आफ्नो कार्यकाललाई गौरवका रूपमा स्मरण गर्नुभएको छ ।

राष्ट्रिय सभामा विज्ञहरूको उपस्थिति बढाउन, सदस्यहरूबीच सद्भावपूर्ण, आदर र सम्मानपूर्ण अवस्थालाई कायमै राख्न सुझाव दिँदै उहाँहरूले छोटो अवधिमै माथिल्लो सदनलाई 'परिपक्व सभा'का रूपमा स्थापित गराउने कार्यमा सफलता मिलेको बताउनुभएको छ । संविधान कार्यान्वयनको सुरूवाती चरणमा संसद प्रवेश गर्ने अवसर पाएकोमा खुसी व्यक्त गर्दै उहाँहरूले यो दुई वर्षलाई विधायिकी पाठशालाका रूपमा स्मरण गर्नुभएको छ । यसअघि व्यवस्थापिकामा काम गर्नुभएका अनुभवी सदस्यहरूले पनि राष्ट्रिय सभामा भिन्न र विशेष अनुभव

गर्नुभएको छ । तोकिएकै समयमा बैठक चल्ने, सभा र समितिका गतिविधि सहमति र समन्वयमा निर्धारित हुने परिपाटी स्थापित गर्दै राष्ट्रिय सभालाई दलीय विमतिबाट समेत माथि राख्ने प्रयास गरिएको उहाँहरूको अनुभव छ ।

दुई वर्षे कार्यकाल पूरा गरेर विदा हुनुअघि उहाँहरूसँग गरिएको कुराकानीको सम्पादित अंश-

...

दुई वर्ष त अभ्यासमै सकियो

- **कमलाकुमारी ओली**, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

स्थानीय विषयहरू, जनताका विभिन्न समस्यालाई मैले संसद र समितिमा उठाएकी छु ।

लामो राजनीतिक जीवनमा २०७४ सालमा राष्ट्रिय सभाको निर्वाचनमा पार्टीले उम्मेदवार हुने अवसर दियो । ०५४ सालमा स्थानीय निकायको जनप्रतिनिधि भएर काम गरेको अनुभव थियो तर मुलुकको सर्वोच्च जनप्रतिनिधिमूलक निकाय संघीय संसद अन्तर्गतको राष्ट्रिय सभामा शपथ लिएपछि मैले अलग्गै महसुस गरेकी थिएँ । एउटा रमाइलो र गौरवको अनुभूति पनि भएको छ ।

संसद बैठक जाँदा जहिले पनि मैले तयारी गरेर जाने गरेकी थिएँ । संसदमा बोलेका कुराहरू आधिकारिक हुनुपर्छ भन्नेमा म दृढ थिएँ । जनप्रतिनिधिले सुनेको भरमा मात्रै बोल्नु हुँदैन भन्ने लाग्छ ।

संसदमा प्रवेश गरेपछि मलाई के लाग्यो भने, कानून बनाउने कुरा त्यति सहज रहेनछ । संसदीय गतिविधिहरू असाध्यै अनुशासित भएर गर्नुपर्ने रहेछ । दलीय व्यवस्था रहेकाले संसदमा त्यसको परिधिभित्र पनि रहनुपर्ने हुन्छ ।

दिगो विकास तथा सुशासन समितिमा रहेर मैले विभिन्न मुद्दाहरूमा आवाज उठाएकी छु । स्थानीय विषयहरू, जनताका विभिन्न समस्यालाई मैले संसद र समितिमा उठाएकी छु । जस्तैः टीकापुर-लम्की सडक, सुदूरपश्चिमको ठूलो औद्योगिक क्षेत्र निर्माणलगायतका विषयमा जोडका साथ आवाज उठाएकी छु । जनताका विभिन्न मागलाई लिएर संसदमा आवाज उठाउने र विभागीय मन्त्रीको ध्यानाकर्षण समेत गराएकी छु । सांसदकोरूपमा निरन्तर गरेको मागले टिकापुर-लम्की सडकमा सरकारले झण्डै दुई अर्ब रूपैयाँ विनियोजन गरेको छ ।

कोरोना भाइरसको बारेमा संसदमा मैले आवाज उठाउँदा अनलाइन मिडियाले भाइरल नै बनाएका थिए । मैले सरकारले जहाज चार्टर्ड गरेर चीनबाट विद्यार्थी ल्याउन भनेकी थिएँ, धेरैले चीनबाट कसैलाई ल्याएकै छैन भनेर टिप्पणी गरे । अन्ततः सरकारले चीनबाट चार्टर्ड गरेर ल्याएरै छाड्यो ।

राष्ट्रिय सभाको दुई वर्ष अवधिमा म सम्माननीय राष्ट्रपतिसँग चीन भ्रमणमा गएकी थिएँ । त्यो मेराका लागि स्मरणीय रह्यो ।

एउटै प्रक्रिया भए पनि पहिलोपटक दुई, चार र छ वर्षको कार्यकाल रहने प्रावधान बमोजिम भाग्यले मेरो २ वर्षको पदावधि कायम भयो । दुई वर्षमा मैले धेरै कुरा सिक्ने अवसर पाएँ तर जब अभ्यास शुरू गर्न थालें, पदावधि नै सकियो ।

...

सुशासनमा ध्यानाकर्षण

- **कालीबहादुर मल्ल**, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

दैलेखको पेट्रोलखानी र जाजरकोटको फलाम खानी उत्खननको विषयलाई उठाएको छु ।

पहिले पनि संविधान सभा सदस्य भइसकेको हुँदा मलाई राष्ट्रिय सभामा भूमिका खेल्न सहज नै भयो । अर्को कुरा राष्ट्रिय सभालाई संविधानले जुन अवधारणाले व्याख्या गरेको छ, त्यसबारे चाहिँ नौलो भएर जान्ने कौतुहल भएको थियो ।

राष्ट्रिय सभा बिल्कुल नयाँ हो, यसबारे मैले सैद्धान्तिक ज्ञान मात्र लिएको थिएँ । भूमिकाको हिसाबले अरूभन्दा भिन्नै, अलि परिपक्व, विज्ञहरू भएको, अरूभन्दा संयम हुनुपर्ने हो । यो दुई वर्षमा नेपालको राष्ट्रिय सभा करिब करिब यस्तै प्रकारको रह्यो ।

प्रतिनिधि सभा जस्तो नभए पनि कानूननिर्माण प्रक्रिया भने उस्तै छ । दुईवटै सभा आकाश पातालकै फरक होइन । संविधान सभामा रही संविधान बनाएको र त्यही संविधान कार्यान्वयन गर्ने थलो संघीय संसद अन्तर्गतको राष्ट्रिय सभामा सहभागी हुन पाउनु मेरा लागि गर्वको कुरा पनि हो ।

म राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समिति र संघीय संसदको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन सम्बन्धी संयुक्त समितिमा रहेर काम गरेँ । मैले सदनमा उठाएका कतिपय कुराहरू कार्यान्वयन भएका छन् । खासगरी मैले दैलेखको पेट्रोलखानी र जाजरकोटको फलाम खानी उत्खननको विषयलाई उठाएको छु ।

नीतिगत रूपमा सरकारले अघि सारेका नाराहरू केन्द्रीय तहबाटै गर्नुपर्छ भनेर पटक-पटक सरकारको ध्यानाकर्षण गराएको छु । सुशासनको विषय पटकपटक उठाए पनि राज्यको ध्यानाकर्षण भएन । राष्ट्रिय सभामा उठेका सवालहरूमा सत्तापक्ष र प्रतिपक्ष नभनीकन निर्णय भएकोमा भने म खुसी छु ।

संसदीय टोलीमा म विश्व व्यापार संगठनको आयोजनामा भएको कार्यक्रममा सहभागी हुन सिंगापुर गएको थिएँ ।

दुई वर्षे कार्यकालमा मैले योजना बनाएको र पूरा हुन नसकेको जाजरकोटको जलविद्युत् योजना हो । डोल्पा-जाजरकोटका सडकहरू सुचारू गर्ने प्रयास गरे पनि पूरा हुन पाएन ।

...

राष्ट्रिय सभालाई समृद्ध बनाऔं

खेमराज नेपाली, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

राष्ट्रिय सभा भनेको विशेषज्ञहरूको समूह हो, त्यस रूपमा यसलाई विकास गरिनु पर्छ ।

राष्ट्रिय सभाको शपथ लिएको दिन र संसद बैठकमा सहभागी भएको पहिलो दिन रोमाञ्चक भयो । संसदलाई बाहिरबाट हेर्दा र भित्रबाट अनुभव गर्दा केही फरक छ । हामीले अर्कै ढंगले अनुमान लगाउँछौ । संसद परम्परागत, नियम र पद्धतिमा चल्ने रहेछ । संसदको जननी बेलायतमा एलिटहरू माथिल्लो सदनमा हुने रहेछन् तर नेपालको राष्ट्रिय सभा अलिक फरक छ ।

संवैधानिकरूपमै राष्ट्रिय सभालाई समृद्ध बनाउनुपर्ने दायित्व छ । दुई सदनमा पनि विभेद रहेको छ । दुवै सदनका सांसदहरू जननिर्वाचित जनप्रतिनिधिहरू हुन् । तर, प्रतिनिधि सभाले समेट्न नसकेकाहरूलाई राष्ट्रिय सभामा ल्याउने जस्तो बनाइएको छ तर राष्ट्रिय सभा भनेको विशेषज्ञहरूको समूह हो, त्यस रूपमा यसलाई विकास गरिनु पर्छ ।

संसदमा उठाएका कतिपय विषयहरू कार्यान्वयन भएका छैनन् । हाम्रोमा विकास भनेको सडक, भौतिक पूर्वाधार मात्र हो भन्ने भ्रम छ । हामीले सामाजिक रूपान्तरणको विषय उठायौं । जनताको अवस्थालाई दुःखी बनाएर देश समृद्ध हुनै सक्दैन । सामाजिक न्यायसहितको समृद्धि अहिलेको आवश्यकता हो । यो तुरून्तै कार्यान्वयन हुने विषय पनि होइन ।

दुई वर्षको अवधिमा मैले संसद र समितिमा धेरै विषयहरू उठाएँ । हाम्रो पूर्वीय मान्यताबाट ग्रसित विषयले जोकोहीलाई भगवान् बनाइदिन्छ । हुँदाहुँदा एउटा सामान्य बालकलाई पनि भगवान् बनाइदिए । विलक्षण प्रतिभा भएकाहरू धेरै छन् तर भगवान् नै होइनन् । मैले यो विषय संसदमा उठाएँ । यसमा राम्रो र नराम्रो दुवैखाले प्रतिक्रिया आयो ।

मैले संसदमा हाम्रो जीवनशैलीका कुराहरू उठाएँ । ओहोदा प्राप्त हुँदा पिर्कामा बसेर सलामी लिने, भड्किलो जीवनशैली अपनाउने जस्ता विकृतिहरू देखिएका छन् । यो विकृतिले संस्कृतिको रूप लिएकोमा डर लाग्न थालेको छ ।

दुई वर्ष अवधिमा म अध्यक्षज्यूको भ्रमण टोलीमा रहेर दक्षिण कोरिया जाने अवसर पाएँ ।

...

सभालाई योग्यतामा आधारित बनाइनुपर्छ

धनकुमारी खतिवडा, नेपाली कांग्रेस

भागबण्डाबाट भन्दा पनि क्षमता र योग्यता भएका विज्ञहरूलाई समावेश गर्नुपर्छ ।

मैले नेपाली कांग्रेसमा रहेर लामो समय राजनीति गरेँ । अहिले म नेपाल महिला संघको महामन्त्री छु । तर, राजनीति गरिरहँदा सांसद र मन्त्रीको अभिलाषा राखेको चाहिँ थिइनँ । सांसद हुने कल्पना गरेकी थिइनँ । पार्टीले यो भूमिका खेल्ने अवसर दिलायो ।

राष्ट्रिय सभा सदस्यको शपथ लिएको दिन गौरव महसुस भएको थियो । पहिलो बैठकमा सहभागी हुँदा त झन् आफूलाई बढी जिम्मेवार र जनताप्रति उत्तरदायी भएको महसुस गरेँ ।

सांसदलाई बाहिरबाट हेर्दा र स्वयं सांसद हुँदा भने फरक हुने रहेछ । नियमभित्र बस्नुपर्ने, बोल्दा पनि अध्ययन गरेर बोल्नुपर्ने, पार्टी पद्धतिको पनि ख्याल गर्नुपर्ने रहेछ ।

सांसद निर्वाचित भएको पहिलो वर्ष म केही दुःखी पनि भएँ । मौलिक हकसँग सम्बन्धित कानूनहरू हतारमा पारित भए । सांसदको हैसियतले अध्ययन गर्ने अवसर पनि भएन, भूमिका खेल्ने त परैको कुरा ।

म राष्ट्रिय सरोकार तथा समन्वय समितिमा रहेर काम गरेँ । अहिले चाहिँ विधायन व्यवस्थापन समितिमा बसेर काम गरेको भए अझै धेरै सिक्ने अवसर पाउने थिएँ कि भन्ने लागेको छ ।

दुई वर्षको कार्यकालमा मैले सेक्युरिटी प्रेस, यती होल्डिङ्स, फास्ट ट्र्याक लगायतका विषयमा आवाज उठाएँ । सेक्युरिटी प्रेसबारे शुरूमै संसदमा बोल्दा तत्कालीन सञ्चारमन्त्रीज्यूले 'अलि बुझेर बोल्नुपऱ्यो माननीयज्यू' पनि भन्नु भएको थियो । आखिर सही नै बोलेकी रहेछु ।

संसदमा मैले मिडिया काउन्सिल विधेयक र सूचना प्रविधि विधेयक सच्याउन भूमिका खेलेकी छु । मेलम्चीमा राजनीति गर्नुहुँदैन भनेर आवाज उठाएकीछु ।

दुई वर्षको अवधिमा मैले रातो पासपोर्ट एकपटक जापान जाँदा मात्रै प्रयोग गरेँ । काम सकिएपछि रातो पासपोर्ट परराष्ट्र मन्त्रालयमा नै लगेर बुझाइ दिइसकेकी छु ।

...

परिपक्व अभ्यास

बद्रीप्रसाद पाण्डे, नेपाली कांग्रेस

राष्ट्रिय सभा परिपक्व सभा भएकाले पनि उदाहरणीय नेतृत्व र असाध्यै समझदार प्रतिपक्ष पायो ।

म संसदमा दोस्रोपटक प्रवेश गरेको हुँ । २०७० को संविधान सभा सदस्य भएर पनि काम गरेँ । पहिला ठूलो आकारको संसद थियो । संसदीय समितिमा नै धेरै जना सदस्य हुन्थे । अहिले संसद नै छरितो छ । यो राम्रो हो । हल पनि आकर्षक छ । पहिले ठूलो संसदमा हुँदा एक पटक ड्यासमा गएर बोल्न पनि चार्मिङ थियो, अहिले त्यो छैन ।

राष्ट्रिय सभा अलिक परिपक्व सभा हो । म अलिक छिटो माथिल्लो सदनको सदस्य भएँ कि भन्ने पनि लाग्यो । मेरो उमेर अनुसार

चाहिँ चाँडै नै हो । तर म परिपक्व व्यवहार गर्न रूचाउँछु । मेरो प्रकृति पनि त्यही छ । यस अर्थमा ठीकै हो जस्तो लाग्यो ।

यो दुई वर्षे कार्यकालमा राष्ट्रिय सभाका अध्यक्ष समन्वयकारी भूमिकामा देखिनुभयो । हामी पनि समन्वयकारी भयौं । यो परिपक्व सभा भएकाले पनि होला । सभाले उदाहरणीय नेतृत्व र असाध्यै समझदार प्रतिपक्ष पायो ।

शुरूमा म विधायन व्यवस्थापन समिति र केही समयपछि राष्ट्रिय सरोकार तथा समन्वय समितिको सदस्य भएर काम गरेँ । सरकारले हामीले उठाएका कतिपय विषयलाई कार्यान्वयन गरेन । मलाई यसैमा दुःख लागेको छ ।

संविधान सभामा बैठक तोकिएकै समयमा गर्नुपर्छ भन्ने माग गरेको थिएँ । राष्ट्रिय सभाका बैठक नियमित र तोकिएको समयमा नै भए । कार्यसूची पनि पहिल्यै आउन थाल्यो । ठीक ढंगले समयको पूर्णतः पालना भयो । यस्ता विषय कार्यान्वयन भएकोमा खुसी लागेको छ ।

मन्त्रीहरू विवादमा आउँदा हामीले संसद अवरूद्ध गर्दा सत्तापक्षले नैतिकता देखाएको छ । मन्त्रीहरूले राजीनामा दिएका छन् । सत्तापक्षसँग खासै तित्तता पनि भएन । हामीले व्यवहारमा पनि परिपक्वता देखायौं । विज्ञहरूको उपस्थिति देखाउन त सकेनौं तर अभ्यास र परिणाममा परिपक्वता देखायौं नै ।

एक दिन प्रतिनिधि सभामा विपक्षी दलका नेताले पहिला बोल्ने कि प्रधानमन्त्रीले बोल्ने भन्ने कुरामा अवरूद्ध भयो । हामीले पहिल्यै नै कार्यसूची बनाएका थियौं, सहमतिमै त्यसको विकल्प निकालेका थियौं ।

म पीएचडी गरिरहेको छु । मैले यही सन्दर्भमा माथिल्लो सभा हुँदा र नहुँदा के फरक हुन्छ भन्ने विषयलाई शोध गर्ने योजना बनाएको छु ।

...

सुखद र सौहार्दपूर्ण दुईवर्ष

बलरामप्रसाद बाँस्कोटा, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

खाद्य सम्प्रभुता संविधानमा पनि परेको छ, तर नियमावली आएको छैन ।

हामी राजनीतिक प्राणी भएकाले राजनीतिक उद्देश्य परिपूर्ति गर्ने एउटा माध्यम संसद पनि हो भन्ने थाहा भयो । २०४६ सालपछि निरंकुश राजतन्त्रलाई संवैधानिक राजतन्त्रमा कैद गरेपछि संसदीय अभ्यासबाट अगाडि बढ्न सक्छौं भन्ने मान्यता राख्यौं । म पनि राष्ट्रिय सभाबाट निर्वाचित भएपछि त्यही मान्यताका साथ सक्रिय रहें ।

दुई वर्षमा संसदमा खेलेको भूमिकालाई मैले जनताको आवाजलाई अझ बढी मुखरित गर्ने, सरकारका राम्रा कामलाई वकालत र गर्नुपर्ने कामलाई सुझाव दिने काममा केन्द्रित भएँ । मैले किसान, उपभोक्ता, उत्पीडितहरूको सवालमा केन्द्रित भएर संसदमा प्रस्तुत भएँ ।

राष्ट्रिय सभाको दुई वर्षको अवधि मेरा लागि सुखद र सौहार्दपूर्ण रह्यो । नेपालको माथिल्लो सदन विश्वका अरू मुलुकका माथिल्लो सदनभन्दा पक्कै पनि फरक छ । बेलायतको हाउस अफ लर्ड्सजस्तो कल्पना गरेर हुँदैन, हाम्रो त्यो भन्दा केही फरक छ ।

राष्ट्रिय सभामा मैले राखेका धेरै विषयहरू सरकारले सम्बोधन गरेको छ । त्यसका लागि म नेपाल सरकारलाई धन्यवाद पनि दिन चाहन्छु ।

संसदमा सुन तस्करीको विरूद्ध आवाज मैले नै उठाएँ, गृहमन्त्रीज्यूको ध्यानाकर्षण भयो, उहाँले सम्बोधन पनि

गरिदिनुभयो । त्यसबाहेक किसानका कुरा, मजदुर र उत्पीडित समुदायका कुराहरू पनि संसदमा उठाएको छु ।

दुई वर्षको समयावधि गुज्रँदै गर्दा मैले एउटा योजना चाहिँ पूरा गर्न सकिनँ । खाद्य सम्प्रभुता संविधानमा पनि परेको छ, तर नियमावली आएको छैन । अन्तिमसम्म पनि नियमावली ल्याउन सकिएन ।

राष्ट्रिय सभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा थिएँ । समितिमा पनि म सक्रियतापूर्वक सहभागी भएको अनुभूत गरेको छु ।

संसदीय अभ्यासमा पहिलोपटक प्रवेश गरेकाले हुन सक्छ, विशेष समयमा रोस्टम प्रयोग गरेको घटना मेरा लागि रोचक सम्झना रहनेछ । पछि अध्यक्षज्यूले ध्यानाकर्षण गराउनु भएपछि म रोस्टमबाट उत्रिएँ ।

संसदको कामको सिलसिलामा म विदेश गइनँ तर मेरो रातो पासपोर्टमा अब खाली पृष्ठ छैनन् ।

किसानहरूले दूधको उचित मूल्य पाउनुपर्ने, उखु किसानले सम्झौता अनुसार भुक्तानी पाउनुपर्ने, कृषिबाट प्राप्त हुने आम्दानीमा आयकर छुट हुनुपर्ने, कृषिमा अनुदान उपलब्ध गराउने प्रक्रियामा सुधार गर्नुपर्ने लगायतका विषयहरू मुख्य रूपमा उठाएको छु । साथै, एमसीसी, इन्डो प्यासिफिक स्ट्राटेजी अन्तर्गत हो/होइन भन्ने सम्बन्धमा सरकारको धारणा माग गर्दै लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रको समस्या कूटनीतिक एवं राजनीतिक माध्यमबाट समाधान गर्नुपर्ने धारणा राखेको थिएँ ।

...

प्रवासीका हकहितका लागि आवाज उठाएँ

मीना बुढा, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

प्रवासी नेपालीको स्रोतलाई नेपालको विकासमा लगानी गरियोस् भनी मैले संसदमा पटक-पटक आवाज उठाएकी छु ।

शुरूमा संसद भवन प्रवेश गर्दा एकदमै खुसी र गर्व लागेको थियो । हामीलाई पार्टीले कामको मूल्याङ्कन गरेको अनुभूति भएको थियो ।

सांसद हुनुभन्दा अगाडि जस्तो सोचिन्थ्यो, वास्तविकता त्योभन्दा फरक हुँदोरहेछ । हामीहरूले यहाँबाट सांसदहरू जानुहुन्छ अनि नीति नियम बनाउनुहुन्छ भनेर सहज रूपमा सोचिन्थ्यो तर यहाँ आइसकेपछि मुखले बोलेजस्तो सहज नहुँदो रहेछ । कानून बनाउन, संशोधन गर्न पनि समय लाग्दोरहेछ । लामो छलफल गर्नुपर्ने रहेछ ।

मैले प्रवासी नेपालीबाट प्रतिनिधित्व गरेको हुँदा प्रवासी नेपालीहरूको हकहितको निम्ति अथवा नेपालको अर्थतन्त्र पनि प्रवासी नेपालीहरूकै आयस्रोत अथवा उनीहरूकै रेमिट्यान्सबाटै चलिरहेको छ भन्ने विषयलाई संसदमा बलियो गरी उठाएकी छु । प्रवासी नेपालीको स्रोतलाई नेपालको विकासमा लगानी गरियोस् भनी मैले संसदमा पटक-पटक आवाज उठाएकी छु ।

भारतबाट गोर्खाली सेनाले पेन्सन ल्याउन पाउने तर श्रमिकले कमाएको पैसा ल्याउन नपाउने विषयलाई पनि संसदमा उठाएकी छु । नेपालबाट टेलिफोन गर्दा एक रूपैयाँमा गर्न सकिने तर भारतबाट नेपाल फोन गर्दा १५ रूपैयाँ तिर्नुपर्नेजस्ता विषयहरूलाई पनि उठाएँ ।

संसदमा मैले सरकारले ल्याएका योजना र सुविधा लक्षित वर्गले पाउन नसकेको विषयलाई पनि गम्भीरतापूर्वक उठाएकी छु ।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको सदस्यका हैसियतले मैले सरकारलाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने काममा मेरो तर्फबाट सक्दो भूमिका खेलेकी छु । राज्यका हरेक निकायमा ३३ प्रतिशत महिलाको उपस्थिति सुनिश्चित गर्नेतर्फ मेरो विशेष जोड रह्यो ।

...

दुई वर्ष पदावधि हुँदा दुःख लागेको छैन

मुक्ताकुमारी यादव, नेपाली कांग्रेस

राष्ट्रिय सभा कमसेकम समयमा नै बस्छ । शान्त प्रकृतिको छ ।

मैले पहिला संविधान सभामा बसेर चार वर्ष काम गरेको थिएँ । ६०१ सदस्यीय संविधान सभाको आकार ठूलो थियो, अहिले राष्ट्रिय सभा अलि सानो छ । संविधान सभामा भन्दा अहिले केही कुरा फरक छन् । जस्तैः संविधान सभामा बैठक बस्ने कुनै टुंगो हुँदैन थियो । बिहान ११ बजे बोलाइएको बैठक ५ बजेसम्म पनि बस्दैन थियो । दिउँसो ४ बजे बोलाएको बैठक राति २ बजेपछि मात्रै पनि बसेको थियो । राष्ट्रिय सभा कमसेकम समयमा नै बस्छ । शान्त प्रकृतिको रहेको छ । बैठक धेरै समय तलमाथि भएको छैन, समयमै बसिरहेको छ ।

राष्ट्रिय सभामा म दिगो विकास तथा सुशासन समितिको सदस्य रहेर काम गर्दैं । संसद तथा समितिमा बोलेका कतिपय कुराहरू सम्बोधन पनि भएका छन् तर दुई तिहाइको सरकार भएकाले पनि हुन सक्छ, प्रतिपक्षले उठाएका कतिपय विषयलाई सरकारले ध्यान नदिएको अनुभव गरेकी छु ।

जनताले मप्रति जुन खालको अपेक्षा गरेका थिए, त्यसलाई इमान्दारितापूर्वक पूरा गरेजस्तो लाग्छ । नीति कार्यक्रममा उल्लेख भएका पाँच वर्षमा दोहोरो आर्थिक वृद्धि, उखु किसानको मागको विषयमा मैले संसदमा पटक-पटक आवाज उठाएकी छु ।

राष्ट्रिय सभामा मैले पूरा कार्यकाल ६ वर्ष काम गर्न सकिनँ किनभने संवैधानिक प्रावधान नै यस्तै रहेको छ । हामीले नै संविधानमा 'राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने र संविधान प्रारम्भ भएपछि पहिलो पटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष पदावधि कायम गरिनेछ' भनेर लेखेका थियौं । संविधान कार्यान्वयनका लागि दुई वर्ष पदावधि कायम भएकोमा कुनै दुःख लागेको छैन ।

सभामा दुई वर्षको अवधिमा मैले खासगरी तराईका कृषकको धानबाली सखाप पारेकाले कृषकका लागि सुख्खा क्षेत्र घोषणा गर्नुका साथै किसानको ऋण माफी हुनुपर्नेलगायतका माग राखेका थिएँ । तराई मधेसका मूलभूत समस्याहरू स्थानीय नदी दोहन, तराई-मधेशका विषयगत कार्यालयहरूमा कर्मचारीको अभाव, राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा बजेट अभावजस्ता विषयमा समेत सरकारको ध्यानाकर्षण गराएको थिएँ ।

...

प्रबुद्ध र विज्ञको सभा बनाऔं

डा. युवराज खतिवडा, मनोनीत

पहिला प्रतिनिधि सभामा प्रत्यक्ष चुनिएर मात्रै आउने भएकाले राष्ट्रिय सभालाई समावेशी बनाउने कुरा हुन्थ्यो । अहिले प्रतिनिधि सभा नै समावेशी छ ।

सम्माननीय राष्ट्रपतिबाट मनोनित हुने तीन मध्ये मेरो पनि मनोनयन भएर राष्ट्रिय सभा सदस्य हुन पाएकोमा गौरवान्वित छु । राष्ट्रप्रमुखबाट मनोनीत भएकाले बोली, व्यवहार, आचरण, कार्यशैली सबै कुराहरू मर्यादित, सम्मानित, ग्राह्य र स्वीकार्य हुनुपर्छ भन्नेमा सचेत थिएँ । त्यही गरिमा कायम राख्ने गरी दुई वर्षको कार्यकाल पूरा गरेको छु । प्रबुद्ध व्यक्तिहरूको सभा भनेर चिनिने राष्ट्रिय सभामा उपस्थित हुन पाएकोमा गौरवको महसुस भएको छ ।

२०३८ सालमा छोटो अवधिका लागि राष्ट्रिय पञ्चायतको सचिवालय (हालको संघीय संसद सचिवालय) मा दुई वर्ष शाखा अधिकृतका रूपमा काम गरेको थिएँ । त्यसपछिका राष्ट्रिय पञ्चायतका बजेट छलफलमा राष्ट्र बैंकका तर्फबाट सहभागी भएको थिएँ । २०४६ सालपछिको संसदमा बाहिरबाट हेर्दा केही नमज्जा पनि लाग्यो । अपशब्द, हुलहुज्जत हुने खालको पनि थियो । तर २०६३ पछिको संविधान सभा र प्रतिनिधि सभा धेरै व्यवस्थित र मर्यादित भएको महसुस गरेको छु । राष्ट्रिय सभाका सदस्यहरू बढी जिम्मेवारीपूर्वक प्रस्तुत हुनुभएको छ । प्रतिनिधि सभाबाट आएका विधेयकहरूलाई परिमार्जन र परिष्कृत गर्न सहयोग गर्नुभएको छ । राष्ट्रिय सभा धेरै हिसाबले संयमित र व्यवस्थित छ । क्षणिक अवरोध बाहेक राष्ट्रिय सभा सधैं सौहार्दपूर्णरूपमा सुचारू रह्यो ।

जनप्रतिनिधिहरूले संसदमा आफ्ना मतदाताहरूको आवाज प्रस्तुत गर्नुहुन्छ । ती आवाजलाई कार्यान्वयन गर्ने सरकारले हो । दुई वर्ष मैले मन्त्रीकोरूपमा कार्यान्वयन गर्ने निकायमा रहन पाएँ । त्यो जिम्मेवारी पहिलो दिनबाटै पूरा गर्न पाएकोमा खुसी महसुस भएको छ ।

लामो समयदेखि सहकार्य गरेका मित्रहरू सांसद हुनुहुन्छ । कोही सत्तापक्षमा, कोही विपक्षमा हुनुहुन्छ । कोही सँगै, कोही बेग्लै दलमा हुनुहुन्छ । नयाँनयाँ कोटमा नयाँनयाँ भाउभङ्गीमा देख्दा चाहिँ रमाइलो लाग्छ । मनमनै लाग्छ कि, हिजो त यसो भन्थ्यौ, आज त अर्कै भन्दैछौ । अर्को रोचक चाहिँ के लाग्छ भने म यो तथ्य होइन भन्छु साथीहरूले त्यही दोहोऱ्याउनुहुन्छ । उदाहरणका लागि कृषिको बजेट ३ प्रतिशत होइन भन्छु, साथीहरू त्यही भनिरहनुहुन्छ । मैले भनेको छु, 'कृषिको बजेट हो त्यो । सिँचाइको, ऊर्जाको, कृषिको आधुनिकीकरणको अर्को ठाउँमा छ ।'

दुई वर्षको कार्यकाल आफैंमा छोटो होइन । यही बीचमा राज्य संरचनामा परिवर्तन भएको छ, वित्तीय संरचना चलेको छ, दर्जनौं कानून बनेका छन् । त्यसैले मलाई छोटो समयमा नै कार्यकाल बित्यो भन्ने लागेको छैन । मन्त्रीकोरूपमा दुई वर्ष मैले अधिकतम काम गरेको जस्तो लाग्छ ।

अन्त्यमा एउटा राष्ट्रिय बहसकोरूपमा रहेको विषय राख्न चाहन्छु । पहिला प्रतिनिधि सभामा प्रत्यक्ष चुनिएर मात्रै आउने भएकाले राष्ट्रिय सभालाई समावेशी बनाउने कुरा हुन्थ्यो । अहिले प्रतिनिधि सभा नै समावेशी छ । त्यसैले राष्ट्रिय सभा प्रबुद्ध, विज्ञहरूको सभा बनाउनुपर्छ कि ! प्रतिनिधि सभाका कमीकमजोरी भएमा त्यसलाई सच्याउन सक्ने राष्ट्रिय सभा हुनुपर्छ कि भन्ने लागेको छ ।

...

सिकाइका दुई वर्ष

युटोल तामाङ, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

जनजाति, महिला, पिछडिएका वर्ग, महिलाहरूको मुद्दालाई बढी प्राथमिकता दिएर बोलौं ।

सांसद भएको दुई वर्ष असाध्यै चाँडै बितेजस्तो लागेको छ । समावेशिता सहितको संविधानका कारण मलाई सांसद हुने अवसर प्राप्त भयो । सांसद नहुँदा र हुँदा केही फरक भयो । राष्ट्रिय सभा सदस्य भएपछि कानून निर्माण प्रक्रिया सिक्दासिक्दै दुई वर्ष बित्यो । साँच्चै भन्ने हो भने मेरा लागि यो समय सिक्नैमा बित्यो । दफावार छलफल जस्ता विषय सिक्दै थिएँ ।

संसदमा प्रभावकारी भूमिका खेल्न धेरै विषयको जानकारी हुनुपर्ने रहेछ । व्यावहारिक पनि हुनुपर्दो रहेछ । कानून बनाउनुपर्ने कुरा थाहा हुनुपर्छ । शून्य र विशेष समयमा मैले जनजाति, महिला, पिछडिएका वर्ग, महिलाहरूको मुद्दालाई बढी प्राथमिकता दिएर बोलौं । भाषा छुट्टै हुँदा बुझ्न केही गाह्रो भयो ।

नेपालको संविधानले समावेशिताको प्रत्याभूत गरेको छ । महिला र पुरूषमात्रैको कुरा उठ्छ, तर त्यहाँ आदिवासी जनजातिको कुरा उठ्दैन भन्ने विषयलाई मैले उठाएकी छु । चाहे सञ्चार माध्यम होस्, खेलकुद क्षेत्र होस् वा अन्य कुनै विषय नै किन नहोस् ।

राम्रोसँग संसदीय अभ्यास सिक्न नपाउँदै दुई वर्ष बित्यो । पुरानो हुँदा अनुभव हुँदो रहेछ, म संसदमा नयाँ थिएँ । त्यही भएर सिक्नै समय लाग्यो । म यसमा बेखुसी छैन । अरूले पनि अब अवसर पाउनुपर्छ ।

...

संविधान संशोधन गर्न नसकेकोमा दुःखी

रमेशप्रसाद यादव, राष्ट्रिय जनता पार्टी

मैले उठाएका सवालमा सरकारले धेरै जवाफ दिएन । मैले सरकारबाट जुन अपेक्षा गरेको थिएँ ।

मुलुकको कानून निर्माणको सर्वोच्च थलो संघीय संसद अन्तर्गत राष्ट्रिय सभाको सदस्य भएर दुई वर्ष काम गर्न पाउँदा खुसी लागेको छ । संसदमा आएपछि विभिन्न पार्टीबाट प्रतिनिधित्व गर्ने साथीहरूसँग चिनजान हुने अवसर पाएँ ।

बाहिरबाट सांसदहरूप्रति जसरी हेर्ने गरिन्थ्यो, त्यो भन्दा मलाई खासै फरक लागेन । म जनताको नोकर र सेवक बनेर आएको हुँ । देश विकास गर्ने बाटो र अनुभवहरूबारे चिन्तन र मनन गर्ने थलोमा आएँ । मैले सदनमा उहाँहरूको समस्या धेरैभन्दा धेरै राख्ने अवसर पाएँ ।

म राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिको सदस्यकोरूपमा रहेर काम गर्दै । संसद र संसदीय समितिमा मैले धेरै जनताका सवालहरू उठाएको छु । खासगरी तराई मधेसका जल्दाबल्दा समस्याबारे आवाजहरू उठाएको छु । कतिपय सवालहरूको सम्बोधन पनि भएको छ । तर मैले उठाएका सवालमा सरकारले धेरै जवाफ दिएन । मैले सरकारबाट जुन अपेक्षा गरेको थिएँ, त्यस्तो पाइनँ ।

समितिमा रहेर हामीले राष्ट्रिय गौरवका आयोजनाहरूबारे बृहत् छलफल गरेका छौं । कतिपय ठाउँमा अनुगमन गर्ने, प्रतिवेदन बनाउने र सरकारको ध्यानाकर्षण गराउने काम पनि भएको छ ।

कार्यकाल सकिन लाग्दा कतिपय विषयहरूमा आफ्नो भूमिकाप्रति खुसी लागेको छ तर मधेशको एजेण्डा रहेको संविधान संशोधनको काम भने पूरा हुन सकेन । संविधान संशोधन हुनुपर्छ र सर्वस्वीकार्य बनाउनुपर्छ भन्ने थियो, सुनुवाइभने भएन ।

चुरे संरक्षणमा पनि धेरै आवाजहरू उठाएपनि केही भएन । चुरेमा पानीको मुहान छ तर उत्खननसँगै पानीको स्रोत सुक्न थालेको छ । वनजंगल मासिँदै गएको छ । वन जंगल सुरक्षित होस् भन्ने मुद्दा उठाउँछौं तर विनाश भइरहेको छ ।

...

अपाङ्गहरूको अधिकार सुनिश्चित गर्न सकिएन

राजकुमार कुँवर, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

आफूले चाहेर पनि बोल्न नसकेका विषय प्रतिपक्षले उठाइदिँदा राम्रो लाग्थ्यो । कहिले हाँसो पनि उठ्थ्यो ।

राष्ट्रिय सभामा प्रवेश गरिरहँदा देश र जनताका लागि केही नियम कानून बनाउने सन्दर्भमा आफ्नो पनि भूमिका हुन्छ र केही योगदान गर्न सकिन्छ भन्ने मलाई लागेको थियो । पहिलो दिन मलाई नयाँ ठाउँमा आउँदा राष्ट्र र जनताका लागि केही योगदान गर्न सकिन्छ भन्ने लाग्यो । सांसद हुँदाको पहिलो अनुभव नै त्यही थियो ।

सांसदलाई बाहिर र भित्रबाट हेर्दा केही फरक हुँदो रहेछ । सांसद हुँदा मुलुकलाई केही योगदान दिन्छु भन्ने लागेको थियो तर, त्यो भएन । संसदमा आफ्नो भूमिका खेलिरहँदा आफ्नो तर्फबाट योगदान गर्न नसकेको लाग्यो । म राष्ट्रिय सरोकार

तथा समन्वय समितिमा थिएँ । समितिमार्फत मैले उठाएका विषयहरू भने सुनुवाइ भएका छन् ।

जनताको आवश्यकता परिपूर्ति गर्नका लागि कानून संशोधनको विषय केही पूरा भए । देश संघीयतामा गएपछि विकासमा सबैले काम गर्ने कुरा हुने भए । संघबाट ठूला योजना हेर्ने त भनियो तर पहुँच र शक्तिको आधारमा कसैको हुने र कसैको नहुने भयो, यो समस्या हो ।

संसदमा पनि समाजको प्रतिविम्ब आउने नै भयो । हामी दलीय प्रणालीमा भएकाले कतिपय विषयमा मौन बस्नुपर्ने पनि अवस्था रह्यो । प्रतिपक्षले उठाएका केही सवालहरू राम्रा थिए, पार्टीको ह्विप लाग्दा चुप लागेर बस्नुपर्थ्यो । आफूले चाहेर पनि बोल्न नसकेका विषय प्रतिपक्षले उठाइदिँदा राम्रो लाग्थ्यो । कहिले हाँसो पनि उठ्थ्यो ।

म अपाङ्ग क्लस्टरबाट संसदमा आएकोले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चितता गर्ने विषय अधुरै रहे । शिक्षा विधेयक आउँदैछ, अपाङ्गता भएकाहरूको प्रतिनिधित्व पाँच प्रतिशत सुनिश्चितता होस् भन्नेमा मैले काम गर्न सकिनँ । कानून संशौधन गर्ने र अपाङ्गहरूको अधिकार सुनिश्चिता गर्ने र छलफल गर्ने भन्ने थियो, त्यो गर्न सकिनँ ।

संविधान, संघीयता, राज्य संरचना, अनुहार पनि नयाँ भएकाले मलाई नौलो अनुभव भयो । कामहरू व्यवस्थित गर्न गाह्रो भयो ।

सदनमा मैले जनआन्दोलन, मधेश आन्दोलन, जनजाति आन्दोलनका घाइतेको औषधि उपचारको व्यवस्था, जनयुद्ध तथा जनआन्दोलनका क्रममा मृत्यु, घाइते, अपाङ्ग भएका व्यक्ति तथा उनीहरूको परिवारलाई उचित राहत, क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने माग पटक पटक उठाएको थिएँ । सदनसँगै मैले सम्बन्धित मन्त्रीज्यूहरूलाई भेटेरै ध्यानाकर्षण गराउने र कार्यान्वयन गर्न पहल गरेको थिएँ ।

...

उत्पीडित समुदायका विषय उठाएँ

रामपृत पासवान, समाजवादी पार्टी

राष्ट्रिय सभामा स्थानीय र प्रदेशको प्रतिनिधिको रूपमा काम गनुपर्ने थलो हो ।

पहिलो दिन राष्ट्रिय सभा भवनमा शपथ खाएर प्रवेश गरेको दिन मेरा लागि असाध्यै खुसीको दिन थियो । म लक्षित वर्गको प्रतिनिधित्व गर्दै संसदमा प्रवेश गरेको थिएँ । कानून निर्माण गर्ने थलोमा मेरो जाने लक्ष्य पूरा भएकोमा म ज्यादै खुसी भएँ ।

सांसद हुनु अघि र पछिमा केही फरक भने चाहिँ हुँदो रहेछ । सांसद बनेपछि कायापलट नै हुन्छ भन्ने जुन सोच थियो, त्यो गलत साबित भयो । आफूले चाहे अनुसार कानून बन्छ, देश र जनताको हितमा चाहिँ केही गर्न सकिन्छ भन्ने सोच थियो, त्यो भएन ।

संसदीय अभ्यासमा विधेयक पारित गर्दा होस् या कानून निर्माण गर्दा जनता र देशप्रति कतिको हितमा छ भन्ने थाहा पाउनुपर्छ । सबै सांसदहरूको सहमतिमा हुनुपर्थ्यो, सबैको सहभागिता हुनुपर्थ्यो, बृहत् छलफल हुनुपर्थ्यो, कतिपय विधेयकहरूमा त्यसो भएन । औपचारिकतामा मात्र सीमित भयो ।

धेरैजसो विधेयक नियम नै निलम्बन गरेर पारित गर्ने काम भयो, सर्वसम्मत पनि निर्णय भएन, हुँदो पनि रहेनछ । बहुमतको आधारमा विधेयक पारित गर्ने अर्थात् बहुमत र अल्पमतको आधारमा देश चल्दो रहेछ । जनताको हितमा भन्दा पनि सरकारको नेतृत्व गरिरहेको दलको चाहना अनुसार कानून बन्यो । दलको इशारामा कानून निर्माण भयो । मैले महसुस गरेको कुरा यिनै हुन् ।

म राष्ट्रिय सरोकार तथा समन्वय समितिको सदस्य थिएँ । मैले धेरैजसो सवालहरू संसद र समितिमा उठाएँ, विशेषगरी उत्पीडित समुदायहरूका विषयमा । मधेशी, आदिवासी, जनजाति, मुस्लिम, महिलाहरूको हितमा मैले कुराहरू उठाइरहँ तर धेरैजसो सम्बोधन भएनन् ।

यो दुई वर्षे कार्यकालमा केही योजनाहरू थिए । लक्षित वर्गलाई समेट्ने गरी आदिवासी जनजातिका कुराहरू संसदमा बारम्बार उठाएँ र त्यसलाई सम्बोधन गराउने प्रयास पनि गरिरहँ । योजना बनाएर अगाडि बढ्ने योजना थियो, त्यो गर्न सकिनँ । राष्ट्रिय सभामा स्थानीय र प्रदेशको प्रतिनिधिको रूपमा काम गनुपर्ने थलो हो । प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको सूचीमा बाझिएका विषयहरू छन्, तिनको पनि छिनोफानो गर्नुपर्ने थियो । यसका लागि आफूले पहलकदमी लिने भन्ने सोचेको थिएँ, पूरा हुन सकेन ।

...

जनताका लागि खर्चिएका दुईवर्ष

विन्दादेवी आले, नेपाली कांग्रेस

दुई वर्षसम्म पनि राष्ट्रिय सभामा मन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम हुन सकेन ।

राष्ट्रिय सभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सदस्य भएकाले कानून निर्माण प्रक्रियामा अलिक गहिरो गरी अध्ययन गर्ने मौका मिल्यो । ऐनद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत नेपाल सरकारले बनाउनु पर्ने नियम, निर्देशिका,

कार्यविधि, विनियम र आदेश आदि बनाएको छ/छैन, संविधान वा ऐनको उद्देश्य अनुरूप नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदि बनेको छन्/छैनन् भन्ने जस्ता विषयमा अध्ययन गरिएको छ । सबै सरोकारवालाहरूसँग छलफल गरेका छौं ।

कानून विधायकहरूले बनाउने हो, तर हाम्रोमा चाहिं कानून निर्माण २० प्रतिशतमात्रै विधायकले र ८० प्रतिशत कर्मचारीले बनाउने अनौठो प्रचलन छ ।

नियमावली, निर्देशिकाहरू निर्माण गर्दा सरकारी अधिकारीले आफू अनुकूल बनाएको पनि देखिएको छ । यसले राज्यलाई धेरै घाटा पुऱ्याएको छ । हामीले यस विषयमा ध्यानाकर्षण गराइसकेका छौं । राष्ट्रिय सभामा रहेर काम गर्दा यसपटक कानून निर्माणका विभिन्न पक्षमा गहिरो गरी हेर्ने र अध्ययन गर्ने अवसर मिल्यो ।

सरकारले गरेका आश्वासनहरूको विषयमा सम्बन्धित मन्त्री तथा अर्थमन्त्रीसँग छलफल गर्ने, ध्यानाकर्षण गराउने काम पनि गरेका छौं । सरकारलाई सचेत गराउने, सचिव, विभागीय प्रमुखहरूलाई सचेत पनि गराइएको छ ।

दुई वर्षको अवधिमा मैले संसदमा हरेक वर्ग, जातजाति, भाषा तथा कानून सम्बन्धी धेरै विषयहरू पटक-पटक उठाएँ तर कार्यान्वयन भने सोचे जस्तो भएको छैन । दुई वर्षसम्म पनि राष्ट्रिय सभामा मन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम हुन सकेन ।

जनताको अपेक्षा कति पूरा गर्न सकैं भन्ने कुरा जनताले मूल्याङ्कन गर्ने विषय हो तर मैले चाहिं दुई वर्षको समयलाई भरपूर उपयोग गरेको र जनताका लागि खर्च गरेको महसुस भएको छ । मैले आफ्नो कार्यकालमा धेरै गलत गरेजस्तो लागेको छैन ।

...

सद्भावपूर्ण दुई वर्ष

वृषेश चन्द्र लाल, राष्ट्रिय जनता पार्टी

संसदमा र विधायन व्यवस्थापन समितिमा सत्तापक्षको वर्चश्व भए पनि विधेयकलाई समृद्ध बनाउन सबै मिलेर काम गर्‍यौं ।

राष्ट्रिय सभा प्रवेशका दिन म धेरै उत्साहित थिएँ । मेरा लागि एउटा इच्छा थियो- संसदमा गएर आफ्नो भूमिका निर्वाह गर्ने । मैले जुन आन्दोलनबाट, जुन पार्टीबाट प्रतिनिधित्व गरे, त्यस एजेन्डालाई राष्ट्रिय सभामार्फत मर्यादित भएर अगाडि बढाउनुपर्ने दायित्व पनि थियो ।

राष्ट्रिय सभाको दुई वर्षको अवधि प्रशिक्षणको रूपमा रह्यो । आफ्नो कुरालाई सुसंस्कृत भएर कसरी प्रस्तुत गर्ने भन्ने कुरा सिक्ने मौका पाएँ । राष्ट्रिय सभाका सदस्यहरूबीच सद्भावपूर्ण, आदर र सम्मानपूर्ण अवस्था रह्यो ।

राष्ट्रिय सभाको परिकल्पना अनुरूपको गरिमा बढाउन केही संवैधानिक व्यवस्था र अभ्यासहरू गर्नुपर्ने देखिन्छ । यस सभाको आवश्यकता किन थियो भन्ने समीक्षा गर्नुपर्छ । किनभने संसारमै माथिल्लो सदनलाई अनुभवी र परिपक्व राजनीतिज्ञको सभा भन्ने गरिएको छ । जनताको प्रतिनिधिबाट राष्ट्रिय सभाका सदस्य निर्वाचित हुने भएकोले निर्वाचन प्रक्रिया हेर्दा प्रदेश र स्थानीय तहको सभा हो ।

राष्ट्रिय सभाको विशिष्टता पनि छ, सरकार बनाउने र गिराउने खेलमा राष्ट्रिय सभा सहभागी हुँदैन । अर्थ विधेयकबाहेक जुनसुकै विधेयक दुवै सदनमा उत्पत्ति हुन सक्छन् । त्यस हिसाबले राम्रो

पनि छ । विधायिकी काम उस्तै-उस्तै छ । कानूनको परिमार्जन र समृद्धिमा खेल्ने भूमिका फरक छैन ।

निर्वाचन पद्धतिमा सुधारको आवश्यकता देखिन्छ । जस्तो, जनसंख्याका आधारमा हुनुपर्ने थियो, तर भएन । एक तिहाइ सदस्यको पदावधि दुई वर्षमा सकिने भएकाले एकल संक्रमणीय निर्वाचन प्रणाली कार्यान्वयन हुने देखिँदैन ।

सरकारले राष्ट्रिय सभालाई खासै प्राथमिकता नदिए पनि हाम्रो सक्रियताले राष्ट्रिय सभाको महत्व बढाएको छ । राष्ट्रिय सभा पनि निर्वाचित सांसदहरूको सभा हो भन्ने बुझाइ देखिएन, संसद क्षेत्र विकास कोष (स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम)मा पनि राष्ट्रिय सभाका सांसदहरूलाई समेट्नेमात्रै काम भयो, निर्णय अधिकार दिइएन ।

संसदमा र विधायन व्यवस्थापन समितिमा सत्तापक्षको वर्चश्व भए पनि विधेयकलाई समृद्ध बनाउन सबै मिलेर काम गऱ्यौं । सत्तापक्ष र प्रतिपक्ष भन्ने भएन । संसदमा उठाएका विषयहरू धेरै नभए पनि आंशिक कार्यान्वयन भएका छन् । राष्ट्रिय सभाले तराईको बाढीबाट उत्पन्न समस्या हल गर्न स्थलगत अनुगमन र सार्वजनिक महत्वको प्रस्ताव पारित गरेको छ ।

राष्ट्रिय सभाको दुई वर्षे कार्यकालमा मैले सरकारले पटक पटक प्रतिबद्धता गरेका वाचाहरूलाई सम्झाउने काम गरेको छु । कतिपय विषयमा सरकारको सकारात्मक प्रतिबद्धता पाइए पनि शतप्रतिशत कार्यान्वयन हुन सकेन । तर एउटा सांसदका हैसियतले मैले जति काम गर्नुपर्ने थियो इमान्दारितका साथ गरेको महसुस भएको छ ।

...

सत्तापक्ष/प्रतिपक्ष विभाजित भएन

सरिता प्रसाईं, नेपाली कांग्रेस

सत्तापक्ष र प्रमुख प्रतिपक्षले संयुक्त रूपमा बाढी, पहिरो र डुबानबारे सार्वजनिक महत्वको प्रस्ताव र कालपानी सीमा अतिक्रमणबारे संकल्प प्रस्ताव पारित गरेका छौं ।

दोस्रो संविधान सभा सदस्य भएर काम गरेतापनि राष्ट्रिय सभाको दुई वर्ष कार्यकाल मेरा लागि फरक र स्मरणीय रहेको छ । स्वाभाविकरूपमा संविधान सभा र राष्ट्रिय सभाको भूमिका फरक हुन्छ । धेरैपछि राष्ट्रिय सभा गठन भएको थियो । नयाँ संविधानपछिको पहिलो राष्ट्रिय सभा सदस्य हुने अवसर पार्टीले दिएकोमा म आफूलाई गौरवान्वित महसुस गर्दछु ।

संविधान सभामा म एक जना सदस्यको भूमिकामा मात्रै थिएँ तर राष्ट्रिय सभामा प्रमुख विपक्षी दलको प्रमुख सचेतकको भूमिका निर्वाह गर्ने अवसर प्राप्त भयो । प्रमुख सचेतकको हैसियतले दुई वर्ष सदनका कामकारवाहीमा प्रत्यक्ष जोडिएर काम गरैं ।

सम्माननीय अध्यक्षज्यूको अध्यक्षतामा बस्ने कार्यव्यवस्था परामर्श समितिको बैठकमा मेरो सहभागिता हुन्थ्यो । हामीले अधिकांश कार्यसूचीहरूलाई समझदारीमा तय गऱ्यौं । संसदीय अभ्यासमा यो सकारात्मक कार्य हो जस्तो लागेको छ । दुई पटकबाहेक सदन विपक्षीले अवरोध गर्नुपर्ने अवस्था रहेन । सम्माननीय अध्यक्षज्यूले समन्वयकारी भूमिका निर्वाह गर्नुभएकाले सत्तापक्ष/प्रतिपक्ष विभाजित नभईकन अगाडि बढ्यौं ।

म राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिको सदस्य थिएँ । समितिमा हामीले राष्ट्रिय योजना आयोग, अख्तियार, नेपाल प्रहरीलगायतका राज्यका महत्वपूर्ण निकायमा भएका ढिलासुस्तीबारे प्रश्न उठाएका छौं । धेरै निर्देशनहरू दिएका छौं तर सरकारले कार्यान्वयनमा चाहिँ उदासीनता देखाएको महसुस हुन्छ । तीन तहको राज्य संरचनामा हामी नयाँ भएकाले प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र पदाधिकारीसँग छलफल र बहसहरू पनि गरेका छौं ।

सत्तापक्ष र प्रमुख प्रतिपक्षले संयुक्त रूपमा बाढी, पहिरो र डुबानबारे सार्वजनिक महत्वको प्रस्ताव र कालपानी सीमा अतिक्रमणबारे संकल्प प्रस्ताव पारित गरेका छौं । त्यसमा केही प्रगति पनि भएका छन् । समग्रमा राष्ट्रिय सभामा दुई वर्ष मेरा लागि सुखद नै रहेको अनुभूति भएको छ ।

...

सदनको क्रियाकलापबाट सन्तुष्ट

सुरेन्द्रराज पाण्डे, नेपाली कांग्रेस

अहिलेसम्म हाम्रो संख्या हेर्दा सदनको क्रियाकलापबाट सन्तुष्ट छु । हामीले फिर्ता पठाएका केही विधेयकहरू प्रतिनिधि सभाले मानेर गयो ।

संसदमा प्रवेश कौतुहलता र उत्सुकता स्वाभाविक हो । राष्ट्रिय सभालाई परिपक्व सभा पनि भनिन्छ । संसदमा पहिलोपटक प्रवेश गरेकाले ममा केही जिम्मेवारी बोध थियो र भयो पनि ।

राष्ट्रपतिले संयुक्त सदनमा सम्बोधन गरेको दिन उत्साहित भएको थिएँ । दुवै सभाका सदस्यहरू एक ठाउँमा थियौं, चाहे कांग्रेस वा नेकपाबाट आएका साथीहरूसँगै भएकाले रोमाञ्चित पनि भएको थिएँ ।

राष्ट्रिय सभालाई बाहिरबाट हेर्दा जस्तो लाग्थ्यो, भित्र अलि फरक हुँदो रहेछ । बाहिरी राजनीतिक फोरममा बोलेजस्तो पनि नहुने रहेछ । त्यहाँ भएपछि कानून, प्रक्रिया तथा संसदीय नियम अनुसार हुन्छ । मैले बाहिर र भित्री दुवै ठाउँमा विषयवस्तु राख्न पाएँ । संसदीय परम्परामा कानून कसरी निर्माण हुन्छ र कानून परिमार्जन गर्न के गर्नुपर्छ भन्ने थाहा पाएँ । दलको नेता भएकोले मलाई थप अवसर पनि प्राप्त भयो । कानून बनाउने प्रक्रिया जटिल नै रहेछ । समय पनि लाग्ने रहेछ । मैले दुई वर्षमा नेपालको कानून निर्माण प्रक्रिया र संसदीय परम्परा बुझ्ने अवसर पाएँ । सरकार र सदन कसरी चल्दो रहेछ भन्ने जानकारी भयो ।

संसदमा विपक्षीले उठाएका सवालहरूलाई सरकारले अलिक कम ध्यान दियो । आफ्नो बारेमा प्रश्न उठे भने जवाफ दिन आलटाल गर्ने र तर्किन खोज्ने सत्तापक्षको चरित्र हुँदो रहेछ । सोधिएका सबै प्रश्नको जवाफ सरकारले सय प्रतिशत नै दिएन भन्न मिल्दैन, केही जवाफहरू दिइए पनि । सरकारले जसरी समयभित्रै जवाफ दिनुपर्ने हो, सरकार तर्किन खोजे जस्तो अनुभव भयो । राष्ट्रिय सभाबाट मन्त्री भएकाहरूले छिटो 'रेस्पोन्स' गर्नुभयो ।

राष्ट्रिय सभामा अध्यक्षको भूमिका सन्तोषजनक नै लाग्यो । विपक्षीले भनेको कुरालाई स्थान दिनुभयो । आएका विषयहरू र विधेयक संशोधन गर्ने विषयमा उहाँसँग सौहार्दपूर्ण रूपमा सहकार्य भयो । समितिलाई हामीले परिवारका सदस्य जस्तै

भएर चलायौं । हामीले कहिल्यै पनि समितिमा सत्तापक्ष र प्रतिपक्ष भनेर काम गरेनौं ।

राष्ट्रिय सभामा हुँदा राष्ट्रिय सरोकार समितिमा थिएँ । दुई वर्ष रहँदा मेलम्ची र बुढीगण्डकी आयोजनाबारे छलफल भयो तर दुवै विषय टुंगो लाग्न नसकेकोमा चाहिं अलिक राम्रो लागेको छैन । अहिलेसम्म हाम्रो संख्या हेर्दा सदनको क्रियाकलापबाट सन्तुष्ट छु । हामीले फिर्ता पठाएका केही विधेयकहरू प्रतिनिधि सभाले मानेर गयो । म सन्तुष्ट यसकारण छु कि नेपाल कसरी चल्दो रहेछ भन्ने बुझ्न पाएँ । सदन र सरकार थाहा पाएँ ।

राष्ट्रिय सभामा दुई वर्ष रहँदाका दौरान चीन र अमेरिकामा भएका कार्यक्रममा सहभागी हुने मौका पनि पाएँ ।

...

राष्ट्रिय सभाले शालीन प्रतिपक्ष पाएको छ

हरिचरण शिवाकोटी, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

दलहरूले पनि कानून परिमार्जन गर्न संसद सदस्यलाई सहज बनाइदिएका छन् । मन्त्रीहरूले पनि सांसदहरूको सुझावका आधारमा विधेयक परिमार्जन गर्न तदारूकता देखाउनु भएको छ ।

२२ वर्षको उमेरपछि म राजनीतिक जीवनमा प्रवेश गरेँ । निरन्तररूपमा राजनीति गरेको ५५ वर्षमा मेरो पार्टीले सम्मानपूर्वक राष्ट्रिय सभाको सदस्य बनाएको छ । सांसद हुन्छु भनेर राजनीति गरेको पनि थिइनँ । राजनीतिलाई सेवाभावले नै हेरेको थिएँ ।

नयाँ संविधानपछिको पहिलो राष्ट्रिय सभामा दुई वर्ष सांसद हुन पाउनु पनि गौरवको विषय हो । राष्ट्रिय सभामा विभिन्न क्षेत्रबाट अनुभवी र खारिएका साथीहरू आउनुभएको छ । जाति, जनजातिबाट, संघर्षबाट खारिएका साथीहरू, विभिन्न विधामा नाम चलेका, उद्योगी व्यवसायीबाट अनुभवी साथीहरू आउनुभएको छ । राष्ट्रिय सभा भनेको प्रतिनिधि सभाबाट आएका कानूनलाई अझै परिष्कृत र परिमार्जन गर्ने थलो हो । यसको महत्व विशेष खालको छ ।

पार्टीलाई प्राप्त भएको जनमतको कदर गर्दै त्यसलाई लागू गर्ने दायित्व सांसदहरूको पनि हो । अहिले काम भएको छ, तर अझै सांसदहरूले गम्भीरतापूर्वक काम गर्नुपर्ने देखिन्छ ।

राष्ट्रिय सभा परिपक्व व्यक्तिहरूको सभा पनि हो । अहिले हामीले शालीन प्रतिपक्ष पाएका छौं । कानून निर्माणमा हामीले पनि प्रतिपक्षलाई सँगै लिएर गएका छौं ।

पहिले भन्दा राजनीतिक दलहरूले पनि कानून परिमार्जन गर्न संसद सदस्यलाई सहज बनाइदिएका छन् । मन्त्रीहरूले पनि सांसदहरूको सुझावका आधारमा विधेयक परिमार्जन गर्न तदारूकता देखाउने गरेको पाएको छु ।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा रहेर मैले तीन तहका सरकारका अधिकार प्रयोग गर्ने विषयमा गम्भीरतापूर्वक छलफलमा भाग लिएको छु । बाँकी कार्यभारहरू हामी नभए पनि आउने साथीहरूले जिम्मेवारीपूर्वक पूरा गर्नु हुने नै छ ।

...

अन्तर्राष्ट्रिय सम्बन्ध

नेपाल सन् १९६७ देखि अन्तर-व्यवस्थापिका संघ (आईपीयू)को सदस्य राष्ट्र रहेको छ । संयुक्त राष्ट्र संघमा आबद्ध १९३ मध्ये १७९ देश सदस्य रहेको आईपीयूका सम्मेलन र अन्य गतिविधि मार्फत संघीय संसद अन्तर्राष्ट्रिय मञ्चहरूमा सक्रिय सहभागी छ ।

संघीय संसदमा भारत, चीन, अमेरिका, बेलायत, रूस, जापानलगायत ३३ मुलुकबीच संसदीय मैत्री समूह रहेका छन् । मैत्री समूहमा दुवै सदनका सदस्यहरूको प्रतिनिधित्व छ । संसदीय अभ्यास र अनुभव आदानप्रदानका लागि मात्र नभई द्विपक्षीय हितका विभिन्न विषयमा छलफल र सहकार्यका लागि संसदीय समूह सक्रिय छन् ।

विदेशी राष्ट्राध्यक्ष, सरकार प्रमुखलगायतबाट समय-समयमा हुने उच्चस्तरीय भ्रमणका समयमा पनि प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्षलगायका पदाधिकारीहरूले शिष्टाचार भेटघाट गर्ने अभ्यास छ ।

राष्ट्रिय सभाको दुई वर्षे कार्यकालमा राष्ट्रिय सभाका अध्यक्षले चीनका राष्ट्रपति सी जिङफिङलगायतका राष्ट्राध्यक्षसँग भेट गर्नुभएको छ भने आईपीयू सम्मेलनलगायत विभिन्न अन्तर्राष्ट्रिय संसदीय मञ्चहरूमा सहभागिता जनाउनुभएको छ ।

चीन र बंगलादेशका राष्ट्रपतिसँग शिष्टाचार भेट

नेपालको दुई दिने राजकीय भ्रमणमा रहनुभएका जनवादी गणतन्त्र चीनका महामहिम राष्ट्रपति सी जिङफिङसँग २०७६ असोज २६ गते राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले काठमाडौंको सोल्टी होटलमा शिष्टाचार भेट गर्नुभएको थियो ।

त्यसक्रममा नेपालराजनीतिक स्थायित्व हासिल गरी समृद्धिको यात्रामा अगाडि बढेको उल्लेख गर्दै अध्यक्ष तिमिल्सिनाले मित्रराष्ट्र चीनको सहयोग अपरिहार्य रहेको बताउनुभएको थियो । राष्ट्रपति सीले नेपालको संसदसँग चीनले सहकार्य गर्ने बताउँदै अध्यक्ष तिमिल्सिनालाई चीन भ्रमणको निमन्त्रणा गर्नुभएको थियो ।

त्यसैगरी अध्यक्ष तिमिल्सिनाले नेपालको राजकीय भ्रमणमा आउनुभएका बङ्गलादेशका महामहिम राष्ट्रपति मोहम्मद अब्दुल हमिदसँग २०७६ कार्तिक २७ गते काठमाडौंमा शिष्टाचार भेटवार्ता गर्नुभएको थियो ।

संक्रमणकालको अन्त्यपछि नेपाल राजनीतिक विकास र समृद्धिको युगमा प्रवेश गरेको उल्लेख गर्दै भेटमा अध्यक्ष तिमिल्सिनाले नेपालको विकास प्रयासमा सबैको सहयोग र सद्भाव रहने विश्वास व्यक्त गर्नुभएको थियो । दुई देशबीच जनस्तर र संसदीय सम्बन्ध अभिवृद्धि गर्न दुई देशका संसदीयमैत्री समूहले भूमिका खेल्न सक्ने उहाँको भनाइ थियो ।

भौगोलिक रूपमा नजिक रहेका दुई छिमेकी देशबीच आर्थिक विकासका लागि सहकार्यका थुप्रै क्षेत्र रहेको उल्लेख गर्दै राष्ट्रपति हमिदले जनस्तर र संसदीय सम्बन्धलाई अभिवृद्धि गर्न उच्चस्तरीय भ्रमण आदान-प्रदान गर्नुपर्ने बताउनुभएको थियो ।

सभामुख/अध्यक्षहरूसँग भेटघाट

नेपालको संघीय संसदको निमन्त्रणामा आयरल्याण्डका महामहिम सभामुख सेन ओ फेरगेल नेतृत्वको प्रतिनिधि मण्डलले २०७६ भदौ २५ देखि २७ सम्म नेपाल भ्रमण गर्नुभएको थियो । राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिनासँग उहाँले २०७६ भदौ २५ गते शिष्टाचार भेट गर्नुभएको थियो ।

त्यसक्रममा अध्यक्षले नेपाल र आयरल्याण्डको दुईपक्षीय सम्बन्ध सुमधुर रहेको उल्लेख गर्दै दुई देशबीचको सम्बन्ध, सहकार्य र अनुभव आदानप्रदानका लागि दुवै देशका उच्चस्तरीय भ्रमण जरूरी रहेको धारणा राख्नुभएको थियो । सभामुख फेरगेलले आइरल्याण्डमा रहेका नेपाली समुदायको सक्रियता र प्रेरणाका कारण नेपाल भ्रमणमा आएको बताउनु भएको थियो ।

राष्ट्रिय सभाका अध्यक्षको निमन्त्रणामा क्यानडाको सिनेटका सभामुख जर्ज जे. फ्यूरी नेतृत्वको प्रतिनिधिमण्डलले २०७६ माघ २७ गतेदेखि दुई दिने नेपाल भ्रमण गरेको थियो ।

अध्यक्ष तिमिल्सिनासँगको भेटमा संसदीय अनुभव आदानप्रदान र दुईपक्षीय हितका विभिन्न विषयमा कुराकानी भएको थियो । उच्चस्तरीय भ्रमणले दुई देशको सम्बन्ध र सहकार्यलाई मजबुत बनाउन सहयोग पुऱ्याउने उल्लेख गर्दै उहाँले नेपाल राजनीतिक अस्थिरताको अन्त्य गरी आर्थिक विकास र समृद्धिमा केन्द्रित रहेको बताउनुभएको थियो ।

सभामुख जर्ज जे. फ्यूरीले नेपालसँगको सम्बन्धलाई उच्च महत्वका साथ लिएको बताउँदै एकात्मक प्रणालीबाट संघीय राज्य भएको नेपालको चुनौतीबारे क्यानडा जानकार रहेको बताउनुभएको थियो ।

संसदीय प्रतिनिधि मण्डलसँगको छलफल

राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग **जापान**को माथिल्लो सदनका सदस्य कत्सोमी ओगाआले नेतृत्वको चार सदस्यीय प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेको थियो । भेटमा प्रतिनिधिमण्डलले नेपालको संसदीय अभ्यासबारे जानकारी लिएको थियो ।

भेटमा दुई देशको सम्बन्ध, मित्रता, साझेदारी, द्विपक्षीय सहयोगका आधारमा अगाडि बढिरहेको, दुई देशबीच रहेको सुदृढ, मैत्रीपूर्ण सम्बन्धलाई अझै प्रगाढ बनाउने तथा व्यापार र पर्यटन क्षेत्रमा लगानी बढाउँदै दुईपक्षीय लाभदायी आर्थिक सम्बन्ध बनाउने विषयमा छलफल भएको थियो ।

अध्यक्षसँग समाजवादी गणतन्त्र **भियतनाम**का राष्ट्रिय सभाका रक्षा र सुरक्षा सम्बन्धी समितिका अध्यक्ष भो ट्रोङ्भीटले २०७५ फागुन २१ गते शिष्टाचार भेट गर्नुभएको थियो । सो भेटमा दुई देशको मैत्रीपूर्ण सम्बन्ध र सहकार्यबारे छलफल भएको थियो ।

त्यसैगरी उहाँसँग **दक्षिण कोरिया**का राष्ट्रिय सभा सांसद वन यो चुल नेतृत्वको संसदीय प्रतिनिधिमण्डलले २०७५ चैत्र २ ९ गते शिष्टाचार भेट गरेको थियो । भेटमा दुई देशबीचको सम्बन्ध र मित्रता द्विपक्षीय सहयोगको आधारमा अगाडि बढेको, दुई देशबीच भगवान् गौतम बुद्धको दर्शनमा आधारित संस्कृति र धर्मको सन्दर्भमा धेरै समानता रहेको, दुबै देशले एक अर्कालाई विश्वमञ्चमा सहयोग गरिरहेको र दुई देशको मैत्रीपूर्ण सम्बन्धलाई अझै प्रगाढ बनाउँदै लैजाने जस्ता विषयमा छलफल भएको थियो ।

दक्षिण कोरिया सरकारले विकास सहयोग प्रदान गर्ने साझेदार राष्ट्रको सूचीमा नेपाललाई सूचीकृत गरेकोमा अध्यक्ष तिमिल्सिनाले कोरिया सरकारलाई धन्यवाद दिनुभएको थियो । वातावरण र

विकासमा एसियाको एउटै धारणा ल्याउनु जरूरी रहेको बताउँदै कोरियाका सांसद चुलले वातावरण संरक्षणका लागि नेपालसँग समन्वय गरी काम गर्ने बताउनु भएको थियो ।

त्यसैगरी अध्यक्ष तिमिल्सिनाले २०७६ माघ ३ गते दक्षिण कोरियाको संसदीय प्रतिनिधिमण्डलसँग भेटघाट गर्नुभएको थियो । भेटमा नेपाल र दक्षिण कोरियाबीचको कुटनीतिक सम्बन्ध, महाभूकम्पका समयमा राष्ट्रपति मुन जेई इनले गर्नुभएको नेपाल भ्रमण र सहयोग, नेपाल दक्षिण कोरिया संसदीय मैत्री समूह, अन्तर्राष्ट्रिय र बहुपक्षीय संस्थामा रहेको दुवै देशको साझा दृष्टिकोण र नेपाल भ्रमण वर्ष २०२० का सम्बन्धमा छलफल भएको थियो ।

अध्यक्ष तिमिल्सिनाले २०७६ पुस १३ गते नेपालको संसदीय अभ्यास तथा दलित, आदिवासी र अल्पसंख्यकको प्रतिनिधित्व तथा अधिकारबारे अध्ययन गर्न आएको **बंगलादेश संसद**को All-Party Parliamentary Group (APPG) on Dalit and Plain Land Ethnic Minorities का सभापति Manoranjan Shill Gopal नेतृत्वको प्रतिनिधिमण्डलसँग सिंहदरबारस्थित कार्यकक्षमा छलफल गर्नुभएको थियो ।

दलित, आदिवासी तथा अल्पसंख्यकबारे नेपालको संविधानले विशेष अधिकार प्रदान गरेको, संघीय संसदले पनि त्यस सम्बन्धी थुप्रै कानूनहरू निर्माण गरिसकेको उल्लेख गर्दै अध्यक्ष तिमिल्सिनाले संघ, प्रदेश र स्थानीय तहसम्म सो समूहको प्रतिनिधित्व सुनिश्चित गरिएको जानकारी गराउनुभएको थियो ।

नेपालले दलित र आदिवासीका अधिकारबारे गरेको कानूनी व्यवस्थाको प्रशंसा गर्दै सभापति Manoranjan Shill Gopal ले बंगलादेश सरकार दलित, अल्पसंख्यक तथा पिछडिएका वर्गको अधिकार र जीवनस्तर सुधारका लागि लागिपरेको र

नेपालको संविधानले सुनिश्चित गरेको अधिकारको बंगलादेशले कानूनी रूपमै अनुसरण गर्दै जाने बताउनुभएको थियो ।

त्यसैगरी **राष्ट्रिय सभाका उपाध्यक्ष शशिकला दाहाल**ले अमेरिकी House Democracy Partnershipका प्रतिनिधि मण्डलसँग २०७६ कार्तिक २७ गते भेटघाट तथा अन्तरक्रिया गर्नुभएको थियो । अमेरिकी प्रतिनिधिमण्डल त्यहाँको हाउस अफ रिप्रेजेन्टेटिभ, IRI नेपाल र संघीय संसद, नेपालको सहकार्यमा आयोजित दुई दिने अन्तरक्रिया कार्यक्रमका लागि आएको थियो । अन्तरक्रियामा अमेरिकी कांग्रेसका सांसद बब गुडलाटे, संसदीय समितिका सल्लाहकार ब्राड स्मिथ, अनुसन्धान सेवा परराष्ट्र मामिलाका पूर्वविशेषज्ञ सुसन एप्स्टिन, IRI का कार्यक्रम अधिकृत स्कट नेथेम लगायतका महानुभावहरूसँग भेटघाट भएको थियो ।

उपाध्यक्ष दाहालले २०७६ पौष १० गते चीनको Yibin शहरको आर्थिक तथा वैदेशिक मामिला सम्बन्धी प्रतिनिधि मण्डलका सदस्यहरूसँग आफ्नै कार्यकक्षमा भेटघाट गर्नुभएको थियो । त्यसक्रममा Yibin शहरको कृषि प्रविधिबाट नेपालले कृषिमा कसरी लाभ लिन सक्दछ साथै नेपाल र चीनबीच मैत्री सम्बन्ध नागरिक स्तरमा कसरी विकास गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो । चीनको Yibin शहर र नेपालको पोखराबीच भगिनी सम्बन्ध रहेको बारेमा समेत प्रकाश पारिएको थियो ।

उपाध्यक्ष दाहालले २०७६ फागुन ५ गते 'जय जगत् अभियान - विश्व शान्ति पद यात्रा, २०२०' को भारतीय टोलीको टोली प्रमुख सन्तोष सिंह नेतृत्वको प्रतिनिधि मण्डलसँग भेटघाट गर्नुभएको थियो । त्यसक्रममा नेपाल विश्व शान्ति, भाइचारा र अहिंसाको पक्षधर रहेको मुलुक भएको साथै बुद्धको जन्मभूमि समेत भएको उल्लेख गर्दै दाहालले विश्व शान्ति अभियानलाई नेपालको सधैं साथ र सहयोग रहने बताउनु भएको थियो ।

विदेश भ्रमण

- **गणतन्त्र दक्षिण कोरिया** : राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनाको नेतृत्वको प्रतिनिधिमण्डलले दक्षिण कोरियाका राष्ट्रिय सभाका सभामुख मुन ही साङको निमन्त्रणामा पाँच दिने भ्रमण गरेको थियो ।

  २०७६ भदौ १८ देखि २२ गते सम्म भएको भ्रमणका क्रममा नेपाली प्रतिनिधि मण्डलले कोरियाको संसदको अवलोकन गरी संसद सञ्चालनको अभ्यास लगायतका विषयमा जानकारी लिएको थियो । त्यसक्रममा अध्यक्षले गणतन्त्र कोरियाको राष्ट्रिय सभाका अध्यक्ष, उपविदेशमन्त्री, कोरियाली सहयोग नियोग (कोइका) का प्रमुख, कोरिया फाउण्डेशनका प्रमुख लगायतसँग भेटघाट गर्नुभएको थियो । भ्रमण टोलीमा राष्ट्रिय सभा सदस्य खेमराज नेपाली र उपसचिव उदवीर नेपाली सहभागी हुनुभएको थियो ।

  त्यसैगरी गणतन्त्र दक्षिण कोरियाको नेशनल एसेम्ब्लीद्वारा December 9-11, 2019 सम्म सियोलमा आयोजित Asia Pacific Parliamentarians´ Conference on Environment and Development (APPCED) विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा सभाका उपाध्यक्ष्य शशिकला दाहालको नेतृत्वको एक संसदीय प्रतिनिधिमण्डलले सहभागिता जनाएको थियो ।

  उक्त सम्मेलनमा सहभागी सबै राष्ट्रले वातावरण विनास रोक्ने प्रतिबद्धता जनाएका थिए । उक्त प्रतिबद्धता पत्रमा नेपालको तर्फबाट माननीय उपाध्यक्षले हस्ताक्षर गर्नुभएको थियो । प्रतिनिधि मण्डलमा राष्ट्रिय सभाका सदस्य वृषेशचन्द्र लाल सहभागी हुनुहुन्थ्यो । सोही क्रममा प्रतिनिधि मण्डलले गणतन्त्र दक्षिण कोरियाका राष्ट्रिय सभाका सभामुख मुन ही साङसँग भेटवार्ता गरेको थियो ।

- **आईपीयूको ४१ औं सम्मेलनः** सर्बियाको बेलग्रेडमा २०७६ असोज २६ देखि ३० सम्म आयोजना भएको अन्तर-व्यवस्थापिका संघ (आईपीयू) को ४१औं सम्मेलनमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको नेतृत्वमा नौ सदस्यीय प्रतिनिधिमण्डल सहभागी भएको थियो ।

  नेपाल लगायत १७१ राष्ट्रका संसदीय प्रतिनिधिमण्डल र अन्य ११ एसोसियट सदस्य राष्ट्र सहभागी सो सम्मेलनमा 'अन्तर्राष्ट्रिय कानूनको सुदृढीकरणः संसदको भूमिका र संयन्त्र तथा क्षेत्रीय सहकार्यको योगदान' विषयमा छलफल भएको थियो ।

  सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष तिमल्सिनाले आन्तरिक द्वन्द्व व्यवस्थापनमा नेपालले अपनाएको मौलिक विधि र सफलता विश्वका लागि उदाहरण हुनसक्ने धारणा राख्नुभएको थियो । उहाँले कार्यक्रमका सहभागीहरूलाई नेपाल भ्रमण वर्ष २०२० को निमन्त्रणा पनि गर्नुभएको थियो ।

  सम्मेलनमा नेपालको संविधानले शान्तिपूर्ण रूपमा द्वन्द व्यवस्थापन गरेको तथा युवा सहभागिता र अधिकारबारे हासिल गरेको सफलताको मूल्याङ्कन गरी नेपाललाई अन्तर्राष्ट्रिय स्तरको 'फ्यूचर पोलिसी सिल्भर अवार्ड, २०१५' प्रदान गरिएको थियो ।

  प्रतिनिधिमण्डलले सर्बियाका प्रधानमन्त्री Ana Brnabic र माथिल्लो सभाका सभामुख Maja Gojkovic सँग शिष्टाचार भेटवार्ता समेत गरेको थियो । भ्रमण टोलीमा प्रतिनिधि सभाका सदस्य इन्दुकुमारी शर्मा, देवप्रसाद तिमिल्सिना र रूही नाज, राष्ट्रिय सभाका सदस्य खिमलाल भट्टराई र बद्री प्रसाद पाण्डे, संघीय संसदका महासचिव मनोहरप्रसाद भट्टराई, राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाल, सर्बियाका लागि नेपाली राजदूत रमेशप्रसाद खनाल र प्रेस विज्ञ अशोक पौडेल सहभागी हुनुभएको थियो ।

...

परिच्छेद - ख

मिनी संसद

सरकारलाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भएगरेका कामकारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक सुझाव प्रदान गर्न संसदीय समितिहरू क्रियाशील हुन्छन् । संघीय संसदमा राष्ट्रिय सभातर्फ ४, प्रतिनिधि सभामा १० र दुवै सभाका संयुक्त २ गरी १६ समिति छन् । राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम १४७ मा सभामा दिगो विकास तथा सुशासन समिति, विधायन व्यवस्थापन समिति, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति र राष्ट्रिय सरोकार तथा समन्वय समिति रहने व्यवस्था छ । तदनुरूप सभाले २०७५ साउन १७ गते चारवटै समिति गठन गरेको थियो ।

समितिका सदस्यहरू मध्येबाट सभापतिको चयन हुने व्यवस्था बमोजिम २०७५ भदौ १३ गते राष्ट्रिय सरोकार तथा समन्वय समिति, विधायन व्यवस्थापन समिति र प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापतिहरूको चयन भएको थियो भने दिगो विकास तथा सुशासन समितिको सभापति भने मिति २०७५ भदौ २१ गते चयन गरिएको थियो । नियमावलीमा प्रत्येक दुई वर्षका लागि समितिका सभापतिको चयन हुने

व्यवस्था छ । यो दुई वर्षको अवधिमा राष्ट्रिय सभा अन्तर्गतका समितिहरूबाट सम्पादित कामहरूलाई संक्षेपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

दिगो विकास तथा सुशासन समिति

सरकारका विभिन्न तहबाट सम्पादन हुने दिगो विकास सम्बन्धी कार्यहरूलाई समन्वय र सहजीकरण तथा निगरानी सम्बन्धी कार्य गर्न अलग्गै समितिको आवश्यकताको बोध गरी संघीय संसदमा राष्ट्रिय सभा अन्तर्गत दिगो विकास तथा सुशासन समितिको व्यवस्था गरिएको हो ।

संयुक्त राष्ट्र संघको महासभाले सन् २०१५ को सेप्टेम्बरमा सन् २०१६ देखि २०३० सम्म विश्वको रूपान्तरण र विकासका हरेक आयामहरूमा कसैलाई पनि पछाडि नछोडिने प्रतिबद्धताका साथ १९३ देशको उपस्थितिमा दिगो विकास सम्बन्धी लक्ष्यहरूको घोषणा गरेको थियो । यस अन्तर्गत १७ वटा दिगो विकास लक्ष्य, १६९ वटा गन्तव्य र २३० वटा सूचकहरूको घोषणा गरेको थियो । दिगो विकास लक्ष्य (२०१६-२०३०) मा प्रतिबद्धता जनाए अनुरूप विश्वका सबै राष्ट्रहरूमा सहभागितामूलक, अधिकारमुखी र समतामूलक विकास गरी गरिबीको अन्त्य गर्ने अठोट लिइएको छ । दिगो विकास लक्ष्यले मुख्यतः मानव, समृद्धि, शान्ति, पृथ्वी र साझेदारीलाई प्राथमिकतामा राखेको छ । नेपालले दिगो विकास लक्ष्य २०३० सम्म पूरा गर्ने प्रतिबद्धता जनाए अनुरूप दिगो विकास लक्ष्य कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण लगायत दिगो विकास लक्ष्यहरूलाई योजना तथा बजेट प्रक्रियामा आन्तरिकीकरण गरेको छ ।

नेपाल सरकारले अख्तियार गरेको दिगो एवं सन्तुलित विकास र सुशासन प्रवर्द्धन सम्बन्धी विषय हेर्ने गरी समितिको कार्यक्षेत्र

निर्धारण गरिएको छ । दिगो विकास सम्बन्धी नेपाल सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं दिगो विकासको लक्ष्य प्राप्तिमा सम्बन्धित निकायहरूबाट भएको कार्यको कार्यान्वयनको अवस्था र सुशासनको सम्बन्धमा सरोकारवालाहरूसँग छलफल गरी निगरानी, निर्देशन, परामर्शदायी र अनुगमनकर्ताको भूमिका निर्वाह गर्नु समितिको प्रमुख कार्य हो ।

समितिको पहिलो बैठक २०७५ साउन २२ गते बसेको थियो । प्रारम्भका ५ वटा बैठक जेष्ठ सदस्य माननीय दीनानाथ शर्माको अध्यक्षतामा बसेको थियो । समितिले २०७५ भदौ २१ गते समितिको सभापति पदमा तारादेवी भट्टलाई सर्वसम्मत चयन गरेको थियो । समितिको मिति २०७५ साउन २२ गते देखि २०७६ फागुन २० गतेसम्म गरी जम्मा ५६ वटा बैठकहरू सम्पन्न भएका छन् । समितिका सबै बैठकमा अधिकांश सदस्यहरूको उपस्थिति *(हेर्नुहोस्, अनुसूची-११)* रहेको छ ।

समितिले कार्ययोजना तर्जुमा, यातायात क्षेत्रको अनुगमन, दुर्गम क्षेत्रमा खाद्यान्नको अवस्था बजार अनुगमन जस्ता कार्यका लागि छुट्टाछुट्टै उपसमिति मार्फत अनुगमन, निरीक्षण र सम्बन्धित निकायका पदाधिकारीसँग छलफल गरेको थियो ।

निर्णय तथा निर्देशन

समितिले दिगो विकासका लक्ष्य प्राप्तिमा भएका प्रगति, देशको समग्र शान्ति सुरक्षाको स्थिति, सम्पदा संरक्षण, सडक दुर्घटना न्यूनीकरणका उपाय लगायतका विषयमा विभिन्न बैठकमा छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिएको छ । समितिका अधिकांश निर्णयहरू कार्यान्वयनको चरणमा रहेको जानकारी सम्बन्धित निकायबाट प्राप्त भएका छन् ।

अन्तर्राष्ट्रिय स्तरमा नेपाल सरकारको तर्फबाट वन, वातावरण, जलवायु परिवर्तन तथा दिगो विकासका लक्ष्यका प्रगति प्रतिवेदन पेश हुनु अगाडि समितिमा पूर्व छलफल गर्नुपर्ने, वनलाई रोजगारसँग आबद्ध गरी आयमूलक बनाउन पहल गर्ने, दिगो विकास लक्ष्य हासिल गर्न रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय सभा (COP) मा बनेको Rule Book अवधारणालाई प्रदेश र स्थानीय तहको योजनामा समाविष्ट गर्न आवश्यक सहजीकरण गर्ने, पेरिस सम्झौता र सेन्डाइ ढाँचामा राष्ट्रले गरेका प्रतिबद्धता अनुरूप स्थानीय तहसम्म नै कार्यक्रम सञ्चालन गर्ने, नेपालको जलवायु परिवर्तन नीतिलाई समायानुकूल परिमार्जन गर्ने, राष्ट्रिय अनुकूलन योजनालाई छिटो तर्जुमा गर्ने र कार्यान्वयन गर्ने, वृक्षरोपण अभियानलाई देशव्यापी बनाउने, जडिबुटी सम्बन्धी राष्ट्रिय नीतिलाई समयानुकूल परिमार्जन गर्ने, उपर्युक्त निर्देशनहरूको कार्यान्वयनको प्रगति विवरण समितिलाई ३।३ महिनामा उपलब्ध गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको छ ।

कञ्चनपुरकी छात्रा निर्मला पन्तको बलात्कारपछि भएको हत्याको घटनासँग सम्बन्धित विषयमा समितिले प्रहरी महानिरीक्षकको उपस्थितिमा छलफल गरेको थियो । समितिले दोषीलाई चाँडोभन्दा चाँडो सार्वजनिक गरी सजायको भागिदार बनाउने र समाजमा शान्ति सुरक्षा कायम गरी जघन्य अपराधका घटना दोहोरिन नदिन सजग, सतर्क र कर्तव्यनिष्ठ बन्न नेपाल प्रहरीलाई निर्देशन दिएको छ ।

समितिले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको जिम्मेवारी भित्रका पुनर्निर्माण सम्बन्धी कार्यहरू समयमै सम्पन्न गर्ने र सिंहदरबार, संसद भवन, धरहरा र रानीपोखरी लगायतका राष्ट्रिय सम्पदाहरूको निर्माण कार्य अगाडि बढाई प्रत्येक तीन

महिनामा सोको प्रगति विवरण समितिलाई उपलब्ध गराउन निर्देशन दिएको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कामकारवाहीमा प्रभावकारिता ल्याउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ मा समसामयिक सुधारका लागि संशोधन विधेयक यथाशीघ्र संसदमा पेश गर्न आयोगलाई निर्देशन दिइएको थियो । सो अनुरूप सरकारले २०७६ माघ ६ गते संघीय संसद सचिवालयमा दर्ता गराएका दुईवटै ऐनका संशोधन विधेयकहरू २०७६ माघ १४ गते राष्ट्रिय सभामा पेश भएका छन् ।

सवारी साधनको अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउन, विद्यमान सवारी साधन र प्रयोगकर्ताको विवरण समिति सचिवालयमा उपलब्ध गराउन, मन्त्रालय र मातहतका निकायहरूको शौचालयको अविलम्ब सरसफाइ गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिइएको छ । त्यसैगरी सडक जोखिम व्यवस्थापन, सडक दुघर्टना एवं धनजनको क्षति न्यूनीकरण गर्ने, सिट संख्या अनुरूप यात्रु राख्ने, सार्वजनिक यातायातमा बालश्रमिक राख्न निषेध गर्न आवश्यक कार्य गर्न मन्त्रालयलाई निर्देशन दिइएको छ ।

भैरहवा तथा पोखरामा निर्माण भइरहेका अन्तर्राष्ट्रिय विमानस्थलहरूमा नेपालीपन झल्किने खालको बनाउन संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई निर्देशन दिइएको छ ।

समितिले बैठकमा महालेखा परीक्षकसँग छलफल गरी बेरूजुको अवस्था र नेपालले दिगो विकास लक्ष्य हासिल गर्न गरेको प्रतिबद्धतामा महालेखा परीक्षकको कार्यालयले खेलिरहेको भूमिका समेतको बारेमा जानकारी लिएको थियो ।

स्थलगत अनुगमन भ्रमण

समितिले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भेरी बबई बहुउद्देश्यीय डाइभर्सन आयोजनाको स्थलगत अनुगमन गरी कामको गुणस्तर, परिणाम र लागत बमोजिम कार्य सम्पादन गर्न निर्देशन दिएको छ ।

गोरखाको बारपाक सुलिकोट गाउँपालिकाको स्थलगत अनुगमन गरी त्यहाँको पुनर्निर्माणका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देशन दिएपश्चात् २०० घरधुरीले राहत प्राप्त गरेको एवं विद्यालय, अस्पताल निर्माणमा सहयोग पुगेको छ । समितिले काठमाडौंको धराहरा र रानीपोखरी पुनर्निर्माण क्षेत्रको पनि अनुगमन गरेको छ ।

समितिले दुर्गम क्षेत्रमा खाद्यान्नको आपूर्ति, सुरक्षित यातायात व्यवस्थापन र बजार अनुगमन सम्बन्धमा समितिका सदस्यहरूलाई क्षेत्रगत संयोजक तोकी अनुगमन गरेको छ । विषयगत मन्त्रालयको तयारीबारे छलफल गरिएको नमूना छनौटको आधारमा कालीमाटीस्थित तरकारी तथा फलफूल पसल, टुकुचास्थित खसी बजार र सुपथ मूल्य पसलको (चाडवाड लक्षित) स्थलगत रूपमा अनुगमन गरेको छ ।

न्यायिक समितिको कार्य, तौरतरिका, प्रक्रिया तथा अवसर र चुनौती सम्बन्धमा काठमाडौं र ललितपुर महानगरपालिकाको न्यायिक समितिको स्थलगत अनुगमन गरिएको छ । त्यसक्रममा मुद्दाको प्रकृति, इजलास बस्ने समय, न्यायिक निरोपणको कार्यविधि, इजलास बस्ने स्थान, विद्यमान समस्या र चुनौतीबारे जानकारी लिइएको थियो ।

समितिले मेलम्ची खानेपानी आयोजना र सो अन्तर्गतको सुन्दरीजल पानी प्रशोधन केन्द्रको स्थलगत अनुगमन तथा

अवलोकन भ्रमण गरी आयोजनाको पृष्ठभूमि, आयोजनाको समग्र अवस्थावारे जानकारी लिइएको थियो ।

मेलम्ची आयोजनाको अनुगमनको क्रममा करोडौं मूल्यका थुप्रै सामग्रीहरू प्रयोगविहीन भई अलपत्र अवस्थामा रहेको पाइएकोले त्यस्ता सामग्रीहरूको उचित व्यवस्थापन, आयोजनाको विद्यमान समस्या एवं हालसम्मको प्रगतिको अवस्थाका बारेमा थप अध्ययन गरी आयोजना तोकिएको समयमै सम्पन्न गर्ने सम्बन्धमा सरकार तथा सम्बन्धित निकायलाई निर्देशन दिनुपर्ने आवश्यकता रहेको निष्कर्ष निकालिएको थियो ।

राष्ट्रिय गौरवका आयोजना अन्तर्गत धनुषा जिल्लामा राष्ट्रपति चुरे संरक्षण आयोजनाको स्थलगत अवलोकन भ्रमण, यस सम्बन्धमा विद्यमान अवसर र चुनौती पहिचान एवं धनुषाकै कमला नगरपालिकाको न्यायिक समितिको अनुगमन समेत गरिएको थियो ।

अन्तर्क्रिया

समितिले दिगो विकास लक्ष्य पूरा गर्ने रणनीति, चुनौती र प्रभावकारी कार्यान्वयनका सम्बन्धमा आफ्ना सदस्यहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ भने हेटौंडा, जनकपुर, बिराटनगर, पोखरा, बुटवल, धनगढी र सुर्खेतमा दिगो विकास लक्ष्य सम्बन्धी प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । त्यसैगरी प्रत्येक प्रदेशबाट ५/५ जना प्रदेश सभा सदस्य सम्मिलितसमितिका १४ जना सदस्यको संयुक्त प्रवर्द्धनात्मक कार्यक्रम मार्फत दिगो विकास स्थानीयकरण गर्न सांसद विकास सञ्जाल निर्माण गरिएको छ, जसबाट अनुगमन तथा मूल्याङ्कनमा सहयोग पुगेको छ ।

भौतिक पूर्वाधार र सुशासनको अवस्था सम्बन्धमा नमूना छनौटमा परेका कर्णाली प्रदेश अन्तर्गतको जाजरकोट र

दैलख एवं सुदूरपश्चिम प्रदेशको डडेल्धुरा र कञ्चनपुरमा अन्तर्क्रियात्मक कार्यक्रम गरिएका छन् । त्यसक्रममा दरबन्दी अनुरूप कर्मचारी व्यवस्थापन नभई सेवा प्रवाहमा प्रभावकारिता नदेखिएको पाइएकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग छलफल गरी कर्मचारी व्यवस्थापन गर्न निर्देशन दिइएको छ ।

समितिले प्रदेश नं. २ को सप्तरीको राजविराज र धनुषाको जनकपुरधाममा भौतिक पूर्वाधार र सुशासनको अवस्थाका सम्बन्धमा राजनीति, प्रशासन र नागरिक समाजबीच त्रिपक्षीय अन्तर्क्रिया कार्यक्रम समेत गरेको थियो ।

समितिले सम्पादन गरेका अन्य कार्य

१. **दिगो विकास स्रोत केन्द्रको स्थापना** : दिगो विकास सम्बन्धी तुलनात्मक अध्ययन एवं अनुभव आदानप्रदानका लागि सहयोग पुगेको छ ।

२. www.digobikas.gov.np **पोर्टलको स्थापनाः** एकीकृत पोर्टल मार्फत विषयगत मन्त्रालयका विभिन्न निकायहरूमा एकीकृत वेभमा पहुँच विकास भएको छ ।

३. विधेयकहरूलाई दिगो विकासको आयामबाट मूलप्रवाहीकरण गर्न रूजुसूची विकास गर्ने सम्बन्धमा सोको मस्यौदा तयार गरिएको छ । यस कार्यमार्फत कानूनलाई दिगो विकासमैत्री बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

४. दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा सबै मन्त्रालयहरूबाट आ.व.२०७५/०७६ एवं २०७६/०७७ को विनियोजित बजेट, उपलब्धि र दिगो विकास हेर्ने 'फोकल पर्सन' तोक्न पत्राचार गरिएको र मन्त्रालयगत अभिलेख तयार गरिएको छ ।

५. सन् २०१९ को सेप्टेम्बर २३ देखि ३० सम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा सम्पन्न भएको संयुक्त राष्ट्रसंघीय महासभाको दिगो विकास लक्ष्य सम्बन्धी शिखर सम्मेलनमा समिति सभापति तारा देवी भट्ट र समिति सदस्य दिनानाथ शर्माको सहभागिता भएको र जलवायु परिवर्तन सम्बन्धमा अन्तर्राष्ट्रिय परिवेश र भूमिकाबारे बोध गरिएको थियो ।

विधायन व्यवस्थापन समिति

नियमित विधायिकी कार्य नै संसदको मुख्य काम हो । नयाँ कानून निर्माणमा माथिल्लो सदनको भूमिका राष्ट्रिय दृष्टिकोणयुक्त, संयमता र परिपक्वता अपेक्षित हुन्छ । राष्ट्रिय सभाबाट दफावार छलफलका लागि प्राप्त भएका विधेयकहरू उपर एउटा मात्र समितिले दफावार छलफल गर्ने प्रावधान अनुरूप 'विधायन व्यवस्थापन समिति'को कार्यक्षेत्र निर्धारित छ । सभाबाट दफावार छलफलका लागि समितिमा पठाइएका विधेयकमाथि दफावार छलफल गरी सभा समक्ष प्रतिवेदन पेश गर्नु, ऐनको कार्यान्वयनको अवस्थाबारे अध्ययन गरी सोको अवस्था मापन गर्नु र ऐनका विषयवस्तुहरूका सम्बन्धमा अध्ययन अनुसन्धान गर्नु यस समितिको मुख्य कार्यक्षेत्र हो ।

सभाबाट २०७५ साउन १७ गते गठित यस समितिको पहिलो बैठक २०७५ साउन २२ गते बसेको थियो । समितिका शुरूका ८ वटा बैठकमा ज्येष्ठ सदस्य हरिचरण सिवाकोटीले सभापतित्व गर्नुभएको थियो भने मिति २०७५ भदौ १३ गतेका दिन समितिले सर्वसम्मत रूपमा समितिका सदस्य परशुराम मेघी गुरूङलाई सभापतिमा निर्वाचन गरेको थियो । समितिको मिति २०७५ साल साउन २२ देखि २०७६ फागुन २० गतेसम्म जम्मा २२२ वटा बैठकहरू सम्पन्न भएका छन । समितिमा सबै बैठकमा अधिकांश सदस्यहरूको उपस्थिति *(हेर्नुहोस्, अनुसूची-११)* रहेको थियो ।

समितिमा प्राप्त विधेयकहरू उपर सम्बन्धित मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, आवश्यकतानुसार विषयविज्ञ र सरोकारवालाहरूसँग छलफल गरी आवश्यक परिमार्जन गर्ने परिपाटी स्थापित भएको छ । समितिको पहिलो दुई वर्षे कार्यकालमा ४१ वटा नयाँ र २४ संशोधन विधेयक गरी ६५ वटा विधेयक पारित गरेको छ । समितिले आवश्यकता अनुसार प्रदेश सभाको प्रदेश मामिला तथा विधायन समितिसँग समेत सहकार्य गरी प्रदेशस्तरमा समेत सरोकारवालाहरूसँग छलफल गरिआएको छ । संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्ने विधेयक २०७५' बारे समितिले सातै प्रदेशमा (२०७६ साउन १६ देखि ३० सम्म) अन्तरक्रिया र सुझाव संकलन गरेको थियो । समितिले भूमि सम्बन्धी विधेयकमाथि २०७६ साल भदौ २१ गते मोरङ, नवलपरासी, दाङ र कैलाली जिल्लामा सरोकारवालाहरूसँग छलफल गरेको थियो भने नेपाल मिडिया काउन्सिल विधेयकका सम्बन्धमा २०७६ पौष १७ देखि २४ गतेसम्म विराटनगर, जनकपुर, हेटौंडा, बुटवल, पोखरा, सुर्खेत र धनगढीमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको थियो ।

ऐन कार्यान्वयन मापन

व्यवस्थापिकाको मुख्य काम कानून निर्माण गर्नु हो । संसदले कानून कार्यान्वयनको अनुगमन गरी ऐन-कानूनबाट अपेक्षित परिणाम हासिल भए, नभएको मूल्याङ्कन समेत गर्ने नयाँ अवधारणाको विकास भएको छ । कानून कार्यान्वयनको जिम्मेवारी वहन गर्ने निकाय कार्यपालिकालाई संसद मार्फत जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन यस्तो निगरानी आवश्यक ठानिएको हो ।

ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान कार्यविधि, २०७५ अनुरूप यातायात, शिक्षा, भूमि र उपभोक्ता हितका

विषयमा रहेका ऐन मापन अध्ययन अनुसन्धानका लागि छुट्टाछुट्टै चारवटा उपसमिति मार्फत समितिले काम गरिरहेको छ । समितिको २०७५ मंसिर २१ गतेको बैठकले ऐन कार्यान्वयन मापन (मूल्याङ्कन, सम्परीक्षण, समीक्षा) र अध्ययन तथा अनुसन्धान प्रयोजनका लागि सबै मन्त्रालय, आयोग वा अन्तर्गतका निकायसँग सम्बन्धित ऐनहरूका सम्बन्धमा विस्तृत विवरण माग गरेको थियो । सम्पूर्ण मन्त्रालय, आयोगहरूमध्ये अधिकांशबाट आंशिक रूपमा मात्र विवरणहरू उपलब्ध भएका थिए । ती निकायमध्ये केहीले तदारूकताका साथ जिम्मेवारी वहन गर्नुको सट्टा आफू अन्तर्गतका निकायलाई विवरण उपलब्ध गराउन पत्राचार गरी समितिलाई बोधार्थ पत्र मात्र पठाएका थिए । संसदप्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने सरकारका विषयगत मन्त्रालयहरू जति गम्भीर र जवाफदेही हुनुपर्ने हो, सो नपाइएको समितिको निष्कर्ष छ । सम्बन्धित नियकाहरूबाट प्राप्त आंशिक विवरणको विश्लेषणका आधारमा समितिले थुप्रै कानूनको संशोधन, एकीकरण र प्रतिस्थापनको आवश्यकता औंल्याएको छ । केही निकायहरूसँग त आफू मातहत के कति संख्यामा कार्यविधि, निर्देशिकाहरू छन् भन्ने जानकारी समेत नभएको पाइयो ।

२०७५ साल असोज २३ गतेसम्म प्रचलित ऐनहरू कूल ३३९ वटा रहेको पाइएको छ । नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लगायत केही ऐनहरू धेरै पूराना छन् । ऐनहरूको निर्माणलाई राजनीतिक कालखण्डको आधारमा हेर्दा २०४६ सालसम्म १२३ वटा, २०४६ देखि २०६३ सम्मका १०९ वटा र सोपछि २०७५ साल असोज २३ गेतसम्म १०७ वटा निर्माण भएको पाइएको छ ।

विकास समिति ऐन, २०१३ बमोजिम गठन आदेश अनुसार गठित विभिन्न निकायहरू १९ वटा छन् । नेपाल पक्ष भएका

अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको प्रावधान बमोजिम नयाँ निर्माण गर्नुपर्ने विषयका सम्बन्धमा भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) अनुरूप स्वार्थको द्वन्द्व नियन्त्रण सम्बन्धी, सूचनादाता (सुराकी) को सुरक्षा सम्बन्धी, पीडित, साक्षी र विशेषज्ञको संरक्षण सम्बन्धी कानूनहरू रहेका छन् । जैविक विविधता महासन्धि र सो अन्तर्गतको नागोया अभिसन्धिको प्रावधान बमोजिम आनुवंशिक स्रोतमा पहुँच, उपयोग र लाभको बाँडफाँड सम्बन्धी ऐन बनाउनु आवश्यक छ । सन् १९४९ को जेनेभा महासन्धि कार्यान्वयन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मानवीय कानूनको निर्माण आवश्यक देखिन्छ ।

सर्वोच्च अदालतबाट सम्बन्धित ऐनमा रहेका प्रावधानलाई संशोधन, निलम्बन वा खारेजी गर्ने गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित विभिन्न ११ विषयमा र रक्षा मन्त्रालय अन्तर्गत सैनिक ऐनमा रहेको 'सैनिक न्यायसँग सम्बन्धित मौजुदा व्यवस्थाहरूको पुनरावलोकन गरी आवश्यक सुधारको जो चाहिने प्रबन्ध गर्नु गराउनु' भनी आदेश भएको छ ।

स्ट्याण्डर्ड नापतौल ऐन, २०२५ र मुलुकी अपराध (संहिता) ऐन, २०७४ का बीच, हुलाक ऐन, २०१९ र मुलुकी अपराध (संहिता) ऐन, २०७४ तथा विष्फोटक पदार्थ ऐन, २०१९ र मुलुकी अपराध (संहिता) ऐन, २०७४ का केही प्रावधानबीच दोहोरो व्यवस्था भएको,मुलुकी फौजदारी कार्यविधि (संहिता), २०७४ बमोजिम मुद्दा फिर्ता लिने र माफीका सम्बन्धमा नेपाल सरकारले मापदण्ड सहितको निर्देशिका बनाउन आवश्यक छ ।

नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुने भन्ने व्यवस्था भएपनि सूचना प्रकाशन हुन नसक्दा बनेको लामो समय भइसक्दा समेत कार्यान्वयनमा आउन नसकेका कानूनहरू जीवितै छन् । २०४३।०७।२४ मा लालमोहर र प्रकाशन

गरिएको न्यायिक कोष ऐन, २०४३, २०२१।०६।१७ मा लालमोहर र प्रकाशन भएको नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१, २०३९।०८।०६ मा लालमोहर र प्रकाशन गरिएको लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ यसका उदाहारणहरू हुन् । 'धेरै कानून धेरै अन्याय' भन्ने कुरालाई ध्यानमा राखी एकै प्रकृतिका कानूनहरूको एकीकरण, संहिताकरण गर्नु आवश्यक छ । कानूनको अनभिज्ञता क्षम्य नहुने तर कानूनहरू आमजनतामाझ नपुग्ने हुनाले आम जनतामा कानूनको उचित प्रचारप्रसार गर्नुका साथै प्रचलित सबै कानूनहरू (ऐन, नियम, नियमावली, विनियमावली, कार्यविधि, निर्देशिका) विषयगत निकायका आधारमा एकीकृत गरी प्रकाशन गर्ने तथा जनताले सहज र सरल रूपमा प्राप्त हुने व्यवस्था गर्नु आवश्यक छ ।

कार्यान्वयनमा नआएका ऐन

- न्यायिक कोष ऐन, २०४३
- नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१
- लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९

विकास समिति ऐन, २०१३ बमोजिम गठन आदेशको आधारमा धेरै निकायहरू स्थापना भएका छन् । ऐनमा भएको 'कुनै विकास योजना वा विकास कार्यलाई कार्यान्वित गर्न समिति गठन गर्न सकिने' व्यवस्थामा टेकी स्थायी प्रकृतिको संरचना पनि वर्षौंसम्म गठन आदेशकै आधारमा सञ्चालन भइरहेका छन् । अतः यस्तो प्रवृत्तिको अन्त्य गर्न ऐनमा संशोधन आवश्यक देखिएको छ ।

नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको प्रावधान बमोजिम पुराना कानूनलाई संशोधन र कतिपय नयाँ कानूनहरू तत्काल बनाउन शुरू गर्नुपर्ने देखिन्छ । संवैधानिक

प्रावधान एवं नेपालको संविधानले अंगीकार गरेको सिद्धान्त लैङ्गिक समानता वा समावेशीकरणलाई कार्यान्वयन गर्न कानून निर्माणमा नै ध्यान दिनु आवश्यक छ । सर्वोच्च अदालतबाट जारी भएका आदेशहरूको यथाशीघ्र कार्यान्वयन गरिनुपर्छ । प्रचलित ऐन, कानूनमा रहेको दण्ड जरिवाना वा सजाय र कसूर वा अपराधको मात्राबीच तादात्म्यता नदेखिएकोलाई यथाशीघ्र अध्ययन, अनुसन्धान र विश्लेषण गरी संशोधन गर्नु अत्यावश्यक छ । केही ऐनका प्रावधानहरूबीच दोहोरोपना पाइएकोले यस्ता ऐनहरूको प्रावधानलाई यथाशीघ्र एकरूपता कायम गर्दै आगामी दिनमा आवश्यक सतर्कता अपनाउनु आवश्यक छ ।

तुरून्त लागू हुने भन्ने प्रावधानले ऐन भूतप्रभावी हुन सक्ने साथै जनतामा जानकारी विनै लागू हुने भएकाले जारी भएको निश्चित समयपश्चात् मात्र लागू हुने व्यवस्था गर्नु आवश्यक छ । प्रत्यायोजित अधिकार अन्तर्गतका नियम बनाउने कार्य बाँकी राखी 'यो ऐन तुरून्त लागू हुनेछ' भन्ने व्यवस्थाले ऐन कार्यान्वयन हुने अवस्थातर्फ ध्यान दिई ऐनसँगै नियम पनि ल्याउने व्यवस्था गरिनुपर्ने वा केही समयको अन्तरालपछि मात्र लागू हुने व्यवस्था गर्नुपर्दछ ।

संसदले कानून बनाउँदा न्यायाधीशहरूलाई धेरै स्वविवेकीय अधिकार दिँदा कतिपय अवस्थामा एकै प्रकृतिका अपराधमा फरकफरक सजाय हुने गरेकोले न्यायप्रति जनतालाई विश्वास दिलाउन व्यवस्थित संरचनात्मक सजाय निर्धारण गर्न आवश्यक छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा महान्यायाधिवक्ताको अध्यक्षतामा सजाय सुझाव समितिको गठन हुने व्यवस्थालाई तत्काल कार्यान्वयन गरी सजाय निर्धारण मापदण्ड तयार गरिनु आवश्यक देखिन्छ ।

अन्तर्क्रिया

समितिको कार्यक्षेत्रभित्र पर्ने 'ऐन कार्यान्वय मापन र अध्ययन अनुसन्धान' विषयमा सबै पक्षलाई जानकारी गराउने उद्देश्यले सरकार, प्रदेश सांसदको प्रतिनिधि तथा अन्य विभिन्न पक्षको सहभागितामा २०७५ कार्तिक ११ गते संघीय संसद सचिवालयमा अन्तर्क्रिया गरिएको थियो । कार्यक्रममा संविधान सभा सदस्य खिमलाल देवकोटा र नेपाल कानून आयोगका अध्यक्ष माधव पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । समितिको कार्यक्षेत्रभित्र पर्ने 'ऐन कार्यान्वय मापन र अध्ययन अनुसन्धान' कार्यका लागि कार्यविधि निर्माण गरी समितिको २०७५ पौष १९ को बैठकबाट अनुमोदन गरिएको थियो । त्यसैगरी २०७५ पौष ६ गते बल्थली, काभ्रेमा विधायन व्यवस्थापन समिति सदस्य, सचिवालय कर्मचारी तथा विधेयक शाखाका कर्मचारी सहभागीभई एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थियो भने ऐन कार्यान्वयन मापन र अध्ययन अनुसन्धानको महत्व, आवश्यकता, उपादेयता र यसमा विभिन्न पक्षले खेल्नुपर्ने भूमिकाका विषयमा २०७५ माघ १८ र १९ गतेसबै जसो मन्त्रालय, आयोग, निकायका कानून महाशाखा र शाखा प्रमुखहरूको सहभागितामा गोदावरीमा एक कार्यशाला गोष्ठी गरिएको थियो ।

सातवटै प्रदेशका विधायन समिति, प्रदेश मामिला समिति, कर्मचारी प्रतिनिधि तथा अन्य सरोकारवालाहरूको सहभागितामा २०७५ माघ २५ र २६ गते धुलिखेलमा अन्तर्क्रिया गरिएको थियो । राष्ट्रिय खेलकुद परिषद् विधेयकका सम्बन्धमा २०७६ साउन १० र ११ गते काभ्रेको धुलिखेलमा अन्तर्किया कार्यक्रम गरिएको थियो । त्यसैगरी २०७६ भाद्र ६ र ७ गते धुलिखेलमा नै ऐन कार्यान्वयन मापन कार्यक्रमको समीक्षा तथा भावी कार्यदिशा बारे छलफल भएको थियो ।

२०७६ साल पौष ३ गते सचिवालयमा सामाजिक व्यवहार सुधार ऐन, २०३३ उपर कार्यपत्र प्रस्तुत गरी टिप्पणी र छलफल गरिएको थियो । कार्यक्रममा ऐतिहासिक र वर्तमान अवस्थाका सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव लीलादेवी गड्तौला, आर्थिक राजनीतिक पक्षमा हरि रोका, समाजशास्त्रीय पक्षमा युवराज लुईंटेल, सांस्कृतिक पक्षमा विश्वभक्त दुलाल 'आहुति', दर्शनशास्त्रीय पक्ष डा. खगेन्द्र प्रसाईं र कानूनी पक्षबाट युवराज सङ्ग्रौलाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

लोकतान्त्रिक मेला

संविधान जारी भएको तीन वर्ष पुगेको अवसरमा संविधानको संरक्षण, संवर्द्धन र कार्यान्वयका लागि दलहरूको भूमिका बढाउने सम्बन्धमा विधायन व्यवस्थापन समिति र अन्तरपार्टी सञ्जालको आयोजनामा २०७५ असोज ४, ५ र ६ गते काठमाडौंको नासल चोक, हनुमानढोका, वसन्तपुरमा लोकतान्त्रिक मेला आयोजना गरिएको थियो । राष्ट्रिय दलहरूको सहभागितामा आयोजित तीन दिने मेलामा लोकतन्त्रका विभिन्न आयामबारे अन्तर्क्रिया गरिएको थियो । कार्यक्रममा डेनमार्क लगायतका विभिन्न मुलुकहरूका राजनीतिक दलहरूको समेत प्रतिनिधित्व थियो ।

जनसम्बन्ध र प्रकाशन

सभापति परशुराम मेघी गुरूङबाट प्रचलित सामाजिक व्यवहार सुधार ऐन, २०३३ का सम्बन्धमा जनतामाझ आफ्नो राय, प्रतिक्रिया र सुझाव तथा विचारका लागि युट्यूबमा अपिल गरिएको र ४ लाखभन्दा बढी भ्यूज र हजारौंको संख्यामा कमेन्ट्स प्राप्त भएको छ ।

ऐन कार्यान्वयन मापनको कार्यलाई निरन्तरता दिन र 'विधि निर्माणदेखि कार्यान्वयन परीक्षण (कार्यान्वयन मापन) सम्म' नामक पुस्तिका प्रकाशनलाई अन्तिमरूप दिनका लागि सभापति परशुराम मेघी गुरूङको संयोजकत्वमा वृशेषचन्द्र लाल, जितेन्द्र नारायण देव, उदया शर्मा/पौडेल, सिंग बहादुर विश्वकर्मा र प्रकाश पन्थ सदस्य रहेको सात सदस्यीय एक कार्यदल गठन गरी उक्त पुस्तिका प्रकाशन भएको छ ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

संसदले कानून बनाउँदा सबै विषयहरू समेट्न सम्भव हुँदैन । केही कार्यविधिजन्य विषयको व्यवस्था गर्न सरकारलाई अधिकार प्रत्यायोजन गर्ने अन्तर्राष्ट्रिय प्रचलन छ । त्यसरी प्राप्त अधिकारको प्रयोग गरी कानून बनाउँदा सरकारले कानूनका दफाहरूलाई कार्यान्वयन गर्दा अपनाइने तौरतरिका, कार्यान्वयनको प्रक्रिया, फारामका ढाँचा लगायतका विषयहरूमा मात्र कानून बनाउन पाइने मान्यता छ । प्रत्यायोजित अधिकारबाट सारवान कानून निर्माण गर्न नपाइने, कर, निर्धारण गर्न, अपराधको परिभाषा गर्न, सजाय तोक्न, आर्थिक भार पर्ने गरी थप व्यवस्था गर्न, मूल कानूनको मर्म र भावना विपरित मूल कानूनको आशय नै मर्ने गरी कुनै प्रकारको व्यवस्था गर्न पनि पाइँदैन । तसर्थ संसदले प्रत्यायोजन गरेको कानून बनाउने अधिकार कसरी प्रयोग भएको छ, उल्लिखित सीमाको पालना भएको छ छैन, बनाइएका अधिनस्थ कानूनहरू मूल कानूनसँग बाझिएका छन् छैनन्, भनेर संसदबाटै प्रत्यायोजित कानूनहरूको परीक्षण गर्ने गरिन्छ । राष्ट्रिय सभा नियमावली, २०७३ ले यस कार्यका लागि 'प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति' को व्यवस्था गरेको छ ।

सरकारले सदनमा उठेका प्रश्नको जवाफका क्रममा मात्र नभई विधि निर्माणका क्रममा पनि सदन मार्फत जनतालाई विभिन्न

आश्वासन दिएको हुन्छ । सरकारले दिएका ती आश्वासनको अवस्थाबारे निगरानी गर्ने र उपयुक्त निर्देशन दिने संसदीय अभ्यास छ । सरकारी आश्वासन कार्यान्वयन भएको छ/छैन, छ भने कसरी भएको छ, हेर्ने र राष्ट्रिय महत्वका दस्तावेजको अभिलेख व्यवस्थापन सम्बन्धी विषय समेत हेर्ने गरी यो समितिको कार्यक्षेत्र निर्धारण गरिएको छ ।

सभाबाट २०७५।०४।१७ गते गठित यस समितिको पहिलो बैठक २०७५ साउन २२ गते बसेको थियो । ५ वटा बैठकसम्म समितिका जेष्ठ सदस्य राधेश्याम अधिकारीले सभापतित्व गर्नुभएको थियो भने मिति २०७५ भदौ १३ गते समितिले रामनारायण विडारीलाई सभापतिमा सर्वसम्मत निर्वाचित गरेको थियो । २०७६ फागुन २० गतेसम्म सम्पन्न ५६ वटा बैठकमा अधिकांश सदस्यहरूको उपस्थिति *(हेर्नुहोस्, अनुसूची-११)* रहेको थियो ।

निर्णय तथा निर्देशन

कृषकलाई राज्यको तर्फबाट प्रदान गरिने अनुदान, सहुलियत र सुविधाहरू पारदर्शी र अनुमानयोग्य बनाउन कृषि अनुदान वितरण सम्बन्धी अलग्गै विधेयक तर्जुमा गरी पेश गर्न, जैविक तथा प्राङ्गरिक मल कारखाना स्थापना गर्दा भौगोलिक क्षेत्र तोकी अनुमति दिन, नेपाल सरकारले लागू गरेको कृषि विकास रणनीतिमा उल्लेख भए बमोजिम भौचर प्रणाली मार्फत कृषकलाई अनुदान दिने सम्बन्धमा आवश्यक व्यवस्था गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई दिएको निर्देशन कार्यान्वयन भएको छ ।

कृषियोग्य जग्गाको खण्डीकरण सम्बन्धमा जारी भएका निर्देशनहरू भूमि सम्बन्धी नियमहरू, २०२१ मा संशोधन गरेर वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरेर जारी भएको नहुनु कानूनी रूपमा त्रुटिपूर्ण देखिएकोले आगामी दिनमा मन्त्रालयले आदेश,

परिपत्र र निर्देशिका आदि जारी गर्दा ऐनले दिएको अधिकारको परिधिभित्र रही प्रत्यायोजित विधायनका मान्य सिद्धान्तहरूको पालना गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई दिइएको निर्देशन कार्यान्वयनको चरणमा छ ।

संवैधानिक अङ्ग, मन्त्रालयहरू तथा अन्य निकायहरूले जारी गरेका प्रत्यायोजित विधायनहरू संविधान वा मूल कानूनसँग बाझिएको, ऐनले प्रदान गरेको प्रत्यायोजित अधिकारको सीमाभन्दा बाहिर गई प्रत्यायोजित विधायन जारी गरेको, मूल ऐनमा नै रहनुपर्ने सारवान प्रकृतिका विषयहरू समेत प्रत्यायोजित विधायनमा परेको जस्ता थुप्रै त्रुटिहरू देखिएको छ । भविष्यमा प्रत्यायोजित विधायन जारी गर्दासमितिले तयार गरेको प्रत्यायोजित विधायनलाई व्यवस्थित गर्ने निर्देशिका, २०७५ पालना गर्न र जारी गरिएका निर्देशिका, कार्यविधि आदि जारी भएको मितिले १५ दिनभित्र राष्ट्रिय सभा, प्रत्यायोजित विधायन तथा सरकारी आश्वासन समितिमा पठाउन तथा जारी गरे लगत्तै प्रकाशन गर्न सम्बन्धित निकायहरूलाई दिइएको निर्देशन कार्यान्वयनको चरणमा छ ।

नारायणहिटी संग्रहालय अन्तर्गतको फरासखाना, हनुमानढोका, बेलायती बैठक, सिंहदरबारमा रहेको आखेटोपहारको संरक्षण गर्नअति आवश्यक देखिएकोले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशकको संयोजकत्वमा सम्बद्ध विभिन्न सरकारी निकायका अधिकृत प्रतिनिधिहरू सदस्य रहेको सिफारिस समितिले ती स्थानहरूको आखेटोपहारका सम्बन्धमा स्थलगत रूपमा अध्ययन गरी प्रतिवेदन पेश गरेको थियो । उक्त प्रतिवेदन बमोजिमको संरक्षण लगायतका अन्य आवश्यक कार्य सम्पन्न गरी समितिलाई जानकारी गराउने संयोजनकारी भूमिका वहन गर्न वन तथा वातावरण मन्त्रालयको सचिवलाई तोक्ने गरी निर्देशन दिइएकोमा उक्त निर्देशन कार्यान्वयन भएको छ ।

नारायणहिटी दरबार र अन्य निकायमा रहेका आखेटोपहारको लगत संकलन र व्यवस्थापन गर्ने कार्य भइरहेको छ ।

कम्पनीहरूका शेयरहरू किनबेचका सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको २०७५।०३।२७ को आदेश सच्याउन र आवश्यक परेमा कानून नै संशोधन गरेर मात्र कार्य गर्न दिएको निर्देशन कार्यान्वयन हुन नसकेको व्यहोराको पत्र प्राप्त भएको छ ।

संसदबाट पारित कतिपय ऐनहरू समयमा नियमावली नबन्दा कार्यान्वयन हुन नसकेको देखिएकोले ती ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली यथाशीघ्र निर्माण गर्न, निर्देशिका र कार्यविधिहरू मातृ ऐनले प्रत्यायोजन गरेको अधिकार र सिद्धान्त बमोजिम मात्र निर्माण गर्न र विपद व्यवस्थापन सम्बन्धी ऐन कार्यान्वयन गर्न, विपदका कारणहरू पत्ता लगाई अल्पकालीन र दीर्घकालीन योजना निर्माण गरी कार्यान्वयन गर्न गृह मन्त्रालयलाई दिइएको निर्देशन आंशिक रूपमा कार्यान्वयन भएको छ ।

२०७२ सालको भूकम्पका कारण त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, केशर पुस्तकालय, राष्ट्रिय पुस्तकालय, सर्वोच्च अदालत पुस्तकालय लगायतका पुस्तकालयहरूमा भौतिक क्षति पुगेकोले पुस्तकालयहरूको पुनर्निर्माण गरी त्यहाँका महत्वपूर्ण दस्तावेज र अभिलेखहरूको व्यवस्थापन र संरक्षण गर्न, जनताले सबै महत्वपूर्ण राष्ट्रिय दस्तावेज हेर्न र अध्ययन गर्न पाउने व्यवस्था गराउन, गोप्य र सुरक्षाका दृष्टिकोणबाट सुरक्षित गर्नुपर्ने बाहेक अन्य अभिलेख तथा दस्तावेजहरूका प्रतिलिपि राष्ट्रियस्तरका हरेक पुस्तकालयहरूमा उपलब्ध गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई समितिले दिएको निर्देशन कार्यान्वयनको चरणमा छ ।

समितिले मुलुकको संस्कृति, दौत्य सम्बन्ध, कानून, इतिहास, भूगोल जस्ता ऐतिहासिक र दूरगामी महत्व राख्ने राष्ट्रिय महत्वका दस्तावेज एवं अभिलेखहरूको खोजी गरी एकीकृत रूपमा संरक्षण गरी राख्न परराष्ट्र मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिइएको छ । राष्ट्रिय महत्व राख्ने दस्तावेज एवं अभिलेखहरूको मूलप्रति तत् तत् जिम्मेवार निकायमा रहने व्यवस्थाका अतिरिक्त संघीय संसदको पुस्तकालय र केन्द्रीय पुस्तकालयमा समेत उपलब्ध गराउनु आवश्यक छ । २५ वर्ष भन्दा पुराना राष्ट्रिय महत्वका दस्तावेजहरू राष्ट्रिय अभिलेखालयमा उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्थालाई कार्यान्वयन गर्न समेत समितिले आवश्यक निर्देशन दिएको छ ।

नारायणहिटी दरवार संग्रहालयको विभिन्न प्रदर्शनी कक्षलगायतका स्थानमा सर्वसाधारण अवलोकनकर्ताका लागि प्रदर्शनीमा राखिएका तथा प्रदर्शन नगरी भण्डारणमा राखिएका सामानहरूको पहिचान तथा संरक्षण गरी अवलोकन गराउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई समितिले दिएको निर्देशन कार्यान्वयनको चरणमा रहेको छ ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र दूरसञ्चार क्षेत्रसँग सम्बन्धित प्रत्यायोजित विधायनका बारेमा विज्ञद्वारा अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश भएको छ ।

आर्थिक वर्ष २०७५/०७६ मा संघीय संसदका प्रतिनिधि सभा, राष्ट्रिय सभा तथा संयुक्त सदनमा व्यक्त सरकारी आश्वासनका सम्बन्धमा विज्ञद्वारा अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश भइसकेको छ ।

समितिको कार्यविधि, निर्देशिका एवं अवधारणा पत्र निर्माण गरी लागू गरिएको छ । विभिन्न मन्त्रालयसँग सम्बन्धित प्रत्यायोजित

विधायनका सम्बन्धमा उजुरी सुनुवाइ सम्बन्धी कार्य भइरहेको छ। सर्वोच्च अदालत, बार एशोसिएसनको सहकार्यमा प्रत्यायोजित व्यवस्थापनका सम्बन्धमा समितिले कार्य गरिरहेको छ ।

अवलोकन र अन्तर्क्रिया

समितिले प्रदेशस्तरीय प्रत्यायोजित विधायन र सरकारी आश्वासन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । सातवटै प्रदेश सभामा प्रत्यायोजित विधायनका सम्बन्धमा हेर्नुपर्ने संसदीय जिम्मेवारीका विषयमा सदस्यहरूका बीच छलफल र अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। त्यसैगरी प्रदेश नं. १ को सुनसरीस्थित कोशीटप्पु वन्यजन्तु आरक्ष र एकीकृत भन्सार जाँच चौकी, विराटनगर, प्रदेश नं. २ को जनकपुर रामजानकी मन्दिर परिसरभित्र रहेको श्री जानकी विद्युतीय चलचित्र तथा सांस्कृतिक संग्रहालय, प्रदेश नं. ३ को हेटौंडास्थित शहीद स्मारक पार्क र मकवानपुरको मकवानपुरगढीको स्थलगत भ्रमण गरेको छ ।

समितिले गण्डकी प्रदेशको पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, प्रदेश नं. ५ को बुटवलस्थित लुम्बिनी चिनी कारखाना र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, कर्णाली प्रदेशको सुर्खेतस्थित काँक्रे विहार मन्दिर, विरेन्द्रनगरस्थित प्रदेश संग्रहालय र सुदूरपश्चिम प्रदेशको धनगढीस्थित वायुयान संग्रहालयको स्थलगत अध्ययन अवलोकन गरेको छ । अवलोकनबाट देशका महत्वपूर्ण संग्रहालयहरूको विद्यमान अवस्था र आगामी दिनमा त्यस्ता संग्रहालयहरूको संरक्षणका लागि गर्नु, गराउनु पर्ने कार्यहरूको बारेमा सूचना तथा जानकारी प्राप्त भएको छ ।

समितिका सदस्यहरूका लागि प्रत्यायोजित विधायनको प्रकृति, अभ्यास र महत्व एवं यस सम्बन्धमा अन्तर्राष्ट्रिय तथा नेपाली

अभ्यास बीच तुलनात्मक जानकारी दिन, सरकारी आश्वासनको कार्यान्वयन र समितिको भूमिकालाई प्रभावकारी गराउने उद्देश्य सहित २०७६ वैशाख २९ र ३० गते धुलिखेलमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

प्रत्यायोजित व्यवस्थापनका सम्बन्धमा संघीय संसदका सबै समितिका सभापति एवं नेपाल सरकारका सचिव, संवैधानिक निकायका सचिव, मन्त्रालयका कानून महाशाखाका सहसचिव एवं उपसचिवहरू सम्मिलित २०७६ जेठ ९ गते अन्तर्क्रियात्मक कार्यक्रम गरिएको थियो ।

त्यसैगरी राष्ट्रिय सभाका सदस्यहरूका लागि प्रत्यायोजित व्यवस्थापनको सिद्धान्त र व्यवहार एवं कार्यान्वयनको सन्दर्भमा राष्ट्रिय सभाका समितिहरूको भूमिका, प्रत्यायोजित विधायन अन्तर्गत कानूनको तर्जुमा, नेपालमा निगरानी सम्बन्धी संसदीय अभ्यास, प्रत्यायोजित व्यवस्थापनको अभ्यास र निगरानी कार्यमा राष्ट्रिय सभाका समितिहरूको भूमिका विषयक एक कार्यक्रम गरिएको थियो ।

संघीय संसदका सदस्यहरू र प्रदेश सभाका सदस्यहरूबीच प्रत्यायोजित विधायनको सिद्धान्त, आवश्यकता, महत्वका सम्बन्धमा विचार एवं अनुभवको आदानप्रदान गर्न हेटौंडा, पोखरा, विराटनगर, जनकपुर, बुटबल, धनगढी र सुर्खेतमा प्रत्यायोजित विधायन र सरकारी आश्वासन सम्बन्धी अन्तर्क्रिया कार्यक्रमहरू आयोजना गरिएका थिए ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति र विधायन व्यवस्थापन समितिका सदस्यहरूका लागि २०७६ पौष २५ र २६ गते नगरकोटमा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासनको प्रभावकारिता विषयक कार्यक्रम सम्पन्न

गरिएको छ । समितिबाट २०७६ माघ १३ गतेप्रत्यायोजित विधायनको न्यायिक नियन्त्रणको अवस्था, देखिएका प्रवृत्ति र सुधारका क्षेत्रहरूविषयक सरोकारवालाहरूसँग एक अन्तर्क्रिया गरिएको थियो । त्यसैगरी प्रत्यायोजित विधायनले सार्वजनिक निर्माण क्षेत्रमा देखापरेका सकारात्मक/नकारात्मक प्रभावहरू र सुधारका क्षेत्रका विषयमा २०७६ माघ २१ गते अन्तरक्रिया गरिएको थियो ।

उपसमिति

समितिले विभिन्न ३ वटा उपसमिति गठन गरी कार्य सम्पादन गरिरहेको छ । समितिद्वारा गठित 'प्रत्योजित व्यवस्थापन अध्ययन उपमिति' ले कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको अध्ययन गरी प्रतिवेदन पेश गरेको छ । सभाका सदस्य राधेश्याम अधिकारी नेतृत्वको उक्त उपसमितिले गृह, सञ्चार तथा सूचना प्रविधि, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र न्याय क्षेत्रसँग सम्बन्धित प्रत्यायोजित विधायनहरूको अवस्थाबारे अध्ययन गरी अन्तरिम प्रतिवेदन पेश गरेको छ । त्यसैगरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित विभिन्न ऐनहरू र त्यस अर्न्तगत बनेका प्रत्यायोजित विधायनहरूको अध्ययनको कार्य जारी रहेको छ ।

'सरकारी आश्वासन अध्ययन उपसमिति'ले नेपाल सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य, संसदमा पेश गरेको श्वेतपत्र लगायत बजेटका प्राथमिकता र सिद्धान्तहरूको अध्ययन गरी त्यस्ता दस्तावेजमा उल्लेख भएका सरकारी आश्वासनको विषय र कार्यान्वयनको अवस्था सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गरेको छ । सभाका सदस्य बलराम प्रसाद बाँस्कोटाको नेतृत्वको उक्त उपसमितिले आ.व. २०७६/०७७

को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा व्यक्त भएका सरकारी आश्वासनको कार्यान्वयन सम्बन्धमा सरकारका विभिन्न निकायहरूबाट विवरण माग गरिएको र प्राप्त विवरणबारे अध्ययन गरिरहेको छ ।

संघीय संसद, राष्ट्रिय सभाको पहिलो अधिवेशन र दोस्रो अधिवेशनमा नेपाल सरकारका प्रधानमन्त्री लगायत मन्त्रीहरूबाट व्यक्त भएका सरकारी आश्वासनको कार्यान्वयनका सम्बन्धमा विभिन्न मन्त्रालयहरूबाट विवरण माग गरी अध्ययन शुरू गरेको छ ।

उपसमितिले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदनमा उल्लिखित पुरातात्विक तथा ऐतिहासिक महत्वका सम्पदाहरूको पुनर्निर्माणको अवस्था अध्ययन गरी सो सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गरेको छ । यसैक्रममा उपसमितिले भक्तपुरनगरभित्रका पुरातात्विक सम्पदाहरूको भूकम्पपछिको पुनर्निर्माणको अवस्था बारे स्थलगत अवलोकन भ्रमण गरी प्रतिवेदन समेत तयार गरेको छ ।

राष्ट्रिय सरोकार तथा समन्वय समिति

द्विसदनात्मक व्यवस्थापिका रहने हरेक मुलुकहरूमा माथिल्लो सभाको गठन गर्दा राजनीतिक तहगत संरचनाको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको हुन्छ । नेपाल पनि संघीय संरचनामा गएको सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध कायम हुनु आवश्यक छ । समन्यायिक विकासका लागि राज्यका तहगत संरचनाहरूबीचको आपसी समन्वय अपरिहार्य विषय हो ।

राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिलाई तहगत राज्यसंरचनाबीच समन्वय गर्ने, राष्ट्रिय सम्पदा, मानव अधिकार तथा परराष्ट्र सम्बन्ध, सन्धि/सम्झौताको कार्यान्वयनको अवस्था,

समन्यायिक विकासको अवस्था, पिछडिएको क्षेत्र, समुदाय, संस्कृति, राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय सुरक्षा र संवैधानिक आयोग सम्बन्धी विषयहरू हेर्ने क्षेत्राधिकार तोकिएको छ ।

सभाद्वारा २०७५ साउन १७ गते गठित समितिको पहिलो बैठक २०७५ साउन २२ गते समितिका जेष्ठ सदस्य तारादेवी भट्टको अध्यक्षतामा बसेको थियो । समितिले २०७५ भदौ १३ गते दिलकुमारी रावल थापा (पार्वती) लाई सर्वसम्मत सभापति चयन गरेको थियो । समितिका २०७६ फागुन २० गतेसम्म भएका ६०वटा बैठकमा अधिकांश सदस्यहरूको उपस्थिति *(हेर्नुहोस्, अनुसूची-११)* थियो ।

निर्णय तथा निर्देशन

संविधानको धारा २३५ (१) बमोजिम संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय गर्ने कानून संसदमा पेश गर्न, प्रदेश तथा स्थानीय तहका लागि आवश्यक नमूना कानूनहरू तयार गरी उपलब्ध गराउन, संविधान अनुरूप संशोधन गर्नुपर्ने ऐनहरूको संशोधनको प्रक्रिया तत्काल अगाडि बढाउन, प्रदेश तथा स्थानीय तहमा कर्मचारी समायोजन प्रक्रिया अविलम्ब अगाडि बढाउन र संघीय निजामती सेवा विधेयक संसदमा पेश गर्न, प्रदेश तथा स्थानीय तहमा सञ्चालित आयोजनाहरूलाई संघबाट आवश्यक मात्रामा अनुदान उपलब्ध गराउन, रोयल्टीको बाँडफाँडमा देखिएका अस्पष्टता तत्काल टुङ्ग्याउन, प्रदेश तथा स्थानीय तहको स्रोत परिचालनको क्षमता तथा आन्तरिक स्रोत-साधनको पर्याप्तता जस्ता कुराहरूलाई ध्यानमा राखी बजेटमा अनुदानको रकम परिमार्जन गर्न र निर्वाचन क्षेत्र साझेदारी कार्यक्रमलाई व्यवस्थित ढंगले अगाडि बढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयलाई दिइएका निर्देशनहरू क्रमशः कार्यान्वयन हुँदै गएको पाइएको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको जग्गा अधिग्रहण तत्काल गर्न र निर्धारित समयभित्रै विमानस्थल निर्माण सम्पन्न गर्न, पशुपति क्षेत्र विकास कोष गुरूयोजना तयार गरी कोषलाई पारदर्शी ढङ्गले सञ्चालन गर्न, लुम्बिनी क्षेत्र विकास कोषको गुरूयोजना समयमा नै पूरा गर्न, बृहत्तर लुम्बिनी गुरूयोजनाको काम द्रुततर ढंगले अगाडि बढाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सम्बन्धित आयोजनालाई दिइएका निर्देशनहरू आंशिक रूपमा कार्यान्वयन भएका छन् ।

मेलम्ची खानेपानी आयोजनालाई यथाशीघ्र सम्पन्न गरी यथासम्भव छिटो काठमाडौं उपत्यकामा पानी वितरण गर्न खानेपानी मन्त्रालय र मेलम्ची खानेपानी आयोजनालाई निर्देशन दिइएको थियो भने आयोजनाको अवस्था र समग्र कार्यप्रगतिका सम्बन्धमा स्थलगत अनुगमन समेत गरिएको थियो ।

चुरे क्षेत्रको मानव वस्ती व्यवस्थापन, नदीजन्य पदार्थको अत्यधिक दोहन रोक्न, चुरे संरक्षण सम्बन्धी कार्यहरूलाई निरन्तरता दिन वन तथा वातावरण मन्त्रालयलाई दिइएकोमा निर्देशन प्रभावकारी रूपमा कार्यान्वयन भएको छैन ।

हुलाकी राजमार्ग, पुष्पलाल, कोशी र कर्णाली लोकमार्गलाई आगामी चार वर्ष (आ. व. २०७९/०८०) भित्र सम्पन्न गरी हाल देखा परेका समस्याहरू समाधान गर्दै निर्वाध सञ्चालनको वातावरण सिर्जना गर्न, प्रदेश तथा स्थानीय तहसँगको समन्वय तथा अन्तरमन्त्रालय समन्वयलाई ध्यानमा राखी आयोजनाहरू सञ्चालन गर्न, कालीगण्डकी लोकमार्गलाई आगामी दुई आर्थिक वर्षभित्र सम्पन्न गरी सञ्चालनमा ल्याउन, रेलवे तथा मेट्रो विकास आयोजनालाई प्रर्याप्त स्रोत साधन र दक्ष जनशक्ति उपलब्ध गराई उच्च महत्वकासाथ अगाडि बडाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई दिइएका निर्देशनहरू

कार्यान्वयनको चरणमा छन् । माथिल्लो तामाकोशी जलविद्युत् आयोजना तोकिएको समयमै पूरा गर्न निर्देशन दिइएकोमा अपेक्षाकृत प्रगति भएको छैन ।

मुआब्जा सम्बन्धी विवाद तत्काल समाधान गरी बुढीगण्डकी जलविद्युत् आयोजनाको निर्माणको कार्य अविलम्ब अगाडि बढाउन समितिले ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई दिइएको निर्देशन कार्यान्वयन भएको छैन ।

समितिले सिक्टा सिंचाई आयोजनाका सन्दर्भमा मन्त्रालयबाट गठित छानबिन समितिको प्रतिवेदन तुरून्त सार्वजनिक गर्न, निर्माणको कामलाई अवरोध हुन नदिन र आयोजनालाई अविलम्ब अगाडि बढाउने योजना बनाउन ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिइएको छ ।

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना समयमै सम्पन्न गर्न,जलविद्युतको क्षेत्रमा लगानीमैत्री वातावरण सिर्जना गर्न, स्वदेशी लगानीकर्तालाई प्रोत्साहन गर्न, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिइएकोमा सुरूङ निर्माण कार्य सम्पन्न भएको छ भने हेड वर्क्स र पावर हाउसको टेण्डरको सम्झौता हुन बाँकी छ ।

समितिले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न गरी १ वर्षभित्र सञ्चालनमा ल्याउन, निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको सम्बन्धमा वस्ती व्यवस्थापन तथा रूख कटान जस्ता विषयमा सरोकारवालासँग समन्वय गरी तत्काल टुङ्गोमा पुग्न, धावनमार्ग र आवश्यक पूर्वाधार निर्माणका लागि आवश्यक स्थानका रूखहरू मात्र कटान गर्न संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई र रूख कटानको सहमति दिन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिइएको छ ।

भूकम्पबाट क्षति भएका विद्यालय, स्वास्थ्य चौकी तथा सामुदायिक भवनको पुनर्निमाणमा प्राथमिकता दिन, एकीकृत वस्ती निर्माणमा पहल गर्न, धार्मिक, ऐतिहासिक, सांस्कृतिक सम्पदाको पुनर्निर्माण सम्बन्धी कार्य तोकिएको समयभित्र सम्पन्न गर्न, पुनर्निर्माण सम्बन्धमा प्राप्त गुनासो सम्बोधन गरी कामलाई तीव्रताका साथ अगाडि बढाउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई दिइएको निर्देशन कार्यान्वयन भइरहेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन बीच २०७५ पुस १९ गते भएको सम्झौता कार्यन्वयन गर्न, कर्मचारी व्यवस्थापन सम्बन्धमा देखिएका समस्यालाई यथाशीघ्र समाधान गर्न, कर्मचारीहरूको सेवा सुविधा र वृत्ति विकासमा अवरोध नहुने गरी संघीय निजामती सेवा विधेयकमा व्यवस्था गर्न, समायोजन हुन चाहने संसद सेवाका कर्मचारीहरूलाई समेत अन्य सरकारी सेवाका कर्मचारीहरू सरह तीनै तहमा समायोजन हुने व्यवस्था मिलाउन कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समितिले दिएको निर्देशन अधिकांश रूपमा कार्यान्वयन भएको छ ।

फोहोर व्यवस्थापन, धुलोधुँवा एवं प्रदूषण नियन्त्रण र ट्राफिक व्यवस्थापनलाई प्राथमिकतामा राखी बजेट/योजना निर्माण एवं कार्यान्वयन गर्न, तीनै तहबीच बजेट, योजना र कानून निर्माणमा सहकार्य गर्न काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिकालाई निर्देशन दिइएकोमा अधिकांश निर्देशन कार्यान्वयनको क्रममा रहेको छ ।

समितिले काठमाडौं तराई-मधेश द्रुत मार्गको डिटेल प्रोजेक्ट रिपोर्ट (डी. पी. आर.) तत्काल स्वीकृत गर्न, ललितपुरको खोकना लगायत स्थानको जग्गाको मुआब्जा सम्बन्धी समस्या सरोकारवालाहरूसँग

निजगढ विमानस्थल निर्माणका लागि समितिको निर्देशन

१. आयोजनाको DPR तयार गरी स्वीकृत गर्न, टाँगिया बस्ती र काठगाउँ बासिन्दाहरूलाई उपयुक्त स्थानमा स्थानान्तर गर्न, पूर्वाधारहरू निर्माणका लागि अत्यावश्यक स्थानका रूखहरू मात्र काट्न, काटिएका रूखको सट्टा रोपिने नयाँ बिरूवाको सम्बन्धमा योजना पेश गर्न, तल्लो तटीय क्षेत्रमा सिंचाईको वैकल्पिक स्रोतको व्यवस्था गर्न, विमानस्थल निर्माणपश्चात् सिर्जना हुने रोजगारीका अवसरमा विस्थापित र स्थानीय बासिन्दालाई प्राथमिकता दिने व्यवस्था गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिइएको ।

२. विमानस्थलका लागि आवश्यक पूर्वाधारहरू निर्माणका लागि आवश्यक स्थानका रूखहरू कटान गर्न आयोजनालाई तत्काल सहमति दिन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिइएको ।

३. Airport City आवश्यक नदेखिएकोले सोका लागि छुट्याइएको जग्गा आयोजनाको नाममै सुरक्षित राखी आयोजनाको आवश्यकता अनुसार प्रयोग गर्न सक्ने व्यवस्था मिलाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिइएको ।

छलफल गरी सुल्झाउन र वातावरणमैत्री ढंगले निर्माण कार्य सञ्चालन गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई दिएको निर्देशन आंशिक रूपमा कार्यान्वयन भएको छ ।

स्थलगत अवलोकन र अन्तर्क्रिया

समितिले २०७५ असोज १४ गते मेलम्ची खानेपानी आयोजना निर्माणस्थल र २०७५ मंसिर १७ गते आयोजनाको सुन्दरीजल स्थित पानी प्रशोधन केन्द्रको अवलोकन गरेको थियो । त्यसैगरी समितिले २०७५ मंसिर २४ र २५ गते दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ (बारा)को स्थलगत अवलोकन गरी सरोकारवालाहरूसँग छलफल गरेको थियो । सोको आधारमा समितिले दिएको निर्देशन सम्बन्धी समितिको प्रतिवेदन सभामा पेश गरिएको छ ।

कर्णाली अवलोकन

समितिले पिछडिएको क्षेत्र, समुदाय, संस्कृति र राष्ट्रिय सम्पदाको अवस्थाबारे २०७६ असोज ५ देखि १० सम्म कर्णाली प्रदेशको अवलोकन र सरोकारवालाहरूसँग अन्तर्क्रिया गरेको थियो । जुम्लाको खलंगा, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाको सिंजा र मुगुको रारामा भएका छलफल समेतका आधारमा समितिले पिछडिएको क्षेत्र विकास गुरूयोजना तयार गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देशन दिएको छ । भौगोलिक विकटतालाई कम गर्न पूर्वाधार विकासलाई महत्वका साथ अगाडि बढाउने, रैथाने तथा स्थानीय वाली, जडिबुटी, खनिज आदिको संरक्षण र विकास गरी कर्णालीलाई अर्गानिक प्रदेशको रूपमा स्थापित गर्न र त्यहाँको भाषा, संस्कृति र विकासका लागि अधिकार सम्पन्न प्रतिष्ठान स्थापना गर्न पनि समितिले सुझाव दिएको छ । दुर्गमताका कारण कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विशेष नीतिगत रूपमा सहुलियत आवश्यक रहेको निष्कर्ष निकाल्दै समितिले प्रतिष्ठानको स्तरोन्नतिका लागि नीतिगत र आर्थिक सहयोग प्रदान गर्न पनि सिफारिस गरेको छ ।

संघीयताको सफल कार्यान्वयनका लागि समितिले गरेको सिफारिस

संघले समयमै नीति, कानून तथा मापदण्डहरू निर्माण गर्नुपर्ने, स्रोतको न्यायोचित वितरण गर्नुपर्ने, साझा अधिकारका विषय लगायत शासन सञ्चालनका अन्य विविध विषयमा नेतृत्वदायी र नियमनकारी भूमिका निर्वाह गर्नुपर्ने ।

प्रदेशले संघ र स्थानीय तह बीच समन्वयकारी भूमिका खेल्नुपर्ने, स्थानीय आवश्यकतामा आधारित योजना तर्जुमा, सिफारिस गर्नुपर्ने, स्थानीय तहहरूसँग समन्वय र सहकार्य गर्नुपर्ने ।

स्थानीय तहले स्थानीय आवश्यकता पहिचान गरी योजना तर्जुमा गर्नुपर्ने, संघ र प्रदेशले जिम्मेवारी दिएका आयोजनाको सफल कार्यान्वयन गर्ने, स्थानीय आवश्यकता पहिचान गरी स्थानीय स्रोत-साधनको सदुपयोग र संरक्षण गर्नुपर्ने ।

तहगत राज्य संरचनाको विकासमा समन्वय

समितिले विराटनगर, जनकपुर, बुटवल, पोखरा, सुर्खेत, धनगढी र काठमाडौंमा संघ, प्रदेश र स्थानीय तहमा निर्वाचिन जनप्रतिनिधि सम्मिलित 'तहगत राज्य संरचनाको विकासमा समन्वय' विषयक प्रादेशिक अन्तर्क्रिया गरेको थियो ।

प्रादेशिक अन्तर्क्रियाबाट प्राप्त सुझावका आधारमा समितिले साझा अधिकारको सूचीका विषयका कानून, प्रदेश तथा स्थानीय तहहरूसँग समन्वय गर्ने र मापदण्ड निर्धारण गर्ने कानून निर्माण प्रक्रिया छिटो अघि बढाउन नेपाल सरकारलाई निर्देशन दिइएको थियो । त्यसैगरी प्रदेश र स्थानीय तहमा आवश्यक कर्मचारीको दरबन्दी सिर्जना गर्न र पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोग गठन गर्न पनि समितिले सरकारको ध्यानाकर्षण गराएको थियो ।

प्रदेश र स्थानीय तहको क्षमता अभिवृद्धिमा संघले आवश्यक सहयोग गरी संघीयताको भावना र मर्म अनुकूल कार्य सम्पादनमा प्रभावकारिता ल्याउने, संघ, प्रदेश तथा स्थानीय तीनै तहबीच कानूनी तथा नीतिगत विषयमा, आयोजना छनौटमा, स्रोत पहिचान र परिचालनमा निरन्तर समन्वय आवश्यक पर्ने समितिको निष्कर्ष छ । समितिले स्थानीय तहमा हुनुपर्ने कार्यालयहरू तत्काल स्थापना गर्ने, प्रदेश तथा स्थानीय तहमा कार्यरत संघका कर्मचारी आफू कार्यरत तहप्रति उत्तरदायी हुने कानूनी व्यवस्था गर्ने, स्थानी तहको कानून निर्माण प्रक्रिया र न्यायिक समितिको काम कारबाहीलाई प्रभावकारी बनाउन कानून समूहको कर्मचारी रहने व्यवस्था गर्न सुझाएको छ । समितिले आयोजनाको लागतको तहगत सिलिङ बनाई निम्नानुसारका मापदण्ड निर्धारण गर्न सिफारिस गरेको थियो ।

१. **संघ अन्तर्गत** : राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय महत्वका आयोजना, दुईवटा प्रदेश जोडिएका आयोजना, छिमेकी मुलुकसँग सीमा जोडिएका आयोजना, अन्तर्राष्ट्रिय लगानीका आयोजनाहरू ।

२. **प्रदेश अन्तर्गत** : प्रदेश गौरवका आयोजना, संघले जिम्मेवारी तोकी हस्तान्तरण गरेका आयोजना, दुईवटा जिल्ला वा स्थानीय तह जोडिएका आयोजना, पहिचान र उत्पादनका योजनाहरू ।

३. **स्थानीय तह अन्तर्गत** : स्थानीय गौरवका आयोजना, आधारभूत आवश्यकतासँग जोडिएका आयोजना, उत्पादन र आय आर्जन सम्बन्धी योजना तथा कार्यक्रमहरू ।

समावेशी विकास र समृद्ध नेपाल

समितिले राष्ट्रिय सरोकारका विभिन्न विषयमा गुणात्मक बहसलाई प्राथमिकता दिएको छ । यसै सन्दर्भमा समितिले २०७६

पुस २२ गते काठमाडौंमा 'समावेशी विकास र समृद्ध नेपाल' विषयक छलफल आयोजना गरेको थियो । उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा संघीय संसदका सदस्यहरूका अतिरिक्त विकास विज्ञ र विकास साझेदार संस्थाका प्रतिनिधिहरू सहभागि हुनुहुन्थ्यो । कार्यक्रममा अर्थमन्त्री डा. युवराज खतिवडा, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. स्वर्णिम वाग्ले, जनसंख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च (NFPPD) का अध्यक्ष तथा संविधान सभा सदस्य महालक्ष्मी उपाध्याय (डिना) र NFPPD का महासचिव तथा संविधान सभा सदस्य डा. भीष्म अधिकारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । छलफलका क्रममा नेपालका लागि अष्ट्रेलियाका राजदूत पिटर बडले पनि आफ्नो विचार राख्नुभएको थियो ।

समावेशी प्रतिनिधित्व, सबल र सक्षम महिला नेतृत्व

समितिले २०७६ माघ २५ र २६ गते धुलिखेलमा 'समावेशी प्रतिनिधित्व, सबल र सक्षम महिला नेतृत्व' विषयक छलफल कार्यक्रम गरेको थियो । संघीय संसदका दुवै सदनमा रहेका महिला सदस्यहरूको बाहुल्यता रहेको कार्यक्रममा संविधान सभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ, राष्ट्रिय सभा सदस्य डा. विमला राई पौड्याल, कानूनविद् डा. विपिन अधिकारी, जनसंख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च (NFPPD) का अध्यक्ष तथा संविधान सभा सदस्य महालक्ष्मी उपाध्याय (डिना), NFPPD का महासचिव तथा संविधान सभा सदस्य डा. भीष्म अधिकारी र राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा प्रदेश सभा, जिल्ला समन्वय समिति, नगरपालिका र स्थानीय तहमा निर्वाचित महिला प्रतिनिधिहरूको पनि प्रतिनिधिमूलक सहभागिता थियो ।

समितिले आफ्ना सदस्यहरूका लागि २०७५ माघ ९ गते र २०७५ चैत्र १८ देखि २० गते सम्म छुट्टाछुटै अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको थियो । पहिलो कार्यक्रममा पूर्वसचिव बालानन्द पौडेलले तहगत राज्य संरचनाको विकासमा समन्वय विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । दोस्रो कार्यक्रममा मानव अधिकार सम्बन्धी विषयमा पूर्व प्रधान न्यायाधीश कल्याण श्रेष्ठ, राष्ट्रिय सुरक्षा सम्बन्धी विषयमा नेपाली सेनाका पूर्वरथी बालानन्द शर्मा, परराष्ट्र सम्बन्ध सम्बन्धी विषयमा पूर्व परराष्ट्र सचिव ज्ञानचन्द्र आचार्य र सन्धि/सम्झौता सम्बन्धी विषयमा कानूनविद् डा. चन्द्रकान्त ज्ञवालीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

समितिले २०७६ भदौ २ देखि ४ गते सम्म संसदीय अनुगमन तथा निगरानी विषयक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रममा संविधान सभा सदस्य तथा नेपाल सरकारका पूर्वसचिव जनकराज जोशीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

...

परिच्छेद - ग

कानून निर्माण

विधेयक सम्बन्धी कार्य

संघीय संसदको दुईवर्षे कार्यावधिमा (२०७४ फागुन २१ देखि २०७६ फागुन २० गते सम्म) संसदमा दर्ता भएका कूल ९७ विधेयकमध्ये राष्ट्रिय सभामा ३० वटा र प्रतिनिधि सभामा ६७ वटा विधेयक उत्पत्ति भएका छन् । तीमध्ये ६५ वटा विधेयक पारित भइसकेका छन् । दुवै सदनबाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण भएका उक्त विधेयकमध्ये मौलिक हक कार्यान्वयनसँग सम्बन्धित १६ सहित ४१ वटा विधेयकहरू नयाँ विधेयक हुन् भने २४ वटा प्रचलित कानूनलाई संशोधन र संविधान अनुकूल रूपान्तरण गर्ने विधेयक हुन् ।

राष्ट्रिय सभामा उत्पत्ति भएका विधेयकहरूमध्ये ११ वटा विधेयकहरू दुवै सदनबाट पारित भई प्रमाणीकरण भएका छन् । राष्ट्रिय सभाले पारित गरी सन्देश सहित पठाएका ६ वटा विधेयकहरू प्रतिनिधि सभामा विचाराधीन छन् । त्यसैगरी राष्ट्रिय सभामा विचाराधीन ९ मध्ये ७ वटा विधेयक विधायन व्यवस्थापन समितिमा विचाराधीन छन् । सभामा दर्ता भई सैद्धान्तिक छलफल भएको गुठी सम्बन्धी विधेयक सभाको अनुमतिमा सरकारले फिर्ता लिएको छ ।

प्रतिनिधि सभामा दर्ता भई राष्ट्रिय सभामा प्राप्त ४४ वटा विधेयकहरूलाई सभाले सम्पूर्ण प्रक्रिया पूरा गरी सन्देश सहित प्रतिनिधि सभामा फिर्ता पठाएको छ । राष्ट्रिय सभाले १६ वटा विधेयकहरूलाई संशोधन सहित र बाँकी विधेयकहरू संशोधन विना पारित गरी फिर्ता गरेको छ । राष्ट्रिय सभाले गरेका अधिकांश संशोधनहरू स्वीकार सहित प्रतिनिधि सभाले पारित गरेको छ । प्रतिनिधि सभाबाट आएकामध्ये एउटा मात्र विधेयक सभामा विचाराधीन छ ।

समितिले प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयकको प्रस्तावना समेत परिमार्जन गरेको छ भने सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयकलाई पुनर्लेखनकै तहमा परिमार्जन गरेको छ । सार्वजनिक बहस र विवादमा रहेको भूउपयोग विधेयक र मिडिया काउन्सिल विधेयक उल्लेख्य परिमार्जन सहित सहमतिबाट पारित भएका छन् । दुवै सदनबाट पारित भएका विधेयकहरूलाई संघीय संसद सचिवालयले 'विधेयक संग्रह' का रूपमा प्रकाशन गरेको छ । राष्ट्रिय सभाले गरेको विधायिकी कार्यलाई एकीकृत गरी तयार गरिएको विधेयक सम्बन्धी खण्डमा सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक सहित केही प्रतिनिधिमूलक विधेयकमा भएको परिमार्जनलाई पूर्ण, भूमि सम्बन्धी (आठौं संशोधन विधेयकको परिमार्जनलाई आंशिक र बाँकीलाई संक्षेपमा प्रस्तुत गरिएको छ ।

मौलिक हक कार्यान्वयनसँग सम्बन्धित विधेयक

संविधानले मौलिक हकको कार्यान्वयन सम्बन्धी कानून संविधान जारी भएको तीन वर्षभित्र बनाई सक्नुपर्ने समयसीमा (संविधानको धारा ४७) तोकेको छ । उक्त संवैधानिक दायित्व पूरा गर्ने क्रममा संघीय संसदले १६ वटा विधेयक पारित गरेको छ । यी विधेयक उपर राष्ट्रिय सभाले खेलेको भूमिका तल प्रस्तुत गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी विधेयक

राष्ट्रिय सभामा २०७५ साउन २८ गते पेश भई भदौ ५ गते दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा प्रस्तुत भएको 'अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५' परिमार्जन सहित २०७५ भदौ २६ गते पारित भएको थियो ।

विधेयकका ३ वटा दफामा ११ जना सदस्यहरूले ६ वटा संशोधन प्रस्ताव दर्ता गर्नुभएको थियो । त्यसमाथि विधायन व्यवस्थापन समितिका उक्त विधेयकका सम्बन्धमा ४ वटा बैठकमा दफावार छलफल भएको थियो ।

राष्ट्रिय सभाले विधेयकको दफा ७ मा अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय स्तरका संघ, संगठन, महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूमध्ये फरक-फरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा कम्तीमा पाँचजना महिला सहित दशजना सदस्य रहने गरी र ती सदस्यहरूमध्येबाट निर्देशन समितिले मनोनयन गरेको एकजना सदस्य उपाध्यक्ष हुने व्यवस्था थप गरिएको छ ।

प्रतिनिधि सभाबाट २०७५ भदौ ३० गते संशोधन विना पारित भएको उक्त विधेयक २०७५ असोज २ गते प्रमाणीकरण भएको थियो ।

अपराध पीडितको संरक्षण सम्बन्धी विधेयक

राष्ट्रिय सभामा २०७५ साउन ३१ गते प्रस्तुत भएको 'अपराध पीडितको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' माथि १३ जना सदस्यहरूले १२ वटा दफाहरूमा २२ वटा संशोधन प्रस्ताव दर्ता गर्नुभएको थियो । विधायन व्यवस्थापन

समितिले सम्बन्धित सरोकारवाला र विषय विज्ञ समेतको सहभागितामा भएको दफावार छलफलबाट गरेको परिमार्जन सहितको प्रतिवेदन सभामा पेस गरेको थियो । राष्ट्रिय सभाबाट २०७५ भदौ २९ गते सभाबाट पारित विधेयक प्रतिनिधि सभाले विना संशोधन पारित गरेको थियो । उक्त विधेयक २०७६ भदौ २ गते प्रमाणीकरण भएको थियो ।

बालबालिका सम्बन्धी विधेयक

राष्ट्रिय सभामा २०७५ भदौ १२ गते प्रस्तुत भएको 'बालबालिका सम्बन्धी विधेयक २०७५' मा २४ जना सदस्यहरूबाट ४१ वटा दफाहरूमा ८३ वटा संशोधन प्रस्ताव दर्ता भएका थिए । विधायन व्यवस्थापन समितिमा ३ वटा बैठक बसी गरेको परिमार्जन सहितको विधेयक सभाले २०७५ भदौ ३० गते पारित गरेको थियो । प्रतिनिधि सभाबाट २०७५ भदौ ३१ गते संशोधन विना पारित गरेको विधेयक २०७५ असोज २ गते प्रमाणीकरण भएको थियो ।

ज्येष्ठ नागरिक सम्बन्धी विधेयक

राष्ट्रिय सभामा मिति २०७५ माघ २ गते प्रस्तुत भएको ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५ मा ९ जना सदस्यबाट ११ वटा दफाहरूमा २३ वटा संशोधन प्रस्ताव दर्ता भएका थिए । विधायन व्यवस्थापन समितिका दुईवटा बैठकबाट भएको परिमार्जन सहित मिति २०७५ फागुन २६ गते राष्ट्रिय सभाबाट पारित गरी सोही दिन प्रतिनिधि सभामा सन्देश पठाइएको थियो ।

उपभोक्ता संरक्षण सम्बन्धी विधेयक

प्रतिनिधि सभाबाट आएको 'उपभोक्ता संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५' राष्ट्रिय

सभामा २०७५ भदौ २९ गते प्रस्तुत भएको थियो । सभाबाट २०७५ भदौ ३१ गते विना संशोधन पारित उक्त विधेयक २०७५ असोज २ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएको थियो ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी विधेयक

प्रतिनिधि सभाबाट २०७५ भदौ २९ गते सन्देश सहित प्राप्त 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' लाई राष्ट्रिय सभामा २०७५ भदौ ३० गते प्रस्तुत गरिएको थियो । २०७५ भदौ ३१ गते विना संशोधन सभाबाट पारित उक्त विधेयक,२०७५ असोज ८ गते प्रमाणीकरण भएको थियो ।

जनस्वास्थ्य सेवा सम्बन्धी विधेयक

प्रतिनिधि सभाबाट २०७५ भदौ २९ गते सन्देश सहित प्राप्त 'जनस्वाथ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' राष्ट्रिय सभामा २०७५ भदौ ३० गते प्रस्तुत भएको थियो । सभामा नै दफावार छलफल गरी त्यसको भोलिपल्टै विना संशोधन पारित विधेयक २०७५ असोज २ गते प्रमाणीकरण भएको थियो ।

आवासको अधिकार सम्बन्धी विधेयक

प्रतिनिधि सभाबाट २०७५ भदौ २९ गते सन्देश सहित प्राप्त 'आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५' राष्ट्रिय सभामा २०७५ भदौ ३० गते प्रस्तुत भएको थियो। सभामै दफावार छलफल भएको उक्त विधेयक भोलिपल्टै संशोधन विना पारित गरिएको थियो ।

खाद्य तथा खाद्य सम्प्रभुताको अधिकार सम्बन्धी विधेयक

प्रतिनिधि सभाबाट २०७५ भदौ २९ गते सन्देश सहित प्राप्त 'खाद्य तथा खाद्य सम्प्रभुताको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' राष्ट्रिय सभा २०७५ भदौ ३०गते प्रस्तुत भएको थियो । सभामै दफावार छलफल गरी त्यसको भोलिपल्टै संशोधन विना पारित गरिएको उक्त विधेयक २०७५ असोज २ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएको थियो ।

वैयक्तिक गोपनीयता सम्बन्धी विधेयक

प्रतिनिधि सभाबाट २०७५ भदौ ३० गते सन्देश सहित प्राप्त 'वैयक्तिक गोपनीयताको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' विधेयक राष्ट्रिय सभामा २०७५ भदौ ३१ गते प्रस्तुत भएको थियो । प्रस्तुत भएकै दिन सदनमा दफावार छलफल गरी संशोधन विना पारित उक्त विधेयक २०७५ असोज २ गते प्रमाणीकरण भई ऐनको रूपमा कार्यान्वयमा आएको छ ।

भूमि सम्बन्धी संशोधन विधेयक

प्रतिनिधि सभाबाट २०७५ भदौ २९ गते सन्देश सहित प्राप्त 'भूमि सम्बन्धी (सातौं संशोधन) विधेयक, २०७५' राष्ट्रिय सभामा २०७५ भदौ ३० गते प्रस्तुत भएको थियो । प्रस्तुत भएकै भोलिपल्ट सदनमा दफावार छलफल गरी संशोधन विना पारित उक्त विधेयक २०७५ असोज २ गते प्रमाणीकरण भएको थियो ।

रोजगारीको हक सम्बन्धी विधेयक

प्रतिनिधि सभाबाट २०७५ भदौ २९ गते सन्देश सहित प्राप्त 'रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५'

राष्ट्रिय सभामा २०७५ भदौ ३० गते प्रस्तुत भएको थियो । प्रस्तुत भएकै भोलिपल्ट सदनमा दफावार छलफल गरी संशोधन विना पारित उक्त विधेयक २०७५ असोज २ गते प्रमाणीकरण भएको थियो ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी विधेयक

प्रतिनिधि सभाबाट २०७५ भदौ ३० गते सन्देश सहित प्राप्त 'अनिवार्य तथा निःशुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' राष्ट्रिय सभामा २०७५ भदौ ३१गते प्रस्तुत भएको थियो । सोही दिन सदनमा दफावार छलफल गरी संशोधन विना पारित उक्त विधेयक २०७५ असोज २ गते प्रमाणीकरण भएको थियो ।

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) विधेयक

प्रतिनिधि सभाबाट २०७५ भदौ ३० गते सन्देश सहित प्राप्त 'जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक, २०७५' राष्ट्रिय सभामा २०७५ भदौ ३१ गते प्रस्तुत भएको थियो । सोही दिन सदनमा दफावार छलफल गरी संशोधन विना पारित उक्त विधेयक २०७५ असोज २ गते प्रमाणीकरण भएको थियो ।

सामाजिक सुरक्षा सम्बन्धी विधेयक

प्रतिनिधि सभाबाट २०७५ भदौ ३० गते सन्देश सहित प्राप्त 'सामाजिक सुरक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' राष्ट्रिय सभामा २०७५ भदौ ३१ गते प्रस्तुत भएको थियो । सोही दिनको पछिल्ला बैठकमा छलफल गरी संशोधन विना पारित उक्त विधेयक २०७५ असोज २ गते प्रमाणीकरण भएको थियो ।

प्रचलित कानूनलाई संविधान अनुकूल बनाउन संशोधन

संविधान जारी भएको तीन वर्षभित्र संविधानसँग बाझिएका कानून संशोधन गरिसक्नु पर्ने समयसीमा संविधानले नै तोकेको छ । २०७५ असोज ३ भित्रको उक्त समयसीमाभित्र प्रचलित कानूनलाई संविधान अनुकूल बनाउने गरी संघीय संसदले दुईवटा विधेयक मार्फत १५९ वटा कानूनलाई एकमुष्ट संशोधन गरेको थियो ।

नेपालको संविधान अनुकूल बनाउने सम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७५ फागुन २ गते प्रस्तुत भएको 'नेपालको संविधान अनुकूल बनाउने सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५' माथि ५ जना सदस्यबाट ५ वटा दफामा ८ वटा संशोधन प्रस्ताव प्राप्त भएका थिए । विधायन व्यवस्थापन समितिका ३ वटा बैठकमा विषयविज्ञ समेतको सहभागितामा दफावार छलफल भएको थियो । सभाले २०७५ फागुन १५ गते संशोधन सहित विधेयक पारित गरी प्रतिनिधि सभामा सन्देश सहित फिर्ता पठाएको थियो । उक्त विधेयक विधेयक २०७५ फागुन १९ गते प्रमाणीकरण भएको थियो ।

केही नेपाल ऐन संशोधन विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७५ फागुन ३ गते प्रस्तुत भएको 'केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५' सभाले २०७५ फागुन १२ मा छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाएको थियो ।

विधेयकमा १३ जना सदस्यले १८ वटा दफामा ३५ वटा संशोधन पेश गर्नुभएको थियो । विधायन व्यवस्थापन समितिले गरेको परिमार्जन

सहित सभाले २०७५ फागुन १५ गते पारित गरेको थियो । उक्त विधेयक २०७५ फागुन १९ गते प्रमाणीकरण भएको थियो ।

संघीयता कार्यान्वयन सम्बन्धी विधेयक

संघीय इकाइका रूपमा संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार संविधानले नै स्पष्ट पारेको छ । तीन तहको राज्य संरचनाबीचको अन्तरसम्बन्ध, समन्वय र मापदण्ड सम्बन्धी कानून बनाउने दायित्व पूरा गर्न संघीय संसदले ५ वटा कानून बनाएको छ ।

सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक

राष्ट्रिय सभामा २०७६ वैशाख २५ गते प्रस्तुत भएको 'सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५' का २३ वटा दफामा ७ समूहमा १९ जना सदस्यका ७२ वटा संशोधन प्रस्ताव दर्ता भएका थिए । विधायन व्यवस्थापन समितिमा २३ वटा औपचारिक र केही अनौपचारिक छलफल भएका थिए । समितिबाट परिमार्जित विधेयक २०७६ माघ ६ गते सभाले पारित गरी प्रतिनिधि सभामा सन्देश पठाएको छ *(हेर्नुहोस्, अनुसूची १२)* ।

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक

२०७५ पुस २० गते राष्ट्रिय सभामा प्रस्तुत भएको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५ दफावार छलफलका लागि २०७५ माघ २ गते विधायन व्यवस्थापन समितिमा पठाइएको थियो । विधेयकमा ११ वटा दफा रहेकोमा ११ जना सदस्यहरूले ६ वटा दफामा २३ वटा संशोधन प्रस्ताव दर्ता गर्नुभएको थियो । विधायन व्यवस्थापन समितिमा प्रदेश सभाका विधायन व्यवस्थापन समितिका सदस्यहरू समेतको सहभागितामा छलफल गरी ८ वटा बैठकबाट परिमार्जन गरेको

यो विधेयक २०७५ फागुन १२ गते राष्ट्रिय सभाबाट पारित भएको थियो । प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित २०७६ चैत ४ गते पुनः पारित भएको थियो । यो विधेयक २०७६ चैत १५ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएको थियो ।

विधेयकको प्रस्तावना समेत परिमार्जन गरी राष्ट्रिय सभाले उक्त विधेयकमा उल्लेख्य सुधार गरेको छ । विधेयकको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको थियो :- 'प्रस्तावना : प्रदेश लोक सेवा आयोगको गठन, काम,कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गरी प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठितसंस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,'

कर्मचारी समायोजन विधेयक, २०७५

प्रतिनिधि सभाबाट २०७५ फागुन ३ गते सन्देश सहित प्राप्त 'कर्मचारी समायोजन विधेयक, २०७५' राष्ट्रिय सभामा सोही दिन प्रस्तुत भएको थियो । २०७५ फागुन ८ गते संशोधन विना पारित उक्त विधेयक २०७५ फागुन १० गते नै प्रमाणीकरण भएको थियो ।

नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन) विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७६ भदौ ४ गते प्रस्तुत भएको 'नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५' माथि सभाका २२ जना

सदस्यले १२ वटा दफामा ३ वटा संशोधन राख्नुभएको थियो । विधायन व्यवस्थापन समितिका २ वटा बैठकबाट परिमार्जित विधेयक सभाले २०७६ भदौ २५ गते पारित गरेको थियो । उक्त विधेयक २०७६ माघ २८ गते प्रमाणीकरण भयो । उक्त विधेयकमा ऐन प्रमाणीकरण भएको मितिले आठौं दिनदेखि प्रारम्भ हुने व्यवस्था गरिएको छ ।

प्रहरी समायोजन विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७६ भाद्र ४ गते प्रस्तुत भएको 'प्रहरी समायोजन विधेयक, २०७५' माथि सभाका १७ जना सदस्यले ८ वटा दफामा १० वटा संशोधन प्रस्ताव गर्नुभएको थियो ।

विधायन व्यवस्थापन समितिले २ वटा बैठकमा गरेको परिमार्जन सहित सभाले २०७६ भदौ २५ गते पारित गरेको उक्त विधेयक गरी प्रतिनिधि सभामा सन्देश सहित फिर्ता पठाएको थियो । उक्त विधेयक २०७६ माघ २८ गते प्रमाणीकरण भएको थियो ।

संक्रमणकालीन न्याय सम्बन्धी विधेयक

२०७५ माघ १५ गते दर्ता भएको 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक (दोस्रो संशोधन), २०७५' लाई राष्ट्रिय सभाले २०७५ माघ २० गते पारित गरेको थियो । सोही दिन प्रतिनिधि सभामा सन्देश सहित पठाइएको विधेयक सो सभाले २०७५ माघ २३ गते संशोधन विना नै पारित गरेको थियो । उक्त विधेयक २०७६ माघ २५ गते प्रमाणीकरण भएको थियो ।

२०७५ असार १४ गते दर्ता भएको 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक (पहिलो संशोधन), २०७५' लाई राष्ट्रिय सभाले २०७५ असार १७ गते पारित गरी गरेको थियो । प्रतिनिधि सभाले २०७५ असार १८ गते विना संशोधन पारित गरी सन्देश सहित फिर्ता पठाएको उक्त विधेयक २०७५ असार २० गते प्रमाणीकरण भएको थियो ।

...

नियमित विधायिकी कार्य

संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी विधेयक

राष्ट्रिय सभामा २०७५ साउन २२ गते दर्ता भएको भएको 'संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ (पहिलो संशोधन) विधेयक' माथि २०७५ साउन २९ गते सैद्धान्तिक छलफल भएको थियो । विधेयकमा ८ दफा रहेकोमा ५ जना सदस्यले ३ वटा दफामा संशोधन प्रस्ताव दर्ता गर्नुभएको थियो । सभाले उक्त विधेयक २०७५ भदौ ५ गते दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाएको थियो ।

विधेयकमाथि विधायन व्यवस्थापन समितिले सम्बन्धित सरोकारवाला र विषय विषय विज्ञ समेतको सहभागितामा छलफल गरेको थियो । सभाले २०७५ असोज १० गते संशोधन सहित पारित गरेको उक्त विधेयक सन्देश प्रतिनिधि सभामा पठाइएको थियो ।

प्रतिनिधि सभाबाट थप संशोधन सहित प्राप्त भएको उक्त विधेयक सभाले २०७५ फागुन २ गते पुनः पारित (प्रतिनिधि सभाको

संशोधन स्वीकार सहित) गरेको थियो । २०७५ फागुन १० गते राष्ट्रपतिबाट प्रमाणीकरण भई ऐनको रूपमा कार्यान्वयनमा आएको छ ।

राष्ट्रिय सभाबाट संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर र्ाष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा ३ को उपदफा (२) पछि थप्न प्रस्तावित उपदफा (३) मा उल्लिखित 'निजी जग्गामा' भन्ने शब्दहरूपछि 'लोपोन्मुख वनस्पति रोप्न, त्यसरी रोपिएको र निजी जग्गामा' भन्ने शब्दहरू थपिएको छ । त्यसैगरी दफा ८ को उपदफा (१) मा थप्न प्रस्तावित प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित 'निजी जग्गामा' भन्ने शब्दहरूपछि 'संरक्षित वनस्पति रोप्न, त्यसरी रोपिएको र निजी जग्गामा' भन्ने शब्दहरू थपिएको छ ।

वातावरण संरक्षण सम्बन्धी विधेयक

राष्ट्रिय सभामा २०७५ साउन २९ गते सैद्धान्तिक छलफल भई भदौ ५ गते दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइएको 'वातावरण संरक्षण ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक, २०७५' मा ७ जना सदस्यहरूले ५ वटा दफामा ६ वटा संशोधन प्रस्तावित थिए ।

विधायन व्यवस्थापन समितिका ४ वटा बैठकले सम्बन्धित सरोकारवाला र विषयविज्ञ समेतसँग छलफल गरी २०७५ भदौ २२ मा सभामा पेश गरेको विधेयक सोही दिन सभाबाट पारित भएको थियो । प्रतिनिधि सभाबाट मिति २०७५ भदौ ३० गते संशोधन विना पारित भएको उक्त विधेयक २०७५ असोज २ गते प्रमाणीकरण भई ऐनको रूपमा कार्यान्वयमा आएको छ ।

वन विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७६ भदौ ६ गते प्रस्तुत भएको 'वन विधेयक, २०७५' मा सभाका १९ जना सदस्यले ४ वटा संशोधन प्रस्ताव राख्नुभएको थियो । समितिले गरेको संशोधन सहित सभाले २०७६ भदौ २६ गते यो विधेयक पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाएको थियो । उक्त विधेयक २०७६ असोज २७ गते प्रमाणीकरण भएको थियो ।

वातावरण संरक्षण विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय समामा २०७६ भदौ ४ गते प्रस्तुत भएको 'वातावरण संरक्षण विधेयक, २०७५' मा सभाका १४ जना सदस्यले ३ वटा संशोधन प्रस्ताव दर्ता गराउनु भएको थियो । विधायन व्यवस्थापन समितिले गरेको संशोधन सहित सभाले २०७६ भदौ २६ गते यो विधेयक पारित गरेको थियो । उक्त विधेयक २०७६ असोज २४ गते राष्ट्रपतिबाट प्रमाणीकरण भयो ।

मुलुकी संहिता संशोधन

राष्ट्रिय सभामा २०७५ साउन २८ गते प्रस्तुत भई २०७५ भदौ १२ गते दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा प्रस्तुत भएको मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक, २०७५ माथि १७ जना सदस्यले ४ दफामा २२ वटा संशोधन प्रस्ताव पेश गर्नुभयो । समितिका ४ वटा बैठकबाट भएको परिमार्जन सहितको विधेयक २०७५ असोज ७ गते सभाले सभाले पारित गरेको थियो । प्रतिनिधि सभाबाट सोही रूपमा पारित विधेयक २०७६ वैशाख २ गते प्रमाणीकरण भएको थियो ।

प्रशासकीय अदालत

राष्ट्रिय सभामा २०७५ असार ३ गते प्रस्तुत भएको प्रशासकीय अदालत विधेयक, २०७५ दफावार छलफलका लागि २०७५ साउन २३ गते विधायन व्यवस्थापन समितिमा गएको थियो । २६ दफा रहेको यस विधेयकमा ८ जना सदस्यहरूले ९ दफामा १६ वटा संशोधन प्रस्ताव दर्ता गर्नुभएको थियो । विधायन व्यवस्थापन समितिमा सरोकारवाला र विज्ञसँग छलफल गरि ५ वटा बैठकबाट गरेको परिमार्जन सहित राष्ट्रिय सभाले २०७५ असोज ११ गते यो विधेयक पारित गरेको थियो । प्रतिनिधि सभाबाट विधेयक उपर राष्ट्रिय सभाले गरेको संशोधन स्वीकार सहित २०७६ भदौ ३० मा पुनः पारित भयो । २०७६ असोज २४ गते सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरण भई हाल ऐनको रूपमा कार्यान्वयमा आएको छ ।

नागरिक लगानी कोष विधेयक

२०७५ माघ २ गते राष्ट्रिय सभामा प्रस्तुत भएको नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ मा ९ जना सदस्यका २० वटा संशोधन प्रस्ताव दर्ता भएका थिए । विधायन व्यवस्थापन समितिमा २ वटा बैठकबाट परिमार्जन सहित मिति २०७५ चैत ४ गते राष्ट्रिय सभाबाट विधेयक पारित गरी सोही दिन प्रतिनिधि सभामा सन्देश पठाइएको थियो ।

विज्ञापन (नियमन गर्ने) विधेयक

राष्ट्रिय सभामा २०७५ माघ २ गते प्रस्तुत भएको विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५ का २१ दफामा १२ जना सदस्यले ५९ वटा संशोधन प्रस्ताव पेश गर्नुभएको थियो । समितिका ३ वटा बैठकबाट परिमार्जित विधेयक २०७५ चैत १० गते राष्ट्रिय सभाबाट पारित भएको थियो । त्यसमाथि प्रतिनिधि

सभाबाट भएको संशोधन स्वीकार सहित सभाले २०७६ भदौ ३० गते पुनः पारित भएको थियो । उक्त विधेयक २०७६ कात्तिक ८ गते प्रमाणीकरण भएको थियो ।

प्रमाण विधेयक

राष्ट्रिय सभामा २०७६ वैशाख २५ गते प्रस्तुत भएको प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ का २१ दफामा १२ जना सदस्यहरूका २२ वटा संशोधन प्रस्ताव प्राप्त भएका थिए । विधायन व्यवस्थापन समितिले ६ वटा बैठकबाट गरेको परिमार्जन सहित २०७६ साउन १२ गते राष्ट्रिय सभाबाट यो विधेयक पारित भएको थियो । प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता प्राप्त यो विधेयक राष्ट्रिय सभामा विचाराधीन रहेको छ ।

राष्ट्रिय खेलकुद विकास विधेयक

२०७५ फागुन २६ गते राष्ट्रिय सभामा प्रस्तुत भएको राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ का २८ दफामा ९ समूहमा सदस्यहरूका १०० वटा संशोधन प्रस्ताव प्राप्त भएका थिए । समितिका २३ वटा बैठकले गरेको परिमार्जन सहित सभाले २०७६ साउन १६ गते पारित गरी प्रतिनिधि सभामा सन्देश पठाएको छ ।

शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक

राष्ट्रिय सभामा २०७६ वैशाख २५ गते प्रस्तुत भएको 'शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५' का २३ वटा दफामा २४ जना सदस्यका ६३ वटा संशोधन प्रस्ताव परेका थिए । समितिका ६ वटा बैठकबाट भएको संशोधन सहित सभाले २०७६ भदौ १३ गते उक्त विधेयक पारित गरी प्रतिनिधि सभामा सन्देश पठाएको छ ।

इन्जिनियरिङ परिषद् विधेयक

राष्ट्रिय सभामा २०७६ असार ३ गते प्रस्तुत भएको 'नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक २०७६' का ४८ दफामा ५ समूहमा १९ जना सदस्यले २१ वटा संशोधन प्रस्ताव पेश गर्नु भएको थियो । विधायन व्यवस्थापन समितिका ८ वटा बैठकबाट परिमार्जित विधेयक २०७६ पुस १४ गते सभाबाट पारित भई प्रतिनिधि सभामा सन्देश पठाइएको छ ।

मिडिया काउन्सिल विधेयक

२०७६ भदौ १२ गते राष्ट्रिय सभामा प्रस्तुत भएको 'नेपाल मिडिया काउन्सिल विधेयक, २०७५' का २६ वटा दफामा ८ समूहमा २४ जना सदस्यले १०३ वटा संशोधन राख्नुभएको थियो । विधायन व्यवस्थापन समितिले प्रदेश स्तरमा समेत सरोकारवालासँग अन्तरक्रिया तथा ११ वटा बैठकमा दफावार छलफल गरी पेश गरेको प्रतिवेदन सहित सभाले २०७६ माघ २३ गते यो विधेयक पारित गरी प्रतिनिधि सभामा सन्देश पठाइएको छ ।

सभाले गरेको काउन्सिलबाटै दण्ड जरिवाना गर्न प्रस्तावित व्यवस्था संशोधन गरी विधेयकका अन्य थुप्रै बुँदा परिमार्जन गरेको छ । 'काउन्सिलबाट जारी भएको आचार संहिता विपरीत कुनै सामग्री प्रकाशन वा प्रसारण गरेको कारण कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको भनी सम्बन्धित व्यक्तिले दफा १८ बमोजिम दिएको उजुरी उपर दफा १९ बमोजिम जाँचबुझ गर्दा कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिएमा काउन्सिलले सम्बन्धित आमसञ्चार संस्था र उजुरीकर्ताको बीचमा मेलमिलाप गराउन सक्नेछ,' विधेयकको दफा २० मा रहेको मेलमिलाप सम्बन्धी प्रावधानको संशोधनमा भनिएको छ । त्यसैगरी सञ्चार माध्यमबाट प्रकाशित/प्रसारित

सामग्रीबाट कुनै व्यक्तिको प्रतिष्ठामा पुगेको गम्भीर नोक्सानीका विषयमा क्षतिपूर्तिका लागि अदालत जान सक्ने प्रस्तावित छ । 'काउन्सिलबाट जारी भएको आचार संहिता विपरीत कुनै सञ्चार माध्यमबाट प्रकाशित वा प्रसारण भएको कुनै समाचार वा सूचनाबाट कुनै व्यक्तिको मर्यादा वा प्रतिष्ठामा गम्भीर असर पुऱ्याएको वा सम्पत्ति वा व्यवसायमा हानि-नोक्सानी भएको अवस्थामा त्यस्तो व्यक्तिले आवश्यक क्षतिपूर्तिको दावी सहित सम्बन्धित आमसञ्चार संस्थाविरूद्ध सम्बन्धित जिल्ला अदालतमा उजुरी दिन सक्नेछ,' राष्ट्रिय सभाबाट संशोधित विधेयकको दफा २१ मा भनिएको छ- 'कुनै व्यक्तिको मर्यादामा गम्भीर असर पुऱ्याएको वा सम्पत्ति वा व्यवसायमा हानि-नोक्सानी पुऱ्याएको देखिएमा सम्बन्धित अदालतले मनासिब क्षतिपूर्ति उपलब्ध गराउन त्यस्तो आमसञ्चार संस्थालाई आदेश दिन सक्नेछ ।'

सार्वजनिक सुरक्षा विधेयक

प्रतिनिधि सभाबाट पारित भई २०७५ भदौ ४ गते राष्ट्रिय सभा प्रस्तुत भएको 'सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) विधेयक, २०७५' माथि सभाका ८ जना सदस्यहरूले ३ वटा दफामा ६ वटा संशोधन प्रस्ताव परेका थिए । संशोधनमाथि विधायन व्यवस्थापन समितिले एउटा बैठकमा छलफल गरेको थियो । सभाले २०७५ भदौ ३१ गते संशोधन विना (प्रतिनिधि सभाले पठाएकै अवस्थामा) पारित गरेको थियो ।

निवृत्तभरण कोष विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७५ माघ २ गतेप्रस्तुत भएको 'निवृत्तभरण कोष विधेयक, २०७५' माथि ७ जना सदस्यले ३ वटा दफामा ६ वटा संशोधन राख्नु भएको थियो । संशोधनमाथि विधायन व्यवस्थापन समितिले एउटा

बैठकमा छलफल गरी परिमार्जन गरेको थियो । सभाले २०७५ फागुन १४ गते पारित गरेको विधेयक प्रतिनिधि सभाबाट पुनः पारित (राष्ट्रिय सभाको संशोधन स्वीकार) भएको थियो । २०७५ चैत्र ४ गते प्रमाणीकरण भएको उक्त विधेयक ऐनको रूपमा कार्यान्वयनमा आएको छ ।

राहदानी विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७५ पुस १३ गते प्रस्तुत भएको 'राहदानी विधेयक, २०७५' सभाले २०७५ पुस २० गते छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाएको थियो । विधेयकमाथि १० जना सदस्यबाट १२ वटा दफामा १८ वटा संशोधन पेश गर्नुभएको थियो । समितिले ७ वटा बैठक बसी सरोकारवाला तथा विज्ञसँग समेत सुझाव लिई सभामा प्रतिवेदन पेश गरेको थियो ।

अधिवेशन अन्त्य हुने दिन राष्ट्रिय सभामा सन्देश प्राप्त भएको विधेयक ६० दिनभित्र प्रतिनिधि सभामा फिर्ता गर्नुपर्ने संवैधानिक प्रावधान भएपनि अधिवेशन नचलेको अवधिभित्रै ६० दिन पूरा भएकोले प्रतिनिधि सभाले उक्त विधेयकलाई पुनः पारित गरी प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गरेको थियो ।

राष्ट्रपतिबाट राहदानी विधेयक पुनर्विचारका लागि २०७६ जेठ ८ मा फिर्ता पठाएपश्चात् प्रतिनिधि सभाबाट राष्ट्रिय सभामा सन्देश सहित विधेयक पुनः प्राप्त भएको थियो । सभाबाट विधेयक पुनर्विचारका लागि पुनः विधायन व्यवस्थापन समितिमा पठाइयो । समितिको प्रतिवेदन सहित २०७६ भदौ ३१ मा सभाले विधेयक पारित गरी प्रतिनिधि सभामा पठाएको थियो । प्रतिनिधि सभाले २०७६ असोज १ गते उक्त विधेयकमाथि राष्ट्रिय सभाबाट भएको संशोधन सहित पुनः पारित (तेस्रो पटक) गरेको थियो ।

२०७६ असोज २७ मा प्रमाणीकरण भएको राहदानी विधेयक ऐनका रूपमा कार्यान्वयनमा आएको छ *(हेर्नुहोस्, अनुसूची १३)* ।

लेखापरीक्षण विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७५ फागुन ८ गते प्रस्तुत भएको 'लेखापरीक्षण विधेयक २०७५' माथि ९ जना सदस्यले ३ वटा दफामा ३ वटा संशोधन राख्नुभएको थियो । विधायन व्यवस्थापन समितिका २ वटा बैठकबाट भएको परिमार्जन सहित सभाले २०७५ चैत ४ गते पारित गरेको विधेयक सन्देश सहित राष्ट्रिय सभामा फिर्ता पठाइएको थियो । उक्त विधेयक २०७५ चैत्र १५ गते प्रमाणीकरण भयो ।

जीवनाशक विषादी व्यवस्थापन विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय समामा २०७५ फागुन ८ गते प्रस्तुत भएको जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ सभाले २०७५ फागुन २१ गते छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठायो । यस विधेयकमा ६ जना माननीय सदस्यबाट १३ वटा दफामा १९ वटा संशोधन प्रस्ताव दर्ता भए । विधायन व्यवस्थापन समितिका २ वटा बैठकबाट भएको परिमार्जन सहित सभाले यो विधेयक २०७५ चैत ४ गते पारित गरी प्रतिनिधि सभामा सन्देश सहित फिर्ता पठाएको थियो । यो विधेयक सम्माननीय राष्ट्रपतिबाट २०७६ भदौ ३१ गते प्रमाणीकरण भएको थियो ।

भूउपयोग विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७५ फागुन २९ गते प्रस्तुत भएको 'भूउपयोग विधेयक २०७५' माथि २७ जना

सदस्यले २० वटा दफामा ४० वटा संशोधन राख्नुभएको थियो । विधायन व्यवस्थापन समितिको एउटा बैठकले गरेको संशोधन सहित सभाले २०७५ चैत १० गते पारित उक्त विधेयक २०७६ भदौ ६ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएको थियो ।

भूमि सम्बन्धी विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७६ भदौ ५ गते प्रस्तुत भएको 'भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५' माथि सभाका २१ जना सदस्यले ८ वटा संशोधन राख्नुभएको थियो । विधायन व्यवस्थापन समितिले गरेको परिमार्जन सहित सभाले २०७६ भदौ ३१ गते पारित विधेयक २०७६ माघ २८ गते प्रमाणीकरण भएको थियो *(हेर्नुहोस् अनुसूची १४)* ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७६ भदौ २५ गते प्रस्तुत भएको 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५' मा सभाका २ जना सदस्यबाट २ वटा संशोधन परेका थिए । विधायन व्यवस्थापन समितिको बैठकबाट भएको परिमार्जन सहित सभाले २०७६ असोज १ गते पारित गरेको उक्त विधेयक २०७६ असोज २४ गते प्रमाणीकरण भई ऐन बनेको छ ।

सेफगार्ड्स एण्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७६ भदौ ८ गते प्रस्तुत भएको 'सेफगार्ड्स एण्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग विधेयक, २०७५' माथि सभाका १८ जना सदस्यले ४ वटा संशोधन प्रस्ताव दर्ता गर्नुभएको थियो । विधायन व्यवस्थापन समितिले गरेको परिमार्जन सहित सभाले २०७६ असोज १ गते

पारित गरेको उक्त विधेयक २०७६ असोज २७ गते प्रमाणीकरण भई ऐन बनेको छ ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७६ पुस ७ गतेप्रस्तुत भएको 'राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५' माथि सभाका १४ जना सदस्यले संशोधन प्रस्ताव राख्नुभएको थियो । विधायन व्यवस्थापन समितिले गरेको संशोधन सहित सभाले २०७६ पुष २४ गते पारित गरेको उक्त विधेयक २०७६ माघ २८ गते प्रमाणीकरण भएको थियो ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान विधेयक

प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा २०७६ भदौ ३० गते प्रस्तुत भएको 'औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५' मा सभाका १३ जना सदस्यले २ वटा संशोधन प्रस्ताव राख्नुभएको थियो । सरोकारवालासँग गरेको छलफलपछि विधायन व्यवस्थापन समितिले गरेको परिमार्जन सहितको उक्त विधेयक राष्ट्रिय सभाले २०७६ माघ २२ गते पारित गरेको थियो । उक्त विधेयक २०७६ माघ २८ गते प्रमाणीकरण भएको थियो ।

राष्ट्रिय सभा सदस्य निर्वाचन विधेयक

'राष्ट्रिय सभा सदस्य निर्वाचन विधेयक २०७५' प्रतिनिधि सभाबाट पारित भई सन्देश सहित प्राप्त भएपछि २०७५ असार १५ गते राष्ट्रिय सभा टेबुल भएको थियो । २०७५ असार १७ गते सभामा प्रस्तुत भएको विधेयकमाथिको दफावार छलफल समेत सभामा नै भएको थियो । सभाले २०७५ असार १८ गते संशोधन

विना पारित गरी सोही दिन प्रतिनिधि सभामा सन्देश सहित फिर्ता पठाएको थियो । उक्त विधेयक २०७५ असार २० गते प्रमाणीकरण भएको थियो ।

संघीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी विधेयक, २०७५

प्रतिनिधि सभाबाट पारित 'संघीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी विधेयक' २०७५ असार १७ गते राष्ट्रिय सभामा प्रस्तुत भएको थियो । सभामै दफावार छलफल भई संशोधन विना पारित उक्त विधेयक २०७५ असार २० गते राष्ट्रपतिबाट प्रमाणीकरण भएको थियो ।

भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५

प्रतिनिधि सभाबाट २०७५ पुस २९ गते सन्देश सहित प्राप्त 'भुक्तानी तथा फर्स्यौट विधेयक, २०७५' राष्ट्रिय सभामा २०७५ माघ २ गते प्रस्तुत भएको थियो । २०७५ माघ २० गते सभाबाट संशोधन विना पारित गरी सोही दिन सन्देश सहित प्रतिनिधि सभामा फिर्ता पठाइएको थियो ।

राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५

२०७५ असार २२ गते दर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त 'राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५' राष्ट्रिय सभामा २०७५ माघ १४ गते प्रस्तुत भएको थियो । सभामै दफावार छलफल भएको उक्त विधेयक २०७५ माघ १७ गते संशोधन विना पारित उक्त विधेयक २०७५ फागुन १० गते प्रमाणीकरण भएको थियो ।

विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५

प्रतिनिधि सभाबाट २०७५ फागुन २६ गते सन्देश सहित प्राप्त 'विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक, २०७५' राष्ट्रिय सभामा २०७५ फागुन ३० गते प्रस्तुत भएको थियो । सभामै दफावार छलफल भएको उक्त विधेयक २०७५ चैत ०४ गते संशोधन विना पारित भएको थियो ।

सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०७५

प्रतिनिधि सभाबाट २०७५ फागुन २९ गते सन्देश सहित प्राप्त 'सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०७५' राष्ट्रिय सभामा २०७५ फागुन ३० गते प्रस्तुत भएको थियो । उक्त विधेयक २०७५ चैत ४ गते सभाबाट संशोधन विना पारित भएको थियो ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५

प्रतिनिधि सभाबाट २०७५ चैत ५ गते सन्देश सहित प्राप्त 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, २०७५' राष्ट्रिय सभामा सोही प्रस्तुत गरिएको थियो । उक्त विधेयक २०७५ चैत ८ गते संशोधन विना पारित भएको थियो ।

राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विधेयक, २०७५

प्रतिनिधि सभाबाट २०७६ भदौ १० गते सन्देश सहित प्राप्त 'राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विधेयक, २०७५' राष्ट्रिय सभामा २०७६ भदौ २५ गते प्रस्तुत भएको थियो । राष्ट्रिय सभाबाट २०७६ भदौ ३१ गते पारित भएको उक्त विधेयक २०७६ माघ २८ गते प्रमाणीकरण भएको थियो । उक्त विधेयक २०७५ पुस २० गते संघीय संसद सचिवालयमा दर्ता भएको थियो ।

औद्योगिक व्यवसाय विधेयक, २०७५

प्रतिनिधि सभाबाट २०७६ भदौ १८ गते सन्देश सहित प्राप्त 'औधोगिक व्यवसाय विधेयक, २०७५' राष्ट्रिय सभामा २०७६ भदौ ३० गते प्रस्तुत भएको थियो । सभाबाट २०७६ असोज १ गते संशोधन विना पारित उक्त विधेयक २०७६ माघ २८ गते प्रमाणीकरण भई ऐनको रूपमा कार्यान्वयमा आएको छ ।

बजेट वक्तव्य र आर्थिक विधेयक

आर्थिक विधेयकहरू प्रतिनिधि सभामा मात्रै उत्पत्ति हुने संवैधानिक व्यवस्था छ । प्रत्येक आर्थिक वर्ष जेठ १५ गते अर्थमन्त्रीले बजेट प्रस्तुत गरेपछि प्रतिनिधि सभामा विनियोजन विधेयक प्रस्तुत गर्ने अभ्यास छ ।

प्रतिनिधि सभाबाट २०७५ असार १७ गते प्राप्त 'विनियोजन विधेयक' २०७५ असार २० गते राष्ट्रिय सभामा प्रस्तुत भएको थियो । २०७५ असार २५ गते सभाबाट पारित उक्त विधेयक २०७५ असार ३२ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएको थियो । त्यसैगरी प्रतिनिधि सभाले बजेटसँग सम्बन्धित अन्य (आश्रित) तीन सहित चार विषयक (आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, ऋण तथा जमानत (बाइसौं संशोधन) विधेयक सन्देश सहित राष्ट्रिय सभामा पठाएको थियो । सभाले संशोधन विना पारित गरेका ती विधेयकहरू पनि २०७५ असार ३२ गते प्रमाणीकरण भएका थिए ।

त्यसैगरी राष्ट्रिय सभामा २०७६ असार ११ गते प्रस्तुत 'विनियोजन विधेयक' असार २३ गते सभाबाट संशोधन विना पारित गरी प्रतिनिधि सभामा सन्देश सहित फिर्ता पठाइएको थियो । बजेटसँगै चारवटै विधेयक २०७६ असार ३० गते राष्ट्रपतिबाट प्रमाणीकरण भई कार्यान्वयनमा आएका छन् ।

...

परिच्छेद - घ

राष्ट्रिय सभाका सदस्यहरूको संक्षिप्त परिचय

सम्माननीय गणेशप्रसाद तिमिल्सिना	
आमाको नाम	हिरादेवी तिमिल्सिना
बाबुको नाम	तुलसीप्रसाद पाध्या
स्थायी ठेगाना	मोदी गाउँपालिका - ७, पर्वत
जन्ममिति	२०१८ जेठ १२ गते
शैक्षिक योग्यता	आई.कम.
विशेष जिम्मेवारी	राष्ट्रिय सभाको अध्यक्ष

माननीय शशिकला दाहाल	
आमाको नाम	पदमकुमारी दाहाल
बाबुको नाम	नरनाथ दाहाल
स्थायी ठेगाना	बर्दिवास नगरपालिका-१, महोत्तरी
जन्ममिति	२०१४ जेठ १५
शैक्षिक योग्यता	स्नातक
विशेष जिम्मेवारी	राष्ट्रिय सभाको उपाध्यक्ष

मा. अगमप्रसाद वान्तवा राई	
आमाको नाम	धनरानी राई
बाबुको नाम	मानबहादुर राई
स्थायी ठेगाना	इलाम नगरपालिका-६, इलाम
जन्म मिति	२०१२ भदौ १०
शैक्षिक योग्यता	साक्षर
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

मा. अनिता देवकोटा	
आमाको नाम	जीवन पोखरेल
बाबुको नाम	गजाधर पोखरेल
स्थायी ठेगाना	दाङ नगरपालिका-१५, दाङ
जन्म मिति	२०२० भदौ १
शैक्षिक योग्यता	बी.ए.
राजनीतिक दल	नेपाल कांग्रेस
संसदीय समिति	विधायन व्यवस्थापन समिति
विगतको संसदीय जिम्मेवारी	संविधान सभा सदस्य, २०७०

मा. इन्दु कडरिया	
आमाको नाम	खगकुमारी कडरिया
बाबुको नाम	ठाकुरदत्त कडरिया
स्थायी ठेगाना	पुनर्वास-६, कञ्चनपुर
जन्म मिति	२०२३ मंसीर १८
शैक्षिक योग्यता	एस.एल.सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति

मा. उदया शर्मा/पौडेल	
आमाको नाम	रेवता भट्टराई
बाबुको नाम	कोमलप्रसाद उपाध्याय
स्थायी ठेगाना	काठमाडौं- १६, नयाँबजार
जन्म मिति	२०१५ मंसिर १५
शैक्षिक योग्यता	एस.एल.सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	विधायन व्यवस्थापन समिति

मा. कमलाकुमारी ओली	
आमाको नाम	बालकुमारी ओली
बाबुको नाम	क्षेत्रबहादुर ओली
स्थायी ठेगाना	लक्ष्मीचन्द्र-१, कैलाली
जन्म मिति	२०२९ भदौ १५
शैक्षिक योग्यता	एस.एल.सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति

मा. कविता बोगटी	
आमाको नाम	खुमकुमारी शर्मा पौड्याल
बाबुको नाम	द्रोणप्रसाद शर्मा पौड्याल
स्थायी ठेगाना	अदानचुली- २, हुम्ला
जन्म मिति	२०२७ मंसिर ११
शैक्षिक योग्यता	आई.ए.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति

मा. कालीबहादुर मल्ल	
आमाको नाम	तुथादेवी मल्ल
बाबुको नाम	दानबहादुर मल्ल
स्थायी ठेगाना	भेरी नगरपालिका- ४, जाजरकोट
जन्म मिति	२०१६ फागुन २
शैक्षिक योग्यता	माध्यमिक तह
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति
विगतको संसदीय जिम्मेवारी	संविधान सभा सदस्य, २०६४

मा. कोमल वली	
आमाको नाम	दीपा वली
बाबुको नाम	ललितबहादुर वली
स्थायी ठेगाना	तुल्सीपुर-८, दाङ
जन्म मिति	२०२६ वैशाख १
शैक्षिक योग्यता	स्नातकोत्तर
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति

मा. खिमकुमार वि.क.	
आमाको नाम	कृष्णमाया विश्वकर्मा
बाबुको नाम	विष्णुबहादुर विश्वकर्मा
स्थायी ठेगाना	हरिनास-४, स्याङ्जा
जन्म मिति	२०२६ भदौ ४
शैक्षिक योग्यता	आई.ए.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति

मा. खिमलाल भट्टराई	
आमाको नाम	नर्मदा भट्टराई
बाबुको नाम	हिरालाल भट्टराई
स्थायी ठेगाना	बुटवल- ११, रूपन्देही
जन्म मिति	२०२७ वैशाख १५
शैक्षिक योग्यता	स्नातकोत्तर
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति
विशेष जिम्मेवारी	मुख्य सचेतक, राष्ट्रिय सभा

मा. खेमराज नेपाली	
आमाको नाम	धनमाया महरा
बाबुको नाम	पर्शुराम नेपाली
स्थायी ठेगाना	विराटनगर महानगरपालिका- २, मोरङ
जन्म मिति	२०२० वैशाख ५
शैक्षिक योग्यता	स्नातकोत्तर
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति

मा. चक्रप्रसाद स्नेही	
आमाको नाम	मन्धरादेवी स्नेही
बाबुको नाम	बिजुली स्नेही
स्थायी ठेगाना	परशुराम- १२, डडेल्धुरा
जन्म मिति	२०३० वैशाख ०५
शैक्षिक योग्यता	एस.एल.सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति

मा. चन्द्रबहादुर खड्का	
आमाको नाम	टीकाकुमारी खड्का
बाबुको नाम	बुद्धिबहादुर खड्का
स्थायी ठेगाना	मालारानी- ५, अर्घाखाँची
जन्म मिति	२०२१ कार्तिक ४
शैक्षिक योग्यता	एस.एल.सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

मा. जितेन्द्रनारायाण देव	
आमाको नाम	सवरीदेवी देव
बाबुको नाम	कृष्णलाल देव
स्थायी ठेगाना	राजविराज- १६, सप्तरी
जन्म मिति	२०१४ कार्तिक ३०
शैक्षिक योग्यता	स्नातकोत्तर, बी.एल.
राजनीतिक दल	नेपाली कांग्रेस
संसदीय समिति	विधायन व्यवस्थापन समिति र संसदीय सुनुवाइ समिति
विगतको संसदीय जिम्मेवारी	संविधान सभा सदस्य, २०७०

मा. जीवन बुढा	
आमाको नाम	मना बुढा
बाबुको नाम	मनरूप बुढा
स्थायी ठेगाना	नरहरीनाथ-३, कालिकोट
जन्म मिति	२०३६ फागुन १
शैक्षिक योग्यता	एस.एल.सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति

मा. ठगेन्द्रप्रकाश पुरी	
आमाको नाम	धनवती पुरी
बाबुको नाम	सर्मु पुरी
स्थायी ठेगाना	बाँफिकोट-५, रूकुम
जन्म मिति	२०३१ मंसिर २३
शैक्षिक योग्यता	आई.एल.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	विधायन व्यवस्थापन समिति

मा. तारादेवी भट्ट	
आमाको नाम	कमला पन्त
बाबुको नाम	परमानन्द पन्त
स्थायी ठेगाना	भिमदत्त- १८, कञ्चनपुर
जन्म मिति	२००५ असोज १९
शैक्षिक योग्यता	स्नातक
राजनीतिक दल	नेपाली कांग्रेस
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति
विशेष जिम्मेवारी	समिति सभापति

मा. दीपा गुरूङ	
आमाको नाम	उमादेवी बस्नेत
बाबुको नाम	नन्दबहादुर बस्नेत
स्थायी ठेगाना	मध्यनेपाल नगरपालिका-८, लमजुङ
जन्म मिति	२०२५ जेठ ०६
शैक्षिक योग्यता	आई.एस.सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति

मा. दिलकुमारी रावल थापा 'पार्वती'	
आमाको नाम	यमकुमारी रावल
बाबुको नाम	युगबहादुर रावल
स्थायी ठेगाना	भरतपुर-१६, चितवन
जन्म मिति	२०३५ मंसीर २५
शैक्षिक योग्यता	स्नातकोत्तर
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति
विशेष जिम्मेवारी	समिति सभापति

मा. दीनानाथ शर्मा	
आमाको नाम	यशोदा पाध्या
बाबुको नाम	शशिधर पाध्या
स्थायी ठेगाना	बागलुङ नगरपालिका- १२, बागलुङ
जन्म मिति	२००६ साउन ४
शैक्षिक योग्यता	बी.ए., बी.एड., बी.एल.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति
विशेष जिम्मेवारी	नेकपा संसदीय दलको नेता, राष्ट्रिय सभा
विगतको संसदीय जिम्मेवारी	अन्तरिम व्य. संसद, ०६३ र संविधान सभा सदस्य, ०६४

मा. दुर्गाप्रसाद उपाध्याय	
आमाको नाम	सोनमती उपाध्याय
बाबुको नाम	जंगीप्रसाद उपाध्याय
स्थायी ठेगाना	महीलवार- १०, रूपन्देही
जन्म मिति	२०२६ असार २
शैक्षिक योग्यता	आई.ए.
राजनीतिक दल	नेपाली कांग्रेस
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति
(मिति २०७६ फागुन २ गते शुक्रबार निधन)	

मा. धनकुमारी खतिवडा	
आमाको नाम	कौशिला न्यौपाने
बाबुको नाम	कृष्णलाल न्यौपाने
स्थायी ठेगाना	ललितपुर महानगरपालिका-१५
जन्म मिति	२०१६ माघ १०
शैक्षिक योग्यता	स्नातकोत्तर
राजनीतिक दल	नेपाली कांग्रेस
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति

मा. नन्दा चपाई	
आमाको नाम	हरिकला चपाई
बाबुको नाम	खगुलाल चपाई
स्थायी ठेगाना	पञ्चपुरी-२, सुर्खेत
जन्म मिति	२०१९ असोज १३
शैक्षिक योग्यता	एस.एल.सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	विधायन व्यवस्थापन समिति र संसदीय सुनुवाइ समिति

मा. नरपति लुवार	
आमाको नाम	सुन्तली सुनार
बाबुको नाम	दले सुनार
स्थायी ठेगाना	रास्कोट-८, कालिकोट
जन्म मिति	२०१९ फागुन १०
शैक्षिक योग्यता	एस.एल.सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

मा. नैनकला ओझा	
आमाको नाम	जालपादेवी ओझा
बाबुको नाम	नन्दप्रसाद ओझा
स्थायी ठेगाना	चप्रामारी-१, मोरङ
जन्म मिति	२०१३
शैक्षिक योग्यता	कक्षा ८
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

मा. परशुराम मेघी गुरूङ	
आमाको नाम	गंगामाया गुरूङ
बाबुको नाम	रंगबहादुर मेघी गुरूङ
स्थायी ठेगाना	धर्मदेवी-८, संखुवासभा
जन्म मिति	२०१४ चैत्र २०
शैक्षिक योग्यता	स्नातक
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	विधायन व्यवस्थापन समिति
विशेष जिम्मेवारी	समिति सभापति
विगतको संसदीय जिम्मेवारी	प्रतिनिधि सभा सदस्य, २०४८ र २०५६, पुनर्स्थापित प्रतिनिधि सभा सदस्य २०६३, एमाले संसदीय दलको सचेतक, २०५६ र २०६३

मा. प्रकाश पन्थ	
आमाको नाम	तीलकुमारी पन्थ
बाबुको नाम	हुमनाथ पन्थ
स्थायी ठेगाना	ब्यास - १, तनहुँ
जन्म मिति	२०३४ वैशाख ११
शैक्षिक योग्यता	स्नातकोत्तर
राजनीतिक दल	नेपाली कांग्रेस
संसदीय समिति	विधायन व्यवस्थापन समिति

मा. प्रमिला कुमारी	
आमाको नाम	मुनियाँदेवी यादव
बाबुको नाम	सत्यनारायण यादव
स्थायी ठेगाना	कोसी-१, सुनसरी
जन्म मिति	२०२४ भदौ १
शैक्षिक योग्यता	स्नातकोत्तर
राजनीतिक दल	समाजवादी पार्टी
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति

मा. बद्रीप्रसाद पाण्डे	
आमाको नाम	विष्णुशोभा पाण्डे
बाबुको नाम	विष्णुदत्त पाण्डे
स्थायी ठेगाना	हिमाली गाउँपालिका-४, बाजुरा
जन्म मिति	२०३० फागुन १०
शैक्षिक योग्यता	विद्यावारिधी शोधार्थी, त्रि.वि.वि.
राजनीतिक दल	नेपाली कांग्रेस
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति
विगतको संसदीय जिम्मेवारी	संविधान सभा सदस्य, २०७०

मा. बलराम प्रसाद बास्कोटा	
आमाको नाम	रूद्रकुमारी बास्कोटा
बाबुको नाम	झंकप्रसाद बास्कोटा
स्थायी ठेगाना	काठमाडौं-२९, काठमाडौं
जन्म मिति	२०१३ साउन १४
शैक्षिक योग्यता	स्नातकोत्तर
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

मा. भैरवसुन्दर श्रेष्ठ	
आमाको नाम	विष्णुकुमारी श्रेष्ठ
बाबुको नाम	भवानीसुन्दर श्रेष्ठ
स्थायी ठेगाना	भेरी-४, जाजरकोट
जन्म मिति	२०१६ वैशाख २४
शैक्षिक योग्यता	स्नातक
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति

मा. महेशकुमार महरा	
आमाको नाम	रम्भादेवी महरा
बाबुको नाम	वीरभान महरा
स्थायी ठेगाना	आलीताल-३, डडेल्धुरा
जन्म मिति	२०३८ असोज २८
शैक्षिक योग्यता	एस.एल.सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति

मा. मिना बुढा	
आमाको नाम	कौशिल्या बुढा
बाबुको नाम	चन्द्रसिंह बुढा
स्थायी ठेगाना	थवाङ-३,रोल्पा
जन्म मिति	२०२० कार्तिक १२
शैक्षिक योग्यता	साक्षर
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	विधायन व्यवस्थापन समिति

मा. मुक्ताकुमारी यादव	
आमाको नाम	सुनैनादेवी यादव
बाबुको नाम	रामआशीष राय
स्थायी ठेगाना	शहीदनगर-१, धनुषा
जन्म मिति	२०३४ भदौ १३
शैक्षिक योग्यता	स्नातक
राजनीतिक दल	नेपाली कांग्रेस
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति
विगतको संसदीय जिम्मेवारी	संविधान सभा सदस्य, २०७०

मा. डा. युवराज खतिवडा	
आमाको नाम	कौशल्यादेवी खतिवडा
बाबुको नाम	ईन्द्रलाल खतिवडा
स्थायी ठेगाना	काठमाडौं महानगर- ४
जन्म मिति	२०१३ साउन २९
शैक्षिक योग्यता	विधावारिधी
राजनीतिक दल	राष्ट्रपतिबाट मनोनीत
विशेष जिम्मेवारी	अर्थमन्त्री

मा. युटोल तामाङ	
आमाको नाम	कार्मा पुटिक तामाङ
बाबुको नाम	स्याङग्याप तामाङ
स्थायी ठेगाना	कार्मारोङ- ६, मुगु
जन्म मिति	२०२८ असार १३
शैक्षिक योग्यता	साधारण लेखपढ
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	विधायन व्यवस्थापन समिति

मा. रमेशजंग रायमाझी	
आमाको नाम	विष्णुकुमारी रायमाझी
बाबुको नाम	निलकुमार रायमाझी
स्थायी ठेगाना	सुन्दरहरैंचा-३, मोरङ
जन्म मिति	२०२१ माघ १९
शैक्षिक योग्यता	स्नातकोत्तर
राजनीतिक दल	नेपाली कांग्रेस
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति

मा. रमेशप्रसाद यादव	
आमाको नाम	पार्वती देवी
बाबुको नाम	स्व. विष्णु यादव
स्थायी ठेगाना	महागढीमाई नपा-६, बारा
जन्म मिति	२०२३ पुस १२
शैक्षिक योग्यता	स्नातक
राजनीतिक दल	राष्ट्रिय जनता पार्टी नेपाल
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति

मा. राजकुमार कुँवर	
आमाको नाम	धनादेवी कुँवर
बाबुको नाम	भक्तबहादुर कुँवर
स्थायी ठेगाना	सुनिल स्मृति गाउँपालिका-६, रोल्पा
जन्म मिति	२०३० साउन २२
शैक्षिक योग्यता	आई.ए.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति

मा. राधेश्याम अधिकारी	
आमाको नाम	नन्दकुमारी अधिकारी
बाबुको नाम	विश्वनाथ अधिकारी
स्थायी ठेगाना	काठमाडौं- १०
जन्म मिति	२००८ जेठ २
शैक्षिक योग्यता	एम.ए. (अर्थशास्त्र), बी.एल.
राजनीतिक दल	नेपाली कांग्रेस
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति
विगतको संसदीय जिम्मेवारी	राष्ट्रिय सभा सदस्य २०५८, पुनर्स्थापित प्रतिनिधि सभा सदस्य २०६३, संविधान सभा सदस्य २०६४ र २०७०

मा. रामचन्द्र राई	
आमाको नाम	विष्णुमाया राई
बाबुको नाम	भूवनसिंह राई
स्थायी ठेगाना	हेटौंडा-१७, मकवानपुर
जन्म मिति	२०१९ वैशाख ३
शैक्षिक योग्यता	आई.कम.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति

मा. रामपृत पासवान	
आमाको नाम	सिकिलिया देवी
बाबुको नाम	फकिरा पासवान
स्थायी ठेगाना	कविलासी-६, सर्लाही
जन्म मिति	२०३८ कार्तिक १५
शैक्षिक योग्यता	स्नातक
राजनीतिक दल	समाजवादी पार्टी
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति

मा. रामबहादुर थापा मगर	
आमाको नाम	नन्दकुमारी थापामगर
बाबुको नाम	कर्णबहादुर थापामगर
स्थायी ठेगाना	भरतपुर-१०, चितवन
जन्म मिति	२०१२ वैशाख १९
शैक्षिक योग्यता	आई.एस्सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
विशेष जिम्मेवारी	गृहमन्त्री
विगतको संसदीय जिम्मेवारी	संविधान सभा सदस्य, २०६४

मा. रामलखन चमार	
आमाको नाम	पानमती चमार
बाबुको नाम	भागीरथी चमार
स्थायी ठेगाना	सरावल-५, पश्चिम नवलपरासी
जन्म मिति	२०२८ वैशाख १३
शैक्षिक योग्यता	एस.एल.सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	विधायन व्यवस्थापन समिति

मा. रामनारायण विडारी	
आमाको नाम	मित्र विन्दा विडारी
बाबुको नाम	प्रेमराज विडारी
स्थायी ठेगाना	हेटौंडा-४, मकवानपुर
जन्म मिति	२०१६ वैशाख १
शैक्षिक योग्यता	कानून शास्त्री
राजनीतिक दल	राष्ट्रपतिबाट मनोनीत
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति
विशेष जिम्मेवारी	समिति सभापति
विगतको संसदीय जिम्मेवारी	संविधान सभा सदस्य, २०७०

मा. विन्दादेवी आले राना	
आमाको नाम	धनकुमारी आले
बाबुको नाम	बखतबहादुर आले
स्थायी ठेगाना	पोखरा-१७, कास्की
जन्म मिति	२०२१ मंसीर २९
शैक्षिक योग्यता	आई.ए.
राजनीतिक दल	नेपाली कांग्रेस
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति
विगतको संसदीय जिम्मेवारी	संविधान सभा सदस्य, २०७०

मा. बिना पोखरेल	
आमाको नाम	दीपारूपा पोखरेल
बाबुको नाम	भक्तबहादुर पोखरेल
स्थायी ठेगाना	बेलवारी-९, मोरङ
जन्म मिति	२०२८ माघ १८
शैक्षिक योग्यता	साक्षर
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

मा. डा. विमला राई पौड्याल	
आमाको नाम	इन्द्रमाया पौड्याल
बाबुको नाम	कृष्णलाल पौड्याल
स्थायी ठेगाना	ललितपुर-१४
जन्म मिति	२०२३ भदौ २०
शैक्षिक योग्यता	विद्यावारिधी
राजनीतिक दल	राष्ट्रपतिबाट मनोनीत
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति

मा. वृषेश चन्द्र लाल	
आमाको नाम	भुवनेश्वरी देवी
बाबुको नाम	उदितनारायण लाल
स्थायी ठेगाना	जनकपुर-२, धनुषा
जन्म मिति	२०११ पुस २३
शैक्षिक योग्यता	स्नातकोत्तर
राजनीतिक दल	राष्ट्रिय जनता पार्टी नेपाल
संसदीय समिति	विधायन व्यवस्थापन समिति

मा. शान्तिकुमारी अधिकारी जिसी	
आमाको नाम	रूमाकुमारी घर्ती क्षेत्री
बाबुको नाम	दीलबहादुर घर्ती
स्थायी ठेगाना	बडीगाड गाँपा २, बागलुङ
जन्म मिति	२०२९ पुस १७
शैक्षिक योग्यता	स्नातक
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

मा. शेरबहादुर कुँवर	
आमाको नाम	बसुन्धरा कुँवर
बाबुको नाम	कर्णबहादुर कुँवर
स्थायी ठेगाना	चौरपाटी-४, अछाम
जन्म मिति	२०२३ वैशाख २६
शैक्षिक योग्यता	स्नातकोत्तर
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	विधायन व्यवस्थापन समिति

मा. सरिता प्रसाईं	
आमाको नाम	दिव्य प्रसाईं
बाबुको नाम	वीरेन्द्र प्रसाईं
स्थायी ठेगाना	वृद्धशान्ति- ३, झापा
जन्म मिति	२०२४ साउन १६
शैक्षिक योग्यता	स्नातक
राजनीतिक दल	नेपाली कांग्रेस
संसदीय समिति	दिगो विकास तथा सुशासन समिति
विशेष जिम्मेवारी	प्रमुख सचेतक, नेपाली कांग्रेस
विगतको संसदीय जिम्मेवारी	संविधान सभा सदस्य, २०७०

मा. सिंग बहादुर विश्वकर्मा	
आमाको नाम	तीर्थमाया विश्वकर्मा
बाबुको नाम	समानसिंह विश्वकर्मा
स्थायी ठेगाना	लिसंखुपाखर-७, सिन्धुपाल्चोक
जन्म मिति	२०२० पुस २६
शैक्षिक योग्यता	साक्षर
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	विधायन व्यवस्थापन समिति

मा. सुमनराज प्याकुरेल	
आमाको नाम	इन्दुदेवी प्याकुरेल
बाबुको नाम	होमराज प्याकुरेल
स्थायी ठेगाना	कञ्चनपुर -१२, सप्तरी
जन्म मिति	२०२१ चैत्र १७
शैक्षिक योग्यता	स्नातक
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति र संसदीय सुनुवाई समिति

मा. सुरेन्द्रराज पाण्डे	
आमाको नाम	योगेन्द्रकुमारी पाण्डे
बाबुको नाम	कृष्णराज पाण्डे
स्थायी ठेगाना	पालुङटार-१, गोरखा
जन्म मिति	२०२१ भदौ ९
शैक्षिक योग्यता	स्नातक
राजनीतिक दल	नेपाली कांग्रेस
संसदीय समिति	राष्ट्रिय सरोकार तथा समन्वय समिति
विशेष जिम्मेवारी	विपक्षी दलका नेता (राष्ट्रिय सभा), नेपाली कांग्रेस

मा. हरिराम चौधरी	
आमाको नाम	भूमादेवी चौधरी
बाबुको नाम	आशाराम चौधरी
स्थायी ठेगाना	गौरीगंगा-४, कैलाली
जन्म मिति	२०३५ मंसीर २५
शैक्षिक योग्यता	आई.कम.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

मा. हरिचरण शिवाकोटी	
आमाको नाम	गंगादेवी शिवाकोटी
बाबुको नाम	रूद्रलाल शिवाकोटी
स्थायी ठेगाना	वितामोड- ९, झापा
जन्म मिति	२००५ कार्तिक ९
शैक्षिक योग्यता	एस.एल.सी.
राजनीतिक दल	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
संसदीय समिति	विधायन व्यवस्थापन समिति

अनुसूची-१

पुनःस्थापित प्रतिनिधि सभामा समावेश भएका राष्ट्रिय सभाका तत्कालीन सदस्यहरू

क्र.सं.	सदस्यहरूको नाम	जिल्ला
१	मा. अक्कलबहादुर विष्ट	अछाम
२	मा. अशोक कोइराला	मोरङ
३	मा. उर्वादत्त पन्त	कञ्चनपुर
४	मा. दिपकबहादुर गुरूङ	कास्की
५	मा. बलबहादुर राई	ओखलढुङ्गा
६	मा. बेदुराम भुषाल	कपिलवस्तु
७	मा. मैयादेवी श्रेष्ठ	चितवन
८	मा. राधेश्याम अधिकारी	काठमाडौं
९	मा. रामजीवन सिंह	महोत्तरी
१०	मा. रामपृत पासवान	सप्तरी
११	मा. रंगनाथ जोशी	बर्दिया
१२	मा. लक्ष्मीदास मानन्धर	काठमाडौं
१३	मा. ललितकुमार बस्नेत	मकवानपुर
१४	मा. श्रीमाया थकाली	मुस्ताङ

अनुसूची-२

गोला प्रथाद्वारा निर्धारण भएको राष्ट्रिय सभाका सदस्यहरूको पदावधि सम्बन्धी विवरण

दुई (२) वर्ष पदावधि कायम भएका माननीय सदस्यहरू

क्र.सं.	सदस्यको नाम	समूह	राजनीतिक दल
१	मा. कमला कुमारी ओली	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
२	मा. काली बहादुर मल्ल	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
३	मा. खेमराज नेपाली	दलित	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
४	मा. दुर्गाप्रसाद उपाध्याय	अन्य	नेपाली कांग्रेस
५	मा. धनकुमारी खतिवडा	महिला	नेपाली कांग्रेस
६	मा. बद्री प्रसाद पाण्डे	अन्य	नेपाली कांग्रेस
७	मा. बलराम प्रसाद बाँस्कोटा	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
८	मा. मिना बुढा	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
९	मा. मुक्ता कुमारी यादव	महिला	नेपाली काँग्रेस
१०	मा. डा. युवराज खतिवडा		मनोनीत
११	मा. युटोल तामाङ	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१२	मा. रमेश प्रसाद यादव	अन्य	राष्ट्रिय जनता पार्टी नेपाल

क्र.सं.	सदस्यको नाम	समूह	राजनीतिक दल
१३	मा. राज कुमार कुँवर	अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१४	मा. रामपृत पासवान	दलित	समाजवादी पार्टी
१५	मा. विन्दा देवी आले (राना)	महिला	नेपाली कांग्रेस
१६	मा. वृषेश चन्द्र लाल	अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय	राष्ट्रिय जनता पार्टी नेपाल
१७	मा. सरिता प्रसाईं	महिला	नेपाली कांग्रेस
१८	मा. सुरेन्द्र राज पाण्डे	अन्य	नेपाली कांग्रेस
१९	मा. हरीचरण शिवाकोटी	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

चार (४) वर्ष पदावधि कायम भएका माननीय सदस्यहरू

क्र.सं.	सदस्यको नाम	समूह	राजनीतिक दल
१	मा. अगमप्रसाद वान्तवा राई	अपाङ्गता भएकाव्यक्तिवा अल्पसंख्यक समुदाय	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
२	मा. उदया शर्मा/पौडेल	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
३	मा. कविता बोगटी	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
४	मा. कोमल वली	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

क्र.सं.	सदस्यको नाम	समूह	राजनीतिक दल
५	मा. खिम कुमार वि.क.	दलित	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
६	मा. चक्र प्रसाद स्नेही	दलित	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
७	मा. चन्द्र बहादुर खड्का	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
८	मा. जीवन बुढा	अपाङ्गता भएका व्यक्ति वाअल्पसंख्यक समुदाय	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
९	मा. ठगेन्द्र प्रकाश पुरी	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१०	मा. तारा देवी भट्ट	महिला	नेपाली कांग्रेस
११	मा. दीनानाथ शर्मा	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१२	मा. नैनकला ओझा	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१३	मा. परशु राम मेघी गुरूङ	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१४	मा. राधेश्याम अधिकारी	अन्य	नेपाली कांग्रेस
१५	मा. राम लखन चमार	दलित	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१६	मा. रामनारायण विडारी		मनोनित
१७	मा. शशिकला दाहाल	महिला	

क्र.सं.	सदस्यको नाम	समूह	राजनीतिक दल
१८	मा. शान्ती कुमारी अधिकारी जि.सि.	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१९	मा. शेर बहादुर कुँवर	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
२०	मा. सुमन राज प्याकुरेल	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

छ (६) वर्ष पदावधि कायम भएका माननीय सदस्यहरू

क्र.सं.	सदस्यको नाम	समूह	राजनीतिक दल
१	मा. अनिता देवकोटा	महिला	नेपाली कांग्रेस
२	मा. इन्दु कडरीया	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
३	मा. खिम लाल भट्टराई	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
४	मा. गणेश प्रसाद तिमिल्सिना	अन्य	
५	मा. जितेन्द्र नारायण देव	अन्य	नेपाली काँग्रेस
६	मा. दिपा गुरूङ	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
७	मा. दिल कुमारी रावल थापा (पार्वती)	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
८	मा. नन्दा चपाई	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
९	मा. नरपति लुवार	दलित	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

क्र.सं.	सदस्यको नाम	समूह	राजनीतिक दल
१०	मा. प्रकाश पन्थ	अपाङ्गता भएकाव्यक्तिवा अल्पसंख्यक समुदाय	नेपाली कांग्रेस
११	मा. प्रमिला कुमारी	महिला	समाजवादी पार्टी
१२	मा. भैरव सुन्दर श्रेष्ठ	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१३	मा. महेश कुमार महरा	अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१४	मा. रमेश जंग रायमाझी	अन्य	नेपाली कांग्रेस
१५	मा. रामचन्द्र राई	अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१६	मा. राम बहादुर थापा मगर	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१७	मा. विना पोखरेल	महिला	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
१८	मा. डा. विमला राई पौड्याल		मनोनीत
१९	मा. सिंग बहादुर विश्वकर्मा	दलित	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
२०	मा. हरि राम चौधरी	अन्य	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

अनुसूची - ३

२०७६ फागुन २१ देखि पदावधि शुरू हुने नवनिर्वाचित राष्ट्रिय सभाका सदस्यहरू

क्र. सं.	सदस्यको नाम	उमेर	समूह	प्रदेश	राजनीतिक दल
१	मा. इन्दिरा देवी गौतम	६४	महिला	१	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
२	मा. गोपी बहादुर सार्की आछामी	४५	दलित	१	"
३	मा. देवेन्द्र दाहाल	६१	अन्य	१	"
४	मा. तुलसा कुमारी दाहाल	५२	महिला	२	"
५	मा. राधे श्याम पासवान	४४	दलित	२	"
६	मा. शेखर कुमार सिंह	६४	अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय	२	राष्ट्रिय जनता पार्टी नेपाल
७	मा. मृगेन्द्र कुमार सिंह यादव	६४	अन्य	२	"
८	मा. गंगा कुमारी बेलबासे	५०	महिला	वाग्मती	नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
९	मा. बेदुराम भुसाल	६५	अन्य	वाग्मती	"
१०	मा. भगवती न्यौपाने	४३	महिला	गण्डकी	"

११	मा. नारायण काजी श्रेष्ठ	५९	अन्य	गण्डकी	"
१२	मा. विमला घिमिरे	४७	महिला	५	"
१३	मा. जग प्रसाद शर्मा	४७	अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय	५	"
१४	मा. गोपाल भट्टराई	६९	अन्य	५	"
१५	मा. सुमित्रा वि.सी.	५९	महिला	कर्णाली	"
१६	मा. माया प्रसाद शर्मा	५६	अन्य	कर्णाली	"
१७	मा. शारदा देवी भट्ट	७०	महिला	सुदूरपश्चिम	"
१८	मा. तारामान स्वाँर	६०	अन्य	सुदूरपश्चिम	"

अनुसूची - ४

राष्ट्रिय सभाको अधिवेशन सम्बन्धी विवरण

अधिवेशन	अवधि	चालू दिन	बैठक बसेका दिन	बैठक संख्या वटा	व्यतित समय
पहिलो	२०७४ फागुन २१ देखि २०७४ चैत्र २० सम्म	३०	९	१०	७ घण्टा २० मिनेट
दोस्रो	२०७५ वैशाख २३ देखि २०७५ असोज ११ सम्म	१३५	५२	६१	७९ घण्टा २० मिनेट
तेस्रो	२०७५ पुस ११ देखि २०७५ चैत्र १० सम्म	८९	२७	३५	३२ घण्टा ४० मिनेट
चौथो	२०७६ वैशाख १६ देखि २०७६ असोज २ सम्म	१४४	४७	५१	११० घण्टा २० मिनेट
पाँचौं	२०७६ पुस ४ देखि फागुन २० गतेसम्म (चालू)	७४	२०	२०	२७ घण्टा ५८ मिनेट
जम्मा		४७२	१५५	१७७	२५७ घण्टा ३८ मिनेट

अनुसूची - ५

सन्धि/सम्झौता सम्बन्धी विवरण

द.न.	दर्ता	सन्धीको नाम	प्रस्तुतकर्ता	सभाबाट अनुमोदन
१	२०७५/०४/०९ (प्र.स.)	अन्तर्राष्ट्रिय आतंकवाद, अन्तरदेशीय संगठित अपराध र अवैध लागू औषध कारोबार विरूद्ध सहयोग सम्बन्धी विमस्टेक महासन्धि	मा. गृह मन्त्री राम बहादुर थापा	२०७५/०५/२६
२	२०७५/०४/२३ (प्र.स.)	अन्तर्राष्ट्रिय हवाइ परिवहन विषयक नियमहरू एकीकरण गर्ने सम्बन्धमा व्यवस्था भएको महासन्धि	मा. संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री रविन्द्रप्रसाद अधिकारी	२०७५/०५/२९
३	२०७५/०४/२८ (प्र.स.)	जैविक विविधता महासन्धि अर्न्तगत जारी भएको आनुवंशिक स्रोतहरूमा पहुँच र तिनको उपयोगबाट प्राप्त हुने लाभको निष्पक्ष र समन्यायिक बाँडफाँड सम्बन्धी नागोया अभिसन्धिको सम्मिलन	मा. वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेत	२०७५/०५/२६

द.न.	दर्ता	सन्धीको नाम	प्रस्तुतकर्ता	सभाबाट अनुमोदन
४	२०७५/०५/१८ (प्र.स.)	पारमाणिक विज्ञान तथा प्रविधि सम्बन्धी अनुसन्धान, विकास र तालिमका लागि सम्पन्न क्षेत्रीय सहयोगा सम्झौता, २०१७	मा. शिक्षामन्त्री गिरीराजमणि पोखरेल	२०७५/०७/१०
५	२०७५/०६/०२ (प्र.स.)	शान्ति विश्व विद्यालय स्थापना गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता	मा. परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली	२०७५/०७/११
६	२०७६/०३/३१	अन्तरदेशीय संगठित अपराध विरूद्धको महासन्धि अन्तरगतको PALERMOPROTOCAL	मा. गृहमन्त्री श्री राम बहादुर थापा	२०७६/०५/५

अनुसूची - ६

धन्यवादको प्रस्ताव

क्र.स.	अधिवेशन	दर्ता मिति	प्रस्ताव	प्रस्तावक	समर्थक	छलफल मिति
१	पहिलो	२०७४/१२/१५	२०७४।१२।१५ गते संघीय संसदको पहिलो अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई गर्नु भएको सम्बोधनका सम्बन्धमा **धन्यवाद प्रस्ताव ।**	मा. परशुराम मेघी गुरूङ	मा. दीनानाथ शर्मा	२०७४।१२।१५
२	दोस्रो	२०७५।२।७	संघीय संसदको दोस्रो अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई गरिएको सम्बोधनका सम्बन्धमा **धन्यवाद प्रस्ताव ।**	मा. परशुराम मेघी गुरूङ	मा. दीनानाथ शर्मा	२०७५।२।७
३	चौथो	२०७६/०१/२०	२०७६।०१।२० गते बसेको संघीय संसदको चौथो अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई गरिएको सम्बोधनका सम्बन्धमा **धन्यवाद प्रस्ताव ।**	मा. दीनानाथ शर्मा	मा. वृषेशचन्द्र लाल	२०७६।०१।२०

अनुसूची - ७

समसामयिक विषयमा सभामा वक्तव्य दिनुहुने सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्रीहरूको विवरण

सि.न.	मिति	नाम, थर
१	२०७४।१२।०२	सम्माननीय प्र.म. के.पी. शर्मा ओली
२	२०७४।१२।१६	माननीय अर्थमन्त्री डा. युवराज खतिवडा
३	२०७४।१२।२०	सम्माननीय प्र.म. के.पी. शर्मा ओली
४	२०७५।०१।३०	सम्माननीय प्र.म. के.पी. शर्मा ओली
५	२०७५।०२।२७	माननीय गृहमन्त्री रामबहादुर थापा
६	२०७५।०३।०४	सम्माननीय प्र.म. के.पी. शर्मा ओली
७	२०७५।०३।१४	सम्माननीय प्र.म. के.पी. शर्मा ओलीको तर्फबाट माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवाली
८	२०७५।०५।१९	सम्माननीय प्र.म. के.पी. शर्मा ओली
९	२०७५।०५।२९	माननीय गृहमन्त्री रामबहादुर थापा
१०	२०७५।०६।०९	माननीय गृहमन्त्री रामबहादुर थापा
११	२०७५।१०।०७	माननीय स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा. सुरेन्द्र कुमार यादव
१२	२०७५।१२।१०	सम्माननीय प्र.म. के.पी. शर्मा ओली
१३	२०७६।०२।०८	माननीय गृहमन्त्री रामबहादुर थापा
१४	२०७६।०२।१३	माननीय गृहमन्त्री रामबहादुर थापा
१५	२०७६।०२।२७	माननीय भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याल
१६	२०७६।०२।२७	माननीय गृहमन्त्री रामबहादुर थापा
१७	२०७६।०५।२९	माननीय गृहमन्त्री रामबहादुर थापा

सि.न.	मिति	नाम, थर
१८	२०७६।०९।१०	माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेल
१९	२०७६।०९।१७	माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्ट

अनुसूची - ८

सभामा संसदीय दलका नेताहरूको सम्बोधन सम्बन्धी विवरण

नाम थर	अधिवेशन				
	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं
मा. दीनानाथ शर्मा	२०७४।०१।२२	२०७५।०६।११	२०७५।०९।११	२०७६।०१।१६ २०७६।०३।०३ २०७६।०६।०२	२०७६।०९।०४ २०७६।१०।२७
मा. सुरेन्द्र राज पाण्डे	-	२०७५।०६।११	२०७५।०९।११ २०७५।१२।१०	२०७६।०१।१६ २०७६।०३।०३ २०७६।०६।०२	२०७६।०९।०४ २०७६।१०।२७
मा. प्रमिला कुमारी	२०७४।०१।२२	२०७५।०६।११	२०७५।०९।११ २०७५।१२।१०	२०७६।०१।१६ २०७६।०६।०२	२०७६।०९।०४
मा. वृषेश चन्द्र लाल	२०७४।०१।२२	२०७५।०६।११	२०७५।०९।११	२०७६।०१।१६ २०७६।०६।०२	२०७६।०९।०४

अनुसूची - ९

शून्य र विशेष समयमा उठेका प्रश्नको जवाफ दिनुहुने माननीय मन्त्रीहरू

सि.न.	मिति	माननीय मन्त्री
१	२०७५।०१।०३	माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृका प्रसाद यादव
२	२०७५।०१।०३	माननीय भौतिक पूर्वाधार तथा योजना मन्त्री रघुवीर महासेठ
३	२०७५।०३।२०	माननीय गृहमन्त्री रामबहादुर थापा
४	२०७५।११।०२	माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेल
५	२०७५।११।०८	माननीय गृहमन्त्री रामबहादुर थापा
६	२०७५।११।१४	माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री चक्रपाणि खनाल

अनुसूची -१०

संसदीय प्रस्तावहरू

(क) जरूरी सार्वजनिक महत्वको प्रस्ताव सम्बन्धी विवरण

क्र.स.	अधिवेशन	दर्ता मिति	प्रस्ताव	प्रस्तावक	समर्थक	छलफल मिति र छलफलमा भाग लिने सदस्य	जवाफ दिने मन्त्री
२	पौष	२०७५/०३/२४	राष्ट्रिय चिकित्सा शिक्षा विधेयक २०७५ तत्काल सदन समक्ष प्रस्तुत गर्न र अनसनरत् डा. गोविन्द केसीको स्वास्थ्य उपचारको उचित व्यवस्था गरी जीवन रक्षा गरियोस् भन्ने **जरूरी सार्वजनिक महत्वको प्रस्ताव**	मा. राधेश्याम अधिकारी	मा. अनिता देवकोटा र मा. रमेशजंग रायमाझी	२०७५/०३/२६ मा. परशु राम मेघी गुरूङ मा. प्रकाश पन्थ मा. काली बहादुर मल्ल मा. धन कुमारी खतिवडा मा. जीवन बुढा मा. विन्दा देवी आले (राना) मा. रामनारायण विडारी मा. दिल कुमारी रावल थापा (पार्वती) मा. डा. विमला राई पौडयाल मा. खिम लाल भट्टराई	मा. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेल

क्र.स.	अधिवेशन	दर्ता मिति	प्रस्ताव	प्रस्तावक	समर्थक	छलफल मिति र छलफलमा भाग लिने सदस्य	जवाफ दिने मन्त्री
२	चौथो	२०७६/०४/०१	अविरल वर्षाको कारण तराई-मधेश-पहाड लगायत मुलुकका विभिन्न भागमा ठूलो संख्यामा भएको जनधनको क्षतिबाट पीडित जनतालाई उचित राहत उपलब्ध गराउने सम्वन्धी **जरूरी सार्वजनिक महत्वको प्रस्ताव**	मा.खिमलाल भट्टराई, मा.बद्रीप्रसाद पाण्डे मा. वृषेश चन्द्र लाल, मा. प्रमिला कुमारी	मा. जीवन बुढा मा. अनिता देवकोटा	२०७६।०४।०३ मा. ठगेन्द्र प्रकाश पुरी मा. प्रकाश पन्थ मा. रमेश प्रशाद यादव मा. विन्दादेवी आले (राना) मा. रामपृत पासवान मा. रामनारायण विडारी मा. दुर्गा प्रसाद उपाध्याय मा. कोमल वली मा. धन कुमारी खतिवडा मा. राम लखन चमार मा. मुक्ता कुमारी यादव मा. खेम राज नेपाली	मा. गृह मन्त्री रामबहादुर थापा

क्र.स.	अधिवेशन	दर्ता मिति	प्रस्ताव	प्रस्तावक	समर्थक	छलफल मिति र छलफलमा भाग लिने सदस्य	जवाफ दिने मन्त्री
४	चौथो	२०७६/०४/१३	पर्यटनसँग सम्बन्धित भौतिक संरचना निर्माण गर्दा नेपाली मौलिकता झल्कने गरी निर्माण गर्ने सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव	मा. डा. विमला राई पौड्याल	मा. काली बहादुर मल्ल, मा. रमेश जंग रायमाझी मा. प्रतिभा कुमारी	२०७६।०४।२२ मा. वृषेश चन्द्र लाल मा. रामपूत पासवान	माननीय, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेशकुमार भट्टराई

(ख) ध्यानाकर्षण प्रस्ताव सम्वन्धी विवरण

क्र.स.	अधिवेशन	दर्ता मिति	प्रस्ताव	प्रस्तावक	छलफल मिति र छलफलमा भाग लिने सदस्य	जवाफ दिने मन्त्री
१	तेस्रो	२०७५/१२/३	प्लाष्टिक झोलाहरूको आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाउने निर्णयको कार्यान्वयन सम्बन्धमा **ध्यानाकर्षण प्रस्ताव**	मा. डा. विमला राई पौड्याल, मा. राम नारायण विडारी र मा. काली बहादुर मल्ल	२०७६/१२/१० मा. डा. विमला राई पौड्याल	मा. वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेत
२	चौथो	२०७६/१/२७	अपाङ्गता भएका व्यक्तिहरूका सामाजिक सुरक्षा सम्बन्धी **ध्यानाकर्षण प्रस्ताव**	मा. प्रकाश पन्थ, मा. जितेन्द्र नारायण देव, मा. बद्री प्रसाद पाण्डे मा. अनिता देवकोटा	२०७६/०४/१२ मा. प्रकाश पन्थ	मा. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थम माया थापा

क्र.स.	अधिवेशन	दर्ता मिति	प्रस्ताव	प्रस्तावक	छलफल मिति र छलफलमा भाग लिने सदस्य	जवाफ दिने मन्त्री
३	चौथो	१२/९/३७०८	नेपाल सरकारबाट लागू गरिएको वातावरणमैत्री सवारी र यातायात नीति, २०७१ र विद्युतीय सवारी सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको सम्बन्धमा **ध्यानाकर्षण प्रस्ताव**	मा. डा. विमला राई पौड्याल, मा. रामनारायण विडारी मा. काली बहादुर मल्ल	२०७६/०४/१६ मा. डा. विमला राई पौड्याल	मा. भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठ मा. वन तथा वातावरण मन्त्रालयबाट २०७६।४।१३ पत्रमा जवाफ प्राप्त

(ग) संकल्प प्रस्ताव सम्बन्धी विवरण

क्र.स.	अधिवेशन	दर्ता मिति	प्रस्ताव	प्रस्तावक सदस्य	समर्थक सदस्य	छलफल मिति र छलफलमा भाग लिने सदस्य	पारित मिति	जवाफ दिने मन्त्री
१.	पाँचौं	२०७६/०९/०९	कालापानी, लिपुलेक, र लिम्पियाधुराको विवाद सम्बन्धमा **संकल्प प्रस्ताव**	मा. खिमलाल भट्टराई	मा. सरिता प्रसाईं	२०७६।०९।१७ मा. रमेश प्रसाद यादव मा. बलराम प्रसाद बाँस्कोटा मा. ठगेन्द्र प्रकाश पुरी मा. वृषेशचन्द्र लाल मा. प्रमिला कुमारी मा. जीवन बुढा	२०७६।०९।१७ गते सर्वसम्मतिले पारित	मा. प्रदीप कुमार ज्ञवाली, परराष्ट्र मन्त्रालय

अनुसूची - ११

राष्ट्रिय सभा अन्तर्गतका विषयगत समितिमा सदस्यहरूको उपस्थिति

१. दिगो विकास तथा सुशासन समिति

जम्मा बैठक संख्या - ५६

(२०७५ साउनदेखि २०७६ फागुन २० गतेसम्म)

क्र.सं.	माननीय सदस्यहरूको नाम	उपस्थित दिन
१	माननीय तारादेवी भट्ट - सभापति	४९
२	माननीय कमला कुमारी ओली	३६
३	माननीय कविता बोगटी	४९
४	माननीय काली बहादुर मल्ल	४९
५	माननीय खिम कुमार वि.क.	४६
६	माननीय चक्र प्रसाद स्नेही	४२
७	माननीय दीनानाथ शर्मा	४४
८	माननीय प्रमिला कुमारी	४३
९	माननीय भैरव सुन्द श्रेष्ठ	४५
१०	माननीय महेश कुमार महरा	४९
११	माननीय मुक्ता कुमारी यादव	२९
१२	माननीय रमेशजंग रायमाझी	२७
१३	माननीय डा. विमला राई पौडयाल	४४
१४	माननीय सरिता प्रसाई	३०

२. विधायन व्यवस्थापन समिति

जम्मा बैठक संख्या - २२२

(२०७५ साउन देखि २०७६ फागुन २० गते सम्म)

क्र.सं.	माननीय सदस्यहरूको नाम	उपस्थित दिन
१	मा. परशुराम मेघी गुरूङ- सभापति	१९५
२	मा. अनिता देवकोटा	१५३
३	मा. उदया शर्मा/पौडेल	१९४
४	मा. जितेन्द्र नारायण देव	९९
५	मा. ठगेन्द्र प्रकाश पुरी	१९०
६	मा. नन्दा चपाई	१६५
७	मा. प्रकाश पन्थ	९४
८	मा. बद्री प्रसाद पाण्डे	४८
९	मा. मिना बुढा	१६७
१०	मा. युटोल तामाङ	१७३
११	मा. रामलखन चमार	१५१
१२	मा. वृषेश चन्द्र लाल	१४९
१३	मा. शेरबहादुर कुँवर	१३१
१४	मा. सिंगबहादुर विश्वकर्मा	१८८
१५	मा. हरिचरण सिवाकोटी	१३८

३. प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

जम्मा बैठक संख्या - ५६ (२०७५ साउन देखि २०७६ फागुन २० गतेसम्म)

क्र.सं.	माननीय सदस्यहरूको नाम	उपस्थित दिन
१	मा. रामनारायण विडारी - सभापति	५३
२	मा. अगम प्रसाद वान्तवा राई	४९
३	मा. चन्द्र बहादुर खड्का	२१

४	मा. दुर्गा प्रसाद उपाध्याय	१५
५	मा. नरपति लुवार	४०
६	मा. नैनकला ओझा	४५
७	मा. बलरामप्रसाद बाँस्कोटा	३४
८	मा. राधेश्याम अधिकारी	५०
९	मा. विन्दा देवी आले (राना)	३६
१०	मा. विना पोखरेल	४९
११	मा. शान्तिकुमारी अधिकारी जि.सि.	३९
१२	मा. सुमनराज प्याकुलेर	३२
१३	मा. हरिराम चौधरी	३२

४. राष्ट्रिय सरोकार तथा समन्वय समिति

जम्मा बैठक संख्या - ६०

(२०७५ साउन देखि २०७६ फागुन २० गते सम्म)

क्र.सं.	माननीय सदस्यहरूको नाम	उपस्थित दिन
१	मा. दिल कुमारी रावल थापा (पार्वती) - सभापति	५३
२	मा. इन्दु कडरीया (राष्ट्रिय सभाको २०७५/०५/१९ को बैठकले दिगो विकास तथा सुशासन समितिबाट यस समितिमा हेरफेर गरि पठाएको)	४५
३	मा. कोमल वली	४३
४	मा. खिमलाल भट्टराई	४९
५	मा. खेमराज नेपाली	४५
६	मा. जीवन बुढा	४२

७	मा. तारा देवी भट्ट (राष्ट्रिय सभाको २०७५/०५/१९ को बैठकले यस समितिबाट दिगो विकास तथा सुशासन समितिमा हेरफेर गरी पठाएको)	३
८	मा. दिपा गुरूङ	३९
९	मा. धनकुमारी खतिवडा	४६
१०	मा. प्रकाश पन्थ (राष्ट्रिय सभाको २०७५/१२/०४ को बैठकले यस समिति बाट विधायन ब्यवस्थापन समितिमा हेरफेर गरी पठाएको)	२०
११	मा. बद्रीप्रसाद पाण्डे (राष्ट्रिय सभाको २०७५/१२/०४ को बैठकले विधायन ब्यवस्थापन समितिबाट यस समितिमा हेरफेर गरी पठाएको)	१९
१२	मा. रमेश प्रसाद यादव	३८
१३	मा. राज कुमार कुँवर	३५
१४	मा. रामचन्द्र राई	४४
१५	मा. रामपृत पासवान	२७
१६	मा. सुरेन्द्रराज पाण्डे	४९

अनुसूची - १२

सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयकमा सभाले गरेको संशोधन

सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ (यसपछि 'विधेयक' भनिएको) को लामो नाममा रहेका 'अन्तरसम्बन्ध व्यवस्थित गर्ने' भन्ने शब्दहरूको सट्टा 'समन्वय तथा अन्तरसम्बन्ध' भन्ने शब्दहरू राख्ने ।

विधेयकको प्रस्तावनामा रहेका 'अन्तरसम्बन्धलाई सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको सिद्धान्तका आधारमा व्यवस्थित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न' भन्ने शब्दहरूको सट्टा 'अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न' भन्ने शब्दहरू राख्ने ।

१. विधेयकको दफा १ को सट्टा देहायको दफा १ राख्ने:-

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम 'सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७६' रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ ।'

२. विधेयकको दफा २ को,-

(१) खण्ड (घ) मा रहेका 'दफा २२' भन्ने शब्दहरूको सट्टा 'दफा २४' भन्ने शब्दहरू राख्ने ।

(२) खण्ड (ङ) मा रहेका 'दफा २०' भन्ने शब्दहरूको सट्टा 'दफा २२' भन्ने शब्दहरू राख्ने ।

३. विधेयकको दफा ३ को सट्टा देहायको दफा ३ राख्ने:-

३. सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धका आधार संविधानमा भएको व्यवस्थाका अतिरिक्त सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धको अन्य आधार देहाय बमोजिम हुनेछ ।

(क) राष्ट्रिय हितका आधारभूत विषय,

(ख) राष्ट्रिय गौरव र एकताको संरक्षण,

(ग) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयन,

(घ) मौलिक हकको कार्यान्वयन,

(ङ) राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान,

(च) संविधानका व्यवस्थाहरूको समग्रता र सामञ्जस्यता,

(छ) लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण,

(ज) संविधानको अधीनमा रही साझा हित र सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तित्व र कार्यगत स्वायत्तताको सम्मान,

(झ) नेपाली नागरिकबीच समान व्यवहार र सुरक्षा,

(ञ) कानून, नीति र न्यायिक वा प्रशासनिक निर्णय कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग तथा सूचनाको आदान प्रदान,

(ट) प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण,

(ठ) प्राकृतिक, भौतिक तथा वित्तीय स्रोतको दिगो व्यवस्थापन र लाभको न्यायोचित वितरण,

(ड) भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धन,

(ढ) पारस्परिक सहयोग र सहकार्य,

(ण) समावेशी तथा सहभागितामूलक शासन व्यवस्था अवलम्बन,

(त) नागरिकलाई प्रदान गर्ने सेवाको प्रभावकारिता,

(थ) सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भएका अन्य विषय ।

४. विधेयकको दफा ४ र ५ झिकी दफाक्रम मिलाउने ।

५. विधेयकको साविक दफा ६, ७, ८, ९ र १० दफाक्रम मिलाउँदा कायम हुने दफा ४, ५, ६, ७ र ८ को सट्टा देहायका दफा ४, ५, ६, ७ र ८ राख्नेः-

"४. कानून वा नीति बनाउँदा विचार गर्नुपर्ने : (१) सङ्घले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरूलाई विचार गर्नु पर्नेछ :

(क) प्रदेश तथा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने,

(ख) कुनै विषयको कार्यान्वयन प्रदेश वा स्थानीय तहबाट गर्दा लागत, दिगोपना वा सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले उपयुक्त हुने,

(ग) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी सङ्घ,प्रदेश र स्थानीय तहको भूमिका रहने ।

(२) प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरूलाई विचार गर्नु पर्नेछ :

(क) सङ्घ वा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने,

(ख) सङ्घीय कानूनसँग बाझिन नहुने,

(ग) राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(घ) कुनै विषयको कार्यान्वयन स्थानीय तहबाट गर्दा लागत, दिगोपना, सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले उपयुक्त हुने,

(ङ) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी सम्भव भएसम्म स्थानीय तहको भूमिका रहने ।

(३) स्थानीय तहले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरूलाई विचार गर्नु पर्नेछ :

(च) सङ्घ वा प्रदेशको एकल अधिकारको अतिक्रमण नगर्ने,

(छ) सङ्घीय र प्रदेश कानूनसँग बाझिन नहुने,

(ज) राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(झ) प्रदेशको नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(ञ) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहले कानून बनाउँदा देहाय बमोजिम हुने गरी बनाउनु हुँदैन ।

(ट) मौलिक हक, संवैधानिक हक वा सङ्घीय कानूनप्रदत्त हकमा प्रतिबन्ध लगाउने वा त्यस्तो हकको प्रयोगमा सीमा तोक्ने,

(ठ) सङ्घीय कानूनले कुनै काम कसैले गर्न पाउने भनी व्यवस्था गरेकोमा त्यस्तो कार्य गर्न नपाउने वा सङ्घीय कानूनले कुनै काम कसैले गर्न नपाउने भनी व्यवस्था गरेकोमा त्यस्तो काम गर्न पाउने ।

५. एकल अधिकारको कार्यान्वयन : (१) संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो एकल अधिकारको विषयमा आवश्यक कानून बनाउने र त्यस्तो अधिकारको कार्यान्वयन गर्नेछन् ।

(२) उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहले कानून बनाउँदा वा सोको कार्यान्वयन गर्दा सो विषयमा संविधान बमोजिम कुनै शर्त वा मापदण्ड पालना गर्नुपर्ने व्यवस्था भएकोमा त्यस्तो शर्त वा मापदण्डको अधीनमा रही र संविधानमा सङ्घले नीति बनाउने व्यवस्था भएकोमा त्यस्तो नीति वा नीति अन्तर्गत बनेको सङ्घीय कानूनको अधीनमा रही कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ ।

(३) सङ्घ, प्रदेश वा स्थानीय तहमध्ये एकभन्दा बढी तहको एकल अधिकारमा परेको विषयको कार्यान्वयन गर्दा वा कानून बनाउँदा प्रदेशले सङ्घीय कानून प्रतिकूल नहुने गरी र स्थानीय तहले सङ्घीय र प्रदेश कानून प्रतिकूल नहुने गरी कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ ।

६. साझा अधिकारको कार्यान्वयन : (१) सङ्घले साझा अधिकारको विषय कार्यान्वयन गर्दा वा त्यस्तो विषयमा कानून बनाउँदा देहाय बमोजिम हुने व्यवस्था गर्नु पर्नेछ :

(क) कसूर र सजायको निर्धारण, राष्ट्रियस्तर वा राष्ट्रिय महत्वका वा एकभन्दा बढी प्रदेशमा विस्तार भएका पूर्वाधार संरचनाको निर्माण र सबै प्रदेशमा समान रूपमा लागू हुने गुणस्तर वा मापदण्डको निर्धारण र नियमन सङ्घीय कानून बमोजिम हुने,

(ख) देहायका विषय प्रदेश कानून बमोजिम हुने :

(१) प्रदेशस्तरका सडक, विद्युत, खानेपानी, सिँचाई जस्ता पूर्वाधार संरचनाको निर्माण र सञ्चालन,

(२) शिक्षा, स्वास्थ्य, वातावरण जस्ता विषयमा जनचेतनाको अभिवृद्धि,

(३) रोजगार प्रवर्धन, उद्यमशीलताको विकास, सामाजिक सुरक्षा,

(४) प्रदेशस्तरमा हुने सेवा प्रवाह,

(५) सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा प्रदेशस्तरको नियमन।

(ग) स्थानीयस्तरमा हुने सेवा प्रवाह र सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा स्थानीय स्तरमा हुने नियमन तथा जनचेतना अभिवृद्धि स्थानीय तहबाट वा स्थानीय कानून बमोजिम हुने ।

(२) प्रदेशले सङ्घ र प्रदेशको साझा अधिकारमा परेको विषयको कार्यान्वयन गर्दा वा त्यस्तो विषयमा कानून बनाउँदा सो सम्बन्धी सङ्घीय कानून अनुकूल हुने गरी कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो विषयमा सङ्घीय कानून नबनेको अवस्थामा प्रदेशले सो विषय कार्यान्वयन गर्न वा कानून बनाउन सक्नेछ।

(४) संविधानको अनुसूची-९ को विषयमा सङ्घीय कानून नबनेको अवस्थामा प्रदेशले र सङ्घीय वा प्रदेश कानून

नबनेको अवस्थामा स्थानीय तहले संविधान र यस ऐनको अधीनमा रही आवश्यक कानून बनाउन वा सो विषयको कार्यान्वयन गर्न सक्नेछन् ।

७. सङ्घीय कानूनबाट व्यवस्थित हुने देहायका विषयहरू सङ्घीय कानूनबाट व्यवस्थित हुनेछन् :

(क) सङ्घको एकल अधिकारको सूचीमा परेको विषय,

(ख) सङ्घले बनाएको नीति वा मापदण्ड बमोजिम हुने विषय,

(ग) कुनै कार्यलाई फौजदारी कसूरको रूपमा कायम गर्ने र सजायको व्यवस्था गर्ने विषय,

(घ) विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना गर्ने वा त्यस्तो अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको क्षेत्राधिकार हेरफेर गर्ने विषय,

(ङ) अवशिष्ट अधिकारको विषय ।

खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहबाट सञ्चालन वा प्रशासन हुने कुनै विषयमा कानून बमोजिम प्रशासनिक दण्ड जरिबानाको व्यवस्था गर्न सकिनेछ ।

८. <u>प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुन सक्ने</u> : (१) सङ्घले आफ्नो एकल अधिकारको विषय वा अवशिष्ट अधिकारको सम्बन्धमा कानून बनाउँदा त्यस्तो विषय वा अधिकार अन्तर्गतको कुनै कार्य प्रदेश वा स्थानीय तह वा प्रदेश वा स्थानीय तहको कुनै निकाय वा अधिकारीले गर्ने गरी व्यवस्था गर्न सक्नेछ ।

(२) सङ्घले एकल वा साझा अधिकारका विषय वा अवशिष्ट अधिकारको सम्बन्धमा कानून बनाउँदा सो कानून अन्तर्गत सञ्चालन वा प्रशासन हुने विषयमध्ये लागत, प्रभावकारिता र सेवा प्रवाहको सहजताका दृष्टिले प्रदेश वा स्थानीय तहबाट सञ्चालन वा प्रशासन गर्न उपयुक्त

हुने देखिएका विषय प्रदेश वा स्थानीय तहबाट सञ्चालन वा प्रशासन हुने व्यवस्था गर्न सक्नेछ ।

(३) प्रदेशले एकल वा साझा अधिकारका विषयमा कानून बनाउँदा त्यस्तो कानून अन्तर्गत सञ्चालन वा प्रशासन हुने विषयमध्ये लागत, प्रभावकारिता र सेवा प्रवाहको सहजताका दृष्टिले स्थानीय तहबाट सञ्चालन वा प्रशासन गर्न उपयुक्त हुने देखिएका विषय स्थानीय तहबाट सञ्चालन वा प्रशासन हुने व्यवस्था गर्न सक्नेछ ।

(४) प्रदेशको एकल वा साझा अधिकारमा रहेको कुनै विषयसँग सम्बन्धित कुनै पूर्वाधार संरचना निर्माण वा अन्य कुनै परियोजना दुई वा दुईभन्दा बढी प्रदेशले कानून बनाई संयुक्त रूपमा कार्यान्वयन गर्न वा सञ्चालन गर्न सक्नेछन् ।

(५) स्थानीय तहको एकल वा साझा अधिकारमा रहेको कुनै विषयसँग सम्बन्धित कुनै पूर्वाधार संरचना निर्माण वा अन्य कुनै परियोजना दुई वा दुईभन्दा बढी स्थानीय तहले कानून बनाई संयुक्त रूपमा कार्यान्वयन गर्न वा सञ्चालन गर्न सक्नेछन् ।'

६. उपरोक्त दफाहरूपछि देहायका दफा ९ र १० थप्ने:-

'९. <u>कसूरको अनुसन्धान तथा मुद्दा दायरी</u> : (१) सङ्घीय कानून बमोजिम प्रदेश प्रहरी वा प्रदेशस्तरको कुनै निकाय वा अधिकारीबाट अनुसन्धान हुने फौजदारी कसूरको अनुसन्धान त्यस्तो निकाय वा अधिकारीबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान भएको नेपाल सरकारवादी हुने मुद्दा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकील वा सङ्घीय कानून बमोजिम तोकिएको अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष नेपाल सरकारको नामबाट दायर गर्न सक्नेछ ।

१०. जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्न सक्ने : प्रदेश वा स्थानीय तहले कानून बनाउँदा त्यस्तो कानून बमोजिम हुने प्रशासनिक दण्ड जरिबानाको निर्णयउपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्न सक्नेछ ।'

७. विधेयकको दफा ११ को,-

(१) उपदफा (१) मा रहेका 'देहायका विषयमा' भन्ने शब्दहरू पछि 'आवश्यकता अनुसार सम्बन्धित' भन्ने शब्द थप्ने र सोही उपदफामा रहेका 'गर्नु पर्नेछ' भन्ने शब्दहरूको सट्टा 'गर्नेछ' भन्ने शब्द राख्ने।

(२) उपदफा (२) मा रहेका 'गर्न सक्नेछ' भन्ने शब्दहरूको सट्टा 'गर्नेछ' भन्ने शब्द राख्ने ।

(३) उपदफा (३) मा रहेका 'गर्न सक्नेछ' भन्ने शब्दहरूको सट्टा 'गर्नेछ' भन्ने शब्द राख्ने ।

(४) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने:-

'(४) उपदफा (१) मा उल्लिखित विषयका अतिरिक्त प्रदेश सरकारसँग सरोकार भएका अन्य विषयमा कानून तर्जुमा गर्दा नेपाल सरकारले आवश्यकता अनुसार प्रदेश सरकारसँग परामर्श र समन्वय गर्नेछ ।'

(५) उपदफा (५) र (६) झिकी उपदफाक्रम मिलाउने ।

(६) साविक उपदफा (७) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेको 'प्रदेशले' भन्ने शब्द पछि 'संविधानको' भन्ने शब्द थपी सोही उपदफामा रहेका 'गर्नु पर्नेछ' भन्ने शब्दहरूको सट्टा 'गर्नेछ' भन्ने शब्द राख्ने।

(७) साविक उपदफा (८) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) मा रहेका 'अनुसूची-९ बमोजिमको साझा अधिकारको सूचीमा उल्लिखित विषयमा स्थानीय तहले' भन्ने शब्दहरूको सट्टा 'स्थानीय तहले संविधानको

अनुसूची-९ मा उल्लिखित विषयमा' भन्ने शब्दहरू राख्ने र सोही उपदफामा रहेका 'गर्नु पर्नेछ' भन्ने शब्दहरूको सट्टा 'गर्नेछ' भन्ने शब्द राख्ने।

(८) साविक उपदफा (९) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) मा रहेका 'गर्नु पर्नेछ' भन्ने शब्दहरूको सट्टा 'गर्नेछ' भन्ने शब्द राख्ने।

(९) उपदफा (१०) झिकी उपदफाक्रम मिलाउने ।

८. विधेयकको दफा १२ को,-

(१) दफाशीर्षकपछि देहायको उपदफा (१) थपी उपदफाक्रम मिलाउने:-

'(१) सङ्घले बनाएको ऐन, नियमावली र गठन आदेश नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।'

(२) उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) मा रहेका 'उपदफा (१) र (२)' भन्ने शब्दहरूको सट्टा 'उपदफा (२) र (३)' भन्ने शब्दहरू राख्ने ।

(३) उपदफा (७) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) पछि देहायको उपदफा (९) थप्ने:-

'(९) प्रदेश सरकार र स्थानीय तहले प्रदेश राजपत्र र स्थानीय राजपत्रमा प्रकाशित सूचनाहरू राजपत्रकै स्वरूपमा आफ्नो वेबसाइटमा राख्नु पर्नेछ र त्यस्तो राजपत्रको विद्युतीय प्रति आवश्यक सुरक्षण विधि अपनाई सुरक्षित रहने व्यवस्था मिलाउनु पर्नेछ ।'

९. विधेयकको दफा १२ पछि देहायको दफा १३ थपी दफाक्रम मिलाउने:-

'१३. <u>आयोजना तर्जुमा र कार्यान्वयन:</u> (१) राष्ट्रिय स्तर वा राष्ट्रिय महत्वका आयोजना, एकभन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नु पर्ने आयोजना र जटिल प्राविधिक क्षमता वा ठूलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा सङ्घले गर्नेछ ।

(२) प्रदेशभित्र पर्ने वा प्रदेशबाट कार्यान्वयन हुने आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्नेछ ।

(३) स्थानीय तहभित्र पर्ने वा स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाको तर्जुमा स्थानीय तहलेगर्नेछ।

(४) यस दफा बमोजिम प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ ।

(६) विषयगत समितिले सङ्घ, प्रदेश वा स्थानीय तहबाट तर्जुमा हुने आयोजनासँग सम्बन्धित निकायबीच आवश्यक समन्वयको व्यवस्था मिलाउनेछ ।'

१०. विधेयकको साविक दफा १४ दफाक्रम मिलाउँदा कायम हुने दफा १५ को सट्टा देहायको दफा १५ राख्ने:-

'१५. <u>सहकार्य गर्न सक्ने</u> : (१) सङ्घीय संसद, प्रदेश सभा तथा स्थानीय तहले व्यवस्थापन विधि तथा काम कारबाहीमा सामञ्जस्य तथा एकरूपता कायम गर्नका लागि सहकार्य गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्ने प्रयोजनका लागि सङ्घीय संसद, प्रदेश सभा तथा स्थानीय तहले आवश्यकता अनुसार सूचना आदान प्रदान, छलफल वा परामर्श गर्न सक्नेछन् ।'

११. विधेयकको दफा १५ झिकी दफाक्रम मिलाउने ।

१२. विधेयकको दफा १६ को सट्टा देहायको दफा १६ राख्ने:-

'१६. राष्ट्रिय समन्वय परिषद्को गठन : (१) यस ऐन बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय तथा अन्तरसम्बन्ध

व्यवस्थित गर्न देहाय बमोजिमको राष्ट्रिय समन्वय परिषद् गठन हुनेछः-

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) नेपाल सरकारको अर्थ मन्त्री - सदस्य

(ग) नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्री - सदस्य

(घ) नेपाल सरकारको गृह मन्त्री - सदस्य

(ङ) नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री - सदस्य

(च) प्रदेश सरकारका मुख्य मन्त्रीहरू - सदस्य

(छ) सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलले मनोनयन गरी पठाएको सङ्घीय संसदका एक/एकजना सदस्य - सदस्य

(ज) प्रधानमन्त्रीले गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख, जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुख मध्येबाट समावेशी सिद्धान्त बमोजिम तोकेका कम्तीमा एक/एकजना महिला सहित प्रत्येक प्रदेशका तीन तीन जनाका दरले एक्काइस जना - सदस्य

(२) उपदफा (१) को खण्ड (ज) बमोजिम प्रधानमन्त्रीले परिषद्को सदस्य तोक्दा गाउँपालिका राष्ट्रिय महासङ्घ, नगरपालिका सङ्घ र जिल्ला समन्वय समिति महासङ्घसँग परामर्श गर्नेछ ।

(३) परिषद्को बैठकमा विषयगत मन्त्री तथा सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(४) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(५) परिषद्को बैठकको मिति, समय, स्थान र छलफलका विषयहरू परिषद्को अध्यक्षले तोके बमोजिम हुनेछ ।

(६) परिषद्को बैठक बस्नका लागि अध्यक्ष सहित बहुमत सदस्यहरूको उपस्थिति हुनु पर्नेछ।

(७) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ ।

(८) परिषद्को बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।'

१३. विधेयकको दफा १७ को खण्ड (च) झिकी खण्डक्रम मिलाउने ।

१४. विधेयकको दफा १८ को उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउने:-

'(२) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवले परिषद्को सचिवको रूपमा काम गर्नेछ ।'

१५. विधेयकको दफा १८ पछि देहायका दफा १९ र २० थपी दफाक्रम मिलाउने:-

'१९. <u>सङ्घ, प्रदेश र स्थानीय कानूनको अध्ययन गर्ने</u> : (१) नेपाल सरकारले तोकेको निकायले सङ्घ, प्रदेश वा स्थानीय तहले बनाएको कानून तथा सोको कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा त्यस्तो निकायले नेपाल सरकारको विषयगत मन्त्रालयसँग समन्वय गर्न तथा सम्बन्धित तहसँग छलफल गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको निकायले यस दफा बमोजिम गरेको अध्ययनको निष्कर्ष सहितको प्रतिवेदन प्रत्येक वर्ष असोज मसान्तभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

२०. सिफारिस गर्न सक्ने : (१)दफा १९ बमोजिम प्रतिवेदन पेश भएमा परिषद्ले सो सम्बन्धमा आवश्यक अध्ययन तथा छलफल गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन तथा छलफल गर्दा परिषद्ले आवश्यकता अनुसार विशेष समिति गठन गर्न वा सम्बन्धित विज्ञको राय समेत लिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम अध्ययन तथा छलफल गर्दा सङ्घ, प्रदेश वा स्थानीय तहले बनाएको कुनै कानून परिमार्जन गर्नुपर्ने देखिएमा परिषद्ले त्यस्तो कानून परिमार्जन गर्न सम्बन्धित तहलाई सिफारिस गर्न सक्नेछ ।'

१६. विधेयकको साविक दफा २० दफाक्रम मिलाउँदा कायम हुने दफा २२ को उपदफा (१) को ठाउँ-ठाउँमा रहेका 'विषय हेर्ने' भन्ने शब्दहरूको सट्टा 'विषयको कार्यक्षेत्र रहेको' भन्ने शब्दहरू राख्ने ।

१७. विधेयकको साविक दफा २२, २३ र २४ दफाक्रम मिलाउँदा कायम हुने दफा २४, २५ र २६ को सट्टा देहायका दफा २४, २५ र २६ राख्ने:-

'२४. प्रदेश समन्वय परिषद्को गठन: प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशस्तरमा देहाय बमोजिमको एक प्रदेश समन्वय परिषद् रहनेछ:-

(क) मुख्य मन्त्री -संयोजक

(ख) प्रदेश सरकारका मन्त्रीहरू -सदस्य

(ग) प्रदेश सरकारको प्रमुख सचिव -सदस्य

(घ) प्रदेश सरकारका सचिवहरू -सदस्य

(ङ) प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख -सदस्य

(च) प्रदेशभित्रका गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष र नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख -सदस्य

(छ) प्रदेश सरकारको स्थानीय तहसँग सम्बन्धित विषय समेतको कार्यक्षेत्र रहेको मन्त्रालयको सचिव -सदस्य सचिव

(२) प्रदेश समन्वय परिषद्को सचिवालय सम्बन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ ।

(३) प्रदेश समन्वय परिषद्को बैठक सम्बन्धी कार्यविधि सो परिषद् आफैंले निर्धारण गरेबमोजिमहुनेछ ।

२५. प्रदेश समन्वय परिषद्को काम, कर्तव्य र अधिकार : (१) प्रदेश समन्वय परिषद्ले प्रदेशभित्र प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारका विषयको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तह र एकभन्दा बढी स्थानीय तहबीच समन्वय र अन्तरसम्बन्ध कायम गर्नेछ ।

(२) प्रदेश समन्वय परिषद्ले समन्वय तथा अन्तरसम्बन्ध कायम गर्नुपर्ने कुनै विषयका लागि आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ ।

(३) कुनै विषयमा परिषद्मा छलफल हुन उपयुक्त देखिएमा प्रदेश समन्वय परिषद्ले विषय खुलाई परिषद्मा अनुरोध गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा परिषद्ले आवश्यक छलफल गरी प्रदेश समन्वय परिषद्, सम्बन्धित प्रदेश वा स्थानीय तहलाई मार्गदर्शन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम परिषद्ले गरेको मार्गदर्शन सम्बन्धित प्रदेश समन्वय समिति, सम्बन्धित प्रदेश तथा स्थानीय तहले पालना गर्नु पर्नेछ ।

२६. जिल्ला समन्वय समितिले समन्वय गर्ने : (१) जिल्ला समन्वय समितिले देहायका विषयमा समन्वय गर्नेछः-

(क) सङ्घ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य,

(ख) जिल्लामा रहने सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्य,

(ग) प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्य ।

(२) यस ऐन बमोजिम परिषद् वा प्रदेश समन्वय परिषद्मा प्रस्तुत भएको कुनै विषयमा कुनै जिल्लाभित्रका स्थानीय तहबीचको समन्वयको विषय समावेश भएको र सो विषयमा जिल्ला समन्वय समितिबाट समन्वय वा सहजीकरण गर्दा उपयुक्त हुने देखिएमा परिषद् वा प्रदेश समन्वय परिषद्ले त्यस्तो विषय सम्बन्धित जिल्ला समन्वय समितिमा लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा जिल्ला समन्वय समितिले परिषद् वा प्रदेश समन्वय परिषद्बाट लेखी आए बमोजिम गरी परिषद् वा सम्बन्धित प्रदेश समन्वय परिषद्लाई जानकारी दिनु पर्नेछ ।'

१७. विधेयकको साविक दफा २६ दफाक्रम मिलाउँदा कायम हुने दफा २८ को सट्टा देहायको दफा २८ राख्नेः-

'२८. सङ्घ, प्रदेश तथा अन्तरप्रदेशबीचको विवाद : (१) सङ्घ र प्रदेशबीच तथा प्रदेश-प्रदेशबीच कुनै विवाद उत्पन्न भएमा विवाद उत्पन्न भएको मितिले पन्ध्र दिनभित्र विवादको कुनै पक्षले त्यस्तो विवादको सम्बन्धमा अन्तरप्रदेश परिषद्को सचिवालयमा लिखित सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएमा अन्तरप्रदेश

परिषद्को सचिवालयले सो परिषद्को अध्यक्षलाई यथाशीघ्र जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी भएपछि परिषद्को अध्यक्षले परिषद्को बैठक बोलाई सो सम्बन्धमा छलफल गराउनेछ । त्यसरी छलफल गर्दा विवाद समाधानको बारेमा निर्णय गर्नुपूर्व त्यस्तो विवाद राजनीतिक भए नभएको बारेमा निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्नका लागि अन्तरप्रदेश परिषद्ले उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको उपसमिति वा कार्यदलको संरचना, कार्यादेश, कार्यावधि र कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत अन्तरप्रदेश परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम अन्तरप्रदेश परिषद्ले वार्ता, छलफल, परामर्श र मेलमिलापको माध्यमबाट विवादको समाधान गर्नेछ।

(७) उपदफा (६) बमोजिम वार्ता, छलफल, परामर्श र मेलमिलापबाट विवाद समाधान नभएमा त्यस्तो विवाद समाधानका लागि अन्तरप्रदेश परिषद्ले उपयुक्त निर्णय गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम भएको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु, गराउनु पर्नेछ।

(९) अन्तरप्रदेश परिषद्ले उपदफा (१) बमोजिम विवादको सूचना प्राप्त भएको मितिले तीन महिनाभित्र विवाद समाधान गरिसक्नु पर्नेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय संसद वा प्रदेश सभामा विचाराधीन विषयसँग सम्बन्धित विवादमा उपदफा (७) बमोजिम अन्तरप्रदेश परिषद्ले कुनै निर्णय गर्ने छैन।

१८. विधेयकको दफा २७ झिकी दफाक्रम मिलाउने ।

१९. विधेयकको साविक दफा २८ दफाक्रम मिलाउँदा कायम हुने दफा २९ पछि देहायको दफा ३० थपी दफाक्रम मिलाउने:-

'३०. <u>अन्तरप्रदेश परिषद्को सचिवालय:</u> (१) अन्तरप्रदेश परिषद्को सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

(२) अन्तरप्रदेश परिषद्को सचिवको रूपमा नेपाल सरकारको मुख्य सचिवले कार्य गर्नेछ।'

२०. विधेयकको परिच्छेद-६ को परिच्छेद शीर्षकपछि देहायको दफा ३१ थपी दफाक्रम मिलाउने:-

'३१. <u>सङ्घीय इकाइबीच सम्पर्क:</u> (१) यस ऐन बमोजिम समन्वय वा अन्तरसम्बन्ध कायम गर्नुपर्ने विषयमा प्रदेश वा स्थानीय तहले सङ्घसँग परामर्श गर्नुपर्ने भई सम्पर्क गर्दा नेपाल सरकारको सम्बन्धित मन्त्रालय मार्फत गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि 'सम्बन्धित मन्त्रालय' भन्नाले जुन विषयमा सम्पर्क गर्नु पर्ने हो सो सम्बन्धी विषयको कार्यक्षेत्र रहेको नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम परामर्श गरिएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले आवश्यक अध्ययन गरी सो विषयको निरूपण गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित मन्त्रालयले देहायका विषय विषयगत समितिमा पेश गर्नु पर्नेछ:-

(क) साझा अधिकारसँग सम्बन्धित विषयको कार्यान्वयन,

(ख) अन्य प्रदेश वा स्थानीय तहबीच एकरूपता कायम गर्नु पर्ने कुनै नीतिगत विषय,

(ग) सम्बन्धित मन्त्रालयबाट समाधान हुन नसक्ने अन्य कुनै विषय ।

(४) उपदफा (१) बमोजिम परामर्श गरिएको विषयमध्ये विषयगत समिति आफैंले निरूपण गर्न सक्ने विषय निरूपण गरी देहायका विषय भएमा परिषद् समक्ष पेश गर्नु पर्नेछः-

(क) अन्य प्रदेशमा समेत समन्वय तथा एक रूपता कायम गरी कार्यान्वयन गर्नुपर्ने कुनै नीतिगत विषय,

(ख) विषयगत समितिबाट मात्र टुङ्गोमा पुग्न नसकेका राष्ट्रिय महत्वका अन्य विषय ।

(५) उपदफा (२) वा (४) बमोजिम सम्बन्धित मन्त्रालय वा विषयगत समितिले निरूपण गरी पठाएको विषयको जानकारी परिषद्को सचिवालयमापठाउनुपर्नेछ ।

(६) यस ऐन बमोजिम नेपाल सरकारले प्रदेश वा स्थानीय तहसँग समन्वय वा अन्तरसम्बन्ध कायम गर्नु पर्ने विषयमा सम्बन्धित मन्त्रालयले प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा सम्बन्धित स्थानीय तहसँग सम्पर्क गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।'

२१. विधेयकको साविक दफा ३१ दफाक्रम मिलाउँदा कायम हुने दफा ३४ पछि देहायको दफा ३५ थप्नेः-

'३५. <u>खारेजी र बचाउः</u> (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ खारेज गरिएको छ ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।'

अनुसूची- १३

राहदानी विधेयकमा राष्ट्रिय सभाले गरेको संशोधन

राहदानी विधेयक, २०७५ (यसपछि 'विधेयक' भनिएको) को दफा १२ (प्रतिनिधि सभाको संशोधन सहित) को सट्टा देहायको दफा १२ राख्ने :-

'१२. राहदानी जारी नगर्ने वा रोक्का राख्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिको नाममा राहदानी जारी नगर्न वा रोक्का राख्न सकिनेछ :-

(क) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियार कारोवार, सङ्गठित अपराध वा आतंकवाद सम्बन्धी कसूरको अभियोगमा अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले राहदानी जारी नगर्न वा रोक्का राख्न लेखी पठाएको,

(ख) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियार कारोवार, सङ्गठित अपराध वा आतंकवाद सम्बन्धी कसूरको अभियोगमा अदालतमा मुद्दा चलिरहेको अवस्थामा अदालतको आदेश बमोजिम त्यस्ता व्यक्तिको राहदानी जारी नगर्न वा रोक्का राख्न अदालतले लेखी पठाएको,

(ग) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियार कारोवार, सङ्गठित अपराध वा आतंकवाद सम्बन्धी कसूरको अभियोगमा अदालतबाट कसूरदार ठहर भई सजाय भोगिरहेको,

(घ) बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकी प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(ङ) मनासिब माफिकको कारण सहित नेपाल सरकार वा अदालतको आदेशबाट विदेश जान रोक लगाएको

वा राहदानी जारी नगर्न वा जारी भएको राहदानी रोक्का राख्न आदेश भएको,

(च) राहदानी जारी गर्ने निकायले आधार र कारण खुलाई जारी नगर्ने वा राहदानी रोक्का राख्ने भनी निर्णय गरेको,

(छ) राहदानीबाहकको नाममा जारी भएको राहदानीको बहाल अवधि एक वर्षभन्दा बढी बाँकी रहेको ।

(२) विभागले उपदफा (१) बमोजिमको कारणबाट साधारण राहदानी जारी गर्न नसक्ने भएमा सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको अवस्थामा अदालतबाट राहदानी जारी गर्न वा राहदानी रोक्का नराख्न आदेश भएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमको कसूरमा अदालतबाट सफाइ पाएमा वा खण्ड (घ) बमोजिमको कसूरमा कानून बमोजिम सजाय भुक्तान गरेमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ ।

(५) उपदफा (१) को खण्ड (घ), (ङ) वा (च) बमोजिमको अवस्था विद्यमान नरहेको भनी सम्बन्धित निकायबाट लेखी आएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गर्न सकिनेछ ।'

विधेयकको दफा २९ मा रहेका 'सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९' भन्ने शब्दहरूको सट्टा 'मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४' भन्ने शब्दहरू राख्ने,

विधेयकको दफा ३३ को दफाशीर्षक सहित ठाउँ-ठाउँमा रहेका 'तथा निर्देशिका' भन्ने शब्दहरू झिक्ने ।

विधेयकको दफा ३४ मा रहेका 'ऐन तथा यस ऐन अन्तर्गत बनेका नियम कार्यान्वयन गर्न' भन्ने शब्दहरूको सट्टा 'ऐनको उद्देश्य विपरित नहुने गरी' भन्ने शब्दहरू राख्ने ।

अनुसूची- १४

भूमिसम्बन्धी विधेयकमा राष्ट्रिय सभाले गरेको संशोधनको मूल अंश

प्रतिवेदनको बुँदा २ अन्तर्गत विधेयकको दफा ७ अन्तर्गत थप्न प्रस्तावित दफाहरूभन्दा अघि थप्ने व्यवस्था गरिएको दफा १२ क. को सट्टा देहायको दफा १२क. राख्ने :-

'१२क. हदबन्दी छूटलाई नियमन गर्ने सम्बन्धी विशेष व्यवस्था : (१) यो दफा प्रारम्भ हुँदाका बखत निरन्तर सञ्चालनमा रहेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था सञ्चालन गर्न अत्यावश्यक भई यस ऐनमा तोकिएको हदबन्दीभन्दा बढी जग्गा नेपाल सरकारको स्वीकृति नलिई खरिद गरी उपयोग गरिरहेको रहेछ भने यो दफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र एकपटकका लागि हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पूष्टि हुने कारण खोली नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको निवेदन उपर आवश्यक छानबिन गरी व्यहोरा मनासिब देखिएमा तराई र भित्री मधेशको हकमा प्रति बिगाहा एक लाख पचास हजार रूपैयाँ, काठमाडौं उपत्यकामा प्रति रोपनी पचास हजार रूपैयाँ र अन्य पहाडी क्षेत्रको हकमा प्रति रोपनी दश हजार रूपैयाँको दरले दस्तुर लिई यस ऐन बमोजिम जारी भएको सूचित आदेश बमोजिमको हदबन्दीभित्रको जग्गा राख्न स्वीकृति दिन सक्नेछ । यसरी स्वीकृति दिँदा नेपाल सरकारले आवश्यक शर्तहरू तोक्न सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालनमा नरहेको वा आर्थिक, प्राविधिक वा अन्य कारणले सञ्चालन हुन सक्ने अवस्था समेत नरहेको

उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थालाई हदबन्दीभन्दा बढी जग्गा राख्न नेपाल सरकारले स्वीकृति दिने छैन ।'

(२) मूल ऐनमा थप्न प्रस्तावित दफा ५२ ख. (प्रतिवेदन सहित) को सट्टा देहायको दफा ५२ ख. राख्ने :-

'५२ख. भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि भूमिहीन सुकुमबासीलाई एकपटकका लागि नेपाल सरकारले उपदफा (४) को अधीनमा रही निजहरूले आबाद कमोत गर्दै आएको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउनेछ ।

(२) भूमिहीन सुकुमबासीलाई तोकिएको क्षेत्रफलभन्दा बढी जग्गामा आबाद वा कमोत गरी आएको अवस्था रहेछ भने त्यसरी तोकिएको क्षेत्रफलभन्दा बढीको जग्गा यस दफाको अधीनमा रही अन्य भूमिहीन सुकुमबासीलाई उपलब्ध गराउन वा नेपाल सरकारले अन्य प्रयोजनका लागि उपयोग गर्नेछ ।

(३) यस दफा बमोजिम भूमिहीन सुकुमबासीलाई उपलब्ध गराइएको जग्गा अंशबण्डा र अपुतालीको अवस्थामा बाहेक अन्य कुनै प्रक्रियाबाट दश वर्षसम्म हस्तान्तरण गर्न पाइने छैन र सो अवधिपश्चात् समेत त्यस्तो जग्गा स्वामित्वविहीन हुने गरी कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाइने छैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम जग्गा उपलब्ध गराउँदा देहायको जग्गा उपलब्ध गराइने छैन :-

(क) धार्मिक, सांस्कृतिक तथा सामरिक महत्वका क्षेत्रभित्रका जग्गा,

(ख) प्राकृतिक प्रकोप, विपद् व्यवस्थापन र वातावरणीय संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा,

(ग) सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनाराको जग्गा, जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा, हाल रूख बिरूवाले ढाकिएको वनको जग्गा र सडक सीमाभित्रको जग्गा,

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको प्रयोगका लागि आवश्यक रहेको जग्गा, र

(ङ) अन्य तोकिए बमोजिमका स्थानको जग्गा ।

(५) कुनै व्यक्ति वा निजको परिवारलाई नेपाल सरकारले कुनै प्रकारले सरकारी जग्गा वा आवास उपलब्ध गराएको रहेछ भने त्यस्तो व्यक्ति वा परिवारलाई यस दफा बमोजिम जग्गा उपलब्ध गराइने छैन ।

(६) यस दफा बमोजिम जग्गा उपलब्ध गराउने प्रयोजनका लागि भूमिहीन सुकुम्बासीको पहिचान गरी लगत लिने, जग्गा पहिचान गर्ने, स्थलगत अध्ययन गरी जग्गाको लगत लिने र प्रमाण संकलन गरी निजहरूलाई जग्गा उपलब्ध गराउने प्रयोजनका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक आयोग गठन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम गठन हुने आयोगमा रहने अध्यक्ष तथा सदस्यहरू, आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यावधि गठन हुँदाका समयमा तोकिए बमोजिम हुनेछ ।

(८) उपदफा (६) बमोजिम गठन हुने आयोगले यो ऐन प्रारम्भ हुनुअघि नेपाल सरकारको निर्णय बमोजिम गठन भएका विभिन्न आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा देखिएका समस्याहरूको समेत समाधान गर्नेछ ।

(९) उपदफा (६) बमोजिमको आयोगको काम, कारबाहीलाई सहयोग, समन्वय र सहजीकरण गर्न नेपाल सरकारले आवश्यकता अनुसार जिल्लास्तरमा समितिगठनगर्न सक्नेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि काठमाडौं उपत्यका लगायतका शहरी क्षेत्रमा भूमिहीन सुकुमबासीहरूलाई आवश्यकता अनुसार नेपाल सरकारले तोके बमोजिम आवास उपलब्ध गराउन वा सामुदायिक बसोबासको व्यवस्था मिलाउन वा जग्गा विकासको माध्यमबाट जग्गा उपलब्ध गराउन सक्नेछ ।

(११) यस दफा बमोजिम जग्गा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

स्पष्टीकरण :

(क) यस दफाको प्रयोजनका लागि 'भूमिहीन सुकुमबासी' भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ ।

(ख) यस दफा र दफा ५२ ग. को प्रयोजनका लागि 'परिवार' भन्नाले भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीको पति, पत्नी, बाबु, आमा र छोरा, छोरी सम्झनु पर्छ । तर, सो शब्दले कानून बमोजिम अंशवण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

मुल ऐनमा उपरोक्त दफा ५२ ख. पछि देहाय बमोजिम दफा ५२ग. थप्ने :-

'५२ग. अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भएको जग्गामा कम्तीमा दश वर्ष अघिदेखि आबाद कमोत गरिआएका अव्यवस्थित बसोबासीलाई एकपटकका लागि नेपाल सरकारले निजहरूले आबाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अव्यवस्थित बसोबासीहरू दफा ५२ख. को उपदफा (४) मा उल्लिखित जग्गामा बसोबास गरिआएका रहेछन् भने निजहरूलाई त्यस्तो जग्गा उपलब्ध गराइने छैन ।

(३) उपदफा (१) बमोजिम अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा निजको आर्थिक अवस्था, बसोबासको स्थिति, जग्गाको प्रकृति, क्षेत्रफल, मूल्याङ्कन, आबाद कमोतको अवधि र अन्यत्र जग्गा भए, नभएको लगायतका आधारमा तोकिए बमोजिम वर्गीकरण गरी वर्गीकरण अनुसार तोकिए बमोजिमको दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउन सक्नेछ ।

(४) अव्यवस्थित बसोबासीले तोकिएको क्षेत्रफलभन्दा बढी जग्गामा आबाद कमोत गरिआएको अवस्था रहेछ भने त्यसरी तोकिएको क्षेत्रफलभन्दा बढीको जग्गा नेपाल सरकारले अन्य प्रयोजनका लागि उपयोग गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम अव्यवस्थित बसोबासीका लागि जग्गा उपलब्ध गराउँदा जग्गा सट्टाभर्नाको क्रममा बसोबास गरेका अव्यवस्थित बसोबासीलाई निजले भोगचलन गरिआएको सरकारी जग्गामध्येबाट सट्टाभर्नाको समयमा सम्बन्धित निकायबाट उपलब्ध गराएको कागज प्रमाणमा उल्लिखित क्षेत्रफलमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सकिनेछ ।

(६) यस दफा बमोजिम उपलब्ध गराइएको जग्गा अंशवण्डा र अपुतालीको अवस्थामा बाहेक अन्य कुनै पनि प्रक्रियाबाट दश वर्षसम्म कुनै पनि व्यक्तिलाई हक हस्तान्तरण गर्न पाइने छैन ।

(७) यस दफा बमोजिम कुनै अव्यवस्थित बसोबासी वा निजको परिवारलाई नेपाल सरकारले कुनै प्रकारले सरकारी जग्गा वा आवास उपलब्ध गराएको रहेछ भने त्यस्तो व्यक्ति वा परिवारलाई यस दफा बमोजिम जग्गा उपलब्ध गराइने छैन ।

(८) यस दफा बमोजिम जग्गा उपलब्ध गराउने प्रयोजनका लागि अव्यवस्थित बसोबासीको पहिचान गरी लगत लिने, स्थलगत अध्ययन गरी प्रमाण संकलन गरी जग्गा उपलब्ध गराउने समेतको कार्य दफा ५२ख. को उपदफा (६) बमोजिमको आयोगले गर्नेछ ।

(१०) यस दफा बमोजिम जग्गा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि,–

(क) 'अव्यवस्थित बसोबासी' भन्नाले सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आबाद कमोत गरी घर, टहरा बनाई बसोबास गरेका उपदफा (३) को आधारमा वर्गीकरण गरिएका व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ ।

(ख) 'ऐलानी जग्गा' भन्नाले सरकारका नाममा दर्ता भए वा नभएको, सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आबाद कमोत गरिआएको वा तत्कालीन समयमा आबाद कमोत गर्न दिएको जग्गालाई सम्झनु पर्छ ।

मूल ऐनमा थप्न प्रस्तावित दफा ५२ग. पछि देहायको दफा ५२घ. थपी सोपछिको दफाक्रम मिलाउने :–

'५२घ. समन्वय गर्ने : दफा ५२ख. बमोजिम जग्गा उपलब्ध गराउँदा र दफा ५२ग. बमोजिम अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्दा नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गर्नेछ ।'

प्रतिवेदनको बुँदा १० अन्तर्गत मुल ऐनमा थप्ने व्यवस्था गरिएकोदफा ५९क.कोसट्टा देहायको दफा ५९क.राख्ने:–

'५९क. सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न सकिने : सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालको वा सरकारी प्रयोजनका लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिएमा नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिनेछ ।'

अनुसूची- १५

सभामा पेश भएका संवैधानिक निकायका प्रतिवेदन

नेपालको संविधानको धारा २९४ र धारा १३८ मा संवैधानिक निकायका वार्षिक प्रतिवेदनहरू सभामा पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम सभामा हालसम्म देहाय बमोजिमका संवैधानिक निकायका प्रतिवेदनहरू पेश भएका छन् :

१. थारू आयोगको वार्षिक प्रतिवेदन, २०७५/०७६

२. मधेशी आयोगको वार्षिक प्रतिवेदन, २०७५/०७६

३. मुस्लिम आयोगको वार्षिक प्रतिवेदन, २०७५/०७६

४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन, २०७६

५. राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०७५/०७६

६. राष्ट्रिय समावेशी आयोगको वार्षिक प्रतिवेदन, २०७५/०७६

७. लोक सेवा आयोगको वार्षिक प्रतिवेदन, २०७५/०७६

८. न्याय परिषद् र न्याय सेवा आयोगको वार्षिक प्रतिवेदन, २०७५/०७६

अनुसूची- १६

राष्ट्रिय सभा अन्तर्गतका कर्मचारीहरूको विवरण (२०७६ फागुन २० सम्म)

संघीय संसदको महासचिव	श्री मनोहरप्रसाद भट्टराई
राष्ट्रिय सभा सचिव	श्री राजेन्द्र फुयाल
सचिवालय सचिव	श्री भरतराज गौतम
सचिवालय सचिव	श्री ध्रुवप्रसाद घिमिरे
महाशाखा/समिति/शाखा	**कर्मचारीको विवरण**
प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति	सहसचिव श्री सुदर्शन खड्का (समिति सचिव) उपसचिव श्री कमला शाक्य शा.अ. श्री जलेश्वर राम (थप जिम्मेवारी) ना.सु. श्री ठाकुरप्रसाद प्याकुरेल ना.सु. श्री मनोजकुमार गुप्ता का.स. श्री बालीका दुलाल (करार)
विधायन व्यवस्थापन समिति	सहसचिव श्री मनोजकुमार गिरी (समिति सचिव) उपसचिव श्री नागेन्द्रप्रसाद चौधरी शा.अ. श्री जीवनकुमार निरौला ना.सु. श्री कृष्णप्रसाद पाण्डे का.स. श्री चिरीकाजी महर्जन (थप जिम्मेवारी) का.स. श्री अनिलकुमार राई (करार)

राष्ट्रिय सरोकार तथा समन्वय समिति	सहसचिव श्री मुरारी महत (समिति सचिव) उपसचिव श्री त्रिबिक्रम पराजुली ना.सु. श्री निरज पन्थी ना.सु. श्री हेमप्रसाद डुम्रे (थप जिम्मेवारी) का.स. श्री केशराम महर्जन
दिगो विकास तथा सुशासन समिति	सहसचिव श्री निर्मलादेवी लामिछाने (समिति सचिव) उपसचिव श्री इन्द्रविलाश पौडेल शा.अ. श्री सविना चालिसे ना.सु. श्री सकुन्तला भट्ट का.स. श्री रतना बोहरा (करार)
कार्यव्यवस्था महाशाखा	सहसचिव श्री मुरारी महत
कार्यव्यवस्था शाखा	उपसचिव श्री दशरथ धमला शा.अ. श्री मानबहादुर डंगोल क.अ. श्री सुशिलकुमार खड्का ना.सु. श्री पदमबहादुर डाँगी ना.सु. श्री कवीन्द्रप्रसाद लम्साल बैठके श्री श्रीजन खनाल का.स. श्री पूर्णबहादुर गुरूङ्ग
उपस्थिति तथा वितरण इकाइ	खरिदार श्री नगेन्द्रबहादुर बुढा
सम्पूर्ण विवरण शाखा	उपसचिव श्री अधिराज राई (थप जिम्मेवारी) शा.अ. श्री मेघराज अर्याल ना.सु. श्री सीता भट्टराई ना.सु. श्री जितबहादुर राना क.अ. श्री भिष्मा पुन (करार) क.अ. श्री प्रतिमा अर्याल (करार) क.अ. श्री कुशुम शर्मा (करार) क.अ. श्री बबितादेवि शर्मा (करार) का.स. श्री केशराम महर्जन (थप जिम्मेवारी) का.स. श्री सुष्मा गौतम (करार)

अनुवाद इकाइ	शा.अ. श्री मेघराज अर्याल (थप जिम्मेवारी) ना.सु. श्री सीता भट्टराई (थप जिम्मेवारी)
प्रश्न व्यवस्थापन शाखा	उपसचिव श्री विमलराज जोशी शा.अ. श्री पद्मिनी राजवंशी ना.सु. श्री रोशन राई का.स. श्री कृष्णबहादुर लामिछाने (करार)
विधि व्यवस्थापन महाशाखा	सहसचिव श्री मनोजकुमार गिरी
विधेयक शाखा	उपसचिव श्री नागेन्द्रप्रसाद चौधरी (थप जिम्मेवारी) शा.अ. श्री जीवनकुमार निरौला क.अ. श्री सुशिता दुवाडी आचार्य ना.सु. श्री रमा कुँवर भण्डारी का.स. श्री चिरीकाजी महर्जन
सम्माननीय अध्यक्षको निजी सचिवालय	उप-रजिष्टार श्री उदविर नेपाली (काज) शा.अ. श्री सपना सापकोटा ना.सु. श्री सोनी शाक्य का.स. श्री गोविन्दबहादुर भण्डारी का.स. श्री रमेशराज गिरी (करार)
माननीय उपाध्यक्षको निजी सचिवालय	लेखा अधिकृत श्री हरिबहादुर कार्की (काज) ना. सु. श्री दीपेन्द्र रेग्मी का.स. श्री संगीता थापा (करार)
राष्ट्रिय सभा सचिवको निजी सचिवालय	शा.अ. श्री प्रविन राई ना.सु. श्री हेमप्रसाद डुम्रे का.स. श्री नरेश लामिछाने (करार)

प्रकाशन समिति

उपसचिव श्री दशरथ धमला	संयोजक
उपसचिव श्री त्रिविक्रम पराजुली	सदस्य
उपसचिव श्री नागेन्द्र प्रसाद चौधरी	सदस्य
सञ्चार विज्ञ श्री शेखर अधिकारी	सदस्य
लेखा अधिकृत श्री भोलानाथ पौड्याल	सदस्य
शाखा अधिकृत श्री मेघराज अर्याल	सदस्य
क.अ. श्री सुशीलकुमार खड्का	सदस्य-सचिव

आभार

राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाज्यू,

राष्ट्रिय सभाका माननीय उपाध्यक्ष शशिकला दाहालज्यू,

विषयगत समितिका माननीय सभापतिज्यूहरू,

दुईवर्षे कार्यकाल सकेर विदा हुनभएका माननीय सदस्यज्यूहरू,

संघीय संसदका महासचिवज्यू, प्रतिनिधि सभाका सचिवज्यू, सचिवालय सचिवज्यूहरू,

राष्ट्रिय सभा कार्यव्यवस्था महाशाखा प्रमुख मुरारी महत, विधि व्यवस्थापन महाशाखा प्रमुख मनोजकुमार गिरी र अन्य महाशाखा प्रमुख तथा समिति सचिवज्यूहरू,

सञ्चार विज्ञ अशोक पौडेल, शाखा अधिकृतद्वय मानबहादुर डंगोल र प्रविन राई, नायब सुब्बा पदमबहादुर डाँगी एवं यस कार्यमा प्रत्यक्ष/परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सबै कर्मचारीहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौँ